

नेपालको सांस्कृतिक परम्परा



बाबुराम आचार्य

नेपालको सांस्कृतिक परम्परा



रचनाकार :–
बाबुराम आचार्य

NEPALK0 SAMSKRITIK PARAMPARA

By :– Baburam Acharya

नेपालको सांस्कृतिक-परम्परा

रचनाकार :– बाबुराम आचार्य

सम्पादक तथा प्रकाशक – प्रा. श्रीकृष्ण आचार्य, बानेश्वर काठमाडौं।
फोन :– ४,१०५५१७

सर्वाधिकार – सम्पादक तथा प्रकाशकमा सुरक्षित

संस्करण – द्वितीय

प्रकाशित प्रति – १००० थान

मूल्य – रु. १४५/-

प्रकाशन मिति – पौष, वि.सं. २०६८

मुद्रक – अन्तर्राष्ट्रिय-मञ्च छापाखाना प्रा.लि.
अनामनगर, काठमाडौं, फोन ४-२२०७१३

पुस्तक पाइने –

* पैरवी प्रकाशन, पुतलीसडक
* पैरवी बुक हाउस, पुतलीसडक, काठमाडौं
* बुक प्यालेस, प्रदर्शनीमार्ग, काठमाडौं
* रत्न बुक डिष्ट्रिव्युटर्स, प्रा.लि. बागबजार
* साझा प्रकाशनका बिक्री डिपोहरू
* हिमालय बुक सेण्टर, बागबजार

ISBN : 978-9937-4173-1

विषय-सूची

(३) आदरणीय ऐतिहासिक-शिरोमणिज्यू !

+ + +   + + +

उठ्ता कुनै प्रश्न कुनै तिमीकन, सोधेर बन्थे स्वयमेव विज्जन ॥
कुनै तिमीलाई दुही-दुहीकन, लेखेर गर्थे धन-मान आर्जन ॥२३॥
परन्तु तिम्रो श्रमले गरीकन, स्वदेशमा भो जुन बोध आर्जन ॥
त्यो बोधको पालन औ प्रवर्द्धन, गर्ने भने हाय ! भएन क्वै जन ॥२४॥
थिएन तिम्रो मन चाटुकारको, थिएन बोली पनि चाटुकारको ॥
अत्यन्त नै उच्च विचार यो थियो, परन्तु यो दुर्गुण नै यहाँ भयो ॥२५॥
भएन केही पदवृद्धि गेहमा, खाने बढे भाउ बढ्यो बजारमा ॥
गार्हस्थ्यको बोझ असह्य झैं भयो,चिन्ता बढ्यो चित्त उदास भैगयो॥२६॥
यस्तो हुँदामा पनि धैर्यधारण, गरेर लेख्यौ श्रम नै गरीकन ॥
यदाकदा शासक रुष्ट नै बनी, प्रहार गर्थे यस काममा पनि ॥२७॥
विस्तार आँखा पनि बन्द झैं भयो, खाइरहेको पनि वृत्ति खोसियो ॥
स्वपुत्रलाई क्षयरोगले पि‍र्‍यो, मानूँ तिमीमाथि त बज्रनै पर्‍यो ॥२८॥
भयो बडो कष्ट डगेन साहस, स्वाध्यायको तर्फ रहीरह्यो रस ॥
सुनी अरुका मुखबाट पुस्तक, बढाउँथ्यौ ज्ञान तिमी यथाशक ॥२९॥

+ + +   + + +

तिम्रो हरे ! निष्क्रिय भो कलेवर, त्यो ज्ञानको राशि उड्यो कतातिर ? ॥
यो रीतले नश्वर देह छोड्दियौ, भई पचासी परलोकमा पुग्यौ ॥३७॥
शोकार्त भै प्राज्ञ मिली गरे सभा, शोकार्त भै शासनले दियो बिदा ॥
देखासिकी शोकसभा निकै भए, केही न केही गुणका कथा भए ॥३८॥
तिमी गयौ हुन्न अवश्य दर्शन, विवेकले भन्छ यही किटीकन ॥
परन्तु तिम्रै मुखलाई झल्झल, देखीरहेको छु अहो ! सबैतिर ॥३९॥
तिम्रा कुरा फेरि म सुन्न खोज्दछु, प्रष्टव्य क्यै प्रश्न म सोध्न खोज्दछु ॥
विवेकले अङ्कुश लाउनाकन तत्काल थाल्दिन्छ निजक्रियाकन ॥४०॥

* * *

— *प्राध्यापक नयराज पन्त*

वि.सं. २०२९/५/२४/६

उपर्युक्त स्मृति-पद्यहरूको विस्तृत व्याख्याको निमित्त हेर्नुहोस् :– 'पूर्णिमा' *(त्रैमासिक पत्रिका)* पूर्णाङ्क २७, वि.सं. २०२९ ।

साभार :– उपर्युक्त पत्रिका,
काठमाडौं, २०२९

सम्पादकका भन्नुपर्ने केही कुराहरू

मेरा आदरणीय पिता स्व.बाबुराम आचार्यज्यूद्वारा सिर्जना गरिएका नेपाल तथा नेपाली विषयक अनेकौं प्रवन्ध-रचनाहरू राजधानी काठमाडौंबाट प्रकाशित हुने समसामयिक विभिन्न साहित्यिक पत्रिकाहरूमा यत्रतत्र छरिएर प्रकाशित भएका छन् र केही रचननाहरू त अझैसम्म पनि अप्रकाशित रूपमा नै रहिरहेका छन् । यस्तै प्रकाशित तथा अप्रकाशित प्रवन्ध-रचनाहरूमध्ये नेपाली कला तथा संस्कृतिहरूसम्वन्धी केही प्रवन्ध-रचनाहरूलाई सङ्ग्रह गरी प्रस्तुत कृतिलाई यहाँ यस रूपमा अघिसार्ने जमर्को गरिएको छ ।

सभ्यता तथा संस्कृति राष्ट्रियताका महत्त्वपूर्ण अङ्ग मानिन्छन् । सभ्यता तथा संस्कृतिहरूको संरक्षण तथा सम्वर्द्धन नभई राष्ट्रियता कदापि सुदृढ हुन सक्दैन । यही वस्तुतथ्यलाई हृदयङ्गम गरी विश्वका प्रायः सवैजसा सभ्य-देशहरूका नागरिकहरूले आ-आफ्ना सभ्यता तथा संस्कृतिका विशेषताहरूको पहिचान गरी तिनको संरक्षण तथा सम्वर्द्धनको निमित्त भरमग्दूर प्रयासहरू गर्दैरहेका पाइन्छन् ।

यसैअनुसार हामी नेपालीहरूले पनि आफ्ना सभ्यताहरूको साथै संस्कृतिहरूको महत्त्वप्रति पनि सजग तथा सचेत रहनु नितान्त आवश्यक हुन आएकोछ । आफ्ना सभ्यता तथा संस्कृतिहरूप्रति समयमै सजग तथा सचेत पनि रहन नसकेका सभ्य-देश वा सभ्य-समाजहरूले आफ्नो अस्तित्वलाई नै गुमाएका उदाहरणहरू विश्व-इतिहासमा प्रशस्तमात्रामा पाइन्छन् ।

सांस्कृतिक दृष्टिकोणले हामी नेपालीहरू निकै नै सम्पन्न रहेका छौं । लामो तथा अक्षुण्ण सांस्कृतिक-परम्परा हाम्रो गौरव हो । हाम्रो सांस्कृतिक-परम्परालाई हाम्रा अग्रजहरूले आजको यस रूपमा आजसम्म जोगाइरहेका छन् । हाम्रा केही सांस्कृतिक-सम्पदाहरू विश्व-सांस्कृतिक-सम्पदा सूचीमा पनि परिसकेका छन् । आफ्ना सांस्कृतिक धरोहरहरूको संरक्षण तथा सम्वर्द्धन गर्नु आज हाम्रो कर्तव्य हुन आएको छ ।

प्रस्तुत कृतिमा संगृहित प्रवन्ध-रचनाहरूमध्ये – “नेपालको साँस्कृतिक-परम्परा” शीर्षक प्रवन्ध-रचना आजसम्म अप्रकाशित नै रहेको र विषयगत महत्त्व एवं कलेवर को दृष्टिले पनि यही प्रवन्ध-रचना नै महत्त्वपूर्ण देखिएकोले यसै प्रवन्ध-रचनालाई मूल आधार मानेर प्रस्तुत कृतिको शीर्षक पनि – “नेपालको साँस्कृतिक-परम्परा” नै दिनु उपयुक्त मानिएको हो । पूर्व-प्रकाशित तथा अप्रकाशित अन्य प्रवन्ध-रचनाहरू यसै कृतिको परिशिष्टको रूपमा प्रस्तुत गरिएका छन् ।

नेपाली कला तथा संस्कृतिहरूको अध्ययन एवं अनुसन्धानको सम्बन्धमा स्व. आचार्यज्यूका दृष्टिकोणका केही झलकहरू मात्र यस कृतिवाट प्राप्त हुनेछन्। यथार्थमा प्रस्तुत कृति नेपाली सभ्यता तथा संस्कृतिहरूको अध्ययन तथा अनुसन्धान गर्ने पहिलो खुट्किलो मात्र हो। यस किसिमको अध्ययन तथा अनुसन्धानलाई अझै अघि वढाउनु आजका सजग एवं सचेत अन्वेषकहरूको जिम्मेबारीभित्र पर्न आएको छ।

नेपाली सभ्यता तथा संस्कृतिहरूप्रति आस्था एवं अभिरुचि राख्ने सहृदयी पाठकहरूको मन तथा मस्तिष्कमा सामान्य प्रभाव मात्र पार्न सक्यो भनेपनि यस कृतिको सम्पादन तथा प्रकाशनको सार्थकता सिद्ध हुनेछ। अस्तु।

– श्रीकृष्ण आचार्य

(सम्पादक तथा प्रकाशक)

फागुन २९ गते, वि.सं. २०५४

(आचार्यज्यूको जन्मजयन्ति)

दोस्रो संस्करणको सम्बन्धमा

आज हाम्रो देश सांस्कृतिक सङ्क्रमणको अत्यन्त नाजुक घडीबाट गुज्रिरहेको छ। हाम्रा संस्कृति तथा परम्पराहरूमाथि चारैतिरवाट निरन्तर आक्रमणहरू भैरहेका छन्। यस अवस्थामा आफ्ना सभ्यता तथा संस्कृतिहरूको मर्मलाई सम्झनु हामी नेपाली नागरिकहरूको निमित्त अझै अत्यावश्यक हुन आएको छ। यसैले अहिले यो कृति परिमार्जन तथा परिवर्द्धन सहित सहृदयी पाठकहरूको समक्षमा यस रूपमा पुनः प्रस्तुत गरिरहेको छु। धन्यवाद।

* * *

– श्रीकृष्ण आचार्य

(सम्पादक तथा प्रकाशक)

पौष ५ गते, वि.सं. २०६८

१. प्राक्कथन

(क) सभ्यता तथा संस्कृति

सभ्यता एवं संस्कृतिहरूको सम्बन्धमा चर्चा गर्नुभन्दा पहिले सर्वप्रथम 'सभ्यता' तथा 'संस्कृति' शब्दहरूको व्याख्या हुनु आवश्यक छ। अङ्ग्रेजी भाषामा प्रयोग हुने 'कल्चर' ('Culture') शब्दको मूल रूप ल्याटिन भाषाको 'कलतुरा' ('Cultura') शब्द देखिन्छ, जसको अर्थ हुन्छ – "पशुपालन तथा कृषिकर्म" । यस हिसावले 'कलतुरा' शब्दले सभ्यताको विकासतर्फ इङ्गित गरिरहेको पाइन्छ। तर वर्तमानमा यस शब्दको प्रयोग यस प्रधान अर्थमा नभएर लाक्षणिक अर्थमा हुँदै आइरहेको पाइन्छ। लाक्षणिक अर्थमा – बुद्धि वा मेधा तथा यसवाट पैदा हुने मानसिक-प्रवृत्ति तथा यसवाट प्राप्त हुने प्रतिफल नै 'कल्चर'को रूपमा प्रतिविम्वित भएको मानिन्छ। यसैले मानवजातिका मानसिक चिन्तनहरूवाट जति पनि दृश्य वा अदृश्य वस्तु तथा भावहरू पैदा हुन्छन् ती सबै 'कल्चर'का रूपमा परिभाषित हुन्छन्।

अङ्ग्रेजी भाषामा प्रयोग हुने 'कल्चर' शब्दको अर्थमा भारतीय भाषाहरूमा यस शताब्दीको प्रारम्भदेखि 'संस्कृति' शब्दको प्रयोग हुँदै आइरहेको पाइन्छ। यसैले संस्कृतका प्राचीन शब्दकोषहरूमा यो शब्द उपलब्ध रहेको छैन। यो शब्द पछि संस्कृत-भाषावाट नै बनाइएको हो । अङ्ग्रेजी भाषामा 'कल्चर' शब्द प्रायः देशगत वा जातिगत वैचारिक वैशिष्टचको अर्थमा पनि प्रयोग हुने गरेको पाइन्छ । संस्कृत-भाषामा 'परिष्कृत'को अर्थमा 'संस्कृत' शब्द प्राचीन-कालदेखि नै प्रचलित रहँदै आइरहेको छ। तर यसवाट वैशिष्टचको भाव नआउने हुनाले वर्तमान समयमा अङ्ग्रेजी भाषामा प्रयोग हुने 'कल्चर' शब्दको अर्थमा 'संस्कृति' शब्दलाई प्रचलनमा ल्याइएको पाइन्छ।

'सभ्यता' तथा 'संस्कृति' दुई अलग-अलग तत्त्व हुन् तापनि सभ्यतासँगको सम्बन्धवाट नै संस्कृतिको निर्माण तथा विकास पनि हुँदै आउने हुनाले यी दुई तत्त्वको वीचमा नित्य-सम्वन्ध रहँदै आइरहेको पाइन्छ। मनुष्य-जातिमा आपसी सहयोगको भावना पैदा भई मानव-समाजको निर्माण प्रारम्भ भएपछि सामाजिक व्यवस्था एवं मर्यादाहरूलाई स्थिर एवं व्यवस्थित पनि राख्नको निमित्त केही निश्चित नियमहरूको पालना हुनु अत्यावश्यक मानिएको र यस्ता नियमहरू निर्धारण गर्नको निमित्त सभा वा गोष्ठीहरू सञ्चालित हुनु अनिवार्य मानिएकोले यस्ता सभा वा गोष्ठीहरूद्वारा स्थापित भएका मर्यादित नियमहरू अनुसार सञ्चालित हुने समाज 'सभ्य-समाज' भनिन थालेको पाइन्छ। यसैले संक्षेपमा भन्ने हो भने सभ्य-समाजमा रहने विशिष्ट गुणलाई नै 'सभ्यता' भन्न सकिन्छ।

नेपालको सांस्कृतिक परम्परा

मनुष्यजाति, आफ्ना भौतिक आवश्यकताहरूको पूर्तिको निमित्त जे-जस्ता साधन वा उपकरणहरूको निर्माण गर्दछ, जुन ढङ्गले यिनीहरूको प्रयोग गर्दछ र यिनबाट जे-जस्ता चीज वा वस्तुहरूको उत्पादन गर्दछ, ती सबै चीज वा वस्तुहरू त्यस जाति, समाज वा देशका सभ्यताका द्योतक मानिन्छन् । 'हडप्पा' तथा 'महेन्जोदाडो'का खण्डहरहरूमा भेटिएका भाँडा-वर्तन, विभिन्न किसिमका औजारहरू, मनुष्याकृति, भवनका खण्डहरहरू र अन्य पुरातात्त्विक अवशेषहरूबाट सैन्धव-सभ्यताको परिचय प्राप्त गर्न सकिन्छ ।

परन्तु मनुष्य-जाति भौतिक आवश्यकताहरूको पूर्तिले मात्र सन्तुष्ट रहन सक्तैन, आफ्नो जीवनलाई सुखमय तथा आनन्दमय बनाउने र आफूले सृष्टि गरेका भौतिक वस्तुहरूलाई आकर्षक, कलात्मक, मनमोहक एवं सुन्दरतम बनाउने इच्छा पनि उसमा आदिमकालदेखि नै स्वाभाविक रूपमा रहँदै आइरहेको छ । यसै प्रवृत्तिअनुसार यस जातिले आफ्नै किसिमले आफ्ना आध्यात्मिक चिन्तनहरू गर्दै आइरहेको छ, मूर्त एवं अमूर्त कलाहरूको सृजना गरेको छ र आमोद-प्रमोद, रीति-रिवाज तथा भेष-भूषा आदिको पनि स्वतन्त्ररूपले विकास गर्दै ल्याइरहेको छ। मानव-समाजद्वारा गरिने यस्ता सबै प्रयासहरू त्यस समाजका 'संस्कृति'का पोषकतत्त्व मानिन्छन् ।

अर्को भाषामा भन्ने हो भने, आफूमा रहेका जुन किसिमका मानसिक चिन्तन तथा तिनका प्रतिफलहरूले गर्दा देश, समाज वा जातिहरू विशिष्ट रूपमा चिनिन्छन् तिनै चिन्तन तथा तिनका प्रतिफलहरू नै त्यस देश, समाज वा जातिका 'संस्कृति'हरूका रूपमा परिभाषित हुन्छन् । शरीर-रक्षाको निमित्त कपडा पहिरनु सभ्यताको द्योतक हो, तर कपडालाई कुन तरिकाले लगाउने र कस्तो पहिरन पहिरने भन्ने कुरा 'संस्कृति'हरूको रूपमा परिभाषित हुन्छन् ।

यस दृष्टिकोणबाट विचारगर्दा कुनै पनि दुई देश, समाज वा जातिका संस्कृतिहरू एकै किसिमका हुन सक्तैनन् । तर मानसिक चिन्तनका केही विशेषता वा तिनका प्रतिफलहरूले दुई वा दुईभन्दा वढी जाति वा समाजहरूलाई एक-आपसमा जोडिरहेको पनि पाइन्छ । यसरी एक-आपसमा जोड्ने विशेष तत्त्वहरू नै त्यस देशका राष्ट्रिय-संस्कृतिका रूपमा परिभाषित हुन्छन् । राष्ट्रिय-संस्कृतिले राष्ट्रको सीमालाई नाघेको प्रायः पाइँदैन । यसैले 'संस्कृति'लाई राष्ट्रियताको मूल-आधार पनि मानिँदै आइएको छ ।

माथि गरिएको विश्लेषणबाट देश, समाज वा जातिहरूमा रहेका चाल-चलन, रीति-रिवाज, भाषा, भेष-भूषा, आमोद-प्रमोद, नृत्य, गीत-सङ्गीत, शिल्प-व्यवसाय, धार्मिक मान्यता, दर्शन, साहित्य आदि मानव जातिमा हुने मानसिक चिन्तनका उपजहरूको समष्टि नै त्यस देश, समाज वा जातिको संस्कृति हो भन्ने तथ्य प्रमाणित हुन आउँछ । यसैले कुनै पनि राष्ट्रमा वस्ने विभिन्न जात, जाति वा जनसमुदायका संस्कृतिहरूको सम्मिश्रणलाई नै त्यस देशको 'राष्ट्रिय-संस्कृति' भन्नु उपयुक्त

देखिन्छ। यस्तो 'राष्ट्रिय-संस्कृति'को संरक्षण तथा सम्वर्द्धन गर्नु नै त्यस राष्ट्रका सचेत नागरिकहरूको कर्तव्य हुन आउँछ।

देश, काल तथा परिस्थितिहरू अनुसार नयाँ-नयाँ पुस्ताहरू आ-आफ्ना सभ्यता एवं संस्कृतिहरूलाई आ-आफ्नै तरिकाले विकसित तथा परिष्कृत पार्दै ल्याइरहेका हुन्छन् र तिनका नयाँ-नयाँ उत्तराधिकारीहरू स्वाभाविकरूपले नै यस्ता परिष्कृत सभ्यता तथा संस्कृतिहरूलाई ग्रहण गर्दै आउँछन्। सभ्यताको आरम्भभएदेखि आजसम्म पनि यो प्रवृत्ति मानव-जातिमा निरन्तररूपमा चल्दै आइरहेको पाइन्छ । यी सबै कुराहरू भिन्न-भिन्न जनसमुदायमा भिन्न-भिन्न किसिमले विकसित हुँदै आइरहेकाले भिन्न-भिन्न जाति, समाज तथा देशका संस्कृतिहरूमा पनि भिन्नता पाइनु स्वाभाविक नै हुन आएको छ ।

संसारमा, सर्वत्र सभ्यताको उत्थान एकै समयमा भएको थिएन। कहीं अहिलेभन्दा आठ-दश हजार वर्षभन्दा पुराना पुरातात्त्विक अवशेषहरू प्राप्त भएकाले त्यहाँ त्यति नै वेला सभ्यताको उत्थान भैसकेको देखिन्छ । कहीं-कहीं आज पनि मानिसका बथानहरू जङ्गली अवस्थामा रहेर कन्दमूलहरूको उपभोग गरी सभ्यताको प्रकाशदेखि टाढै नै रहिरहेका पाइन्छन्। उदाहरणको निमित्त हाम्रो आफ्नै देश नेपाल-अधिराज्य नै एक सुन्दर सङ्ग्रहालयको रूपमा रहँदै आइरहेको छ। यहाँ धेरै पुराना पुरातात्त्विक अवशेषहरू प्राप्त भएका छैनन् तापनि करीव पच्चीस-शय वर्ष अधिदेखिका पुरातात्त्विक अवशेषहरू यहाँ लगातार पाइन्छन् । यसैले यहाँ त्यस समयभन्दा पहिलेदेखि नै सभ्यताको उत्थान भएको स्पष्टरूपमा नै देखिन्छ। अर्कातिर यहीं नै अर्धसभ्य अवस्थामा रहेका 'राउटे' तथा 'चेपाङ्' आदि र सभ्यताको आदिम अवस्थामा रहेका 'राजी' तथा 'कुसुण्डा' आदि जन-जातिहरू पनि पाइन्छन् । यी सबै जन-जातिहरूले आ-आफ्ना सभ्यता तथा संस्कृतिहरूलाई आ-आफ्नै किसिमले विकसित गर्दै ल्याइरहेको पाइन्छ।

सभ्यताका चिन्हहरू प्रायः भौतिक-निर्माणका खण्डहरहरू तथा पुरातात्त्विक अवशेषहरूका रूपमा उपलब्ध रहेका हुन्छन् भने संस्कृतिका चिन्हहरू प्रायः ललित-कलाका अङ्गहरूका रूपमा विकसित भएका पाइन्छन्। उदाहरणको निमित्त भारतमा 'सिन्धु' नदीका समतल मैदानहरूमा उत्थान भएका सैन्धव-सभ्यताका चिन्हहरू वास्तुकला तथा मूर्ति-कलाका रूपमा प्राप्त भएका छन्। त्यहीं नै साहित्य-कलाका चिन्हहरू स्वरूप मुद्राहरूमा र अन्यत्र पनि अत्यल्पमात्रामा नै भएपनि तात्कालिक लेखहरू प्राप्त भएका छन्, तर पढ्न भने सकिएका छैनन्। यस अनार्य सभ्यता तथा संस्कृतिलाई नष्ट पार्ने आर्यावर्तीय आर्यहरू वास्तुकला, मूर्तिकला तथा चित्रकला आदि मूर्त-कलाहरूदेखि प्रायः अनभिज्ञ नै रहेका थिए, यसैले उनीहरूले साहित्य-कलाद्वारा नै आफ्नो संस्कृतिको छाप छोडेर गएका पाइन्छन् । वेद, उपनिषद्, काव्य, पुराण,

धर्मशास्त्र आदि नै आर्य-संस्कृतिका परिचायक साहित्यहरूका रूपमा आज परिचित रहेका छन् ।

सत्य, अहिंसा, अस्तेय, अपरिग्रह आदि आर्य-संस्कृतिका आदर्श-तत्त्व मानिन्छन् । यस्तै वर्ण-व्यवस्था तथा आश्रम-व्यवस्थालाई पनि आर्यावर्तीय आर्यहरूले आफ्ना संस्कृतिका अभिन्न अङ्गहरूका रूपमा स्वीकार गर्दै आइरहेको पाइन्छ । यज्ञ-याग, अध्ययन-अध्यापन तथा धर्म तथा दर्शनहरू पनि यिनका मानसिक-चिन्तनका प्रतिफल हुन् । पितृसत्तात्मक समाज यिनीहरूको आदर्श समाज रहेको थियो । कालान्तरमा यिनीहरूले कलाका ६ वटा अङ्गहरू मान्दै आएको पाइन्छ । यिनमा वास्तु-कला, मूर्ति-कला तथा चित्र-कलाहरू आँखाले स्पष्टरूपमा देख्न सकिने 'मूर्त-कला'का रूपमा र साहित्य-कला, सङ्गीत-कला तथा नृत्य-कलाहरू भने देख्न नसकिने तर अनुभव गर्न भने सकिने 'अमूर्त-कला'हरूका रुपमा गणना गरिन्छन् ।

बोलचालको भाषावाट पनि त्यस जाति वा समाजले स्वीकार गरेको सांस्कृतिक वैशिटचको परिचयलाई सहजै प्राप्त गर्न सकिन्छ । उदाहरणको निमित्त :– संस्कृत भाषामा 'शिपालु'को अर्थमा 'कुशल' तथा 'प्रवीण' शब्दहरू प्रयोग हुँदै आइरहेका छन् । आर्यावर्तीय आर्य-जातिका नागरिकहरूले शिल्पकलाहरूजति आर्येतर जातिका शूद्रहरूका जिम्मामा छोडिदिएका थिए । आफूहरू यज्ञ-याग तथा अध्ययन-अध्यापन आदि कार्यहरूमा मात्र व्यस्त रहने, यसको निमित्त 'कुश' तथा 'समिधा'हरू खोजेर ल्याउनु पर्ने, कुशका सामग्रीहरू तैयार गर्नुपर्ने र फुर्सदको समयमा मनोविनोदको निमित्त 'वीणा'हरू बजाउने तथा यस्ता कामहरूमा मात्र यिनीहरू शिपालु रहने गरेकाले पछि 'शिपालु'को अर्थमा नै यी दुई शब्दहरू प्रयोग हुन थालेका पाइन्छन् । 'शिपालु' शब्द खश-भाषापरिवारको शब्द भएको र यसको सम्वन्ध 'शिल्प' अर्थात् सिपसँग देखिएकोले खश-वर्गका आर्यहरू भने प्रायः शिल्पकार भएर रहेको झलक पाइन्छ । आर्यावर्तीय आर्य तथा खश-वर्गका आर्यहरूका वीचमा रहेको यो सांस्कृतिक भिन्नता ध्यान दिन योग्य देखिन्छ ।

भाषामा संस्कृतिको प्रतिविम्व रहेको अर्को एउटा रोचक उदाहरण पनि यहाँ प्रस्तुत गर्नु सान्दर्भिक नै देखिन्छ । संस्कृत भाषाको 'भगिनी' शब्दवाट विकसित भएर उत्तरी भारतका वर्तमान भाषाहरूमा 'बहन' शब्द वनेको पाइन्छ । हाम्रो नेपाली भाषामा भने 'भगिनी' शब्दवाट 'वहिनी' शब्द वनेको पाइन्छ । तर 'बहन' र 'वहिनी' शब्दको अर्थमा भेद हुनु दुई देशका नागरिकहरूको सांस्कृतिक भिन्नताको नै प्रतीक हुनुमा कुनै पनि सन्देह छैन । हिन्दी भाषामा प्रयोग हुने 'बहन' शब्दले आफूभन्दा जेठी दिदी तथा कान्छी वहिनीलाई समेत बुझाउँछ, तर नेपाली भाषामा प्रयोग हुने 'बहिनी' शब्दले भने आफूभन्दा कान्छी बहिनीलाई मात्र बुझाउँछ ।

यस्तो भयो किन र कसरी त ? खश-वर्गका नागरिकहरूले बोल्ने वर्तमान नेपाली भाषाको किरात-वर्गका नागरिकहरूले वोल्ने गरेको नेवारी भाषासँगको संसर्गले गर्दा

नै यस्तो भएको देखिन्छ । नेवारी भाषामा आफूभन्दा जेठी दिदीलाई 'तता' तथा आफूभन्दा कान्छी वहिनीलाई 'केहें' भन्ने चलन प्रचलित रहेको छ। आफूभन्दा जेठी तथा कान्छीलाई छुटचाउने यस्तो नियमलाई राम्रो देखेर खश-वर्गका नागरिकहरूले आफूभन्दा जेठीको निमित्त 'दिदी' शब्द अपनाएको पाइन्छ। 'दिदी' शव्दको प्राकृत रूप 'धिती' र यसको पनि संस्कृत रूप 'दुहितृ' शव्द देखिन्छ । 'दुहितृ' शव्दको सम्वन्ध अंग्रेजी भाषाको 'Daughter' शव्दसँग स्पष्ट नै देखिन्छ । 'Daughter' शव्दको उच्चारण गर्दा 'ह' वर्णको उच्चारण नगरिए पनि लेख्दा भने लेखिने प्रचलन अझैसम्म पनि रहि नै रहेको छ। यसवाट यी दुवै शव्द आदिम आर्य-जातिले वोल्ने गरेको एउटै मूल-शव्दबाट विकसित भएर बनेकोमा कुनै पनि सन्देह छैन ।

सभ्यता तथा संस्कृति नै त्यस समाजको सारतत्त्व वा चुरो हो भन्ने तथ्य समाजशास्त्रीहरूले पत्ता लगाइसकेका छन् । वाहिरी आवरण क्षतिग्रस्त भएपनि चुरो नष्ट नभएसम्म जसरी वृक्ष तथा वनस्पतिहरू जीवित रहिरहन सक्दन्छन् र अनुकूल वातावरण आउनेवित्तिकै आफ्नो पुरानो रौनकलाई पुनः प्रकट गर्न सक्दछन्, त्यसरी नै जाति-विशेष, समाज-विशेष तथा देश-विशेषका संस्कृतिहरू क्षतिग्रस्त नभएसम्म ती जाति, समाज वा देशहरूको अस्तित्वमाथि कुनै खतरा हुँदैन । सभ्यता तथा संस्कृतिहरू नष्ट भएपछि भने त्यस जाति, समाज वा देशहरूको पतन अवश्यम्भावी हुने हुन्छ।

कुनै देश वा जातिमाथि नियन्त्रण स्थापित गर्नुभन्दा पहिले त्यस देश वा जातिका संस्कृतिहरूलाई पथभ्रष्ट गराइदिएका उदाहरणहरू विश्व-इतिहासमा प्रशस्तमात्रामा पाइन्छन् । यसैले स्वाभिमानका साथ बाँच्न चाहने हो भने हामीले पनि आफ्ना सभ्यता तथा संस्कृतिहरूको संरक्षण एवं सम्वर्द्धनप्रति सजग रहनु अत्यावश्यक भएको छ ।

वर्तमान समयमा पूर्वमा सिङ्गलेला-पहाड तथा मेची-नदीदेखि पशिचममा महाकाली नदीसम्मका हिमाल, पहाड तथा तराईक्षेत्रहरू मिलेर नेपाल-अधिराज्य वनिरहेको पाइन्छ । यस राष्ट्रभित्र रहेका नेपाली जनताहरूमा मुख्य गरी 'आग्नेयदेशी' वा 'किराँत', 'वृजि' वा 'वाजी'*(आर्यावर्तीय आर्य)* र 'खश'*(खश-वर्गका आर्य)* हरू गरी तीनवटा प्रमुख जातिहरू घुलमिल भएर रहेका पाइन्छन् ।

'खश' तथा 'वृजि' दुवै परिवार एउटै आर्य-जातिका भएपनि फरक शाखाका भएकाले यिनीहरूका सभ्यता तथा संस्कृतिहरूमा पर्याप्तमात्रामा अन्तर पाइनु स्वाभाविक नै भएको छ। वृजि-सभ्यता एवं संस्कृतिहरू किरात-वर्गका नागरिकका सभ्यता एवं संस्कृतिहरूसँग मिसिएर नेपाली सभ्यता संस्कृतिहरूको आधारशिला स्थापित भएको देखिन्छ। यसको चर्चा तल यथास्थानमा गरिनेछ ।

वतमान युगमा – आजभन्दा ३०० वर्षजति पहिले – गोरखा राज्यमा, किरात-वर्गका 'मगर' तथा 'गुरुङ्'हरूलाई समेत आफ्नो समाजमा घुलमिल गराई आर्य-

परिवारकै खश-वर्गका आर्यहरूले नयाँ किसिमको जुन सभ्यता तथा संस्कृतिको उत्थान तथा विकास पनि गराएका थिए, त्यसलाई 'गोरखा-संस्कृति' भन्ने नाम दिनु उपयुक्त देखिन्छ । यस सैनिक संस्कृतिमा गोरखादेखि पश्चिमतर्फ रहेका लमजुङ, तनहुँ, कास्की आदि प्यूठानसम्मका पहाडी प्रदेशहरूमा आवाद रहेका खश, मगर तथा गुरुङ् वर्गका सभ्यता एवं संस्कृतिहरू समेत सम्मिलित रहेका देखिन्छन् । यसै समाजमा कहिलेकाहीँ पूर्वी नेपालमा आवाद रहेका 'खम्बू' तथा 'लिम्बू'-वर्गका नागरिकहरू पनि मिल्नेगरेका पाइन्छन् । यस सैनिक-संस्कृतिको केन्द्रस्थल अव गोरखावाट हटेर पोखरा हुन लागिरहेको छ । आज-भोलि अन्तर्राष्ट्रिय जगत्मा नेपाली जातिको प्रतिनिधित्व पनि यसै गोरखा-जातिले नै गरिरहेको छ । यसमा याद राख्नुपर्ने कुरा यो छ कि, गोरखा-जाति विशाल नेपाली जातिभित्र पर्दछ, गोरखा-जातिभित्र नेपाली जाति अट्न सक्तैन ।

राजा पृथ्वीनारायण शाहको नेतृत्वमा गोरखाली नागरिकहरूले तात्कालिक नेपाल राज्यमाथि राजनीतिक विजय प्राप्त गरी एकीकृत नयाँ नेपाल-अधिराज्यको निर्माणकार्य प्रारम्भ गराएका थिए तापनि तात्कालिक नेपाली नागरिकहरूको ललितकलात्मक संस्कृतिबाट भने स्वयं नै पराजित भई काठमाडौं शहरलाई नै एकीकृत नेपाल-अधिराज्यको राजधानी गराएर गोरखा राज्यका नागरिकहरू स्वयं नै नेपाली नागरिकहरूका रूपमा परिणत हुन आएका थिए । यस तरहसँग गोरखाली नागरिकहरूको सांस्कृतिक पराजय तथा नेवार-वर्गका नागरिकहरूको सांस्कृतिक विजयले बनेको यो राष्ट्र 'नेपाल' भन्ने नामले आज-भोलि विश्व-रङ्मञ्चमा प्रसिद्ध रहेको छ । यो आधुनिक नेपाली सभ्यता तथा संस्कृतिको विषयवस्तु हो । नेपाल-अधिराज्यको सांस्कृतिक परम्पराको अध्ययन तथा अन्वेषण गर्नु नै प्रस्तुत प्रवन्धको मुख्य उद्देश्य रहेको छ ।

(ख) 'आर्यावर्त' तथा 'मध्यदेश'

भाषा-विज्ञानको आधारमा विद्वान्हरूले आर्य-जातिलाई 'भारतीय-आर्य', 'इरानी-आर्य' तथा 'युरोपीय-आर्य' गरी प्रमुख रूपमा तीन शाखामा विभक्त गरेका छन् । यी तीन शाखाहरूमध्ये अहिले सबैभन्दा ठूलो शाखा भारतीय-वर्गका आर्यहरूको रहेको छ । यो शाखा विन्ध्याचल पर्वतमालादेखि उत्तरतर्फ सिन्धु तथा गङ्गा नदीका मैदानहरूमा आएर आवाद भएर रहेकोले यो मैदान प्राचीनकालदेखि नै 'आर्यावर्त' अर्थात् आर्यहरूको वासस्थलको रूपमा प्रसिद्ध रहँदै आइरहेको छ । आर्यावर्तमा आवाद हुन आइपुगेका आर्यहरू पनि अनेक कुल वा परिवारमा विभक्त रहेका पाइन्छन् । यिनै आर्यहरूमध्येका 'भरत-कुल'का राजा 'सुदास' दाशराज्ञ-युद्धमा विजयी भएकाले यिनका कुलका आर्यहरू नै विशेष शक्तिशाली हुन आएका थिए । संस्कृतका सुप्रसिद्ध

व्याकरणकार पाणिनिको समय*(इ. सं पूर्व छैटौं शताब्दी)* सम्मका आर्यावर्तीय आर्यहरूको प्रसार विन्ध्याचल पर्वतमालादेखि दक्षिणतर्फ पनि फैलिइसकेको पाइन्छ।

भरत-कुलका आर्यहरूको आवादी फैलिएको हुनाले नै 'आर्यावर्त' तथा यसदेखि दक्षिणतर्फ रहेको भूभाग 'भारत' वा 'भारतवर्ष'को नामले प्रसिद्ध हुन आएको थियो। यिनीहरूले प्रयोग गर्ने गरेको संस्कृत-भाषा पनि यसै समयदेखि 'भारती'को नामले प्रसिद्ध रहँदै आइरहेको पाइन्छ। यसैले आर्यहरूको यस शाखालाई 'भारतीय-आर्य' भन्नु उपयुक्त देखिन्छ।

ऋग्वेद-संहिता भारतीय आर्यहरूको मात्र होइन, सम्पूर्ण आर्यहरूको नै सर्वप्राचीन साहित्य मानिन्छ। यस संहिताको सङ्कलन एवं सम्पादन लेखनकलाको आविष्कार भएपछि इ.सं. पूर्व १२५० को आसपासदेखि मात्र भएको सङ्केत पाइन्छ तापनि समय-भेदको आधारमा हुने भाषा-भेद यस संहितामा पनि स्पष्टरूपमा देखिने हुनाले उक्त समयभन्दा ७/८ शय वर्ष पहिलेदेखि रचना हुँदै आएर श्रुति-परम्पराद्वारा संरक्षित रहँदै आइरहेका 'सूत्र' वा सारहरू पनि यस संहितामा सङ्कलित भएका पाइन्छन्। वर्तमान भारतीय भाषाहरूको सूक्ष्म अध्ययनको आधारमा भाषा-वैज्ञानिकहरूले वैदिक-कालका पनि दुईथरी भाषाहरू प्रयोगमा रहेका र यिनै भाषाहरू विकसित हुँदै आएर वर्तमान-कालका विभिन्न भारतीय भाषाहरू बनेका हुन् भन्ने निर्क्योल निकालेका छन्।

उपर्युक्त निर्क्योलको आधारमा मध्य-एशियातिरवाट आएका आर्यहरूको एक हूल हिन्दुकुश पर्वत-शृङ्खलालाई पार गरेर अफगानिस्तान हुँदै खैवरका दर्राहरूलाई पार गरी इ.सं. पूर्व २७५० को आसपासतिर 'सिन्धु' नदीको मैदानमा उत्रिएको मानिन्छ। यस हूलले दुई-अढाई शय वर्षजतिको वीचमा उक्तक्षेत्रमा रहेका 'महेन्जोदडो' आदि शहरहरूका रूपमा विकसित भएर रहेका द्रविड-वर्गका नागरिकहरूको सभ्यतालाई नष्ट-भ्रष्ट पारिदिएको थियो। आर्यहरूको यो जमात पछि अनेक समूहमा विभक्त भएर पूर्वतर्फ – वर्तमान पञ्जावसम्म – आएर फैलँदै थियो। यसै स्थितिमा आर्यहरूको अर्को हूल मध्य-एशियातिरवाटै आएर 'मुञ्जवान्' पर्वतलाई पार गरी चित्राल तथा गिलगितको बाटो हुँदै वर्तमान 'स्वात' नदीको किनारसम्म आइपुगेको मानिन्छ। यस जमातले त्यहाँ 'सुवास्तु' नामक नयाँ बस्ती बसाएर यस बस्तीलाई कैयौं शताब्दीसम्म आफ्ना सभ्यता तथा संस्कृतिहरूको केन्द्रस्थल वनाइरहेको पाइन्छ।

अघिल्ला हूलका आर्यहरूभन्दा पछिल्ला हूलका आर्यहरू विशेष सभ्य रहेका थिए। अघिल्ला हूलका आर्यहरूले आफ्ना सभ्यता तथा संस्कृतिहरूका कुनै अवशेषहरूलाई छोडेर जान सकेका छैनन्। पछिल्ला हूलका आर्यहरूले भने आफ्नो ज्ञानको अजस्र-भण्डारका रूपमा रहेको 'ऋग्वेद-संहिता'जस्तो अद्वितीय साहित्यिक धरोहर मानव-जातिको निमित्त छोडेर गएकाले यिनीहरूले आर्यावर्तीय आर्यजातिलाई विश्व-रङ्गमञ्चमा अमर बनाएर गएका छन्। 'भरत'-कुलका प्रसिद्ध राजा 'दिवोदास'

र यिनका वंशज 'सुदास' पनि यसै दोस्रो समूहका आर्य राजाहरू मानिन्छन्। 'वसिष्ठ' तथा 'विश्वामित्र' दुवै प्रतिष्ठित ऋषिहरू राजा सुदासका नै सहायकका रूपमा कार्यरत रहेका पाइन्छन्। 'वसिष्ठ' तथा 'विश्वामित्र' यथार्थमा व्यक्ति-विशेषको नाम नभएर कुल-विशेषको नाम भएको झलक पाइन्छ। ऋग्वेद-संहिताका धेरै मन्त्रहरूका द्रष्टा वा रचयिता 'वसिष्ठ' तथा 'विश्वामित्र' गोत्रका ऋषिहरू नै रहेका पाइन्छन्।

त्यतिवेलाका आर्यजाति गण वा समूहहरूमा विभक्त भएर रहेका हुन्थे। यस्ता गण वा समूहहरू एक-आपसमा सँधै लडिरहेका हुन्थे र अनार्य-वर्गका नागरिकहरूसँग पनि यिनीहरूको निरन्तर सङ्घर्ष चलि नै रहेको हुन्थ्यो। 'रावी' नदीका किनारमा आवादं रहेका दशवटा आर्य-राजाहरूको सङ्घका साथै सीमान्तक्षेत्रमा आवाद रहेका अन्य अनेकौं अनार्य-वर्गका जातिहरूलाई पनि युद्धहरूमा पराजित गरी राजा 'सुदास' सर्वप्रथम त्यस क्षेत्रका चक्रवर्ती राजा वनेका थिए। भरत-कुलका यिनै आर्यहरूको आवादी पूर्वतर्फ फैलँदै आएर इ.सं. पूर्व १४०० को आसपाससम्ममा 'सतलज' नदीलाई समेत पार गरी 'यमुना' नदीको किनारसम्म आइपुगेको देखिन्छ। यिनीहरूले वर्तमान दिल्लीको आसपासमा 'कुरु' तथा 'पाञ्चाल' आदि ५/७ वटा जनपद वा राज्यहरू वसाई त्यहाँ सभ्यताका नयाँ केन्द्रहरू स्थापित गराएपछि प्रचीन 'सुवास्तु' नामक नगरको स्थान यिनै नयाँ राज्यका राजधानीहरूले ग्रहण गरेको पाइन्छ।

पहिलो हूलका आर्यहरूमध्ये केही पश्चिमी पञ्जाव तथा सिन्धमा गएर आवाद भएका थिए भने केही गङ्गा नदीलाई समेत पार गरी अवधतिर लागेका थिए। इ.सं. १२५० को आसपासमा कुरुक्षेत्रमा नै 'कुरु' तथा 'पाञ्चाल' नामक दुई परिवारका आर्यहरूको वीचमा 'महाभारत' नामक सुप्रसिद्ध युद्ध भएको र यसै युद्धकालको आसपासमा कृष्णद्वैपायन-व्यासद्वारा 'ऋग्वेद-संहिता'को सम्पादन भएको हो भन्ने अनुश्रुति परम्परादेखि नै चल्दै आइरहेको पाइन्छ।

आर्यहरू आर्यावर्तमा पश्चिमबाट क्रमशः पूर्वतर्फ बढ्दै आइरहेका थिए। 'शतपथ-ब्राह्मण' अनुसार आर्यहरूको अघि-अघि अग्निदेवको यात्रा चलिरहेको हुन्थ्यो। यसको अर्थ आर्यहरू वन-जङ्गलहरूको फडानि गर्दै र नयाँ-नयाँ वस्तीहरूलाई विस्तार गर्दै पश्चिमबाट क्रमशः पूर्वतर्फ निरन्तर अघि बढिरहेका थिए। यसै क्रममा आर्यावर्तमा आर्य-वर्गका विभिन्न समुदाय वा 'जन'हरूको आवादी यत्रतत्र फैलिँदै आइरहेको पाइन्छ। 'जन'हरूको आवादी फैलिएका यस्ता क्षेत्रहरू पछि 'जनपद' वा राज्यहरूका रुपमा गनिन थालेका थिए। यतिवेला अवाद भएका 'कुरु', 'पाञ्चल', 'चेदि', 'वत्स', 'अङ्ग', 'शूरसेन', 'अवन्ति', 'यौधेय', 'मद्र, 'शिवि', 'मालव', 'कैकय' तथा 'गान्धार' आदि जनपद वा राज्यहरू विशेष प्रसिद्ध रहेका छन्।

बौद्ध-कालसम्ममा जनपद वा राज्यहरूको विकास तथा विस्तार पनि भएर आर्यावर्तमा अनेकौं 'महाजनपद'-हरूको गठन भैसकेको पाइन्छ। महाजनपदहरूमा

'मगध', 'कोसल' तथा 'काशी'का राजतन्त्रात्मक राज्यहरू विशेष प्रसिद्ध रहेका थिए। महाजनपद मध्येको नै 'वृजि' तथा 'मल्ल' नामक राज्यहरू भने यिनताक लोकतन्त्रात्मक राज्यहरूका रुपमा विशेष सक्रिय रहेका देखिन्छन्। यिनैताक उत्तर-पश्चिमी भारतमा 'शिवि', 'सौवीर' तथा 'मद्र' आदि अन्य स-साना लोकतन्त्रात्मक राज्यहरूको अस्तित्व पनि कायमै रहिरहेको पाइन्छ।

आर्यावर्तको मैदान पनि प्राचीनकालमा 'उदीच्य'*(उत्तरी)* तथा 'प्राच्य'*(पूर्वी)* गरी दुई विभागमा विभक्त रहेको देखिन्छ। यी दुई विभागका भाषाहरूमा पनि अन्तर रहेकोले संस्कृतका सुप्रसिद्ध व्याकरणकार पाणिनिले पनि आफ्नो कृतिमा त्यतिवेला प्रचलनमा रहेका आर्य-भाषाका यी दुई विभागहरूको चर्चा गरेका छन्। संस्कृत भाषाका प्राय: सवै व्याकरणकारहरूले 'शरावती' नामक नदीलाई नै उपर्युक्त दुई विभागलाई विभक्त गर्ने सीमारेखाको रुपमा स्वीकार गर्दै आइरहेको पाइन्छ। इसवीय-संवत्‌को चौथा शताब्दीका सुप्रसिद्ध संस्कृत कोशकार अमरसिंहले पनि शरावती नदीलाई नै 'प्राच्य' तथा 'उदीच्य'को सीमाविभाजक नदीको रुपमा चित्रित गरेका छन्। तर अचेल यस नदीको कहिँ-कतै अत्तोपत्तो छैन। वर्तमान समयमा उत्तरप्रदेश तथा पञ्जाबको बीचमा वग्ने अन्त:सलिला सरस्वती नदी नै त्यतिवेलाको शरावती नदी हो कि ? भन्ने भान हुन्छ। तर कोशकार अमरसिंहले भने 'सरस्वती' नामक छुट्टै नदीको उल्लेख गरेका छन्। अहिले त सरस्वती नदीको पनि कतै अस्तित्व पाइँदैन। यसैले 'शरावती' नदी कुन हो ? अहिले यसै भन्न सकिँदैन।

उपर्युक्त विभाजन अनुसार सिन्धु तथा सतलज नदीका मैदानहरू 'उदीच्य'मा र गङ्गा नदीका मैदानहरूका साथै अचेलका उत्तरप्रदेश, विहार, उडिसा, बङ्गाल तथा आसामका प्रदेशहरू तिनताक 'प्राच्य' देशहरूमा गणना गरिन्थे। इ.सं. पूर्व छैटौं शताब्दीमा महात्मा गौतम-बुद्धले बौद्धधर्मको दुन्दुभीलाई यत्रतत्र बजाउन आरम्भ गरेका थिए। पछि, शुङ्ग-कालमा गङ्गा तथा यमुनाका मैदानहरूमा आवाद रहेका कट्टर ब्राह्मणहरूले बौद्ध-धर्मलाई त्यस क्षेत्रबाट विस्थापित गराएर अम्वालादेखि प्रयागसम्मका विस्तृत मैदानहरूलाई 'मध्यदेश' भन्ने नाम दिएका थिए। यसैले 'मनुस्मृति'मा यस भूमिलाई 'आर्यावर्त' वा 'पुण्य-भूमि' भनी उल्लेख गरिने गरेको पाइन्छ। उनीहरूको दृष्टिमा बौद्धधर्मको प्रचार तथा प्रसार पनि भएको क्षेत्र अपवित्र-भूमिमा पर्दथ्यो।

'मध्य-देश' भन्ने नाम आर्य-वर्गका ब्राह्मण आचार्यहरूद्वारा बौद्ध आचार्यहरूको अनुकरणमा राखिएको देखिन्छ। महात्मा गौतम-बुद्धले 'मज्झिम-मारग' अर्थात् 'मध्यम-मार्ग'को प्रचार तथा प्रसार पनि आरम्भ गराएका थिए। न अतिशय कठोर तपस्या, न त अतिशय सोख-सयल; दुवैको बीचमा रहेको सदाचारमूलक धार्मिक चिन्तन नै

भगवान् गौतम-बुद्धले उपदेश गरेको 'मध्यम-मार्ग' थियो । यसै मान्यताअनुसार बौद्धधर्मको पूर्ण विस्तार भएको क्षेत्र अर्थात् अवध तथा बिहारको क्षेत्र बौद्ध-आचार्यहरूको मतअनुसार 'मज्झिम-देश' मानिन्थ्यो । 'मज्झिम-देश'को संस्कृत-रुप 'मध्यम-देश' भएको र यस शब्दको बीचको एक अक्षरलाई लाघव गरेर 'मध्य-देश' भनिन थालेको झलक पाइन्छ ।

तात्कालिक 'मध्य-देश'को ठीक उत्तरतर्फ वर्तमान गढवाल तथा कुमाउँक्षेत्रका पाहाडी प्रदेशहरू रहेका र यी प्रदेशहरू 'मध्यदेश'भित्र समावेश नगरिएकाले त्यहाँका निवासीहरूले आफूहरू बसेको प्रदेशभन्दा दक्षिणतर्फ रहेका समतल मैदानहरूलाई 'मध्य-देश' भन्न थालेका र पछि पूर्वतर्फ बसाइँ सर्दै आएका यसै क्षेत्रका निवासीहरूको देखासिकी गरी वर्तमान नेपाल-अधिराज्यमा आवाद हुन आएका खस-वर्गका ब्राह्मण तथा क्षत्रियहरूले पनि आफ्नो देशभन्दा दक्षिणतर्फ रहेको अवध तथा बिहारका समतल मैदानहरूलाई मात्र होइन आफ्नै देशका तराईक्षेत्रहरूलाई पनि 'मधेश' भन्न थालेको स्पष्ट देखिन्छ । अचेल भने 'मधेश' शब्द तराईक्षेत्रको समतल मैदानको अर्थमा नै रुढ भएर रहेको पाइन्छ ।

नेपालमा सभ्यता तथा संस्कृतिहरूको उत्थान तथा विकास पनि आरम्भ हुनुभन्दा पहिले छिमेकी भारतमा उत्थान एवं विकास भैरहेका सभ्यता तथा संस्कृतिहरूको संक्षिप्त विवरण यही नै हो । यिनै सभ्यता तथा संस्कृतिहरूको पृष्ठभूमिमा वर्तमान नेपाल-अधिराज्यमा सभ्यता तथा संस्कृतिहरूको आधारशिला स्थापित भएकोमा कुनै पनि सन्देह रहेको छैन । अर्को शब्दमा भन्नुपर्दा आर्यावर्तीय आर्यहरूबाट सभ्यता तथा संस्कृतिहरूका ज्योतिहरू प्राप्त गरेपछि मात्र यहाँका स्थानीय आदिम मूल-निवासी 'किराँत'हरू सभ्यताको सोपानमा पहिलो खुट्किलो उक्लिई उन्नतिको मार्गमा अग्रसर भएका पाइन्छन् ।

यतिमात्र होइन, भारतीय सभ्यता तथा संस्कृतिहरूको प्रभाव नेपाली सभ्यता तथा संस्कृतिहरूमा इतिहासकालभर निरन्तर पर्दैरहेको पाइन्छ । यसै वास्तविकताको पृष्ठभूमिमा नेपाली सभ्यता तथा संस्कृतिहरूको उत्थान तथा विकास पनि कसरी भयो ? यसको सङ्क्षिप्त विवरण तल प्रस्तुत गरिनेछ ।

* * *

२. इतिहासकालभन्दा पहिलेको नेपाल

(क) नेपालका आदिम मूल-निवासीहरू

अतिपुरातन-कल्पमा वर्तमान नेपाल-अधिराज्यसहित सम्पूर्ण हिमालयक्षेत्र समुद्रको गर्भमा अन्तर्निहित रहेको थियो भन्ने आधुनिक भू-वैज्ञानिकहरूको मान्यता रहँदै आइरहेको छ। समुद्रतलबाट माथि उठिसकेपछि पुरातन-कल्पमा यस क्षेत्रमा ठूला-ठूला ताल वा तलाउहरू कायमै रहिरहेका देखिन्छन्। हजारौँ-हजार वर्षसम्मको अविरल जलप्रवाहले गर्दा पछि यस्ता ताल वा तलाउहरू क्रमशः खोलिँदै गएर हिमालयक्षेत्रको वर्तमान भौगोलिक बनावट कायम भएको हो भन्ने आधुनिक भू-वैज्ञानिकहरूको मान्यता रहिआएको छ।

वर्तमान काठमाडौँ उपत्यका पनि अति-प्राचीनकालमा यस्तै एउटा विशाल ताल वा तलाउको रूपमा रहेको सङ्केत पाइन्छ। यस क्षेत्रको भौगोलिक बनावटको दृष्टिले मात्र होइन, यस क्षेत्रमा पाइने समुद्री जलचर जन्तुका जीवावशेषहरूले गर्दा पनि यो क्षेत्र अति-प्राचीनकालमा ताल वा तलाउको रूपमा रहेको थियो भन्ने प्रमाणित हुन आएको छ।

नेपालमा प्रचलित बौद्ध तथा सनातनी दुवैथरी अनुश्रुतिहरूले यो क्षेत्र प्राचीनकालमा दह वा तलाउको रूपमा रहेकोतर्फ नै सङ्केत गर्दै आइरहेका छन्। हुन त यस उपत्यकाभित्र रहेको प्रमुख ताल वा तलाउ अहिलेभन्दा हजारौं वर्ष पहिले नै फुटिसकेको थियो, तैपनि चोभार-भञ्ज्याङ्मा रहेको वाग्मती नदीको गल्छी नफुटेसम्म पनि यो उपत्यका विशाल ताल वा तलाउको रूपमा नै रहिरहेको थियो भन्ने यहाँका भूवनावटहरूवाट पनि स्पष्ट नै देखिन्छ। यस्तै चोभारमा रहेको गल्छी फुटिसकेपछि पनि पशुपति तथा गोकर्णमा रहेका वाग्मती नदीका अन्य दुईवटा गल्छीहरू नफुटेसम्म यस क्षेत्रमा ताल वा सरोवरहरूका स-साना अवशेषहरू कायमै रहिरहेका देखिन्छन्।

आजभन्दा ८/९ हजार वर्षजति पहिलेको कुरा हो, तिनताक पनि हिमालय-पर्वतमालाको भौगोलिक बनावट लगभग अहिलेको जस्तै थियो, तर हावा-पानी भने त्यतिवेला अचेलकोभन्दा निकै नै ठण्डा हुँदो हो। तिनताक यस क्षेत्रमा रहेका सम्पूर्ण भूभागहरू पक्कै पनि घना जङ्गलै जङ्गलहरूले ढाकिएका थिए। यसैले त्यतिवेला अहिलेकोभन्दा अत्यधिक वर्षा हुने भई यहाँका नदी-नालाहरू निकै ठूला तथा फराकिला पनि थिए, अचेलको जस्तो जमिनको सतहभित्र गहिरिएर धसिएका पनि थिएनन्।

तिनताक हिमालय-पर्वतमालाको दक्षिणी पाखामा रहेका पहाडी उपत्यकाहरूमा एक विशिष्ट जन-समुदायको आबादी फैलिएर रहेको झलक पाइन्छ। यसै जन-

समुदायलाई पछि – इतिहास-कालमा – आएका नवागन्तुक आर्यावर्तीय आर्यहरूले 'किरांत' भन्ने नाम दिएको पाइन्छ। वर्तमान काठमाडौं उपत्यका तथा यसभन्दा बाहिर अन्यत्र पनि तिनताक यस्तै जन-जातिका पातला आबादीहरू यत्रतत्र फैलिएर रहेका हुँदाहुन्। वर्तमान-कालका भाषावैज्ञानिक तथा समाजशास्त्रीहरूले यस जातिलाई 'अष्ट्रो-एशियन्' वा 'आग्नेय-देशी' भन्ने नाम दिएका छन्। यही जाति नै यस क्षेत्रको आदिम-मूलनिवासी मानिन्छ।

तिनताकसम्ममा यस्ता जन-जातिहरूले आफ्ना बोलीहरूको आविष्कार गरी आफ्ना मनमा आएका भावहरू अभिव्यक्त गर्नसम्म जानेका थिए र आगोको परिचय पनि भर्खरै मात्र प्राप्त गरेका थिए। यिनका हात-हतियारहरूको खास विकास भैसकेको थिएन। ढुङ्गा तथा काठका घोचाहरू नै त्यतिवेला यिनका शिकारका प्रमुख साधन हुँदाहुन्। तिनताक यिनीहरू आफ्ना खाद्य-पदार्थहरू पोलेर नै खानेगर्दथे र घोचा तथा स्याउलाहरूको प्रयोग गरी कामचलाउ हिसावले भद्दा तरिकासँग बनाइएका अस्थायी झुप्राहरूमा वसी आफ्नो जीवनयापन गर्ने गर्दथे। खाद्य-पदार्थहरूमा शिकार गरिएका जनावर, जङ्गली फल-फूल तथा कन्द-मूलहरूको नै प्राधान्य रहेको हुँदो हो। खेती-पाती गर्न भने यिनीहरूले आझैसम्म पनि जानिसकेका थिएनन्।

धनुष-वाण चलाउने शिल्पको विकास भएपछि मात्र मानवजातिले सभ्यताको सोपानमा नयाँ खुट्किलोमा पदार्पण गरेको मानिन्छ। यसैअनुसार अहिलेभन्दा छ-सातहजार वर्ष पहिलेसम्ममा यहाँका आदिम मूल-निवासीहरूले घुमन्ते जङ्गली जीवनबाट पशुपालक ग्रामीण जीवनमा पदार्पण गरिसकेको अनुमान हुन्छ। यसको एक-डेढहजार वर्षपछि यिनीहरू खेतीपातीका कामहरूमा अग्रसर भएका हुँदाहुन्। खेतीपाती तथा पशुपालनको निमित्त प्राकृतिक सुख-सुविधाहरू आवश्यक पर्ने हुनाले पशुपालक-जीवनमा प्रवेश गरेपछि मात्र यिनीहरू आ-आफ्ना अनुकूल ठाउँहरूमा स्थायी वासस्थानहरू बनाई बस्न थालेको अनुमान हुन्छ।

आजभन्दा ४/५ हजार वर्ष पहिलेदेखि यस क्षेत्रमा ठूलो सामाजिक उथल-पुथल आरम्भ भएको आभास पाइन्छ। आग्नेयदेशी भाषा-परिवारकै 'तिब्बत-बर्मेली' वा 'भोट-वर्मेली' शाखाको भाषा बोल्ने नयाँ जन-जातिहरू आफ्ना मूल-अवस्थलहरूलाई छोडी सुख तथा सुविधाहरूको खोजीमा पहिलेदेखि नै यत्रतत्र लाग्न थालिसकेका थिए। यसै क्रममा, यसै जातिको एउटा ठूलो प्रवाह वर्तमान बर्मा*(म्यान्मार)* बाट 'इरावती' नदीको किनारै-किनार भारतको आसाम हुँदै वर्तमान पूर्वी नेपालमा – यहाँ आवाद भएर रहेका आदिम मूलनिवासी 'किरात'हरूका वासस्थलहरूसम्म – आइपुगेको सङ्केत पाइन्छ। यसै जातिको अर्को एउटा शाखा 'ब्रह्मपुत्र' नदीको किनारै-किनार उत्तर-पश्चिमतर्फ लागेर वर्तमान तिब्बतमा पनि फैलन पुगेको थियो। वर्तमान पूर्वी नेपालमा आइपुगेका तिब्बत-बर्मेली शाखाका जन-जातिहरू त्यहाँबाट क्रमशः पश्चिमतर्फ

वढ्दै आएर यिनीहरू पछि वर्तमान नेपाल-अधिराज्यको सम्पूर्ण भूभागहरूभित्र फैलिई अझै पश्चिमतर्फ लागेर 'सतलज' नदीका मैदानहरूसम्म पनि फैलिन पुगेका देखिन्छन् ।

तिव्वत-वर्मेली समूहका 'किरात'हरू यहाँ एकै जमातमा नआई वर्षौं लगाएर जमात-जमातमा आएका थिए । यसैले यिनीहरूले यहाँ आएर आफ्नो पृथक् जातीय अस्तित्व कायम राख्न सकेनन् र यहाँका आदिम मूलनिवासी 'किरात'हरूका समाजमा नै घुलमिल भए । यहाँसम्म कि यिनीहरूले आफ्ना वोली तथा रीति-रिवाजहरूलाई पनि पृथक् रूपमा सुरक्षित राख्न सकेको देखिँदैन । तर यहाँका आदिम मूलनिवासी किरातहरू पनि यिनीहरूका भाषा तथा रीति-रिवाजका प्रभावहरूवाट सर्वथा अछुता भने रहन सकेनन् । यिनीहरूकै प्रभावले गर्दा यहाँका स्थानीय आदिम मूल-निवासीहरूमा वर्गभेद पैदा भएर पछि यिनीहरू अनेक जाति वा वर्गमा विभक्त भएका पाइन्छन् । वर्तमान समयका 'मगर', 'गुरुङ्', 'तामाङ्' तथा 'नेवार' आदि आग्नेयदेशी भाषा-परिवारका जातिका नागरिकहरू किरात-वर्गका यस्तै भेदहरूका रूपमा प्रसिद्ध रहेका छन् । भाषाको वनावटको दृष्टिवाट हेर्ने हो भने किरात-वर्गका वर्तमान समयका खम्वू वा राई तथा लिम्वूहरूले भने आफूहरूलाई नवागन्तुक तिव्वत-वर्मेली शाखाका नागरिकहरूको जातिगत प्रभाववाट प्रायः अछुतो नै राख्न सकेको प्रकटरूपमा नै देख्न सकिन्छ ।

वर्तमान काठमाडौं उपत्यकामा आज 'नेवार' नामक जुन जनजाति रहेको पाइन्छ, त्यो जाति यहाँ प्राचीन-कालदेखि नै वसिआएकोमा कुनै पनि सन्देह रहेको छैन । यस जातिमा आजभोलि जात-पात, उच-नीच तथा छुत-अछुत आदिका जुन भेदभावहरू पाइन्छन् ती भने सवै आर्यावर्तीय आर्यका संस्कृतिका लक्षणहरू हुनुमा कुनै पनि सन्देह रहेको छैन । नेवार-जातिका नागरिकहरूको आजको रङ्ग तथा रूपमा मात्र होइन, मध्ययुगमा वनेका मनुष्याकृति भएका मूर्तिहरूमा देखिने शारीरिक वनावटहरूमा पनि आर्य-लक्षणहरू नै वढी मात्रामा पाइन्छन् ।

परन्तु वर्तमान नेवारी-भाषा आर्य-भाषापरिवारको छैन । यो भाषा किरात-भाषापरिवारको हो भन्ने स्पष्ट नै देखिन्छ । हुन त ग्रियर्सन आदि पाश्चात्य भाषा-वैज्ञानिकहरूले नेवारी-भाषालाई तिव्वत-वर्मेली भाषापरिवारभित्र राखेका छन्, तर यो सत्य देखिँदैन । इसवीय-संवत्को छैटौं शताव्दीको अन्त्यतिर 'कुती' तथा 'केरुङ्' तर्फवाट हिमालय-पर्वतमालाका दुर्लङ्घ्य घाटाहरू खुली तिव्वत तथा नेपालको वीचमा आवागमनहरू चल्न थालेपछि तिव्वती भाषाको प्रभाव परी नेवारी वोली वा भाषा पनि तिव्वती व्याकरणको ढाँचामा ढालियो होला, तर आफ्नो भाषागत मूल-प्रवृत्तिलाई भने यस भाषाले अझैसम्म पनि त्याग्न सकिरहेको देखिँदैन ।

नेपालको सांस्कृतिक परम्परा

प्राचीनकालमा – इतिहासकालभन्दा पहिले – आसामतर्फबाट तिब्बत-बर्मेली भाषा-परिवारका आग्नेयदेशी जनताको एउटा प्रवाह आएर वर्तमान नेपाल-अधिराज्यका पहाडी प्रदेशहरूमा आवाद भएर रहेका किरात-वर्गका विभिन्न जातिहरूमा घुलमिल भएको चर्चा माथि भैसकेको छ। यति भएर पनि 'लिम्बू', 'खम्बू' तथा 'थामी' आदि यहाँका मूलनिवासी आग्नेयदेशी वा किरात-वर्गका नागरिहरूका बोलीमा यस्ता तिब्बत-बर्मेली वर्गका नागरिकका बोलीहरूले कुनै प्रभाव पार्न नसकी यिनका भाषाहरूमा पाइने किरात-वर्गका भाषाहरूको मुख्य लक्षण – सार्वनामिक रूप – हालसम्म पनि कायमै रहिरहेको पाइन्छ। यसैले प्रचीन नेवारी-भाषामा पनि तिब्बती भाषाको प्रत्यक्ष प्रभाव पर्नु सम्भव देखिँदैन। नाम तथा क्रियापदहरूका साथ 'सर्वनाम'हरूको समेत प्रयोग हुनु सार्वनामिक-भाषापरिवारका भाषाहरूको मुख्य लक्षण मानिन्छ।

नेवार-जातिका नागरिकका रूप तथा रङ्गहरूमा आर्य-जातिका नागरिकहरूको लक्षण पाइनु र यिनीहरूले बोल्ने नेवारी-भाषा वा बोलीमा भने किराँत-भाषापरिवारको लक्षण देखिनुबाट बढो असमञ्जसको स्थिति उत्पन्न हुन आएको छ। यस समस्याको समाधान दुई किसिमबाट हुन सक्दछ : – (१) नेवार-वर्गका नागरिकहरू पहिले मूलरूपमा किरात-वर्गका थिए, यिनीहरूले पछि आफ्ना रूपहरूको साथै रङ्गहरूलाई पनि परिवर्तन गरी आर्य बने, अथवा (२) यिनीहरू पहिले मूलरूपमा आर्य-वर्गका थिए, पछि आफ्नो आर्य-परिवारको भाषालाई परित्याग गरी किरात-वर्गको वर्तमान नेवारी बोलीलाई ग्रहण गरे।

उपर्युक्त दुईथरी सम्भवनाहरूमध्ये पहिलो सम्भावना असम्भव देखिन्छ भने दास्रो सम्भावना सम्भव। कारण, एउटा भाषालाई परित्याग गरी अर्को भाषालाई अपनाउनुसम्म त सम्भव छ, तर आफ्नो भएको रूपको साथै रङ्गलाई नै परिवर्तन गर्नु भने सम्भव छैन। इतिहासबाट पनि पछि आएका लिच्छवि, विदेह, शाक्य आदि आर्यावर्तीय आर्यहरूले वर्तमान नेपाल-अधिराज्यमा आएर यहाँका मूल-निवासी किरातहरूबाट राजपाट खोसेर लिई उनीहरूका सभ्यता तथा संस्कृतिहरूलाई समेत आत्मसात् गर्दा नवागन्तुक आर्यावर्तीय आर्यहरूको बोलचालको भाषा पनि किरात-वर्गको हुन आएको स्पष्ट देखिन्छ। लिच्छवि तथा विदेह वर्गका नागरिकहरूले प्रारम्भ गरेको यो परम्परा इतिहासकालभर पछिसम्म पनि कायमै रहिरहेको पाइन्छ।

उपर्युक्त तथ्य 'नेपाल', 'नेवार' तथा 'न्यार्वा' शब्दहरूको व्युत्पत्तिबाट पनि स्पष्ट हुन्छ। भारतीय संस्कृत-साहित्यमा 'नेपाल' शब्दको उल्लेख सर्वप्रथम मौर्य-सम्राट् चन्द्रगुप्त*(इ. सं. पूर्व ३२१-२९७)* का मन्त्री आचार्य कौटल्यद्वारा इसवीय-संवत्को उठान हुनुभन्दा करीब तीनशय वर्षजति पहिले लेखिएको 'अर्थशास्त्र' नामक प्रसिद्ध संस्कृत ग्रन्थमा भएको पाइन्छ। त्यस समयको मगध-राज्यको बोलचालको मागधी

समूहको प्राकृत-भाषामा 'र' वर्णको उच्चारण नभई यस वर्णको वदलामा 'ल' वर्ण को उच्चारण हुने प्रचलन रहेको थियो । यसैले मगध-साम्राज्यको राजधानी 'पाटलिपुत्र' *(वर्तमान पटना शहर)* मा लेखिएको 'अर्थशास्त्र' नामक उपर्युक्त ग्रन्थमा मागधी उच्चारण अनुसार 'नेपार' शब्दको वदलामा 'नेपाल' लेखिएको, यहाँको स्थानीय भाषामा यही 'नेपार' शब्द विकृत भएर जातिवाचक अर्थमा 'नेवार' भएको र पछि वर्तमान काठमाडौँ उपत्यकाबाट निर्वासित भई 'मुर्मी'*(तामाङ्)* हरूका समाजमा मिसिन गएपछि उच्चारणभेदले गर्दा किरात-वर्गका यिनै 'नेवार'हरू नै 'न्यार्वा' भनिन थालेको पाइन्छ। यसबाट उपर्युक्त तीनवटै शब्दहरूको मूल-रूप 'नेपार' शब्द भएको र यही जाति नै यस क्षेत्रको अदिम मूल-निवासीहरू भएको झलक पाइन्छ।

जुन समयमा वाग्मती नदीको शिरानमा रहेको वर्तमान काठमाडौँ उपत्यकामा 'नेपार' वा 'नेवार'हरूको आवादी यत्रतत्र फैलिरहेको थियो, त्यस समयमा वर्तमान नेपाल-अधिराज्यका प्रायः सम्पूर्ण पहाडी भूभागहरू जङ्गलै-जङ्गलहरूले ढाकिइरहेको थियो र यस क्षेत्रका समतल मैदान तथा नदी-नालाका किनारहरूमा 'नेपार' वा 'नेवार'हरूजस्तै पशुपालक अवस्थामा रहेका किरात-वर्गका अन्य जनसमुदायहरू पनि ठाउँ-ठाउँमा फैलिएर रहेका हुँदाहुन्। तर तिनीहरू भने सभ्यताका सोपानहरूतर्फ अग्रसर भैसकेका देखिँदैनन्। आर्य-सभ्यताको प्रकाशलाई ग्रहण गर्न सक्ने क्षमता यिनीहरूमा विकसित भैसकेको पाइँदैन । यस्तो क्षमता त यसै वर्गको 'नेपार' वा 'नेवार' नामक एक विशिष्ट शाखामा मात्र पाइनु एउटा विस्मयकारी घटनाको रूपमा उपस्थित हुन आएको छ।

प्राचीनतम नेपालको भौगोलिक क्षेत्र सम्भवतः त्यति विशाल रहेको थिएन । 'नेपार' वा 'नेवार'हरूको आवादी रहेको वर्तमान काठमाडौँ उपत्यका तथा यसका आपासका क्षेत्रहरूमा मात्र त्यतिवेलाको नेपाल सीमित रहेको झलक पाइन्छ । भारततिरवाट आर्य-सभ्यताको प्रकाश प्राप्त नभएसम्म यहाँका मूल-निवासी किरात वर्गका 'नेपार' वा 'नेवार'हरू पशुपालक अवस्थामा नै रहिरहेका देखिन्छन्। यिनका मुख्य पशु भेडा थिए, यिनीहरूले पछि-पछि भैँसीहरू पनि पाल्न थालेका हुँदाहुन्। खेतीका कामहरूतर्फ भने यिनीहरूले त्यति ध्यान दिन सकेको लक्षण देखिँदैन ।

हिमाली क्षेत्रहरूमा नै सतलज-नदीदेखि पश्चिमतर्फका पहाडी प्रदेशहरूमा भने यिनताकसम्ममा आर्यहरूकै 'ऐड' वा 'खश' नामक अर्को एउटा शाखा फैलिई यसले त्यहाँका आदिम मूल-निवासी 'किरात'हरूलाई त्यहाँवाट धमाधम पूर्वतर्फ लखेटिरहेको थियो। तैपनि 'सतलज' नदीभन्दा पूर्वतर्फ भने त्यतिवेला यिनीहरू फैलन सकिरहेको देखिँदैन।

(ख) नेपालमा सभ्यताको आरम्भ

वर्तमान नेपाल-अधिराज्यमा सभ्यताको आरम्भ प्राचीनकालमा नै भएका प्रमाणहरू प्रशस्त मात्रामा पाइन्छन्। हिमालय-पर्वतमालाको दक्षिणी काखमा, सतलज नदीदेखि पूर्वतर्फका अन्य ठूला-ठूला नदीका उपत्यकाहरूमा मानव-सभ्यताको उत्थान तथा विकास पनि हुनुभन्दा पहिले 'वाग्मती' नामक एउटा सानो नदीको शिरानमा रहेको यस सानो उपत्यकामा मानव-सभ्यताको उत्थान तथा विकास पनि कसरी सम्भव भयो होला ? यो पनि एउटा कौतुकको नै विषय बन्न आएको छ। तर यसो हुनु सहज तथा स्वाभाविक देखिन्छ। यस क्षेत्रको प्राकृतिक बनावटले नै यसलाई सम्भव बनाइदिएको थियो।

सभ्यताको उत्थानको निमित्त पहिलो कुरा त भौतिक तथा प्राकृतिक साधन तथा सुविधाहरूको सर्वसुलभता नै अनिवार्य आवश्यक रहेको थियो। दोस्रो कुरा, अर्को कुनै सभ्य जातिसँग सम्पर्क स्थापित हुनु पनि त्यत्तिकै आवश्यक थियो। यी दुवै सुविधाहरू यहाँका आदिम मूल-निवासी किरात-वर्गका 'नेपार'हरूको निमित्त उपलब्ध रहेका थिए। पश्चिममा सतलज नदीदेखि पूर्वमा 'टिस्टा' नदीसम्मका पहाडी भूभागहरूमा त्यतिवेला 'नेपार' वा 'नेवार'हरूजस्तै किरात-वर्गकै अन्य जातिहरू पनि आवाद रहेका हुँदाहुन्, तर ती प्रदेशहरूमा सभ्यताको उत्थान तथा विकास पनि सम्भव नभएर वर्तमान काठमाडौं उपत्यकामा नै सर्वप्रथम सभ्यताको उत्थान तथा विकास पनि भएको स्पष्टरूपमा नै देखिन्छ।

वर्तमान काठमाडौं उपत्यकालाई प्रकृतिले नै समृद्ध तथा मनोहर पनि बनाइदिएको छ। 'वाग्मती' 'मनोहरा' तथा 'विष्णुमती'का सँधै – बाह्रै-महिना – पानी बगिरहने सदानीरा नदीहरू यस उपत्यकामा अनादिकालदेखि नै अजस्ररूपमा बग्दै आइरहेका छन्। यतिमात्र होइन, उपत्यकाका वरिपरिका रमणीय डाँडाहरूबाट निस्कने छाँगा, खोला तथा खहरेहरू पनि यहाँ परापूर्वकालदेखि नै वाग्मती तथा यसका सहायक नदीका प्रवाहहरूमा मिसिन आइरहेका छन्। यसले गर्दा यस क्षेत्रमा सिँचाइ-सुविधाहरूको कुनै कमी थिएन।

यहाँका जमिनहरू प्रायः समतल र माटो पनि ज्यादै नै उर्वरा रहँदै आइरहेको थियो। यसैले प्रचीन समयमा यो उपत्यका सँधै रसिलो तथा भरिलो पनि रहन्थ्यो। उपत्यकाका दक्षिणी भेगका महाभारत-पर्वतशृङ्खलाका रत्नगर्भा पहाडहरूमा धातुका खानिहरू प्रशस्तमात्रामा पाइन्थे। यसप्रकार सभ्यताको उत्थान तथा विकासको निमित्त मूल-आधारको रूपमा रहने उब्जाउ जमिन तथा खनिज-सम्पदाहरू यस उपत्यकामा अन्यत्रभन्दा निकै नै सुलभ रहेका थिए। यसले गर्दा हिमालय-पर्वतमालाको दक्षिणी काखमा रहेका अन्य पहाडी भूभागहरूमा भन्दा पहिले यस उपत्यकामा सभ्यता

तथा संस्कृतिको उत्थान तथा विकास पनि हुनु सहज तथा स्वाभाविक पनि देखिन आएको छ।

तर सिन्धु तथा गङ्गाजस्ता ठूला-ठूला नदीका समतल मैदानहरूमा सभ्यताको उत्थान तथा विकास पनि जति चाँडो हुनु सम्भव थियो, त्यति चाँडो यस दुर्गम पहाडी उपत्यकामा सम्भव थिएन। सभ्यताको उत्थान तथा विकासको निमित्त यहाँका आदिम मूलनिवासी किरात-वर्गका 'नेपार' वा नेवारहरूले बीजरूपमा अर्को समृद्ध सभ्यतावाट आलोक प्राप्तगर्नु अत्यावश्यक थियो। अनि भयो पनि यही नै। आर्य-सभ्यताको प्रकाश प्राप्त नभएसम्म यहाँका मूल-निवासी 'नेपार' वा नेवारहरू प्रायः अर्धसभ्य अवस्थामा नै रहिरहेका देखिन्छन्।

आर्यावर्तीय आर्य-जातिको मूल-प्रवाह सप्तसिन्धु-प्रदेशवाट गङ्गा नदीको प्रवाहको साथै पूर्वाभिमुख भएर पूर्वतर्फ फैलँदै आउँदा त्यस नदीका दायाँ तथा बायाँतर्फ रहेका समतल मैदानहरूमा आवाद रहेका त्यहाँका स्थानीय मूल-निवासीहरूमध्ये अधिकांश 'दास'हरूका रूपमा आर्यहरूकै समाजमा घुलमिल भएका, दासत्वलाई स्वीकार गर्न नसकेका त्यहाँका अन्य मूल-निवासीहरूमध्ये कोही दक्षिणतर्फ – विन्ध्याचलतर्फ – र कोही उत्तरतर्फ – हिमालयका तराईक्षेत्रहरूतर्फ – पलायित भएका र दुवैतर्फ लागेका आर्येतर जातिहरू पछि 'किरात' वा 'आग्नेयदेशी' भनिन थालेका पाइन्छन्।

आर्य-भाषापरिवारका वोलीहरू बोले पनि 'दनुवार' वा 'दरै'हरू र 'कुह्माल' वा 'कुमाले'हरूको रूप तथा रङ्ग पनि आर्य-जातिका नागरिकहरूको रूप तथा रङ्गसँग कत्ति पनि मिल्दैन। यही स्थिति तराईक्षेत्रमा आवाद रहेका 'थारु'हरूको पनि रहेको छ। 'थारु' शब्दको सम्वन्ध संस्कृत-भाषाको 'स्थल' शब्दसँग स्पष्ट देखिन्छ। 'वृजि' वा वाजी-भाषाको 'स्थानीय' वोधक प्राकृत-भाषाको 'थल'-शव्द विकृत भएर वर्तमान समयमा 'थारु' शब्द बनेको झलक पाइन्छ। वर्तमान नेपाली-भाषामा पाइने 'ठालु' तथा 'थर' शब्द पनि 'स्थल' शब्दसँग नै सम्वद्ध देखिन्छन्। संस्कृत-भाषाको परिभाषाअनुसार 'थारु', 'दनुवार' तथा 'कुह्माल'हरू सबै किरात-वर्गका मानिन्छन्। संस्कृत-भाषामा 'किराँत' शब्दको शाब्दिक अर्थ हुन्छ :– "छेउ लागेर हिँड्ने"।

इसवीय-संवत्को आरम्भ हुनुभन्दा १२०० वर्षजति पहिलेसम्ममा भारतीय मूलका आर्यहरू पश्चिमबाट पूर्वतर्फ क्रमशः बढ्दै आएर वर्तमान कोसी नदीको प्रवाहसम्म फैलिई 'आर्यावर्त'को क्षेत्रलाई विस्तार गराएर त्यस क्षेत्रमा आर्यसभ्यता तथा संस्कृतिहरूको प्रचार तथा प्रसार पनि गर्दै रहेका थिए। पछि त्यहाँवाट अझै अघि बढी पूर्वमा बङ्गाल तथा आसामसम्म फैलन पुग्दा यिनीहरू हिमालयतर्फ वर्तमान महोत्तरी तथा बुटवलक्षेत्रहरूमा निकै उत्तर महाभारत-पर्वतशृङ्खलाको फेदीसम्म नै

आइपुगेका देखिन्छन् । तर बुटवल तथा महोत्तरीको बीचमा भने वर्तमान नेपाल-अधिराज्यका भूभागहरू मात्र होइन, यसभन्दा निकै परसम्मका भूभागहरू पनि तिनताक घना जङ्गलै-जङ्गलहरूले ढाकिएर रहेका थिए र यी क्षेत्रहरूमा आर्येतर जातिहरूका रूप तथा रङ्ग भएका आदिम मूल-निवासीहरू यत्रतत्र रहँदै आइरहेका थिए । यिनै आर्येतर जातिहरूलाई यस क्षेत्रका स्थायी निवासीहरूको रूपमा पाएर नवागन्तुक आर्यावर्तीय आर्यहरूले यिनलाई आफ्नो भाषामा 'स्थानीय' भन्ने नाम दिएको र यही 'स्थानीय' शब्द नै अपभ्रंश भएर कालान्तरमा 'थारु' शब्द बनेको प्रतीत हुन्छ ।

संस्कृत-भाषाको परिभाषाअनुसार 'थारु' मात्र होइनन्, यसै वर्गका 'दरै' वा 'दनुवार'हरू र 'कुम्हाल' वा 'कुमाले'हरू पनि किरात-परिवारभित्र नै पर्दछन् । तर अचेल यिनीहरूको रङ्ग तथा रूपमात्र किरातहरूको जस्तो देखिनु र यिनीहरूको भाषा, भेष-भूषा तथा रीति-रिवाजहरू भने आर्य-परिवारका नागरिकहरूको जस्तो पाइनु अर्को विस्मयकारी समस्याको रूपमा उपस्थित हुन आएकोछ । यसबाट किरात-वर्गका 'थारु', 'दरै' तथा 'कुह्माल'हरूले पछि – आर्यावर्तीय आर्यहरूसँगको सम्पर्कमा आएपछि – आफ्नो भाषा, भेष-भूषा तथा रीति-रिवाजहरू परित्याग गरी आर्य-जातिकै भाषा, भेष-भूषा तथा रीति-रिवाजहरूलाई ग्रहण गरेको स्पष्टरूपमा नै देखिन आएकोछ । यसबाट यिनीहरू अहिले मिश्रित संस्कृति भएका जातिहरू बन्न आएका पाइन्छन् ।

आर्यावर्तीय आर्यहरूले सुरु-सुरुमा त किरातहरूलाई 'दास' वा नोकर बनाएर 'शूद्र' वा 'अछुत'हरूका रूपमा मात्र आफ्नो समाजमा सम्मिलित गराउने गरेका थिए, तर पछि जनपद वा राज्यहरूको स्थापना भएपछि भने आर्यावर्तीय आर्यहरूमा सामाजिक कट्टरता शिथिल हुँदै आएकोले उत्तरी भारतमा नयाँ उत्थान भएका 'वृजि', 'मल्ल', 'शाक्य' आदि लोकतन्त्रात्मक राज्यका नागरिकहरूले महाभारत-पर्वतशृङ्खलादेखि दक्षिणतर्फ हिमालयका तराईक्षेत्रहरूमा आबाद रहेका किरात-वर्गका 'थारु', 'दरै' तथा 'कुह्माल'हरूलाई 'दास' वा 'अछुत' नबनाइकन नै पनि आफ्नो समाजमा सम्मिलित गराउन आरम्भ गरेको झलक पाइन्छ ।

'थारु', 'दरै' तथा कुह्मालहरूले पनि यसै क्रममा आर्य-सभ्यता तथा संस्कृतिहरूलाई ग्रहण गरी आर्य-परिवारका भाषाहरूलाई स्वीकार गरेका, यिनीहरू यसै समयदेखि आर्यहरूको समाजमा घुलमिल भएर खेती-पातीका कामहरूतर्फ प्रवृत्त भएका र आफ्ना किरात-वर्गका मातृभाषाहरूलाई बिर्सिएर आर्य-सभ्यता तथा संस्कृतिका उपासक बन्न आएका देखिन्छन् ।

आर्यावर्तीय आर्यहरूसँगको सम्पर्क तथा सहयोगबाट यसरी सभ्यताको सोपानमा एक खुट्किला माथि उक्लिएपछि 'थारु' तथा 'दरै'हरूमा पनि उत्साह तथा उमङ्ग पैदा भयो र जङ्गलहरूको फँडानि गर्दै तथा खेती-पातीहरूको विस्तार गर्दै यिनीहरू

तराईक्षेत्रका वन-जङ्गलहरूमा भित्रभित्रसम्म पनि घुस्न थालेको झलक पाइन्छ। यिनै 'किराँत'-वर्गका नागरिकहरू मध्येकै नदीका किनारहरूमा वासस्थानहरू बनाई डुङ्गा चलाउने र माछाहरू मारी यसैबाट जीवननिर्वाह गर्ने पेसा भएका 'दरै' वा 'दनुवार'हरू र भाँडा-वर्तनहरू बनाई वस्तुविनिमय गरेर यसैबाट जीवननिर्वाह चलाउने पेसा भएका 'कुल्माल' वा 'कुमाले'हरू महाभारत-पर्वतमालालाई पार गरी नदीहरूका किनारै-किनार उत्तरतर्फ लागी वर्तमान नेपाल-अधिराज्यका पहाडीक्षेत्रहरूभित्र प्रवेश गर्न थालेका देखिन्छन् ।

यसै क्रममा यिनीहरू वर्तमान काठमाडौँ उपत्यकामा पनि आइपुगेका थिए । 'दरै' वा 'दनुवार'का बस्तीहरूमा 'कुल्माल' वा 'कुमाले'हरू पनि साथसाथै पाइने हुनाले यहाँका आदिम मूलनिवासी 'नेपार' वा नेवारका समाजहरूमा आर्य-सभ्यता तथा संस्कृतिहरूको प्रकाश ल्याइपुऱ्याउने श्रेय यिनै दुईथरी 'किराँत'-जातिहरूलाई प्राप्त रहेको पाइन्छ।

दनुवार तथा कुल्मालहरू मुख्य गरी तीनवटा बाटो भएर वर्तमान नेपाल-अधिराज्यका पहडी क्षेत्रहरूभित्र प्रवेश गरेका देखिन्छन् । आर्यभाषाभाषी एकथरी 'दरै' वा 'दनुवार'हरू तराईतर्फबाट वाग्मती नदीको शिरानतर्फ लागेर यस नदीको किनारै-किनार वर्तमान काठमाडौँ उपत्यकाभित्र आइपुगेको सङ्केत पाइन्छ । यस उपत्यकाका दक्षिणी भेगमा – वाग्मती नदीका किनारमा रहेका गाउँहरूमा – अझैपनि 'दरै' वा 'दनुवार' जातिका बस्तीहरू पाइँदैछन् । यिनीहरू अझैसम्म पनि मागधी भाषा-परिवारका भाषाहरू बोल्दैरहेका पाइन्छन्। भारतीय किरातहरूको यही प्रवाह पछि वर्तमान काठमाडौँ उपत्यकामा – वाग्मती तथा विष्णुमती नदीको दोभानसम्म– आबाद हुन आइपुगेको पाइन्छ।

यस्तै भारतीय आर्य-सभ्यतालाई स्वीकार गरेका दनुवार तथा कुल्मालहरूको दोस्रो प्रवाह पश्चिमबाट गण्डकी नदीको किनारै-किनार उत्तरतर्फ लागेर 'त्रिशूली' तथा 'तादी' नदीको दोभानसम्म आबाद हुन आइपुगेको पाइन्छ। त्यहाँ अझैसम्म पनि दनुवार तथा कुल्माल-वर्गका नागरिकका बस्तीहरू भेटिँदैछन्। तेस्रो समूह 'कमला' नदीको किनारै-किनार उत्तरतर्फ लागेर वर्तमान नेपाल-अधिराज्यको पहाडी क्षेत्रभित्र प्रवेश गरेको देखिन्छ । महाभारत-पर्वतमालामा रहेको सिन्धुली-भञ्ज्याङ्लाई पार गरी 'सुनकोसी' तथा 'तामाकोसी' नदीको दोभानसम्म आइपुगेको यो समूह पूर्वमा 'तामाकोसी' नदीको किनारमा – दोलखाभन्दा केही तल – 'रजगाउँ' मा अझैसम्म पनि आबाद रहिरहेको पाइन्छ। यही प्रवाह पछि वर्तमान काठमाडौँ उपत्यकाको पूर्वी भेगसम्म पनि फैलिन आइपुगेको झलक पाइन्छ।

नेपालमा आर्य-सभ्यताको प्रवेश इ.सं. पूर्व ७५० को आसपासतिर भएको सङ्केत पाइन्छ। 'दरै' वा 'दनुवार' र 'कुल्माल' वा 'कुमाले'हरूको सहयोगबाट

नेपालको सांस्कृतिक परम्परा

सभ्यताको सोपानमा अग्रसर भएपछि यहाँका आदिम मूल-निवासी 'नेपार' वा नेवारहरूमा पनि उत्साह तथा उमङ्ग पैदा भयो र यिनीहरू पनि वस्तुविनिमय वा व्यापारहरूको सन्दर्भमा 'तिरहुत', 'मगध', 'कोसल' तथा 'काशी'सम्म पनि आवत-जावत गर्न थाले।

भारतीय आर्य-संस्कृतिलाई स्वीकार गरेका दनुवार तथा कुह्मालहरूले यस समयसम्ममा फलामको प्रयोग गर्न जानिसकेका थिए। 'नेपार' वा 'नेवार'हरूले पनि यिनीहरूवाटै फलामका धाउहरूको परिचय प्राप्त गरी यी धातुहरूको प्रचलन आरम्भ गरेको र यसबाट यिनका हात-हतियारहरूका साथै कृषि-औजारहरूमा पनि पर्याप्त सुधार भई खेती-पातीको क्षेत्रमा पनि निकै नै विकास भएको सङ्केत पाइन्छ। यसले गर्दा यहाँका स्थानीय मूल-निवासी 'नेपार' वा नेवारहरू एक-डेढ शताब्दीको बीचमा नै फलामको प्रयोग गर्न नजान्ने यस क्षेत्रमा आवाद रहेका किराँत-वर्गका अन्य शाखा तथा प्रशाखाका नागरिकहरूभन्दा निकै सभ्य, सचेत र समुन्नत समेत वन्न आइपुगेका देखिन्छन्।

वर्तमान काठमाडौं उपत्यकामा जुन समयमा यहाँका स्थानीय मूल-निवासी 'नेपार' वा नेवारहरूले आफ्ना सभ्यता तथा संस्कृतिहरूको विकास तथा विस्तार पनि आरम्भ गराएका थिए, त्यस समयमा वर्तमान नेपाल-अधिराज्यको बुटवलक्षेत्रमा 'शाक्य'हरूको लोकतन्त्रात्मक राज्य समृद्धशाली भएर यस क्षेत्रमा आफ्नो गौरवशाली राजनीतिक प्रभाव फैलाइरहेको थियो। यस गणराज्यको राजधानी 'कपिलवस्तु'को नामले प्रसिद्ध रहेको थियो। जहाँ अहिले 'तिलौरा-कोट' रहेको छ, त्यहीं नै त्यतिवेला कपिलवस्तु जनपदको अवस्थिति रहेको थियो। 'सिद्धार्थ-गौतम' यसै गणराज्यका राजकुमार थिए। 'गौतम' यिनको गोत्र वा थर देखिन्छ। 'मायादेवी'को गर्भबाट राजा शुद्धोदनका छोराका रूपमा लुम्विनीमा राजकुमार सिद्धार्थ-गौतमको जन्म भएको मानिन्छ।

मायादेवी आफ्नो राजभवनवाट माइतीतर्फ लागिरहेकी थिइन्, त्यसैवेला बाटैमा – वर्तमान लुम्विनीमा – सिद्धार्थ-गौतमको जन्म भएको थियो। पछि बुद्धत्व प्राप्त गरेपछि यिनी 'महात्मा गौतमबुद्ध'को नामले प्रसिद्ध रहे। मौर्यसम्राट् अशोकले पछि आफ्नो तीर्थयात्राको स्मृतिस्वरूप यसै ठाउँमा आएर एउटा शिलास्तम्भको स्थापना गरी त्यस स्तम्भमा – "यहीं नै भगवान् बुद्धको जन्म भएको हो" भनी स्पष्टरूपमा नै किटान गरिदिएका छन्। राजा शुद्धोदन 'शाक्य-गण'का 'प्रधान' वा मुखिया थिए। तिनताक गणराज्यका प्रधानहरूलाई 'राजा' भन्ने प्रचलन थियो। शुद्धोदन कति समयको निमित्त त्यस जनपदका 'प्रधान' वा राजा चुनिएका थिए, थाहा हुन सकिरहेको छैन। सम्भवतः जीवनकालभरको निमित्त निर्वाचित भएका थिए।

'शाक्य'हरूको लोकतन्त्रात्मक जनपदको सँगसँगै यिनैताक 'कोलीय'हरूको पनि 'रामग्राम' नामक एउटा छुट्टै लोकतन्त्रात्मक जनपद रहेको पाइन्छ। तात्कालिक

'रामग्राम' वर्तमान परासीक्षेत्रमा रहेको सङ्केत पाइन्छ। यस क्षेत्रमा राम्रोसँग खोज तथा अनुसन्धान हुन सकेमा 'रामग्राम'का अवशेषहरू अवश्य पनि प्राप्त गर्न सकिने छ।

वर्तमान काठमाडौं उपत्यकामा 'नेपार' वा नेवारहरूको सभ्यताको उत्थान इ.सं. पूर्व ७५० को आसपासदेखि भएको अनुमान माथि गरियो। तर 'नेपाल' शव्दको पहिलो प्रयोग भने भारतीय साहित्यमा – यसको झण्डै साँढे-चार शताब्दीपछि – मगध-साम्राज्यको राजधानी 'पाटलिपुत्र'मा लेखिएको आचार्य कौटल्यको 'अर्थशास्त्र' नामक उपर्युक्त संस्कृत ग्रन्थमा मात्र भेटिन्छ। यस्तो हुनु अलि अमिल्दो जस्तो देखिएता पनि संस्कृत-भाषामा नै पछि लेखिएको 'मूलसर्वास्तिवाद-विनयसङ्ग्रह' नामक अर्को एउटा प्रसिद्ध बौद्ध-ग्रन्थवाट पनि इ.सं. पूर्व ७५० को आसपाससम्ममा यहाँ मानव-सभ्यताको उत्थान भैसकेको पुष्टि हुन आएको छ।

महात्मा गौतम-वुद्धको जीवनकालमा*(इ.सं.पूर्व ५६३-४८३)* मा नै कोसलराज 'विदुडभ'ले शाक्य-गणराज्यको संहार गरेको, महात्मा गौतम-वुद्धका 'भदन्त आनन्द' नामक प्रमुख शिष्य शाक्य-शरणार्थीहरूको खोजीमा वर्तमान काठमाडौं उपत्यकामा आएका, यिनले यहाँ ऊनको ठूलो वजार देखेका र यहाँवाट स्वदेशतर्फ फर्कंदा यिनी ऊन, बिल्लोर आदि कच्चा पदार्थहरू खरीद गर्न आउने भारतीय व्यापारीहरूकै जमातमा फर्केको वृत्तान्त 'मूल-सर्वास्तिवाद-विनयसङ्ग्रह' नामक उपर्युक्त धार्मिक ग्रन्थमा संक्षिप्तरूपमा वर्णन गरिएको पाइन्छ। यस वृत्तान्तसँग आचार्य कौटल्यको 'अर्थशास्त्र'मा उल्लेख भएको भनाइको सङ्गति मिल्ने हुनाले महात्मा गौतम-वुद्धको निर्वाण भएको लगभग एक-हजार वर्षजति पछि लेखिएको भएपनि उपर्युक्त विनय-सङ्ग्रहमा दिइएको विवरण विश्वासयोग्य नै देखिन आएको छ। यसैले महात्मा गौतम-बुद्धको जीवनकालसम्ममा वर्तमान काठमाडौं उपत्यकामा सभ्यता तथा संस्कृतिहरूको उत्थान भैसकेकोमा कुनै पनि सन्देह रहेको छैन।

आचार्य कौटल्यले आफ्नो 'अर्थशास्त्र'मा नेपालवाट मगध-साम्राज्यको राजधानी पाटलिपुत्रमा विक्री हुन जाने नरम, मिहीन, रङ्गीन, बुट्टेदार तथा मोटा अनेकौं किसिमका ऊनी कपडाहरूको उल्लेख गरेका छन्। यसमध्ये 'भिङ्गिसी' नामक आठ-पाटे घूमराडी पनि एक रहेको छ। 'भिङ्गिसी' शब्द किराँत अर्थात् तात्कालिक नेवारी-भाषाको हो भन्ने स्पष्ट नै देखिन्छ।

उल्लिखित विवरणहरूबाट महात्मा गौतम-बुद्धको समयमा केवल कच्चा ऊनहरूको मात्र व्यापार गर्ने वर्तमान काठमाडौं उपत्यकाभित्र रहेका 'नेपार' वा नेवार-वर्गका नागरिकहरू यसको २५० वर्षजतिपछि – आचार्य कौटल्यको समयसम्ममा – मिहीन तथा कलात्मक ऊनी कपडाहरू तैयार पार्न सक्ने कुशल शिल्पकारहरू बनिसकेका देखिन्छन्। यसबाट वर्तमान काठमाडौं उपत्यकाभित्र रहेका 'नेपार' वा

नेपालको सांस्कृतिक परम्परा

नेवारहरू सभ्यताको सोपानमा प्रवेश गरिसकेपछि पनि खेती-पातीका कामहरूतर्फ भन्दा पशुपालन तथा ऊनी-वस्त्रहरूको निर्माण गर्ने व्यवसायतर्फ नै वढी अग्रसर रहेका थिए भन्ने पनि थाहा हुन आएको छ।

आचार्य कौटल्यको 'अर्थशास्त्र'मा नै हिमाली क्षेत्रहरूबाट मगध-साम्राज्यको राजधानी पाटलिपुत्र शहरमा विक्री हुन आउने वन्यजन्तुका विभिन्न किसिमका छाला तथा जडि-बुटी आदि अन्य वन्यपदार्थहरूको पनि उल्लेख पाइन्छ। यस्ता वन्य-पदार्थहरू तात्कालिक नेपाल राज्यदेखि बाहिर रहेका – अविकसित क्षेत्रका – किरात-वर्गका अन्य नागरिकहरूले त्यहाँ लैजाने गरेको अनुमान गर्न सकिन्छ। यसबाट त्यस समयसम्ममा वर्तमान काठमाडौँ-उपत्यका तथा यसका आसपासका क्षेत्रहरूमा आबाद रहेका 'नेपार' वा नेवारहरूले आफ्ना सभ्यता तथा संस्कृतिहरूको क्रमशः विकास गर्दै ल्याइरहेका र यस क्षेत्रमा आवाद रहेका किरात-वर्गका अन्य जन-जातिहरू भने असभ्य अवस्थामा नै रहिरहेको झलक पाइन्छ। कच्चा पदार्थहरूलाई परिष्कार गरेर उपभोग्य वस्तुहरूको निर्माण गर्नसक्ने दक्षता यतिञ्जेलसम्म यिनीहरूमा विकसित भैसकेको देखिँदैन।

यिनताक यस क्षेत्रमा आबाद रहेका सम्पूर्ण किरातहरूको मूल-धर्म अचेलका 'खम्वू' वा 'लिम्बू'हरूले अपनाइआएको जस्तो उपासनामूलक धर्म रहेको अनुमान हुन्छ। एक त यस समयसम्ममा भारतमा नै पनि मूर्ति-पूजाको प्रचलन सुरु भैसकेको थिएन, दोस्रो भारतीय आर्यहरूले 'किरात'हरूलाई यज्ञ-यागहरूका साथै अध्ययन-अध्यापनहरू गर्ने अधिकार पनि दिएका थिएनन्। यसैले 'नेपार' वा नेवारहरू लगायत यहाँका आदिम मूल-निवासी किराँतहरूले आर्य-धर्म तथा आर्य-संस्कृतिलाई ग्रहण गर्नु त परैरहोस् आर्य-भाषापरिवारका भाषा वा बोलीहरूलाई ग्रहण गर्न पनि सकिरहेको लक्षण देखिँदैन। तैपनि भारतीय सभ्यता तथा संस्कृतिहरूको प्रभाव भने यस बीचमा पनि 'नेपार' वा नेवार-वर्गका नेपाली नागरिकहरूमा क्रमिकरूपमा पर्दै आइरहेको झलक पाइन्छ। यसले गर्दा 'नेपार' वा नेवारहरू सभ्यताको सोपानमा अझै माथिल्ला सिँढीहरूतर्फ उकालो लाग्न उत्साहित भएका पाइन्छन्।

(ग) किरात-कालिक नेपाल

महात्मा गौतम-बुद्धको जीवनकालसम्ममा वृजि-सङ्घराज्य आफ्नो चरम उत्कर्षमा पुगिरहेको थियो। यसै सङ्घ-राज्यतिरबाट आर्य-सभ्यताको प्रकाश प्राप्त भएर वर्तमान काठमाडौँ उपत्यका तथा यसका आसपासका क्षेत्रहरूमा सभ्यता तथा संस्कृतिहरूको उत्थान तथा विकास पनि आरम्भ भएको संक्षिप्त चर्चा पनि माथि भैसकेको छ। वृजि-सङ्घराज्यमा लोकतान्त्रिक राज्यव्यवस्था सञ्चालित रहेको थियो। यसैले यस

सङ्घ-राज्यबाट सभ्यताको प्रकाश प्राप्त गरेर विकसित भएको 'नेपार' वा नेवारहरूको प्रारम्भिक शासनव्यवस्था राजतन्त्रात्मक हुनु सम्भव देखिँदैन। यसवाट किराँतकालको आरम्भको करीव दुईसय वर्षजतिको नेपाल, लोकतन्त्रात्मक राज्यव्यवस्था अन्तर्गत रहेको सङ्केत पाइन्छ।

यिनताक उत्तरी भारतमा 'वृजि', 'मल्ल', 'विदेह' तथा 'शाक्य' आदि अनेकौं लोकतन्त्रात्मक राज्यहरूको अस्तित्व रहेको थियो तापनि ती राज्यहरूमा थारु, दनुवार तथा कुह्माल वा यिनीहरूजस्तै अन्य स्थानीय 'दास' वा 'शूद्र'हरूलाई नागरिक अधिकार प्राप्त रहेको थिएन, केवल आर्य-वर्गका 'वृजि' वा 'बाजी'हरूलाई मात्र यो अधिकार प्राप्त रहेको थियो। यिनैताक आधुनिक युरोपमा ग्रीकका 'एथेन्स', 'स्पार्टा' तथा 'थीब्स' आदि नगर-राज्यहरू पनि लोकतन्त्रात्मक राज्यका रूपमा विकसित भैरहेका थिए। दास वा सेवकहरूको वाहुल्य भएका यी नगर-राज्यहरूमा पनि दास वा शूद्रहरू नागरिक अधिकारबाट वञ्चित रहेका थिए।

नेपालमा रहेका किरात-वर्गका 'नेपार' वा नेवारहरू भने एउटै वर्गका भएकाले यिनमा जात-पात, उँच-नीच तथा छुवाछुतको भेदभाव कत्ति पनि नभएकोले यहाँका सम्पूर्ण निवासीहरूलाई समान किसिमको नागरिक अधिकार प्राप्त हुँदा 'नेपार' वा नेवारहरूको लोकतन्त्रात्क किराँत-राज्य सच्चा अर्थमा लोकतन्त्रात्मक राज्य भएर यहाँ निकै व्यवस्थित तथा दह्रिलो पनि भएर रहेको झलक पाइन्छ।

महात्मा गौतम-बुद्धको निर्वाण वा देहान्त नहुँदै मगधराज अजातशत्रुले वृजि-सङ्घराज्यलाई आफ्नो राजतन्त्रात्मक राज्यमा मिलाइदिएका थिए। यसको प्रभाव नेपालमा पनि पऱ्यो र यसबाट नेपालमा रहेको लोकतन्त्रात्मक किराँत-राज्य पनि राजतन्त्रात्मक राज्यका रूपमा परिणत भएर यसपछि पुगनपुग ८०० वर्षसम्म कायमै रहिरहेको सङ्केत पाइन्छ। नेपालमा उपलब्ध रहेको सवैभन्दा पुरानो वंशावली – 'गोपाल-राजवंशावली' – का अज्ञातनामा लेखकले यति नै समयलाई लक्षित गरी यस समयका 'यलम्व', 'पवि' तथा 'जितेदस्ति' आदि ३२ जना किरात-वर्गका राजाहरूको नाम तथा तिनका राज्यकालहरू पनि दिएका छन्।

यस प्रारम्भिक राजतन्त्रात्मक राज्यको उत्थान भएको लगभग दुई-हजार वर्षजतिपछि लेखिएको उपर्युक्त वंशावलीमा दिइएका किरात-वर्गका राजाका नाम तथा तिनका राज्यकालहरू पनि भरपर्दा देखिँदैनन्। त्यसमाथि यी किरात राजाहरूको एउटै मात्र राज्य नभएर यहाँ अनेकौं राज्यहरू रहेको सङ्केत पाइन्छ। यसको चर्चा पछि यथास्थान गरिने नै छ।

आर्यावर्तीय आर्यहरूसँग सम्पर्क स्थापित हुनुभन्दा पहिले वर्तमान नेपाल-अधिराज्यका पहाडी प्रदेशका सम्पूर्ण निवासीहरूमा झार-फुक, जादु-टुना तथा धामी-झाँक्रीहरूजस्ता परम्परागत विश्वास तथा मान्यताहरू नै धर्मको रूपमा स्थापित

भैरहेको अनुमान हुन्छ। माथि भनिएझैं एक त यतिञ्जेलसम्म भारत-भूमिमा नै पनि मूर्ति-पूजाको राम्रो विकास भैसकेको थिएन, दोस्रो आर्यहरूले त्यहाँका मूल-निवासी किरातहरूलाई धार्मिक अनुष्ठानहरूका साथै वैदिक दैवताहरूको पूजा, आराधना तथा अनुष्ठानहरू गर्ने अधिकार पनि दिएका थिएनन्। यसैले आर्यावर्तीय आर्यहरूको प्रवेश हुनुभन्दा पहिले यहाँका मूल-निवासी किरात-वर्गका नागरिकहरूले भारतीय सभ्यता तथा संस्कृतिहरूलाई स्वीकार गर्नु त परैरहोस्, आर्य-भाषापरिवारका भाषाहरूलाई पनि ग्रहण गर्न सकिरहेको देखिँदैन।

आर्यावर्तीय आर्यहरूको आवत-जावत चल्न थालेपछि भने यहाँका मूल-निवासी किरात-वर्गका 'नेपार' वा नेवारहरूमा आर्यसभ्यता तथा संस्कृतिहरूको प्रभाव क्रमिक रूपमा पर्न थालेको झलक पाइन्छ।

जुन समयदेखि तात्कालिक नेपालमा आर्य-सभ्यता तथा संस्कृतिका प्रकाशहरू पर्न आरम्भ भैरहको थियो, त्यस समयसम्ममा भारत-भूमिमा नै पनि त्यहाँका सभ्यता तथा संस्कृतिहरू सरलतावाट क्रमशः जटिलतातर्फ उन्मुख भैरहेका थिए। एकातिर वैदिक-कर्मकाण्डमा अनावश्यक आडम्वरहरू चल्न थालेका थिए भने अर्कातिर उपनिषद्वादको आध्यात्मिक तत्त्वचिन्तनले गर्दा कर्मकाण्डको विरुद्धमा विद्रोह प्रारम्भ भैसकेको थियो। यसै समयमा आर्यहरूकै अर्को एउटा धार्मिक-सम्प्रदाय निराशावादको वादलमा रुमल्लिएर सिद्धि-प्राप्तिको निमित्त घोर साधना वा तपस्याको कठोर मार्गतर्फ अग्रसर भैरहेको थियो। आर्य-संस्कृतिका धर्म तथा दर्शनका यस्ता गम्भीर कुराहरू त्यहाँका शूद्र-वर्गका आर्येतर जातिहरूले सम्झनसक्नु सम्भव थिएन। यस स्थितिमा थारु, दनुवार तथा कुम्मालहरूवाट आर्य-सभ्यता एवं संस्कृतिहरूको प्रकाश प्राप्त गर्ने किरात-वर्गका 'नेपार' वा नेवारहरू पनि प्रारम्भमा नै धर्म तथा दर्शनका जटिल प्रपञ्चहरूतर्फ लागे होलान् भनी कल्पना गर्नु सम्भव छैन।

यसैले यहाँका स्थानीय 'नेपार' वा नेवारहरूले पनि यहाँका थारु, दरै वा कुम्मालहरूले जस्तै वाहिरी रूपमा मात्र आर्य-सभ्यता तथा संस्कृतिहरूलाई ग्रहण गरेका, तर ईश्वर तथा परलोकसम्वन्धी जटिल आध्यात्मिक चिन्तनहरूतर्फ नलागी यिनीहरूले आफ्नो परम्परागत उपासनामूलक धर्मलाई नै अपनाइरहेको अनुमान हुन्छ। उत्तरी भारतका समतल मैदान तथा वर्तमान नेपाल-अधिराज्यका पहाडी क्षेत्रका हावा-पानीहरूमा पनि पर्याप्त अन्तर रहेको थियो। यसैले यहाँका किरात-वर्गका 'नेपार' वा नेवारहरूका खान-पान, भेष-भूषा, रहन-सहन तथा रीति-रिवाजहरू पनि आर्यावर्तीय आर्यहरूका भन्दा अलग हुनु स्वाभाविक नै थियो। यसप्रकार सभ्यताको उषाकालदेखि नै नेपाली सभ्यताका साथै संस्कृतिहरू पनि भारतीय आर्य-वर्गका नागरिकका सभ्यता तथा संस्कृतिहरूभन्दा अलग भएर आफ्नै विशिष्ट पहिचानका साथ विकसित हुँदै आइरहेको स्पष्ट देखिन्छ।

वैदिक कर्मकाण्ड, उपनिषद्-वादको तत्त्वचिन्तन र साधना वा तपस्याद्वारा सिद्धिप्राप्ति यी तीनैथरी त्यतिवेला व्यापकरूपमा प्रचलनमा रहेका धार्मिक-मान्यताहरूको विरुद्धमा पछि महात्मा गौतम-वुद्धले सदाचारमूलक मध्यम-मार्गको जोडदार प्रचार तथा प्रसार पनि आरम्भ गराएका थिए। न अति सुख-सयल, न त अतिशय कठोर साधना – दुवैको बीचमा रहेको सदाचारमूलक अहिंसावादी मार्ग – नै यिनले प्राप्त गरेको वोध वा तत्त्वज्ञान थियो र यसै ज्ञानको आधारमा प्रचार गराएको धार्मिक-सम्प्रदाय नै 'मध्यम-मार्ग' थियो। यिनले प्रचार गराएको यो मार्ग एक त सरल तथा सुवोध पनि थियो, अर्कातिर सनातन वैदिकधर्मका अनुयायी आर्यहरूले तुच्छ मानेका आर्येतर वर्गका 'शूद्र'हरूलाई पनि यिनले आफ्ना धार्मिक सङ्घहरूमा सम्मिलित गराउँदै ल्याइरहेका थिए। यही धार्मिक-सम्प्रदाय नै पछि 'बौद्ध-सम्प्रदाय' वा 'वौद्ध-धर्म' को नामले चिनिन थाल्यो।

यिनको यस कदमवाट उत्तरी भारतमा रहेका शूद्र-वर्गका किरातहरूमा पनि आध्यात्मिक चेतना जागृत हुन थालेको देखिन्छ। तात्कालिक नेपालमा भने सदाचारको शिक्षा दिने र यसको समुचित अभ्यास गराउने योग्य उपदेशकहरूको अभाव हुँदा वौद्ध-धर्मको उत्थान भएपछि पनि आरम्भको पुगनपुग दुई-शयवर्षसम्म यहाँका स्थानीय निवासी 'नेपार' वा नेवारहरू बौद्ध-धर्मको रसास्वादन गर्नवाट लगभग वञ्चित नै रहिरहेका देखिन्छन्।

जुन चन्द्रगुप्त-मौर्यका प्रभावशाली मन्त्री आचार्य कौटल्य रहेका थिए, उनैका नाति सम्राट् अशोक*(इ.सं. पूर्व २७२-२३२)* भारतमा बौद्धधर्मका ठूला उपासकका रूपमा उपस्थित हुन आइपुगेका थिए। तीर्थयात्राको क्रममा यिनी स्वयं नै महात्मा गौतम-बुद्धको जन्मस्थल 'लुम्बिनी' तथा यिनको तात्कालिक राजधानी 'कपिलवस्तु' नगरीमा पनि आइपुगेका पाइन्छन्। वौद्ध-धर्मको प्रचार तथा प्रसारको निमित्त देश तथा विदेशहरूमा आफ्ना धर्मदूतहरू पठाउँदा 'महावंशो' नामक वौद्ध-ग्रन्थमा उल्लेख भएअनुसार यिनले 'मज्झिम' नामक एक-जना प्रतिष्ठित आचार्यलाई हिमालयक्षेत्रहरूमा र 'मज्झन्तिक' नामक अर्का एक-जना आचार्यलाई 'गान्धार' तथा 'काश्मीर'मा पनि पठाएको पाइन्छ।

गान्धार-देश आर्यहरूको आवादी रहेको सुसभ्य देश थियो र काश्मीरमा पनि यिनताकसम्ममा खश-वर्गका आर्यहरू आएर व्यापकमात्रामा आवाद भैसकेका थिए। काश्मीरका मूल-निवासी किरातहरू यतिञ्जेलसम्ममा त्यहाँवाट प्रायः सवै नै विस्थापित भैसकेका थिए। यसैले उक्त दुवै सभ्य-देशहरूमा धर्मप्रचारको निमित्त एकैजना धर्मदूतले भ्याउने देखेर नै त्यहाँ एक-एकजना मात्र धर्मदूत पठाइएको देखिन्छ। हिमालयक्षेत्रकै काश्मीरप्रदेश आचार्य 'मज्झन्तिक'को कार्यक्षेत्रभित्र परिसकेकोले आचार्य 'मज्झिम'को

कार्यक्षेत्र सतलज नदीभन्दा पूर्वतर्फको हिमालयक्षेत्र मात्र रहेको थियो भन्ने सहजै अनुमान गर्न सकिन्छ ।

'महावंशो'को टीकामा आचार्य 'मज्झिम'का सहयोगीहरूका रूपमा 'काश्यपगोत्त', 'दुन्दुभिसर', 'सहदेव' तथा 'मूलकदेव' नामक अन्य चार-जना बौद्ध-आचार्यहरूको नाम पनि आएको छ। आचार्य 'मज्झिम'को कार्यक्षेत्र विस्तृत भएको र यस क्षेत्रका अधिकांश भूभागहरूमा असभ्य अवस्थामा रहेका किराँत-वर्गका नागरिकहरूको आबादी फैलिएर रहेकोले यस क्षेत्रमा बढी सङ्ख्यामा धर्मदूतहरू पठाउनु आवश्यक मानिएको प्रतीत हुन्छ । 'दीपवंशो'मा भने आचार्य मज्झिमले नै हिमालयका पाँचवटै क्षेत्रहरूमा धर्मप्रचार गरेको उल्लेख पाइन्छ।

आचार्य 'मज्झिम'ले धर्मप्रचार गरेका हिमालयका त्यतिवेलाका पाँचवटा क्षेत्रहरू कुन-कुन होलान् त ? यी क्षेत्रहरूलाई पहिचान गर्नु अहिलेलाई प्रायः असम्भव नै भैसकेको छ तापनि वर्तमान काठमाडौं उपत्यका तथा यसका आसपासका क्षेत्रहरूमा आबाद रहेका 'नेपार' वा नेवारहरू यस समयसम्ममा निकै नै सभ्य तथा सचेत पनि बनिसकेका र यो क्षेत्र मगध-सम्राज्यको राजधानी पाटलिपुत्र शहरबाट नजिकै पनि पर्ने हुनाले यहाँ आचार्य 'मज्झिम' स्वयं नै आए होलान् भन्ने अनुमान गर्न सजिलै सकिन्छ। बनारसको नजिक 'साँची'को स्तूपमा प्राप्त भएको आचार्य 'मज्झिम'का अस्थि-अवशेषहरू राखिएको मञ्जुषाको बिर्कोमा तात्कालिक बोलचालको पालि-भाषामा :– *"सब्बहेमवताचायस-मझिमस" अर्थात् ::*– "समग्र हिमालयका आचार्य मज्झिमको" भन्ने लेख उत्कीर्ण भएको पाइएको छ । यसबाट पनि सतलज नदीदेखि पूर्वतर्फका सम्पूर्ण हिमालीक्षेत्रहरू यिनैको नै प्रचारक्षेत्रभित्र रहेको थियो भन्ने पुष्टि हुन आएको छ।

यस क्षेत्रमा पनि तात्कालिक नेपालभन्दा बाहेकका अन्यत्रका किरात-वर्गका नागरिकहरू प्रायः असभ्य अवस्थामा नै रहेकाले तिनीहरूमा महात्मा गौतम-बुद्धका सदाचारमूलक शिक्षाहरूको पालना गर्ने शक्ति विकसित भैसकेको थिएन। तात्कालिक नेपालमा रहेका 'नेपार' वा नेवारहरू मात्र सभ्य अवस्थामा रहेकाले यिनले नै त्यतिवेला बौद्धधर्मको शिक्षा तथा दीक्षालाई पनि ग्रहण गर्नु सम्भव देखिन्छ। बौद्धधर्मलाई ग्रहण गरेपछि मात्र यिनीहरूले सभ्यताको सोपानमा दोस्रो सिँढीमा पदार्पण गरेका थिए भन्ने अनुमान गर्न सकिन्छ ।

तर दुर्भाग्य ! यस समयका 'नेपार' वा नेवारहरू न आफ्नो बोलचालको भाषाको कुनै अवशेषलाई छोडेर जान सकेका छन्, न त आफ्ना अन्य कुनै साँस्कृतिक अवशेषहरू नै छोडेर जान समर्थ भएका छन्। यिनीहरूको भाषामा साहित्यको सृजना हुने सामर्थ्यको विकास भैनसकेकोले साहित्य-कलाको माध्यमद्वारा पनि यिनीहरूले आफ्ना सांस्कृतिक वैशिष्टचहरूलाई प्रदर्शित गर्न सकिरहेका छैनन् । यसैले यस समयको नेपाल-राज्यको इतिहास पूर्णतः अन्धकारको गर्भमा विलीन भएर रहेको छ।

पछिका – लिच्छवि-कालका – शिलालेखहरूमा पाइने स्थानविशेष-द्योतक, कार्यालयवाचक र शुल्क वा तिरोहरूवाचक किरात-भाषाका शब्दहरूबाट भने किरातकालिक सभ्यता तथा संस्कृतिहरूको सम्वन्धमा धमिलो प्रकाश प्राप्त गर्न सकिन्छ। तैपनि बौद्धधर्म ग्रहण गरिसकेपछिका किरात-वर्गका 'नेपार' वा नेवारहरूको साँस्कृतिक उत्थानको यथार्थ विवरण प्राप्तगर्नु भने अहिलेलाई दुस्साध्य हुन आएको छ।

तर पनि सभ्यताको उत्थान तथा विकास पनि क्रमशः हुँदै आइरहेको देखिनाले किरात-कालको अन्त्यसम्ममा यहाँका मूल-निवासी 'नेपार' वा नेवारहरूले पशुपालनको साथै कृषि तथा वाणिज्यहरूको क्षेत्रमा पनि निकै नै प्रगति गरिसकेकोमा कुनै पनि सन्देह रहेको छैन। यतिञ्जेलसम्ममा यहाँका 'नेपार' वा नेवारहरू यस क्षेत्रमा आवाद रहेका किराँत-वर्गका अन्य नागरिकहरूभन्दा निकै नै सभ्य तथा सुसंस्कृत पनि बनिसकेका देखिन्छन्। यिनताकसम्ममा यिनीहरूको राजतन्त्रात्मक राज्यव्यवस्था पनि स्थापित भैसकेको थियो । यिनीहरूको शासनप्रणाली पनि निकै नै व्यवस्थित रहेको झलक पाइन्छ। वर्तमान नेपाल-अधिराज्यमा नेवारी समाजमा जुन किसिमका सामाजिक सद्भावहरू पाइन्छन्, त्यसको आधारशिला किरात-कालमा नै स्थापित भएकोमा पनि कुनै सन्देह रहेको छैन।

सम्राट् अशोकको देहान्तपछि भारतमा मौर्य-साम्राज्य खण्डित हुँदा बौद्धधर्मको प्रचार तथा प्रसारमा पनि शैथिल्य आयो र वैदिक सनातन-धर्मावलम्वी ब्राह्मणहरूले आफ्नो धर्म, दर्शन तथा सम्प्रदायहरूमा पनि जोड-तोडकासाथ सुधार गर्न प्रारम्भ गरे । यसै क्रममा सनातन वैदिक-धर्ममा पनि 'स्मार्त-सम्प्रदाय'को उत्थान भयो र 'मध्य-देश' अर्थात् गङ्गा तथा यमुना नदीका बीचका समतल मैदानहरूमा आवाद रहेका आर्यावर्तीय आर्यहरूले इ.सं. पूर्व २५० को आसपासदेखि 'महाभारत' नामक सुप्रसिद्ध काव्य-ग्रन्थको सम्पादन गर्न आरम्भ गरे । यस ग्रन्थको सम्पादन-कार्य आरम्भ गर्दा प्रारम्भमा नै यसको 'सभा-पर्व'को सम्पादन भएको देखिन्छ।

यस पर्वभित्र रहेको भीमसेनको पूर्वदिग्विजय प्रकरणमा – "विदेह*(मिथिला)* मा रहेका भीमसेनले 'इन्द्रपर्वत'को नजिकैबाट किरातहरूका सात-जना अधिपतिहरूलाई जिते"[१] भन्ने उल्लेख पाइन्छ। भीमसेनको दिग्विजयलाई यथार्थ ऐतिहासिक घटना नै हो भनी मान्न त सकिँदैन, तर यस वर्णनबाट यस ग्रन्थको रचनाकालमा मिथिला जनपदबाट 'इन्द्रपर्वत'भन्दा पारिपट्टि किरातहरूका सातवटा राज्यहरू रहेका र यिनै स-साना सातवटा किरात-राज्यका राजाहरूलाई लक्षित गरी – "किरातहरूका सात-जना अधिपतिहरू" भनी उल्लेख गरिएको स्पष्ट देखिन्छ। 'इन्द्र-पर्वत' वर्तमान महाभारत-पर्वतमालामा रहेको कुनै पर्वत-विशेष हुनुपर्दछ।

यिनताक वृजि-देशबाट नेपालमा आउने एउटैमात्र मूलबाटो थियो र यस बाटोबाट आउँदा मिथिला भएर आई वर्तमान सिन्धुलीमा रहेको महाभारत-पर्वतमालाको

भञ्ज्याङ्लाई पार गरी वर्तमान सुनकोसी नदीको तीरैतीर आउनुपर्दथ्यो। यसैले यस समयसम्ममा वर्तमान काठमाडौं उपत्यकाभन्दा बाहिर – पूर्वतर्फ – सुनकोसी नदीको किनारसम्म सभ्य अवस्थामा रहेका 'नेपार' वा नेवारहरूका आबादीहरू यत्रतत्र फैलिइसकेका थिए। यसैले यिनताकसम्ममा उपत्यकाभित्र तथा बाहिर गरी 'नेपार' वा नेवारहरूको आवादी सात-वटा राज्यहरूमा विभक्त भएर रहेको र सातवटै राज्यका नागरिकहरूले आ-आफ्ना राज्यहरूमा कृषि, शिल्प तथा वाणिज्यहरूको क्षेत्रमा प्रगति गर्दै ल्याइरहेको देखिन्छ। यसरी सातवटा स-साना राज्यहरूमा विभक्त भए पनि यिनका सभ्यता तथा संस्कृतिहरू भने लगभग एकै किसिमको भएकोमा कुनै पनि सन्देह रहेको छैन।

मौर्य-साम्राज्य भङ्ग भएको केही वर्षपछि भारत-भूमिमा 'शुङ्ग'-राजवंशको उत्थान भई यिनैताक 'यवन' वा ग्रीकहरूले पञ्जाबक्षेत्रमाथि आफ्नो नियन्त्रण स्थापित गरेका थिए। 'गान्धार' देशको राजधानी 'तक्षशिला'मा प्रस्तरका मूर्तिहरू कुंद्ने मूर्ति-कलाको विकास यिनीहरूले यसै समयदेखि आरम्भ गराएको मानिन्छ। यसैको प्रभाव परी उत्तरी भारतमा पनि यसै समयदेखि मूर्ति-कलाको प्रचार तथा प्रसार पनि हुन थालेको देखिन आएको छ।

यवनहरूलाई परास्त गरी पछि पञ्जाबमा 'शक'हरूले आफ्नो शासन-व्यवस्था सञ्चालन गर्न आरम्भ गरेका थिए। भारतमा सूर्य-पूजाको प्रचलन आरम्भ गराउने श्रेय यिनै शक-राजवंशका राजाहरूलाई प्राप्त रहेको छ। तर सूर्यका मूर्तिहरू कुँद्ने प्रचलन भने यिनीहरूको राज्य-कालमा आरम्भ नभएर यिनीहरूपछि राज्यसत्तामा आएका 'ऋषिक' वा 'कुषाण'-वर्गका राजाहरूको राज्यकाल*(इ. पू. १८५-६३)* देखि मात्र त्यहाँ शुरु भएको मानिन्छ। भारतमा शुरु-शुरुमा कुँदिएका सूर्य-मूर्तिहरू ऋषिक राजाहरूकै मुखाकृति तथा भेष-भूषामा कुँदिएका पाइन्छन्। पछि यसको प्रभाव नेपालसम्म पनि आइपुग्यो र किराँत-कालको अन्त्यतिर यहाँ पनि मनुष्याकृति भएका सूर्य-मूर्तिहरू कुँदिन थालेका पाइन्छन्। कुषाण-राजाहरूकै भेष-भूषा भएका यस्ता सूर्य-मूर्तिहरू काठमाडौं उपत्यकामा अझैसम्म पनि यत्रतत्र देखिँदै छन्।

बैद्धधर्ममा भएको 'महायान-सम्प्रदाय'को उत्थानलाई पनि भातीय संस्कृतिमा परेको 'ऋषिक'-वर्गका नागरिकहरूको प्रमुख प्रभावको रूपमा गणना गर्न सकिन्छ। महायान-सम्प्रदायको उत्थान भएपछि त्यहाँ 'गान्धार-शैली'मा महात्मा गौतम-बुद्धका मूर्तिहरू पनि कुँदिन थालेका थिए। पछि यो प्रचलन भारतभर यत्रतत्र फैलँदा यसको प्रभाव नेपालमा पनि परी यहाँ पनि यसै शैलीमा महात्मा गौतम-बुद्धका प्रस्तरमूर्तिहरू निर्माण हुन थालेको झलक पाइन्छ।

मौर्य-सम्राट् अशोकजस्तै ऋषिक-राजा कनिष्क*(इ. सं. ७८-१००)* पनि बौद्धधर्मका ठूला उपासक मानिन्छन्। जसरी मौर्य-सम्राट् अशोकले बौद्धधर्मको सदाचारमूलक

'हीनयान-सम्प्रदाय'को प्रचार तथा प्रसारमा पनि जोड दिएका थिए, त्यसैगरी राजा कनिष्कले यसै धर्मको उपसनामूलक 'महायान-सम्प्रदाय'को प्रचार तथा प्रसारमा ठूलो योगदान दिएका थिए ।

बौद्धधर्मको हीनयान-सम्प्रदायका गौतम-बुद्ध केवल महात्मा थिए, यिनै गौतम-बुद्ध महायान-सम्प्रदायमा आएर दैवीपुरुष वा अलौकिक भगवान् वा अवलोकितेश्वरका रूपमा सम्मानित हुन थालेका पाइन्छन् । कनिष्कको राजधानी पेशावरमा थियो, तर यिनले काश्मीर क्षेत्रलाई नै बौद्धधर्मको महायान-सम्प्रदायको केन्द्रस्थलको रूपमा विकसित गराइरहेका थिए । पछि भारतभर यस सम्प्रदायको प्रचार तथा प्रसार पनि बढ्दै आयो र यसै क्रममा इसवीय-संवत्को दोस्रो शताब्दीको आरम्भदेखि नेपालमा पनि यस सम्प्रदायको प्रवेश भएको सङ्केत पाइन्छ । नेपालमा रहेको सबैभन्दा पुरानो बौद्धविहार 'गुम्-विहार' – जसलाई अचेल 'सिम्भू' वा 'स्वयम्भू' पनि भनिन्छ – देखिने हुनाले यस बौद्ध-विहारको आधारशिला पनि यसै समयमा स्थापित भएको आभास पाइन्छ ।

ऋषिक-वर्गका नागरिकहरूको आगमन हुनुभन्दा पहिले गरम देश भएकोले भारतमा सिएका कपडाहरू लगाउने चलन प्रचलित रहेको थिएन । 'ऊर्ध्ववस्त्र'*(ओड्ने)* तथा 'अधोवस्त्र'*(उपर्ना तथा धोती)* गरी दुईवटा कपडाहरू मात्र पहिरने प्रचलन रहेको थियो । ऋषिक-वर्गका नागरिकहरू शीतप्रधान देशवाट आएका थिए, यसैले उनीहरू प्रायः सिएका 'बक्खु'जस्ता न्यानो किसिमका पहिरनहरू पहिरन्थे र खुट्टाको सुरक्षाको निमित्त 'दोचा'जस्ता पदत्राण वा जुत्ताहरू लगाउने गर्दथे । यसको प्रभाव परी आर्यावर्तीय आर्यहरूले पनि यसै समयदेखि सिएका कपडाहरू पहिरन थालेको आभास पाइन्छ । यसको प्रभाव नेपालमा पनि परी यहाँ पनि यसै समयदेखि सिएका कपडाहरू पहिरने चलन आंशिकरूपमा नै भए पनि शुरु भयो होला भन्ने अनुमान गर्न सकिन्छ ।

ऋषिक-कालपछिको 'नाग-वाकाटक'-काल*(इ. सं. २७८-३००)* मा उत्तरी भारतमा नागवंशीय राजाहरूले शिवलिङ्गहरूको पूजा एवं आराधना गर्ने र आफ्ना भवनका द्वारका अगाडि गङ्गा तथा यमुनाका युगल-मूर्तिहरू स्थापना गर्ने जुन परम्पराको शुरुवात गराएका थिए, त्यसको प्रभाव नेपालमा पनि परी यहाँ पनि यसै समयदेखि यस्ता युगल-मूर्तिहरू बन्न थालेका देखिन्छन् ।

'भारशिव'-सम्प्रदायका अनुयायी भारतीय नागरिकहरू शिवलिङ्गलाई पवित्रताको द्योतकको रूपमा आदर गर्ने गर्दथे । वर्तमान काठमाडौं उपत्यकामा पाइने मुखाकृति नभएका पुराना किसिमका शिवलिङ्गहरू यहाँ यसै समयदेखि बन्न थालेका हुँदाहुन् । गङ्गा तथा यमुनाका मूर्तिहरू बनाउँदा गङ्गा नदीमा गोहीहरू र यमुना नदीमा कछुवाहरूको बाहुल्य हुने भएकोले यिनै जलचर जन्तुका पीठमा उभिएका सुन्दर नारीमूर्तिहरू बनाइन्थे । यस्ता नारी-मूर्तिहरू नेपालमा पनि यसै समयदेखि बन्न

थालेका पाइन्छन् । कच्छप-वाहिनी 'यमुना'को यस्तै एउटा सुन्दर मूर्तिले पशुपति-मन्दिरको दक्षिणपूर्वमा – वाग्मती नदीको किनारमा – रहेर आजसम्म पनि आफ्नो अपूर्व कलात्मक सौन्दर्यलाई प्रकट गर्दै रहेको पाइन्छ ।


किरात-वर्गका 'नेपार' वा नेवारहरूको सभ्यता मूलरूपमा ग्रमीण-सभ्यता थियो । आर्यहरू पनि ग्रामीण-सभ्यतामा नै अभ्यस्त रहेका थिए । तर पछि – द्रविड-वर्गका नागरिकहरूसँगको सम्पर्कमा आएपछि – उनीहरूले नगर-सभ्यतालाई पनि आत्मसात् गरेको पाइन्छ । 'तक्षशिला', 'पाटलिपुत्र', 'वैशाली' तथा 'साकेत' आदि त्यतिवेलाका प्रसिद्ध नगर वा शहरहरू आर्यका नगर-सभ्यताका आदर्श नमूनाहरूका रूपमा विकसित भएका थिए ।

नवागन्तुक आर्यावर्तीय आर्यहरूको आबादी बढ्दै आएपछि नेपालमा आवाद रहेका किरात-वर्गका नेपार वा नेवारहरूले पनि नगर-सभ्यताको विकास गराएको झलक पाइन्छ । पछिको लिच्छवि-कालमा 'कोलि-ग्राम' तथा 'दक्षिण-कोलिग्राम'को नाममा विकसित भएको नेपाल-राज्यको राजधानी नगर किराँत-कालमा नै स्थापित भएकोमा कुनै पनि सन्देह रहेको छैन । वाग्मती तथा विष्णुमती नदीको दोभानमा सर्वप्रथम यस प्राचीन शहरको स्थापना भएको देखिन्छ ।

किरात-वर्गका 'नेपार' वा नेवारहरूमा दुई विशिष्ट मौलिक गुणहरू रहेका पाइन्छन्, ती हुन् – समाजिक सद्भाव तथा आफ्ना सभ्यता तथा संस्कृतिहरूप्रतिको अगाध स्नेह । यिनीहरूले आर्यावर्तीय आर्यहरूबाटै ज्ञान तथा विज्ञानहरू सिके र उनीहरूकै सहयोगबाट कृषि, शिल्प, वाणिज्य तथा उद्योग-धन्दाहरूको विकास गरी आफ्नो देशलाई सभ्य, सम्पन्न र समुन्नत पनि बनाए; तर थारु, दनुवार तथा कुत्मालहरूले जस्तो आर्यसभ्यता तथा संस्कृतिहरूलाई यथावत्‌रूपमा स्वीकार गरी यिनीहरू कहिल्यै पनि 'शूद्र' वा 'दास'हरूका रूपमा परिणत भएनन् । आफ्नो भाषा, भेष-भूषा तथा रीति-रिवाजहरूप्रति अगाध आस्था राख्दै सामाजिक सद्भावलाई कायमै राखेर आफ्ना सास्कृतिक-परम्पराहरूलाई यिनीहरूले प्रायः जोगाइ नै रहेको पाइन्छ ।

थोरै सङ्ख्यामा आएका नवागन्तुक आर्यावर्तीय आर्यहरू वा त्यसभन्दा पहिले आएका 'किराँत'हरूले यहाँका वहुसङ्ख्यक मूल-निवासी 'नेपार' वा नेवारहरूका सभ्यता तथा संस्कृतिहरूमा प्रत्यक्ष प्रभाव पार्नु सम्भव थिएन । यसैले उनीहरू उल्टो 'नेपार' वा नेवारहरूकै सभ्यता तथा संस्कृतिहरूमा रङ्गिए । तर पछि – आर्यावर्तीय आर्यहरूको प्रभाव बढ्दै आएपछि – उनीहरूका सभ्यता तथा संस्कृतिहरूको प्रभाव भने यहाँका मूल-निवासी 'नेपार' वा नेवारहरूमा पनि पर्दै आएको झलक पाइन्छ । यसबाट यिनीहरू यस क्षेत्रमा आवाद रहेका अन्य किरातहरू भन्दा विशिष्ट भएर सभ्यता तथा संस्कृतिहरूको दौडमा अरुहरू भन्दा निकै नै अघि बढ्न समर्थ भएका पाइन्छन् ।

किरात-वर्गका 'नेपार' वा नेवारहरूमा रहेका अन्य दुई सामाजिक नियमहरू पनि उल्लेख्य पाइन्छन्, ती हुन् :– 'विधवा-विवाह' तथा 'विवाहसम्वन्ध-विच्छेद' । आर्यावर्तीय आर्यहरूको दृष्टिमा उपर्युक्त दुवै सामाजिक नियमहरू हेय तथा अग्राह्य पनि थिए, तर मानवीय दृष्टिकोण अनुसार उपर्युक्त दुवै नियमहरू व्यावहारिकको साथै उपयोगी पनि देखिएकाले पछि आएका लिच्छवि तथा विदेह आदि सवै भारतीय मूलका आर्यहरूले उपर्युक्त दुईवटै समाजिक नियमहरूलाई आत्मसात् गरेको पाइन्छ । नेपाली-समाजको सामाजिक वैशिष्टयको रूपमा वर्तमान नेवारी समाजमा उपर्युक्त दुवै नियमहरू अझैसम्म पनि प्रचलित रहेका पाइन्छन् ।


महात्मा गौतम बुद्ध

किरातकालिक नेपालका सभ्यता तथा संस्कृतिहरूको सम्वन्धमा हामीहरू यसरी धमिलो प्रकाश मात्र प्राप्त गर्न समर्थ भएका छौं । तर इतिहासकालभन्दा पहिलेको नेपाल तथा किराँतकालिक नेपालको बारेमा अध्ययन तथा अनुसन्धान गर्न चाहने स्वदेशी तथा विदेशी अन्य केही विद्वान्हरूले भने यस सम्वन्धमा अर्कै विलक्षण मार्गलाई अवलम्वन गर्दै आइरहेको पाइन्छ ।

उपर्युक्त समयको अन्धकारपूर्ण इतिहासलाई प्रकाशमा ल्याउने प्रयासमा उनीहरूले 'मञ्जुश्री', 'वोधिसत्त्व', 'क्रकुच्छन्द-वुद्ध', 'ने-मुनि', 'कर्कोटक-नाग', 'वाणासुर' तथा 'राजा-धर्माकर' आदिका अनेकौं अलौकिक तथा अतिशयोक्तिपूर्ण किम्वदन्तीहरूलाई ऐतिहासिक तथ्यहरूको रूपमा मान्दै आइरहेको पाइन्छ। तर वस्तुतथ्य तथा सहज-स्वाभाविकतादेखि टाढा रहेका यस्ता अतिरञ्जित किम्वदन्तीहरूलाई वैज्ञानिक इतिहासको आधार मान्न कदापि सकिँदैन।

कालक्रमको अन्तरालले गर्दा किराँतकालिक नेपालको बारेमा जानकारी प्राप्त हुने पुरातात्त्विक सामग्रीहरू हालसम्ममा प्रायः सवै नै नष्ट भैसकेका छन् । किराँत-कालको अन्त्यसम्ममा यहाँ राम्रा-राम्रा भवन तथा प्रस्तर-मूर्तिहरू वन्न थालिसकेका हुँदाहुन् । अध्ययन तथा अध्यापनको परम्परा पनि चलिसकेको हुँदो हो, तर शिलालेखहरू लेखाउने प्रचलन भने यहाँ अझैसम्म पनि सुरु भैसकेको थिएन । किराँत-कालका कुनै शिलालेख पनि आजसम्म उपलब्ध हुन सकिरहेका छैनन् ।

नेपालको सांस्कृतिक परम्परा

किरात-कालको अन्त्य भएपछि लगत्तै सुरु भएको लिच्छवि-कालका शिलालेखहरूबाट पनि किराँतकालिक नेपालको बारेमा खासै प्रकाश प्राप्त हुन सकिरहेको छैन । यसले गर्दा नेपालको इतिहासमा किराँत-काल अन्धकारपूर्ण भएर रहेको पाइन्छ। यतिभएर पनि किरात-कालका अभिलेखहरूमा पाइने – तिनताक यस क्षेत्रमा विकसित भएर रहेका – प्राय: सवै गाउँ तथा ठाउँका नाउँहरूका साथै कार्यालय तथा शुल्क वा तिराका नाउँहरू पनि आर्येतर भाषाका मात्र पाइएकाले ती सवै गाउँ वा ठाउँहरू किरातकालमा नै अबाद भैसकेका र उल्लिखित कार्यालय तथा शुल्कहरूपनि किरातकालदेखि नै यहाँ प्रचलित रहेका देखिन्छन् । यसबाट यतिवेलासम्ममा यहाँ राज्य-व्यवस्था स्थापित भैसकेको थियो भन्नेमा पनि कुनै सन्देह छैन ।

उदाहरणको रूपमा लिच्छवि-कालका शिलालेखहरूमा पाइने – 'कुर्पासी' *(वर्तमान 'खोपासी')*, 'खोपृङ्'*(वर्तमान 'खोप' वा भक्तपुर शहर)*, 'थम्वू'*(वर्तमान 'ठैव')*, 'वुगायुमी'*(वर्तमान 'बुग्मति')*, 'लेम्वटी'*(वर्तमान 'लेले')* र 'शङ्गा' *(वर्तमान 'साँगा')* आदि अनेकौं गाउँ वा ठाउँका नाउँहरूलाई अगाडि सार्न सकिन्छ । यस्तै लिच्छवि-कालका शिलालेखहरूमा पाइने 'जोन्जोडिङ्', 'दुप्रङ्', 'वेम्पा', 'माखोपृङ्' तथा 'हुप्रिङ्' आदि गाउँ वा ठाउँहरू पनि किरातकालमा नै यहाँ विकसित भैसकेका देखिन्छन्। 'कुथेर', 'शोल्ल', लिङ्ग्वल', तथा 'माप्चोक' आदि आर्येतर भाषाका अधिकरण वा अड्डाहरू र 'भट्ट', 'पिटाल्ज' तथा 'विष्टि' आदि शुल्क वा तिराहरू पनि यहाँ किराँत-कालदेखि नै प्रचलित रहेका देखिन्छन्। 'कुथेर', शब्दवाट वनेको 'कुत' शब्द आज-भोलि नेपाली भाषामा पनि प्रचलित रहेको छ ।

यसबाट किरात-कालको अन्त्यसम्ममा किराँत-वर्गका 'नेपार' वा नेवारहरूका सामाजिक, राजनीतिक, प्रशासनिक तथा आर्थिक व्यवस्थाहरू निकै समृद्ध रहेका थिए भन्ने स्पष्टरूपमा नै देखिन आएको छ ।

* * *

पादटिप्पणी

१.– विदेहस्थस्तु कौन्तेय ! इन्द्रपर्वतमन्तिकात् ।
किरातानामधिपतीनजयत्सप्त पाण्डव: ॥" – महाभारत



३. प्राचीन-कालको नेपाल

(क) लिच्छविहरूको नेपालमा आगमन र राज्यस्थापना

प्राचीनकालमा उत्तरी भारतमा १६ वटा जनपद वा राज्यहरू प्रसिद्ध रहेका पाइन्छन् । यस्ता जनपद वा राज्यहरूमा 'अङ्ग', 'मगध', 'काशी', 'कोसल', 'वज्जि', 'मल्ल', 'चेदी', 'वत्स' तथा 'पाञ्चाल'हरू मुख्य थिए । अन्य जनपद वा राज्यहरूमा 'मत्स्य', 'शूरसेन', 'अस्सक', 'अवन्ती', 'गान्धार' तथा 'कम्वोज'हरू उल्लेख्य रहेका छन् । यी वाहेक अन्य केही स-साना जनपद वा राज्यहरूको अस्तित्व पनि यतिवेला भारत-भूमिमा पाइन्छ । यी राज्यहरूमध्ये अधिकांश राज्यहरू राजतन्त्रात्मक राज्यहरू थिए भने केही लोकतन्त्रात्मक राज्यहरूका रूपमा पनि सक्रिय रहेका देखिन्छन् । लोकतन्त्रात्मक राज्यहरू प्रायः आपसमा मिलेर सङ्घ-राज्यहरूका रूपमा सङ्गठित भएर रहेका हुन्थे । यस्तै सङ्घ-राज्यहरूमध्ये 'वृजि' नामक सङ्घ-राज्य पनि एक थियो । यस सङ्घ-राज्यभित्र 'लिच्छवि', 'विदेह' तथा 'ज्ञातृक' आदि स-साना आठवटा लोकतन्त्रात्मक राज्यहरू सङ्गठित भएर रहेका देखिन्छन् ।

'वृजि' वा वज्जीहरूको सङ्घ-राज्य गङ्गा नदीको उत्तरमा – वर्तमान उत्तरी विहारमा – थियो । वर्तमान मुजफ्फरपुर जिल्लामा रहेको 'वषाढ' नामक ठाउँमा नै प्राचीनकालमा लिच्छविहरूको 'वैशाली' नामक वैभवशाली नगरी थियो भन्ने पुष्टि हुन आएको छ । यही शहर नै लिच्छवि-गणराज्यको साथै पुरै वृजि-सङ्घराज्यको पनि राजधानीको रूपमा रहेको उल्लेख वौद्ध-साहित्यमा पाइन्छ । यसवाट वृजि-सङ्घराज्यमा लिच्छविहरूको नै प्राधान्य रहेको स्वतः नै स्पष्ट हुन्छ ।

वृजि-सङ्घराज्य अन्तर्गत रहेको विदेह जनपद – जसको राजधानी 'मिथिला'को नामले प्रसिद्ध रहेको थियो – तिनताक वर्तमान नेपाल-अधिराज्यभित्र रहेका जनकपुरका आसपासका तराईक्षेत्रहरूमा तथा त्यसभन्दा निकै दक्षिणसम्म पनि फैलिएर रहेको थियो । यस गणराज्यका अधिकांश निवासीहरू ब्राह्मण-वर्गका थिए । लिच्छवि-गणराज्यमा भने क्षत्रिय-वर्गका नागरिकहरूको नै प्राधान्य रहेको देखिन्छ । यहाँका निवासीहरू सादा-जीवन रुचाउने सरल तथा शान्त प्रकृतिका हुने गरेका देखिन्छन् । सुन्दरताका उपासक तथा आमोद-प्रमोदका प्रेमीहरूका रूपमा पनि यिनीहरू तात्कालिक भारतीय समाजमा परिचित रहेका थिए । ज्ञान, विज्ञान तथा शिल्पहरूको साधनामा यिनीहरू निकै अभिरुचि राख्ने गर्दथे र ज्ञानको खोजीमा टाढा-टाढासम्म पनि पुग्ने गर्दथे ।

'लिच्छवि' नामक लोकतन्त्रात्मक जनपदमा सम्पूर्ण राजनीतिक अधिकार त्यहाँका आर्य-वर्गका सभ्य नागरिकहरूमा मात्र सीमित रहने गरेको पाइन्छ । सार्वभौम-

अधिकार प्राप्त भएका यस्ता सवै नागरिकहरू आपसमा सरसल्लाह गरी सहयोगात्मक भावनाले राज्यव्यवस्था सम्वन्धी सम्पूर्ण कामहरू सञ्चालन गर्ने गर्दथे । आफ्नो राष्ट्रिय-सभालाई 'सन्थागार' भन्ने यिनीहरूको प्रचलन थियो । बौद्ध-साहित्यमा राष्ट्रिय-सभा वा 'सन्थागार'मा उपस्थित हुन पाउने लिच्छवि-वर्गका नागरिकहरूको सङ्ख्या कुनै समयमा ७७०७ जना भएको उल्लेख पाइन्छ। यी वाहेक यस जनपदका अन्य आर्येतर निवासीहरूलाई नागरिक अधिकार प्राप्त रहेको लक्षण देखिँदैन।

लोकतन्त्रात्मक जनपद भएपनि लिच्छवि-जनपदमा राज्यका प्रमुख प्रशासकको रूपमा 'राजा' वा नेताको निर्वाचन गर्ने परम्परा चलिआएको पाइन्छ। यस्ता निर्वाचित राजा वा नेताहरू निर्धारित अवधिसम्म मात्र शासन गर्ने गर्दथे। राजाका सहयोगीहरूका रूपमा 'अमात्य', 'सेनापति', 'भाण्डागारिक आदि विभिन्न राजकीय पदाधिकारीहरू पनि नियुक्त गरिएका हुन्थे। लिच्छवि-वर्गका नागरिकहरूमा रहेको यस्तै सहयोगात्मक भावनाले गर्दा लिच्छवि-जनपद स्वयं मात्र सुदृढ नभएर यसले पूरै वृजि-सङ्घ राज्यलाई पनि निकै नै शक्तिशाली सङ्घ-राज्यको रूपमा उपस्थापित गराइरहेको थियो।

लिच्छवि-जनपदमा आबाद रहेका नागरिकहरूको स्वतन्त्र-जीवन, मिलनसार-स्वभाव तथा उनीहरूमा रहेको कर्तव्यपरायणतावाट महात्मा गौतम-बुद्ध स्वयं पनि निकै नै प्रभावित भएका थिए। 'वृजि' वा बज्जीहरूको सङ्घ-राज्यवाट प्रभावित भएर नै उनी सङ्घ-व्यवस्थाका पक्षपाती भएका पाइन्छन्। यसैको परिणाम पछि, 'बुद्ध' तथा 'धर्म'को साथै सङ्घ-व्यवस्था पनि बौद्धधर्मको प्रधान अङ्गको रूपमा स्थापित हुन आएको पाइन्छ । 'बुद्ध', 'धर्म' तथा 'सङ्घ' बौद्धधर्मका प्रमुख तीनवटा रत्नहरू मानिन्छन्।

वृजि-सङ्घराज्यसँग जोडिएर रहेका 'मगध' तथा 'कोसल'का शक्तिशाली राजतन्त्रात्मक राज्यहरू महात्मा गौतम-बुद्धको जीवनकालसम्ममा निकै नै शक्तिशाली वनिसकेका देखिन्छन्। उपर्युक्त दुवै राज्यका राजाहरू वृजि-सङ्घ राज्यलाई आ-आफ्नो राजतन्त्रात्मक राज्यमा मिलाउनको निमित्त लालायित रहँदै आइरहेका थिए । यसै क्रममा वृजि-सङ्घलाई आफ्नो राज्यमा मिलाउने दृढसङ्कल्प गरी मगध-राज्यका महत्त्वाकाङ्क्षी राजा अजातशत्रुले 'वर्षकार' नामक आफ्ना एक-जना मन्त्रीलाई महात्मा गौतम-बुद्धकहाँ यसको निमित्त राय-सल्लाह माग्न भनी पठाउँदा लिच्छवि-जनपदका नागरिकहरूमा रहेका उच्चतम गुणहरूको प्रशंसा गर्दै महात्मा गौतम-बुद्धले भनेका थिए :– "युद्धवाट मात्र त वृजि-सङ्घ अझैसम्म पनि अपराजेय नै रहिरहेको छ, पछि लिच्छविहरू विलासी तथा आपसमा विद्वेषी वन्दै गए अथवा उनीहरूमाथि कसैबाट छलकपट वा फूट गराइन्छ भने अर्कै कुरा हो ।" हुन पनि युद्धवाट मात्र त यस समयसम्म पनि वृजि-सङ्घ अपराजेय नै रहिरहेको थियो, यसैले भेद-नीतिको प्रयोग गरी लिच्छवि-वर्गका नागरिकहरूलाई आपसमा फुटाएर ठूलो सङ्घर्षपछि कोसल र

ाज्यका राजा अजातशत्रु यस सङ्घ-राज्यलाई आफ्नो राजतन्त्रात्मक राज्यमा मिलाउन सफल भएका थिए ।

आफ्नो गणराज्य यसरी नष्ट-भ्रष्ट भए पनि लिच्छवि जनपदका नागरिकहरूमा बीजरूपमा जुन किसिमको स्वातन्त्र्य चेतना रहिरहेको थियो, त्यसले गर्दा शताब्दियौँसम्म मगध-साम्राज्यको अधीनमा रहिरहनुपरे पनि यिनीहरूको स्वाभिमान तथा आत्म-गौरवमा भने कत्ति पनि कमी आउन पाइरहेको थिएन । यसैले पछि – मगध साम्राज्यमा ऋषिक-राजवंशको प्रभाव शिथिल हुन थाल्नेवित्तिकै – पारतन्त्र्यको बन्धनलाई चुँडालेर यिनीहरू उत्तरी विहारको राजनीतिक रङ्गमञ्चमा पूर्वस्थल तथा पूर्वरूपमा नै पुनः प्रकट हुन समर्थ भएका पाइन्छन् ।

ऋषिक-राज्यबाटै नवस्वतन्त्र भएका नागराज 'वीरसेन'ले मथुरामा रहेको वचेखुचेको ऋषिक-राज्यलाई पनि धराशायी तुल्याइदिँदा पूर्वी-पञ्जाबमा रहेको 'यौधेय' नामक गणराज्य पनि पुनः स्वतन्त्र भएको र यसबाट लिच्छवि-वर्गका नागरिकहरूमा पनि थप उत्साह तथा उमङ्गको पनि सञ्चार हुन आएको देखिन्छ । यसै नवस्वातन्त्र्यको उमङ्गमा लिच्छवि नागरिकका अनेकौं टोलीहरू व्यापार तथा व्यवसायहरूको खोजीमा यसै समयदेखि वैशालीतिरबाट नेपालतर्फ आउन थालेका पाइन्छन् ।

लिच्छविहरू उत्तरी विहारबाट नेपालतर्फ आउँदा एकै समय तथा एकै जमातमा आएका थिएनन्; पटक-पटक गरी कम सङ्ख्यामा आएका थिए । यसैले यिनीहरू यहाँ आएर यहाँका स्थानीय किराँत-वर्गका 'नेपार' वा नेवारहरूकै समाजमा घुलमिल भएका देखिन्छन् । यसले गर्दा यिनीहरूका सभ्यता तथा संस्कृतिहरू विशुद्ध रूपमा – जस्ताको-तस्तै – बच्न सक्नु कुनै हालतमा पनि सम्भव थिएन । फलतः यिनीहरू किराँत-वर्गका 'नेपार' वा नेवारहरूकै सभ्यता तथा संस्कृतिहरूद्वारा प्रभावित हुँदै आइरहेका थिए । यसै स्थितिमा राजसत्तामा रहेका किराँत-वर्गका स्थानीय 'नेपार' वा नेवारहरूमाथि आफ्नो राजनीतिक तथा सांस्कृतिक प्रभावहरू जमाउँदै ल्याएर यिनीहरू एक-आध शताब्दीको बीचमा नै यहाँ रहेको किरात-राज्यलाई उन्मूलन गरी यहाँ आफ्नो स्वतन्त्र राज्य स्थापना गराउन समर्थ भएका देखिन्छन्*(इ. सं. २५० को आसपास)* । नेपालमा लिच्छवि-राज्यका संस्थापक राजा 'जयदेव'*(प्रथम)* भएकोमा कुनै सन्देह रहेको छैन ।

लिच्छवि-वर्गका नागरिकहरूले नेपालतर्फ आउँदा आफ्ना अन्य रीति-रिवाजहरूका साथै आफ्ना राजाहरूको निर्वाचन गर्ने परम्परालाई पनि साथैमा नै लिएर आएका थिए । यसैले नेपालमा स्थापित भएको प्रारम्भिक लिच्छवि-राज्य पनि लोकतन्त्रात्मक नै भएर रहेको सङ्केत पाइन्छ । पछिका लिच्छवि-राजा जयदेव*(द्वितीय)* ले पशुपतिमा रहेको 'संवत् १५७'*(इ. सं. ७३३)* अङ्कित भएको आफ्नो सुप्रसिद्ध शिलालेखमा 'विजयी'

राजा जयदेव *(प्रथम)* देखि लिच्छवि-राजवंशको उठान गरेर यसपछिका १२ राजाहरूको नामलाई छोडिएको उल्लेख गरी त्यसपछि बौद्धधर्मका अनुयायी 'वृषदेव' नामक राजा भएका थिए भन्ने उल्लेख गरेको स्पष्ट देखिन्छ।

यहाँ प्रश्न उठ्दछ, उक्त १२ जना लिच्छवि राजाका नामहरू उपर्युक्त शिलालेखमा किन उल्लेख भएन त ? उक्त राजाहरू लोकतान्त्रिक लिच्छवि-कालका निर्वाचित राजा भएकाले नै लिच्छवि राजा जयदेव*(द्वितीय)* ले आफ्नो उपर्युक्त शिलालेखमा यी राजाहरूको नाम उल्लेख नगराएको झलक पाइन्छ। हुन पनि हो, जयदेव*(द्वितीय)* जस्ता वंशक्रमवाट आएका राजाले राजवंशभन्दा बाहिरका निर्वाचित राजाहरूलाई आफूसरह महत्त्व दिऊन् पनि किन ? यस्तो लोकतन्त्रात्मक लिच्छवि-काल यहाँ इसवीय-संवत्को चौथो-शताब्दीको अन्त्यसम्म पनि कायमै रहिरहेको सङ्केत पाइन्छ।

यिनताक पनि भारत तथा नेपालको बीचमा आवत-जावत गर्ने मुख्य बाटो विदेह-जनपदको राजधानी 'मिथिला' नगरी भएर कमला नदीको किनारै-किनार आउँथ्यो। यसैले लिच्छविहरू आफ्नो पूर्वस्थल वैशालीतिरबाट यहाँ आउँदा यिनीहरूका साथमा अथवा यिनीहरूभन्दा अघि वा पछि पनि विदेह-जनपदका नागरिकहरू पनि यहाँ अवश्य नै आएका थिए होलान्। लिच्छवि नागरिकहरूमा अधिकांश क्षत्रिय-वर्गका नागरिकहरू थिए र बौद्ध-धर्मावलम्वी नागरिकहरूको पनि यिनीहरूमा कुनै कमी रहेको थिएन। तर विदेह-जनपदमा भने ब्राह्मण-वर्गका नागरिकहरूको नै प्राधान्य रहेको थियो। लिच्छवि तथा विदेहहरू भारतबाट नेपालतर्फ आउँदा यिनीहरूका साथमा धोवी, तेली, चमार तथा डूम आदि शूद्र-वर्गका अन्य नागरिकहरू पनि यहाँ अवश्य नै आएका थिए होलान्। यी सबै नागरिकहरू यहाँ आएर पछि किरात-वर्गका 'नेपार' वा नेवारहरूकै समाजमा घुलमिल भएका देखिन्छन्।

नेपालमा रहेको स्थानीय किरात-समाज मूलरूपमा जात-पात तथा छुवाछुत पनि मान्दैनथ्यो, तर नवागन्तुक लिच्छवि तथा विदेह-वर्गका नागरिकहरूले भने आफ्नो जातिप्रथा तथा छुवाछुतको भावनालाई पनि कायमै राखिरहेको सङ्केत पाइन्छ। तैपनि यिनीहरू आफ्नो मूल-अवस्थलमा जातिगत रूपमा जति कट्टर थिए, त्यति कट्टर यहाँ रहेका देखिँदैनन्। पछि – सनातनधर्मको 'पौराणिक-सम्प्रदाय'का अनुयायी सवर्ण-सनातनीहरूको आबादी बढ्दै आएपछि – भने जात-पात तथा छुवाछुतको भावना यिनीहरूको समाजमा पनि क्रमशः कठोर हुँदै आएको सङ्केत पाइन्छ।

सवर्ण आर्यावर्तीय आर्यहरूको नेपालभित्र आउने क्रम लोकतन्त्रात्मक लिच्छवि-कालभर पनि जारी नै रहिरहेको देखिन्छ। तर यिनीहरू एकै समय तथा एउटै जमातमा नआएकाले यिनीहरूले आफ्नो भाषा, भेष-भूषा तथा रहन-सहनहरूलाई पनि यथावत् रूपमा थाम्न सकिरहेको देखिँदैन। यहाँका बहुसंख्यक स्थानीय निवासी किरात-वर्गका

'नेपार' वा नेवारहरूकै भाषा, भेष-भूषा तथा रहन-सहनहरूवाट प्रभावित भई यिनीहरूले यहाँकै सांस्कृतिक-परम्परालाई अनुसरण गर्न विवश हुनुपर्दा किरात-वर्गका 'नेपार' वा नेवारहरूले अपनाउँदै आएको यहाँको प्राचीन मूल-संस्कृति तथा लिच्छवि, विदेह तथा नवागन्तुक अन्य आर्यावर्तीय आर्यहरूले अपनाउँदै आइरहेका आर्यावर्तीय आर्यहरूका संस्कृतिहरूको मेलवाट लिच्छवि-कालको आरम्भसम्ममा यहाँ एउटा विशिष्ट किसिमको नेपाली संस्कृतिको जग वसिसकेको पाइन्छ।

यस विशिष्ट संस्कृतिलाई यहाँ आवाद रहेका आर्य तथा आर्येतर दुवै वर्गका नागरिकहरू समानरूपमा ग्रहण गर्न सक्दथे, तर यस संस्कृतिमा किराँत-संस्कृतिको वढीमात्रामा प्रभाव परेको देखेर तात्कालिक नेपालदेखि वाहिर रहेका आर्यावर्तीय आर्यहरूले 'अनार्य-मूलक' भनी यस संस्कृतिप्रति अनादर व्यक्त गर्दैरहेको झलक पाइन्छ। यस्तै आफूलाई आर्यहरूको रूपमा गर्व गर्ने नेपालमा आएका लिच्छवि एवं विदेह-वर्गका नागरिकहरूले पनि किराँत-वर्गका 'नेपार' वा नेवारहरूभन्दा वाहेकका यहाँका अन्य स्थानीय किराँतहरूलाई आफ्ना समाजहरूमा सम्मिलित गराउन आनाकानी गर्दै उनीहरूलाई आफ्नो यस विंशिष्ट संस्कृतिको रसास्वादन गराउनको निमित्त अघि नसर्दा यस क्षेत्रमा आवाद भएर रहेका आदिम मूल-निवासी 'नेपार' वा नेवारहरू वाहेकका अन्य किराँतहरू पछि खास नेपाली संस्कृतिको मूलप्रवाहवाट पछि हटेर 'मूर्मी'*(तामाङ्)* -वर्गका किराँतहरूको समाजमा मिली 'त्यार्वा' वन्न पुगेका देखिन्छन्।

आर्येतर किरात-वर्गका 'नेपार' वा नेवारहरूसँग हेलमेल वढाएको आक्षेपमा नेपालमा आएका आर्य-वर्गका 'लिच्छवि' तथा 'विदेह'हरू आर्यावर्तीय आर्यहरूको दृष्टिमा हेय वन्न आएका थिए। यसैले उनीहरूले नेपालमा आएर आवाद भएका लिच्छविहरूका साथै अन्य आर्यावर्तीय आर्यहरूलाई पनि 'म्लेच्छ'हरूका रूपमा गणना गर्न थालेको सङ्केत पाइन्छ। गुप्त-सम्राट् समुद्रगुप्तले प्रयागमा रहेको आफ्नो सुप्रसिद्ध अभिलेखमा तात्कालिक नेपाललाई करदाता तथा 'प्रत्यन्त-देश'को रूपमा उल्लेख गराएका छन्। सुप्रसिद्ध संस्कृत-कोष 'अमरकोष'अनुसार 'प्रत्यन्तदेश'को अर्थ हुन्छ – म्लेच्छ-देश। यसवाट उनीहरूले नेपाललाई म्लेच्छदेशको रूपमा हेर्ने गरेको स्पष्ट देखिन्छ।

नेपालमा आएका लिच्छविहरूमा भने आत्मगौरव वलियो हुनाले यिनीहरूले आफ्नो राजवंशलाई – "चन्द्रमाका कलाहरूजस्तै उज्ज्वल र गङ्गा नदीको प्रवाहजस्तै निर्मल" सम्झँदै आइरहेको स्पष्ट देखिन्छ[२]। नेपालमा आएका लिच्छवि, विदेह आदि आर्यमूलका नागरिकहरूको यस किसिमको स्वाभिमान र आर्यावर्तमा रहेका भारतीय मूलका आर्यहरूको तर्फवाट भएको तिरस्कारवाट नै भौगोलिक भारतभित्र रहे पनि राजनीतिक एवं सांस्कृतिक भारतदेखि अलग रहने प्रवृत्ति नेपालीमात्रमा यसै समयदेखि प्रारम्भ भएकोमा कुनै पनि सन्देह रहेको छैन।

(ख) पूर्व-लिच्छविकाल

लोकतन्त्रात्मक लिच्छवि-कालका अन्तिम राजा वृषदेव देखिन्छन्। यिनी निर्वाचित राजा थिए र साथै बौद्धधर्मका अनुयायी पनि। यस समयका भारतका शक्तिशाली 'गुप्त'-वंशी राजाहरू लोकतन्त्रात्मक प्रणालीका विरोधी त छँदै थिए, साथै बौद्धधर्मका विरोधीहरूका रूपमा पनि उपस्थित हुन आइपुगेका थिए। पौराणिक-सम्प्रदायका पक्षपाती सनातन धर्मावलम्बी गुप्त-राजाहरूको राजनीतिक प्रभावबाट आत्मरक्षा गर्नको निमित्त लिच्छवि राजा वृषदेवले आफ्नो लोकतन्त्रात्मक राज्य-व्यवस्थालाई राजतन्त्रात्मक राज्य-व्यवस्थामा परिणत गराएर मात्र नपुगी राजतन्त्रको सुरक्षाको निमित्त पौराणिक-सम्प्रदायको आवश्यकतालाई अनुभव गरी स्वयं बौद्धधर्मका अनुयायी भए पनि आफ्ना छोरा शङ्करदेवलाई पौराणिक-सम्प्रदायमा दीक्षित तुल्याई आफ्ना उत्तराधिकारी एवं युवराज समेत घोषित गराएको झलक पाइन्छ। यसैले राजतन्त्रात्मक लिच्छवि-राज्यका पहिला राजा हुनुको साथै सनातन-धर्मावलम्बी पहिला लिच्छवि राजा हुने सौभाग्य पनि राजा शङ्करदेवलाई नै प्राप्त रहेको छ। राजधर्मको रूपमा यसपछि मात्र तात्कालिक नेपालमा पौराणिक-सम्प्रदायको जोडदार प्रचार तथा प्रसार पनि हुन थालेको झलक पाइन्छ।

राजा शङ्करदेवको राज्यकालमा भारतमा गुप्त-साम्राज्यको प्रतापसूर्य मध्य-आकाशबाट अस्ताचलतर्फ ओन्हालो लाग्न शुरु भएको थियो। यसबाट लाभ उठाई यिनले आफ्नो बाहुबलद्वारा वर्तमान काठमाडौँ उपत्यका तथा यसका आसपासका क्षेत्रहरूमा मात्र सीमित रहेको त्यतिवेलाको सानो लिच्छवि-राज्यलाई निकै विस्तृत बनाई यस राज्यलाई एउटा शक्तिशाली अधिराज्यको रूपमा स्थापित गराइदिएको झलक पाइन्छ। तैपनि त्यतिवेलाको नेपाल पूर्वमा वर्तमान सुनकोसी नदी एवं त्यसका आसपासका क्षेत्रहरूसम्म र पश्चिममा वर्तमान कालीगण्डकी नदीसम्मका भूभागहरूसम्म मात्र फैलिएर रहेको झलक पाइन्छ। दक्षिणतर्फ भने यस राज्यले सामान्यतया 'चुरे'को पर्वत-शृङ्खलालाई पार गर्न सकेको लक्षण देखिँदैन। हो, पश्चिमी नेपालका तराईक्षेत्रहरूमा भने गण्डकी नदीभन्दा पारितर्फ रहेको 'मल्लपुरी' नामक राज्य पनि यतिवेलासम्ममा यस अधिराज्यभित्र सम्मिलित भैसकेको पाइन्छ। उत्तरतर्फ जङ्गलै-जङ्गलहरूले ढाकिएका निर्जनप्रायः हिमाली क्षेत्रहरूमा त त्यतिवेला राज्यविस्तारको गुञ्जायस नै थिएन। वर्तमान नेपाल-अधिराज्यको मध्य-तराईक्षेत्रहरूमा रहेका 'शाक्य' तथा 'कोलीय' नामक गणराज्यहरू भने यतिञ्जेलसम्ममा भारतीय साम्राज्यमा विलीन भैसकेका थिए।

शुङ्ग-कालको प्रारम्भ भएपछि भारतमा वैदिक सनातन-धर्मको 'स्मार्त-सम्प्रदाय'को उत्थान हुँदा 'इन्द्र', 'वरुण', 'यम' तथा 'रुद्र' आदि वैदिक-देवताहरूको महत्त्व क्षीण हुँदै आएर स्मृति-शास्त्रहरूअनुसार आराधना गरिने 'ब्रह्मा', 'विष्णु' तथा

'महेश्वर' आदि 'स्मार्त-सम्प्रदाय'का देवताहरू नै आर्य-वर्गका नागरिकहरूका प्रधान देवताहरूका रूपमा स्थापित हुन आइपुगेका थिए । यसै क्रममा त्यहाँ गरुढध्वज भगवान् विष्णु तथा वृषभवाहन भगवान् शिव वा महेश्वरका मूर्तिहरू वन्न थालेका र यिनीहरूको पूजा तथा आराधनाहरू पनि चल्न थालेका थिए । तर सृष्टि-कर्ता ब्रह्माजीका मूर्तिहरू भने त्यतिवेला पनि त्यहाँ त्यतिसाऱ्हो वन्न सकिरहेका थिएनन् । वेदकालका प्रधान-देवता 'इन्द्र', अब नयाँ मान्यताअनुसार देवताहरूको मर्यादाक्रममा चौथो स्थानमा पुगिसकेका पाइन्छन् ।

भारत-भूमिमा विकसित भैरहेको यस किसिमको धार्मिक प्रवृत्तिको प्रभाववाट तात्कालिक नेपाल-अधिराज्य पनि अछुतो रहन सकेन । राजा शङ्करदेव पौराणिक-सम्प्रदायका पक्षपाती भएकाले गुप्तकालिक आर्यावर्तीय आर्यहरूका संस्कृतिहरूको प्रभावमा परी यिनकै राज्यकालमा वर्तमान काठमाडौँ उपत्यकाभित्र – 'दोलाद्रि-शिखर' अर्थात् 'चा-गुँ'मा – गरुढवाहन भगवान् विष्णुको प्रसिद्ध मूर्ति र देवपाटनमा – वागमती नदीको दायाँ किनारमा – भगवान् शिव वा पशुपतिको सुप्रसिद्ध प्राचीन मूर्तिको स्थापना पनि लगभग एकै समयमा भएको झलक पाइन्छ। यी दुवै मूर्तिहरू नेपालका राष्ट्रिय-देवताहरूका रूपमा प्रतिष्ठित भएर त्यतिवेलादेखि आजसम्म पनि अविच्छन्नरूपमा पूजित हुँदै आइरहेका पाइन्छन् ।

गुप्त-कालमा रचना भएको महाकवि कालिदासको 'रघुवंश' नामक महाकाव्यमा इन्द्रध्वजोत्थापनको मनमोहक वर्णन गरिएको पाइन्छ[२]। यसबाट तिनताक त्यहाँ इन्द्रध्वजोत्थापन गर्ने पर्व हर्षोल्लासपूर्वक मनाइने प्रचलन व्यापकरूपमा प्रचलित रहेको देखिन आएको छ । यसैको प्रभाव परी नेपालमा पनि राजा शङ्करदेवकै राज्यकालमा नेपाल-अधिराज्यको तात्कालिक राजधानी दक्षिण-कोलिग्राममा 'इन्द्र-गृह' नामक नयाँ राजभवनको निर्माण भएको र यस राजभवनको आसपासमा यसै समयदेखि इन्द्रध्वजोत्थापन गराउने परम्परा शुरु भएको पनि सङ्केत प्राप्त हुन आएको छ । विदेशी तथा विधर्मी आक्रान्ताहरूको आक्रमणको प्रभावमा परी इन्द्रध्वजोत्थापन गर्ने प्रचलन भारत-भूमिबाट आजसम्ममा पूर्णरूपमा लोप भैसकेको छ तापनि नेपालमा भने यो परम्परा अझैसम्म पनि अविच्छिन्नरूपमा चलि नै रहेको पाइन्छ । यसवाट पनि नेपाली नागरिकहरूमा रहेको आफ्नो सभ्यता तथा संस्कृतिहरूप्रतिको अटल निष्ठा सहजै प्रकट हुन आएको छ ।

राजा शङ्करदेवको राज्यकालपछि यिनका छोरा 'धर्मदेव' नेपाल-अधिराज्यका राजा भएका पाइन्छन् । तर यिनको राज्यकाल त्यति लामो हुन सकेन । रहस्यमय रूपमा यिनको देहान्त भएको पाइन्छ । सम्भवत: आफ्ना विद्रोही सामन्त राजाहरूद्वारा यिनी असमयमा नै मारिएका थिए । यिनका छोरा राजा मानदेव*(प्रथम)* ले स्थापना गरेको चाँगुमा रहेको प्रसिद्ध शिलालेख अनुसार यिनको देहान्त – "वगैंचाको यात्रा"

जस्तै अप्रत्याशित भएको थियो[३]। जेहोस् यिनको देहान्तपछि यिनका यशस्वी नवयुवक छोरा युवराज मानदेव*(प्रथम)* युवावस्थाको प्रारम्भमा नै नेपाल-अधिराज्यको राज-सिंहासनमा विराजमान भएका पाइन्छन्। आफ्नो विद्रोही सामन्त राजाहरूको दमनको निमित्त यिनले निकै नै परिश्रम गर्नुपरेको थियो।

राजा शङ्करदेवको राज्यकाल*(इ.सं. ४५०-४६३)* पछि उत्तरी-भारतमा ठूलो राजनीतिक उथलपुथल प्रारम्भ भएको थियो। चन्द्रगुप्त*(द्वितीय)* का छोरा कुमारगुप्तको समर्थ राज्यकालमा विद्या, वैभव तथा कला-कौशलहरूको विकासले सम्पन्न भएर उत्तर-पश्चिमी भारतभर यत्रतत्र फैलिएर रहेको गुप्त-साम्राज्य आफ्नो उन्नतिको चरमचुलीमा पुगिरहेको थियो। यसै स्थितिमा त्यहाँ वर्वर 'हूण'हरूको आक्रमण हुँदा गुप्त-साम्राज्य नै लथालिङ्ग भई त्यहाँको शान्ति तथा सुव्यवस्था पनि भङ्ग हुन पुगेको थियो। राजा कुमारगुप्त स्वयं नै हूणहरूसँगको दुर्धर्ष युद्धमा मारिँदा उनका यशस्वी छोरा स्कन्दगुप्तले आफ्नो भएभरको शक्ति लगाएर आक्रान्ता हूणहरूलाई केही समयको निमित्त त भारत-भूमिबाट भगाइदिएका थिए। तर हूणहरूको प्रचण्ड आक्रमणको आघातले गर्दा गुप्त-साम्राज्य भारतमा धेरै समयसम्म टिकिरहन सकेन।

भारतको गुप्त-साम्राज्यमाथि परेको यस विपत्तिकालमा भारतबाट अनेकौं विद्वान् तथा कलाकारहरू शरणार्थीहरूका रूपमा नेपाल-अधिराज्यमा आएका र यिनै विद्वान्, साहित्यकार तथा कलाकारहरूको सहयोगबाट राजा शङ्करदेवका नाति राजा मानदेव *(प्रथम)* को राज्यकाल*(इ.सं. ४६३-५०६)* देखि यहाँ शिलालेखहरू लेखाउने प्रचलन प्रारम्भ भएको देखिन आएको छ।

राजा मानदेव*(प्रथम)* ले उत्कीर्ण गराएको चाँगुमा रहेको उपर्युक्त सुप्रसिद्ध शिलालेखभन्दा पहिलेका अभिलेखहरू नेपालमा आजसम्म प्राप्त हुन सकिरहेका छैनन्। यसपछि भने यस्ता शिलालेखहरू यहाँ अविरलरूपमा उत्कीर्ण हुन थाल्दछन् र देव-देवीका मन्दिर तथा मूर्तिहरू पनि जोड-तोडका साथ बन्न थाल्दछन्। यिनै अभिलेख तथा मूर्तिहरू नै आज लिच्छविकालिक नेपाल-अधिराज्यका सभ्यता तथा संस्कृतिहरूका क्रमिक-विकासका परिचायक भएर रहेका छन्। यी पुरातात्त्विक सामग्रीहरू उपलब्ध नभएका भए आज नेपालको प्राचीन-इतिहास अन्धकारको गर्भमा नै विलीन भएर रहने थियो, यसमा पनि कुनै सन्देह रहेको छैन।

राजा मानदेव*(प्रथम)* सनातन वैदिक-धर्मको वैष्णव-सम्प्रदायमा विशेष अनुरक्त रहेका पाइन्छन्। विद्रोही बनेका आफ्ना सामन्त राजाहरूको निर्दयतापूर्वक दमन गरी विजयोत्सव मनाएको खुशियालीमा आफ्नी आमा राज्यवतीका साथ नवयुवक राजा मानदेव*(प्रथम)* ले भगवान् 'दोलाद्रिशिखर-स्वामी'*(चाँगु-नारायण)* को भक्तिपूर्वक पूजा-आराधना सम्पन्न गरी यसको स्मारकस्वरूप स्थापना गराएको यिनको उपर्युक्त प्रसिद्ध विजयस्तम्भ चाँगु-नारायणको मन्दिर अगाडि अझैसम्म गौरवका साथ खडा नै रहिरहेको पाइन्छ।

यसको लगत्तै यिनकी आमा राज्यवतीको देहान्त भएकोले आफ्नी आमाको पुण्यवृद्धिको निमित्त राजा मानदेव*(प्रथम)* ले त्रिविक्रम भगवान् विष्णु *(वामनावतार भगवान् विष्णु)* का मूर्तिहरू स्थापना गराएको पाइन्छ। तर धार्मिक कट्टरता भने यिनमा पनि रहेको देखिँदैन। यिनकै राज्यकालमा यिनको नामबाट 'मानदेव-विहार' नामक नयाँ बौद्ध-विहारको पनि स्थापना भएको सङ्केत पाइन्छ। यस्तै यिनका परिवारहरू वैदिक सनातनधर्मको शैव-सम्प्रदायका अनुयायीहरू भएर रहेका देखिन्छन्। यिनकी रानी 'क्षेमसुन्दरी' तथा 'गुणवती', छोरी 'विजयवती' एवं भारदार 'जयलम्भ' तथा 'नरवर्मा'ले स्थापना गराएका शिवलिङ्गहरू काठमाडौँमा प्राप्त भएका छन्।

यिनैको राज्यकालमा वर्तमान पलाञ्चोकमा 'विजय-स्वामिनी' नामकी एउटी भद्र महिलाले 'विजयेश्वरी' भगवतीको मूर्ति पनि स्थापना गराएको पाइन्छ। यस्तै 'गुहमित्र' नामक अर्का एक-जना सार्थवाह*(व्यापारी)* ले 'इन्द्र' नामक दिवाकर अर्थात् सूर्यको मूर्ति स्थापना गराएको पाइन्छ। यसबाट राजा मानदेव*(प्रथम)* को राज्यकालमा वैदिक सनतनधर्मका उपर्युक्त सबै सम्प्रदायहरू यहाँ प्रचलित रहेका र यिनीहरूका बीचमा आपसी सहयोग, सद्भाव तथा समन्वय पनि स्थापित रहेको थियो भन्ने प्रमाणित हुन आएको छ।

राजा मानदेव*(प्रथम)* को मूल राजधानी 'दक्षिण-कोलिग्राम' अर्थात् अहिलेको काठमाडौँ शहरको दक्षिणीभेगमा रहेको झलक पाइन्छ। 'यूपग्राम' अर्थात् अहिलेको पाटन शहरलाई आफ्नो नयाँ राजधानी वनाएपछि यिनले आफ्नो नामबाट त्यहाँ 'मानगृह' नामक नयाँ राजभवनको निर्माण गराएको देखिन्छ। राजा मानदेव*(प्रथम)* को राज्यकालभर राजभवनको रूपमा 'मानगृह' नामक राजभवनको उल्लेख नआए पनि यिनको राज्यकालपछि लामो समयसम्म यही भव्य-भवन नै नेपाल-अधिराज्यमा गौरवशाली राजभवनको रूपमा समादृत भएर रहेकोमा कुनै पनि सन्देह रहेको छैन।

वर्तमान काठमाडौँ शहरको उत्तरपूर्वी भेगमा – वर्तमान लाजिम्पाटमा – पनि राजा मानदेव*(प्रथम)* को राज्यकालसम्ममा एउटा छुट्टै देवग्राम वा देव-पत्तनको विकास भैसकेको सङ्केत पाइन्छ। मानदेव*(प्रथम)* ले स्थापना गराएको भगवान् 'त्रिविक्रम' *(वामनावतार नारायण)* को मूर्तिको साथै यिनका परिवार तथा भारदारहरूले स्थापना गराएका शिवलिङ्गहरू पनि त्यहाँ अझैसम्म छँदैछन्। यस्तै राजा मानदेव*(प्रथम)* का परिवार तथा भारदारहरूले स्थापना गराएका शिवलिङ्गहरू त्यहाँ उपलब्ध रहेका छन्।

राजा मानदेव*(प्रथम)* ले स्थापना गराएको अर्को 'त्रिविक्रम' वामन-मूर्ति तथा यिनकी छोरी तथा अन्य भारदारहरूले स्थापना गराएका केही शिवलिङ्गहरू पशुपति मन्दिरको आसपासमा अझैसम्म पनि उपलब्ध रहेका छन्। यसबाट वर्तमान देवपाटनको क्षेत्र पनि यतिन्जेलसम्ममा देवग्राम वा 'देव-पत्तन'को रूपमा विकसित भैसकेको देखिन्छ। यस समयसम्ममा चाँगुनारायणको क्षेत्र पनि अर्को देवग्रामको रूपमा

विकसित भैसकेको थियो। यी सबै देवग्रामहरू त्यसवेलादेखि आजसम्म पनि नेपाली सभ्यता तथा संस्कृतिहरूका सङ्ग्रहालयहरूका रूपमा रहँदै आइरहेका छन्।

भगवान् पशुपतिको चतुर्मुखी शिवलिङ्गको स्थापनाले नेपालमा वैदिक सनातनधर्मको 'शैवतान्त्रिक-सम्प्रदाय'को प्रवेशलाई सूचित गरिरहेको छ भने पलाञ्चोकमा भगवती 'विजयेश्वरी'को स्थापनाले नेपालमा शाक्त-सम्प्रदायको प्रवेशलाई पनि सङ्केत गरिरहेको पाइन्छ। शैवतान्त्रिक पाशुपत-सम्प्रदाय तथा शाक्त-सम्प्रदायमा पनि जात-पात एवं भक्ष्याभक्ष्यको उतिसाऱ्हो परहेज हुने गरेको थिएन। साथै तान्त्रिक-सम्प्रदायका सिद्धान्तहरू पौराणिक-सम्प्रदायका सिद्धान्तहरूका केही प्रतिकूल पनि थिए। तर नेपालमा भने पौराणिक-सम्प्रदायले पाशुपत-सम्प्रदाय तथा शाक्त-सम्प्रदायहरूको प्रचार एवं प्रसारलाई खासै बाधा पुऱ्याएको देखिँदैन। सबै सम्प्रदायहरू यहाँ एकैनाससँग फूलि तथा फलि पनि रहेका पाइन्छन्।

वैदिक सनांतन-धर्मको पौराणिक-सम्प्रदायमा सृष्टिकर्ता ब्रह्माजीका साथ स्थितिकर्ता विष्णु तथा लयकर्ता शिव वा महेश्वर नै सर्वशक्तिमान् तथा प्रधान देवताहरूका रूपमा स्थापित रहेका थिए। शाक्त-सम्प्रदायको विकास भएपछि शक्तिस्वरूपा दुर्गा भवानी नै सबैभन्दा शक्तिशालिनी देवी भएर देखापरिन्। अव वैदिक सनातन-धर्मावलम्वी नागरिहरूका प्रधान देवता विष्णु तथा शिव पनि आफूहरूमाथि विपत्तिहरू आइपरेमा त्यसबाट त्राण पाउन भगवती दुर्गा-भवानीको नै शरणमा पुग्न थाले। यसले गर्दा शक्तिस्वरुपा भगवती दुर्गाको महिमा बढ्दै आयो र नेपालमा पनि शिव तथा शक्तिका मूर्तिहरू धमाधम बन्न थाले।

किराँत-वर्गका 'नेपार' वा नेवारहरूबाट उत्तराधिकारमा प्राप्त भएको तात्कालिक लौकिक नेवारी-भाषा वा बोली आर्यावर्तमा आबाद रहेका आर्य-वर्गका नागरिकहरूको निमित्त निश्चय नै कर्णकटु रहेको थियो, तर नेपालमा आएका लिच्छवि, विदेह तथा शाक्य आदि नवागन्तुक आर्यहरूले भने यसै भाषा वा वोलीलाई आफ्नो राष्ट्रभाषाको रुपमा स्वीकार गरी यस भाषामा आर्यभाषा-परिवारका आफ्ना अपभ्रंश बोलीहरूलाई पनि मिसाउँदै ल्याई आफ्ना भाषा वा वोलीका परोक्ष प्रभावहरूद्वारा यस भाषालाई समृद्ध, भावगम्य र श्रुतिमधुर पनि बनाउँदै ल्याइरहेका थिए। यसले गर्दा यस भाषामा भाव अभिव्यक्त गर्ने सामर्थ्य क्रमिकरूपमा विकसित हुँदै आइरहेको थियो।

वर्तमान नेवारी-बोली वा भाषामा संस्कृत-भाषाको जुन किसिमको व्यापक प्रभाव रहेको पाइन्छ, त्यो यसै समयदेखि विकसित हुन थालेकोमा पनि कुनै सन्देह छैन। तर पनि साहित्य-सृजना गर्ने सामर्थ्य भने यस भाषामा विकसित हुन सकिरहेको थिएन। यसैले लिच्छवि-वर्गका नागरिकहरू संस्कृत-भाषालाई नै आफ्नो सम्पर्कभाषा वा राजकीय-भाषाको रूपमा प्रयोग गर्दै रहन बाध्य भएका देखिन्छन्। यसले गर्दा यहाँका स्थानीय निवासीहरू पनि संस्कृत-भाषाको अध्ययन तथा अध्यापनमा पनि

प्रवृत्त हुन विवश भइरहेको सङ्केत पाइन्छ। यसवाट नेवारी-भाषामा संस्कृत-भाषाको प्रभाव झन्-झन् वढ्दै आयो र यो भाषा यस भाषा-परिवारका अन्य सवै भाषा वा वोलीहरूभन्दा अझै परिष्कृत तथा सम्पन्न भएर लोकप्रिय पनि वन्दै आयो । तर दुर्भाग्यवश यस भाषामा साहित्यको सृजना हुन भने नसकेकोले लिच्छविकालिक लौकिक भाषाको वास्तविक स्वरूपको पहिचान गर्न भने अवलाई असम्भव नै हुन आएको छ ।

आर्यावर्तीय आर्यहरूकै अनुसरण गरी लिच्छविकालिक नेपालमा पनि कलाका ६ वटा अङ्गहरू नै मानिएका थिए । यिनमा वास्तु-कला, मूर्ति-कला तथा चित्र-कलाहरू आँखाले प्रत्यक्ष नै अनुभव गर्न सकिने मूर्त-कलाहरूमा र साहित्यकला, सङ्गीतकला तथा नृत्यकलाहरू भने सुनेर वा देखेर पनि अनुभव गर्न सकिने अमूर्त-कलाहरूका रूपमा गणना गरिन्थे । यस समयका मूर्ति-कलाका अवशेषहरू यत्रतत्र प्रशस्तमात्रामा उपलब्ध रहेका छन्। यसवाट यस समयमा यो कला उन्नत अवस्थामा रहेको थियो भन्ने प्रत्यक्षरूपमा नै देखिन आएको छ। तर समय तथा परिस्थितिले गर्दा वास्तुकला तथा चित्र-कलाका तात्कालिक अवशेषहरू भने हालसम्म वचेर रहन सकिरहेका छैनन् । तैपनि मूर्तिकलाको अवस्था उन्नत रहेको देखिएवाट यतिवेला वास्तुकला तथा चित्र-कलाहरूको पनि राम्रै उन्नति भएको आकलन गर्न सकिन्छ।

'कैलासकूट-भवन'जस्तो भव्य भवन, त्यसको विशालता र त्यसभित्र रहेका अद्भुत कलात्मक सौन्दर्यहरूको वर्णन तात्कालिक नेपाल-अधिराज्यको यत्रा गर्ने चिनियाँ तीर्थयात्रीहरूवाट मुग्ध-कण्ठले गरिएको पाइन्छ। यसवाट पनि लिच्छविकालको वास्तुकला तथा चित्रकलाहरूको पनि उन्नत अवस्थाको परिचय सहजै प्राप्त गर्न सकिन्छ ।

विभिन्न किसिमका वाद्य-यन्त्रहरू वजाउँदै नृत्य गरिरहेका यस समयका शिव-परिवारका मूर्तिहरूवाट सङ्गीत-कला तथा नृत्य-कलाहरूको उन्नत अवस्थाको झलक सहजै प्राप्त गर्न सकिन्छ । तात्कालिक देव-देवीका मूर्तिहरूमा पाइने वस्त्र तथा आभूषणहरूवाट वस्त्र-कला तथा आभूषण-कलाहरूको प्रौढ अवस्थाको परिचय प्राप्त गर्न सकिन्छ । यस्तै तात्कालिक प्राञ्जल शिलालेखहरूले त्यतिवेलाको साहित्य-कलाको प्रतिनिधित्व गरिरहेका छन्। तर यिनमा लौकिक नेवारी-भाषाको प्रयोग नभएर विशुद्ध संस्कृत-भाषाको मात्र प्रयोग भएको हुँदा यस्ता शिलालेखहरू तात्कालिक लौकिक साहित्यका प्रतीक चाहिँ वन्न सकिरहेका छैनन्। यति भएर पनि ज्ञान तथा विज्ञानहरूको उत्कर्षको परिचय दिन भने यी शिलालेखहरू समर्थ रहेका पाइन्छन्। यतिवेला लौकिक नेवारी भाषामा केही न केहीं रचनाहरू अवश्य पनि रचिएका हुंदाहुन्, तर आजसम्ममा ती सवै नष्ट भैसकेका छन्। त्यतिवेलाका वास्तु-कलाका अवशेषहरू पनि आजसम्म कुनै पनि वचेर रहेका छैनन् ।

राजा मानदेव*(प्रथम)* को राज्यकालमा*(इ. सं. ४६३-५०६)* नेपाल-अधिराज्यमा जुन किसिमको सांस्कृतिक-प्रवृत्ति विकसित भैरहेको पाइन्छ, त्यही प्रवृत्ति यिनका छोरा राजा महीदेव*(इ. सं. ५०६)* तथा नाति वसन्तदेव*(इ. सं. ५०६-५३२)* को राज्यकालसम्म पनि कायमै रहिरहेको देखिन्छ। यसपछि भने यहाँको सांस्कृतिक प्रवाहमा नयाँ चिन्तन तथा नयाँ प्रवृत्तिहरूको पनि शुरुवात भएको पाइन्छ। यस किसिमका सामाजिक तथा सांस्कृतिक प्रवृत्तिहरूले पूर्व-लिच्छविकालको अन्त्य भई यहाँ मध्य-लिच्छविकालको आरम्भ भएकों सङ्केत गर्दछन्।

(ग) मध्य-लिच्छविकाल

गुप्त-वर्गका शरणार्थीहरूले जुन समयमा नेपाल-अधिराज्यमा प्रवेश गर्न आरम्भ गरेका थिए, त्यस समयमा 'आभीर'हरू पनि सम्भवतः यिनीहरूको साथसाथै नेपालमा आएका थिए। आभीरहरू स्वभावले नै केही उद्दण्ड प्रकृतिका नागरिकहरू रहेका थिए, तैपनि राजा मानदेव*(प्रथम)* को सशक्त प्रशासनकालसम्म यिनीहरूले नेपाल-अधिराज्यको राजनीतिक रङ्गमञ्चमा आफ्ना शिरहरूलाई ठाडो पारी उठाउन सकिरहेको देखिँदैन। तर यिनको देहान्त हुनेवित्तिकै यिनका उत्तराधिकारी एवं छोरा राजा महीदेवलाई सम्भवतः पदच्युत गरी र यिनका छोरा वसन्तदेवलाई राजाको रूपमा राजसिंहासनमा विराजमान गराई आभीर-नेता रविगुप्त शक्तिशाली अधिनायकका रूपमा लिच्छवि-अधिराज्यका हर्ताकर्ता बन्न आइपुगेका पाइन्छन्।

त्यतिवेलाको प्रचलित मान्यताअनुसार आभीरहरू 'महाशूद्र' अर्थात् असल जातका शूद्रहरू रहेका थिए र प्रचलित धर्मशास्त्रहरू अनुसार यिनीहरूलाई अधिराज्यको राजमुकुट धारण गर्ने अधिकार प्राप्त रहेको थिएन। यसले गर्दा यिनीहरू कुनै न कुनै लिच्छवि कुमारहरूलाई राजसिंहासनमा विराजमान गराई अधिनायकका रूपमा मात्र नेपाल-अधिराज्यको राज्यप्रशासन सञ्चालन गर्दै रहन बाध्य भएका पाइन्छन्। राजा वसन्तदेव पछिका 'वामनदेव', 'रामदेव' तथा 'गणदेव' आदि लिच्छवि राजाहरू आभीर अधिनायकहरूले स्थापना गराएका यस्तै नाममात्रका राजाहरू देखिन्छन्। आभीर-शक्तिको उदयले नेपाल-अधिराज्यमा मध्य-लिच्छविकाल आरम्भ भएको सङ्केत गर्दछ।

आभीरहरूको प्रशासनकालमा नेपाली समाजमा सर्वसाधारण नागरिक-हरूद्वारा ब्राह्मणहरूका साथै पाशुपत-सम्प्रदायका आचार्यहरूप्रति पनि समानरूपले श्रद्धा तथा आदरभाव व्यक्त गरिनेगरेको पाइन्छ। यस समयका आभीर-अधिनायकहरूले स्थापना गराएका अनेकौं शिवलिङ्गहरू आजसम्म पनि यथावत् रूपमा रहि नै रहेका पाइन्छन्। यिनताक भारतमा नै पनि वैष्णव तथा शैवसम्प्रदायका अनुयायी नागरिकहरूका वीचमा केही विद्वेषको भावना देखिन थालेकोले दुवै सम्प्रदायका अनुयायी

नागरिकहरूलाई समन्वय तथा समझदारीमा ल्याउन यिनैताक भारतमा हरि-हरात्मक मूर्तिहरूको स्थापना तथा आराधना गर्ने परम्परा शुरु भएको थियो। यसैको प्रभाव परी लिच्छवि राजा गणदेवको राज्यकालमा यहाँ पनि भगवान् 'हरिहर'को पूजा तथा आराधना गर्ने प्रचलन शुरु भएको पाइन्छ। पशुपति मन्दिरनजिकै आधा अङ्ग 'हरि' अर्थात् विष्णु र आधा अङ्ग 'हर' अर्थात् शिव भएको एउटा हरिहरात्मक मूर्तिको निर्माण यिनैताक भएको देखिन्छ।

यतिवेला स्थापित भएको उक्त मूर्ति आजसम्ममा स्थापनास्थलबाट गायब भैसकेको छ तापनि त्यसै मूर्तिको पादपीठमा त्यसैको प्रतिरूप अर्को नयाँ मूर्ति स्थापना भएको र पादपीठमा उत्कीर्ण भएको तात्कालिक शिलाभिलेख भने आजसम्म पनि त्यहीँ नै रहिरहेको पाइन्छ। नेपालमा यतिवेला अर्का आभीर-नेता भौमगुप्त अधिनायकका रूपमा सक्रिय रहेका पाइन्छन्*(इ.सं. ५६५)*।

जतिवेला नेपाल-अधिराज्यमा आभीर-अधिनायकहरूको दवदवा चलिरहेको थियो, त्यति नै वेला भारतमा गुप्त-राजवंशका तथा मौखरी-राजवंशका राजाहरूका बीचमा शक्ति-सङ्घर्ष चलिरहेको थियो। यस समयमा मौखरी राजाहरूका अगाडि त्यहाँका गुप्त-राजवंशका राजाहरू शक्तिहीन तथा निरीह पनि बनिरहेका थिए। यसैले नेपाल-अधिराज्यमा पनि मौखरी राजाहरूको आक्रमण हुने खतरा उपस्थित हुन आइपुगेको थियो। नभन्दै नेपालमा मौखरी राजाको आक्रमण भएको, मुकाविला गर्न जाँदा आभीर-अधिनायक भौमगुप्त तथा यिनको नेतृत्वमा रहेका नेपाली सैनिकहरू पराजित भएका र अंशुवर्मा वा यिनका पूर्वाधिकारी 'सामन्त' वा 'महा-सामन्त'को रूपमा अघि सरी आक्रान्ता मौखरीहरूलाई नेपाल-अधिराज्यको सिमानावाटै भगाइदिएको झलक पाइन्छ।

यस घटनापछि आभीर-अधिनायकहरूको शक्ति चूर्ण भएकोले यस घटनाको सम्झनामा, यो घटना घटेको केही वर्षपछि नयाँ युगको आरम्भ भएको प्रतीकस्वरुप वि.सं. ६३३ को कार्तिकशुक्ल-प्रतिपदा *(कार्तिक १९ गते, तदनुसार ग्रेगोरियन १२ अक्टोवर इ.सं. ५७६)* देखि आरम्भ हुने गरी नयाँ देखा परेका 'महासामन्त' अंशुवर्माद्वारा नयाँ संवत्को उठान गराइएको देखिन आएको छ। नेपालमा नै स्वतन्त्ररूपमा उठान भएकोले यस संवत्लाई :– "पुरानो नेपाल-संवत्" भनी भन्नु उपयुक्त देखिन्छ। यसरी आफ्नो छुट्टै स्वतन्त्र राष्ट्रिय-संवत्को प्रचलन आरम्भ गराउनुलाई पनि नेपाली नागरिकहरूमा रहेको स्वतन्त्र सांस्कृतिक-प्रवृत्तिको परिचायक नै मान्न सकिन्छ।

यसपछि इ.सं. ५९३ को आसपासतिरको चाँगुमा उपलब्ध रहेको अर्को एउटा शिलालेखमा लिच्छवि राजा शिवदेव*(प्रथम)* राजसिंहासनमा विराजमान भैरहेका मुकुटधारी राजा र 'श्रीसामन्त' अंशुवर्मा नेपाल-अधिराज्यका प्रमुख हर्ताकर्ताका रूपमा सर्वप्रथम प्रकट हुन्छन्। पछि लिच्छवि राजा शिवदेव*(प्रथम)* देखिँदैनन् र 'महासामन्त'

अंशुवर्मा स्वयं नै मुकुटधारी राजाको रूपमा देखापर्दछन् । 'श्री सामन्त'अंशुवर्मा देखापरेपछिको राजा शिवदेव*(प्रथम)* को १२ वर्षजतिको शासनकालको बीचमा पनि 'महा-सामन्त' अंशुवर्माको राजनीतिक शक्तिको साथै प्रभाव पनि क्रमशः बढ्दै आइरहेको, यिनैको आग्रहद्वारा राजा शिवदेव*(प्रथम)* ले शासन-व्यवस्थाहरूमा क्रमिक रूपमा सुधारहरू गर्दै ल्याइरहेका र नेपाल-अधिराज्यको सांस्कृतिक परम्परा भने यथावत्‌रूपमा चल्दै रहेको पाइन्छ ।

जुन समयमा उत्तरी भारतमा गुप्त-राजवंका तथा मौखरी-राजवंशका राजाहरूका बीचमा शक्ति-सङ्घर्ष चर्किरहेको थियो, त्यसै समयमा उता हिमालयपारि तिब्बतमा पनि एउटा नयाँ राष्ट्रको उत्थान भैरहेको थियो । यसै क्रममा त्यहाँका दोस्रा राजा 'स्रङ्-चङ्-गम्पो'ले तिब्बतलाई एउटा सशक्त राज्यका रूपमा उपस्थित गराइदिँदा चीन तथा भारतमा पनि हलचल मच्चिएको थियो । यसै अवस्थामा भारतमा गुप्त-राजवंशका राजाले मौखरी-राजवंशका राजालाई र मौखरीका सम्बन्धित 'कन्नोज' राज्यका शक्तिशाली राजा हर्षवर्द्धनले गुप्त राजाहरूलाई पराजित गरी विजयको स्मारकस्वरूप इ.सं. ६०५ देखि 'हर्ष-संवत्'को रूपमा नयाँ संवत्‌को उठान गर्दा 'महासामन्त' अंशुवर्माले पनि सम्भवतः मौखरी राजाहरूमाथि आफूले विजय प्राप्त गरेको स्मारकस्वरूप इ.सं. ५७६*(वि.सं. ६३३)* देखि उठान हुने गरी यसै वर्षदेखि उपर्युक्त 'पुरानो नेपाल-संवत्' को प्रचलन शुरु गराएको झलक पाइन्छ । आजसम्म प्राप्त भएका प्रमाणहरूअनुसार यस नयाँ संवत्‌को पहिलो प्रयोग नै :– "संवत् २९ ज्येष्ठशुक्ल-दशमी"को रूपमा भएको पाइन्छ। नयाँ संवत् उल्लेख भएका यो मितिभन्दा अगाडिका शिलालेखहरू उपलब्ध हुन सकिरहेका छैनन् ।

यसरी उत्तरी-भारतमा सम्राट् हर्षवर्द्धनको र तिब्बतमा राजा स्रङ्-चङ्-गम्पोको शक्तिशाली राज्यहरूको उत्थान हुँदा नेपाल-अधिराज्यको स्वातन्त्रचको आकाशमा सङ्कटका काला बादलहरू एकाएक देखापर्न थालेका थिए । यस स्थितिमा राजा शिवदेव*(प्रथम)* सँगको आफ्नो द्वैत-शासनलाई कायमै राखिराख्नु उचित नहुने देखी राजा शिवदेव*(प्रथम)* लाई हटाएर 'महासामन्त' अंशुवर्माले स्वयंले नै राजमुकुट धारण गरेको*(इ.सं.६०५)*, राजमुकुट धारण गरेपछि पनि नवस्थापित राजा अंशुवर्माको राज्य-प्रशासन १६ वर्षजति कायमै रहिरहेको र यस राजनीतिक परिवर्तनकालमा पनि नेपाल-अधिराज्यको सांस्कृतिक-परम्परा भने यथावत्‌रूपमा नै प्रवाहित हुँदै आएको पाइन्छ।

'महासामन्त' अंशुवर्माका प्रशासन-कालका पर्याप्त शिलालेखहरू काठमाडौं उपत्यका तथा यसका आसपासका क्षेत्रहरूमा यत्रतत्र उपलब्ध रहेकाछन्। यी शिलालेखहरूलाई राजनीतिक दृष्टिकोण अनुसार मुख्य गरी दुई समूहमा विभक्त गर्न सकिन्छ । पहिला-थरी शिलालेखहरूमा 'श्री सामन्त' वा 'श्री महासामन्त'को हैसियतले यिनी राजा शिवदेव*(प्रथम)* का मन्त्रीका रूपमा मात्र शक्तिशाली प्रशासक भएर लिच्छवि-

अधिराज्यको शासनसूत्र सञ्चालन गरिरहेका पाइन्छन्। दोस्रा-थरी शिलालेखहरूबाट राजा शिवदेव*(प्रथम)* नेपाल-अधिराज्यको राजनीतिक रङ्गमञ्चबाट एकाएक तिरोहित भएका र 'महासामन्त' अंशुवर्मा स्वयं नै मुकुटधारी राजा समेत बनेर नेपाल-अधिराज्यको राज्यप्रशासनलाई फूर्तिका साथ सञ्चालन गरिरहेका देखिन्छन्।

पहिला-थरी अभिलेखहरू इ.सं. ५९४ *(शक-संवत् ५१६)* देखि इ.सं. ६०४ *(शक-संवत् ५२६)* सम्मका प्राप्त भएका छन् भने दोस्रा-थरी अभिलेखहरू इ.सं. ६०५ *(संवत् २९)* देखि इ.सं. ६२२ *(संवत् ४५)* सम्म लगातार पाइन्छन्। 'महासामन्त' अंशुवर्माको नामबाट स्वतन्त्ररूपमा सर्वप्रथम प्रसारित भएको इ.सं. ६०५ *(संवत् २९ जेठ)* को अभिलेखमा राजा शिवदेव*(प्रथम)* प्रच्छन्न रहेको सङ्केत पाइन्छ। यस समयमा यिनको देहान्त भएको लक्षण देखिँदैन। यसप्रकार कमसेकम २८ वर्षसम्म नेपाल-अधिराज्यमा 'महासामन्त' अंशुवर्माको प्रभावशाली राज्य-प्रशासन सञ्चालित रहेको देखिन्छ।

अंशुवर्माले सर्वप्रथम 'श्री सामन्त'को रूपमा नेपाल-अधिराज्यको राजनीतिक रङ्गमञ्चमा प्रवेश गरेका थिए। यस समयमा यिनको उमेर ३५ वर्षको आसपास रहेको झलक पाइन्छ। राजा शिवदेव*(प्रथम)* सँग मिली संयुक्तरूपमा प्रसारित गराएको एक अभिलेखमा यिनले आफूलाई – *"स्वपराक्रमोपशमितामित्र-पक्षप्रभावेन"* अर्थात् – "आफ्नै पराक्रमद्वारा शत्रुहरूको प्रभावलाई नष्ट पारेको" भन्ने उल्लेख गराएका छन्। यस्तै अर्को एउटा अभिलेखमा यिनको निमित्त – "ठूलो लडाइँको मैदानमा विजय प्राप्त गरी उपलब्ध भएको शूरताले गर्दा सम्पूर्ण शत्रुपक्षको प्रभावलाई नष्ट पारिदिएका"[४] भन्ने विशेषणको प्रयोग भएको पाइन्छ। अर्को एउटा अभिलेखमा –"आफ्नो बाहुबलद्वारा शत्रुहरूको उन्मूलन गराएका"[६] भन्ने विशेषण लगाइएको पाइन्छ। यस्तै अझै अर्को अभिलेखमा यिनले आफूलाई – "ढोग्नको निमित्त अघिसर्ने सामन्त राजाहरूको मुकुटमा जडिएका मणिहरूको चमकले गर्दा आफ्नो पाउलाई नै झलमल्ल तुल्याएका"[७] भन्ने विशेषणको प्रयोग गराएका छन्। साथै यिनले शुरुदेखि नै आफ्ना शिलालेखहरूमा आफूलाई – *"बप्पपादानुध्यातः" अर्थात्* – "आफ्ना पिताजीको पाउबाट अनुग्रह पाएको" भनी लेखाएका छन्। उपर्युक्त सबै अभिव्यक्तिहरूबाट ठूलै शक्ति-सङ्घर्षपछि पैतृक उत्तराधिकारमा मात्र यिनी राजसत्तामा आएका र आभीर-अधिनायकहरूको दमनमा यिनले वा यिनका पूर्वाधिकारीले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको प्रमाणित हुन आएको छ।

महा-सामन्त अंशुवर्मा एक सचेत राजनीतिज्ञ देखिन्छन्। प्रशासन-कुशलता पनि यिनमा पर्याप्तमात्रामा रहेको पाइन्छ। आफू राजवंशका नभएकाले आफ्ना प्रतिद्वन्द्वी आभीरहरूका सामाजिक तथा राजनीतिक प्रभावहरूद्वारा आफ्नो विरुद्धमा विद्रोह हुने पो हो कि ? भन्ने भय यिनलाई आजीवन रहिरहेको झलक पाइन्छ। सम्भवतः यसैले होला, आफ्ना सर्वसाधारण नागरिकहरूलाई प्रसन्न राखिराख्नको निमित्त यिनी आफ्नो

राज्यकालमा उनीहरूलाई विभिन्न किसिमका अधिकार एवं सुविधाहरू उपलब्ध गराउँदै रहेका पाइन्छन्। शिलालेखमा उल्लेख भएको यिनको आफ्नै भनाइअनुसार – "आफ्ना प्रजाहरू कसरी सुखी रहन्छन् ? र कसरी उनीहरूको हित हुन्छ ?" भन्ने कुरामा यिनी सदैव चिन्तित रहिरहेका हुन्थे[८]। आफ्नो यसै नीतिअनुसार यिनले आफ्नो सम्पूर्ण प्रशासनकाल राज्यका व्यवस्थाहरू सुदृढ गराउनुको साथै राज्यमा सुख-समृद्धि ल्याउनमा नै बिताएको पाइन्छ।

यसबाट यिनी सर्वसाधारण नागरिकहरूका हितचिन्तक एवं सुयोग्य प्रशासकका रूपमा पनि देखापरेका छन्। यिनको दृढ एवं शान्तिमय प्रशासनकालमा विद्या, वैभव, उद्योग, व्यवसाय तथा कला-कौशलहरूको भरपूर विकास भई नेपाल-अधिराज्य निकै नै समृद्ध भएर रहेको स्पष्ट देखिन्छ। यिनले आफूलाई गर्वका साथ :– *'श्रीकलहाभिमानी'* अर्थात् :– "लक्ष्मीसँग झगडा गर्नमा गौरव मान्ने" सरस्वतीका उपासकका रूपमा पनि उपस्थापित गराएका छन्।

दुईवटा शक्तिशाली राज्यहरूको बीचमा रहेको यतिवेलाको नेपालको सानो लिच्छवि-राज्य कसरी स्वतन्त्र तथा सार्वभौमसत्ता-सम्पन्न पनि भएर रहन सक्यो होला र ? भन्ने तर्कनाको आधारमा भारतीय विद्वान् पं. भगवान्लाल इन्द्राजी दास :– "अंशुवर्माको समयको नेपाल, सम्राट् हर्षवर्द्धनको अधीनमा रहेको थियो" भन्ने कल्पना गर्न पुगेका छन्। यसको निमित्त यिनले संस्कृत-साहित्यका सुप्रसिद्ध कवि वाण भट्टद्वारा रचना गरिएको 'हर्षचरित'को – *"अत्र परमेश्वरेण तुषारशैलभुवो दुर्गाया गृहीत: कर:"* भन्ने श्लेषमय वाक्यलाई अघि सारेका छन्। यस वाक्यको :– "परमेश्वर अर्थात् भगवान् शिवले हिमालयपुत्री दुर्गा*(पार्वती)* को पाणिग्रहण गरे" भन्ने सामान्य अर्थ नगरेर यिनले :– "परमेश्वर अर्थात् राजा हर्षवर्द्धनले हिमाली भूभागहरूको शुल्कहरू असुल गरे" भन्ने क्लिष्ट कल्पना मात्र नगरेर आफ्नो यस मतको पुष्टिको निमित्त यिनी नेपालमा तत्काल प्रचलनमा रहेको 'पुरानो नेपाल-संवत्'लाई यो 'हर्ष-संवत्' हो भन्ने निर्णय गर्न समेत अग्रसर भएका पाइन्छन्।

यस्तै फ्रान्सेली विद्वान् सिलभ्याँ-लेभी पनि यस समयको नेपाल-अधिराज्य सम्राट् हर्षवर्द्धनको अधीनमा नभएर नवोदित तिब्बत-राज्यको करद-राज्यको रूपमा रहेको हुनुपर्दछ भन्ने अड्कल काट्न पुगेका छन्। आफ्नो यस मतको पुष्टिको निमित्त यिनले पनि तात्कालिक नेपाली शिलालेखमा प्राप्त भएको 'भोट्ट-विष्टि' शब्दलाई प्रमाणको रूपमा अघि सारेका छन्। यिनको तर्कनाअनुसार तात्कालिक नेपाल-सरकारले भोट-सरकारलाई बुझाउनुपर्ने कर नै 'भोट-विष्टि' हो। तर यो कुरा सत्य होइन। यथार्थमा – सरकारी कामकाजहरूको सन्दर्भमा भोटतर्फ जाने सरकारी कर्मचारीहरूको निमित्त अनिवार्य रूपमा – विना पारिश्रमिक – गर्नुपर्ने काम नै 'भोट्ट-विष्टि' देखिन्छ। 'विष्टि' वा वेठी-प्रथाको प्रचलन नेपाल-अधिराज्यमा पछि राणाकालसम्म पनि चल्दै आइरहेको पाइन्छ।

जसले जे भने पनि महासामन्त अंशुवर्मा स्वयंले भने आफूलाई :– *"अनन्य-नरपति-सकरानतिः"* अर्थात् – "अन्य कुनै पनि राजाहरूलाई हात जोडेर प्रणाम गर्नको निमित्त अघि नसर्ने" भनी गर्वसाथ उल्लेख गराएबाट त्यतिवेलाको नेपाल सर्वात्मना स्वतन्त्र तथा सार्वभौमसत्तासम्पन्न पनि भएर रहेको थियो भन्नेमा कुनै पनि सन्देह रहेको छैन ।

महासामन्त अंशुवर्मा लिच्छवि-परिवारका थिएनन् । 'वर्मा'न्त नामले नै यिनलाई 'देवा'न्त नाम भएका लिच्छवि राजाहरूको पङ्क्तिदेखि अलग तुल्याइदिएको पाइन्छ । पछिल्ला नेपाली वंशावलीहरूले यिनलाई राजा शिवदेव*(प्रथम)* का भानिज बताएको छ । यो कहाँसम्म सत्य हो, यसै भन्न सकिँदैन । जेहोस्, लिच्छवि तथा आभीरहरूलाई पनि पन्छ्याएर यिनी वा यिनका पूर्वाधिकारी कुनै सामन्त अधिनायकका रूपमा नेपाल-अधिराज्यको राजसत्तामा आएकोमा भने कुनै पनि सन्देह रहेको छैन । सम्भवतः यिनका कुनै पुरुष सन्तान थिएनन् । यसैले लिच्छवि राजवंशका नै 'उदयदेव' नामक एक-जना लिच्छवि-कुमारलाई यिनले आफ्नो उत्तराधिकारी एवं 'युवराज'का रूपमा नियुक्त गरेको झलक पाइन्छ ।

'कैलासकुट-भवन' नामक नयाँ राजभवनको निर्माण महासामन्त अंशुवर्माको राज्यकालमा नै सम्पन्न भएको थियो । अंशुवर्माको देहान्तपछि यिनका उत्तराधिकारीका रूपमा युवराज उदयदेव 'कैलासकूट-भवन'मा रहेको राजसिंहासनमा नै विराजमान भएका पाइन्छन् । केही महिनासम्म त राजा उदयदेवको राज्यकाल पनि शान्तिपूर्वक नै चल्दै रहेको झलक पाइन्छ, तर वर्ष-दिन पनि वित्न नपाउँदै 'यूपग्राम' भेगका 'सामन्त' भएर रहेका 'चन्द्रवर्मा गोमी'ले महासामन्त अंशुवर्मादेखि असन्तुष्ट रहँदै आइरहेका त्यहाँका केही प्रभावशाली नागरिकहरूसँग मिली लिच्छवि राजा उदयदेवको विरुद्धमा विद्रोहको झण्डालाई सशक्तरूपमा उचालिदिएको सङ्केत पाइन्छ ।

लिच्छविहरूका प्रतिस्पर्धी आभीर-वर्गका नागरिकहरू पनि यस्तै उपयुक्त अवसरको प्रतीक्षामा बसिररहेका थिए । यिनीहरूकै सहयोगवाट पहिलेका आभीर नेता भौमगुप्तका नाति जिष्णुगुप्त आभीरले राजा उदयदेवलाई सत्ताच्युत गरी 'ध्रुवदेव' नामक अर्का एक-जना लिच्छवि-कुमारलाई राजाको रूपमा मानगृहमा रहेको राजसिंहासनमा विराजमान गराई पुनः कैलासकूट-भवनको राज्यसत्तामा आएको देखिन आएको छ ।

लिच्छवि-राजा ध्रुवदेव पनि थपनाका मात्र राजा थिए । यिनमा राजनीतिक अधिकार कत्ति पनि थिएन । यिनलाई मानगृहमा रहेको पुरानो राजसिंहासनमा विराजमान गराई जिष्णुगुप्त आभीर स्वयं भने नयाँ निर्माण भएको कैलासकूट-भवनमा रही सर्वाधिकारसम्पन्न अधिनायकका रूपमा नेपाल-अधिराज्यको राज्य-प्रशासन

सञ्चालन गर्न थालेका पाइन्छन् । पहिलेका आभीर-अधिनायकहरू तथा नवस्थापित आभीर अधिनायक जिष्णुगुप्तको अधिकार एवं शक्तिमा पनि निकै नै अन्तर रहेको पाइन्छ । पहिलेका आभीर-अधिनायकहरू राजसिंहासनमा विराजमान भएर रहेका लिच्छवि राजाहरूलाई पूरा सम्मान गर्ने गर्दथे र आफूलाई राजाहरूभन्दा तल्लो तहको प्रशासक हुँ भनी सम्झने गर्दथे । तर जिष्णुगुप्त आभीर भने आफूलाई लिच्छवि राजा ध्रुवदेवको समकक्षमा उपस्थित गराएर मात्र नपुगी :– "यथार्थमा राजा ध्रुवदेवभन्दा म नै माथिल्लो तहको प्रशासक हुँ" भन्ने प्रच्छन्न दावी गर्न पनि पछि परेका देखिँदैनन् । आफ्नो एउटा शिलालेखमा यिनले आफ्नो निमित्त :– "राजामा हुनुपर्ने असुलभ गुणहरूले सिँगारिएका[१]" भनी प्रशस्तिगान गाउन लगाएको पाइन्छ ।

राजसिंहासनमा विराजमान भएर रहेका लिच्छवि राजाहरू 'महाराजाधिराज' हुने परम्परा पहिलेदेखि नै चलिसकेको थियो, तर यिनले भने लिच्छवि राजा ध्रुवदेवलाई 'महाराजाधिराज'को रूपमा प्रस्तुत नगरेर 'महाराज' वा 'भट्टारक'को रूपमा मात्र प्रस्तुत गरेका छन् । पहिलेका अधिनायकहरू राजसिंहासनमा विराजमान भएर रहेका वास्तविक राजाहरूलाई विन्ती गरेर उनीहरूकै नामबाट जनताका नाममा आदेशहरू प्रसारित गराउने र सुविधाहरू पनि दिलाउँने गर्दथे, यिनी भने राजसिंहासनमा विराजमान भएर रहेका वास्तविक लिच्छवि राजालाई विन्ती गर्नु त परैरहोस्, राजाको भन्दा आफ्नो नै बढी गुणगान गवाउन थालेका र आफ्नै नामबाट आज्ञापत्रहरू प्रसारित गराउन थालेका पाइन्छन् । यतिञ्जलेसम्म लिच्छवि राजाहरूका नामबाट मात्र प्रसारित हुँदै आइरहेका मुद्रा वा सिक्काहरू यिनले आफ्नै नामबाट प्रसारित गराउन थालेको पनि पाइन्छ । यसलाई आभीर-अधिनायकवादको पराकाष्ठाभन्दा वाहेक के पो भन्न सकिन्छ र ?

राजा ध्रुवदेव आभीर-अधिनायक जिष्णुगुप्तद्वारा मनोनीत गरिएका शक्तिहीन लिच्छवि राजा थिए । यसैले जिष्णुगुप्त आभीरले यिनका उत्तराधिकारीलाई 'युवराज' घोषित नगरी आफ्ना छोरा विष्णुगुप्त आभीरलाई नै आफ्ना उत्तराधिकारीका रूपमा नियुक्त गरेर यिनलाई नै 'युवराज'को उपाधि समेत प्रदान गरेको देखिन्छ । हुन पनि जिष्णुगुप्त आभीरका नामबाट जति पनि शिलालेखहरू प्रसारित भएका पाइएका छन्, ती सबैमा 'दूतक' अर्थात् सन्देशवाहकका रूपमा 'युवराज विष्णुगुप्त'को नाम नै उल्लेख भएको पाइन्छ । यसै स्थितिमा पुगनपुग ९ वर्षको राज्यकालपछि लिच्छवि राजा ध्रुवदेवको स्वर्गवास भएर हो वा नजाने किन हो ? इ.सं. ६३२ को अन्त्य *(संवत् ५५ आश्विन)* मा 'मानगृह'मा रहेको राजसिंहासनमा 'भीमार्जुनदेव' नामक अर्का लिच्छवि-कुमार राजाको रूपमा विराजमान भएर रहेका पाइन्छन् ।

यसै अवस्थामा, भीमार्जुनदेव राजसिंहासनमा बसेको करीब तीन वर्षजति पछि जिष्णुगुप्त आभीरको राज्यसत्ताको अन्त्य भयो र यिनका छोरा युवराज विष्णुगुप्त

आभीरले अधिनायकको रूपमा नेपाल-अधिराज्यको शासनसूत्रलाई आफ्नै हातले दृढतापूर्वक सम्हाले। मानगृहमा रहेको राजसिंहासनमा भने यसपछि पनि राजा भीमार्जुनदेव नै विराजमान भैरहेका पाइन्छन्। विष्णुगुप्त आभीर सर्वप्रथम इ.सं. ६३४ को आरम्भ*(संवत् ५७ फागुन)* को अभिलेखमा अधिनायकका रूपमा देखापरेका छन्। तर यिनको प्राप्त भएको यो पहिलो शिलालेखमा नै वैधानिक लिच्छवि राजा भीमार्जुनदेवको नाममात्र उल्लेख भएर यिनले स्वयं नै शक्तिशाली अधिनायकका रूपमा आज्ञापत्रहरू प्रसारित गराइरहेको पाइन्छ। यसपछिका अन्य शिलालेखहरूमा पनि राजाका रुपमा वैधानिक राजा भीमार्जुनदेवको सामान्य उल्लेख मात्र पाइन्छ। अधिनायका रूपमा विष्णुगुप्त आभीर नै नेपाल-अधिराज्यमा सर्वेसर्वा प्रशासक भएर देखापरेका पाइन्छन्।

जिष्णुगुप्त आभीर – *'तत्पुरस्सरः'* अर्थात् – "उहाँ*(राजा)* लाई अग्रसर गराएर" भनी मानगृहको राजसिंहासनमा विराजमान भएर रहेका वास्तविक लिच्छवि-राजाको सम्मान गर्दै आफ्ना शिलालेखहरूमा उनको नाम पहिले उल्लेख गराएर पछिबाट मात्र आफ्नो नाम उल्लेख गराउने गर्दथे, तर यिनले भने राजाको नाम उल्लेख गरे पनि – *'तत्सहितः'* अर्थात् "उहाँ*(राजा)* समेत भएर" भनी आफूलाई वैधानिक रूपमा पनि राजा भीमार्जुनदेवकै समकक्षमा राखेका छन्। यसबाट विष्णुगुप्त आभीरको अधिनायकवाद जिष्णुगुप्त आभीरको अधिनायकवादभन्दा निकै नै बढे-चढेको स्पष्टरूपमा नै देखिन्छ।

प्रसिद्ध चिनियाँ तीर्थयात्री हुएन्-त्साङ् भारत-भूमिमा रहेका विभिन्न अध्ययनकेन्द्र तथा बौद्ध-तीर्थस्थलहरूको भ्रमण गर्दै विष्णुगुप्त आभीरकै प्रशासन-कालमा इ.सं. ६३७ को आसपासमा काठमाडौं उपत्यकामा आइपुगेका थिए। यिनले आफ्नै आँखाले प्रत्यक्ष देखेको तात्कालिक नेपाल-अधिराज्यको जुन सजीव वर्णन गरेका छन् त्यो निकै नै रोचक रहेको छ। आफ्नो यात्रावर्णनमा यिनले लेखेका छन् :–

"हिमाच्छादित-पर्वतमालाको नजिक, ४००० ली*(१३०० माइल)* जतिको घेरामा नेपाल-अधिराज्यको अवस्थिति रहेको पाइन्छ। यसको राजधानीको घेरा २० ली *(६.५ माइल)* जति होला। नेपाल-अधिराज्यमा पाहाड तथा भञ्ज्याङ्गहरू अविच्छिन्नरूपमा प्रायः समानान्तरमा फैलिएर रहेका छन्। यहाँको हाबा-पानी चिसो छ। यहाँ खाद्यान्न तथा फलफूलहरूको कुनै कमी छैन। तामा, चौंरीगाई र मिङ्मिङ् पंक्षीहरू यहाँ प्रसस्तमात्रामा पाइन्छन्। व्यापार चलाउनको निमित्त यहाँ तामाका सिक्काहरू प्रचलनमा रहेका छन्। यहाँका नागरिकहरूमा सत्यता तथा इमान्दारी त्यतिसाऱ्हो पाइँदैन। नेपाली नागरिकहरू त्यति शिक्षित पनि छैनन् तर कला-कौशलका कामहरूमा भने निकै नै निपुण देखिन्छन्। यिनीहरूको मुखाकृति आकर्षणविहीन तथा भद्दा पाइन्छ। यहाँ बौद्ध-विहार तथा देव-मन्दिरहरू साथसाथै रहेका भेटिन्छन्।"

चिनियाँ तीर्थयात्री हुएन्-त्साङ्ले अगाडि लेखेका छन् :– "यहाँ लिच्छवि-कुलमा जन्मेका क्षत्रिय राजाहरू राज्य गर्ने गर्दछन्। यिनलाई धेरै कुराहरूको ज्ञान छ।

यिनीहरू वौद्धधर्मप्रति पनि आस्था राख्ने गर्दछन् । हालसालै यहाँ अंशुवर्मा नामक राजा भएका थिए। यिनी निकै सचेत तथा नीतिज्ञ पनि रहेछन्। यिनी स्वयं नै विद्वान् थिए र अन्य विद्वान्हरूलाई पनि आदर गर्ने गर्दथे। यिनले स्वयं नै शब्दशास्त्रसम्वन्धी एउटा ग्रन्थको रचना गरेका रहेछन्। यिनको प्रताप र प्रतिभाको कीर्ति अहिले पनि टाढा-टाढासम्म फैलिइरहेको छ।"

जिष्णुगुप्त आभीर तथा यिनका छोरा विष्णुगुप्त आभीरको २१ वर्ष जतिको प्रशासनकाललाई पनि मध्य-लिच्छविकालको शान्ति एवं सुखमयकाल नै मान्न सकिन्छ। यिनीहरूको प्रशासन-व्यवस्था पनि राम्रै नै रहेको देखिन्छ। महासामन्त अंशुवर्माले जस्तै यिनीहरूले पनि आफ्ना प्रजाहरूको हित गर्नुलाई नै आफ्नो प्रमुख कर्तव्य सम्झँदै आइरहेको पाइन्छ। यसको निमित्त यिनीहरूले 'ग्राम' तथा 'द्रङ्ग' *(नगरोन्मुख गाउँ)* हरूलाई केही थप स्थानीय अधिकारहरू प्रदान गर्दै आइरहेका थिए र सिँचाई तथा यातायात आदिको सुविधामा पनि निकै नै सुधार गर्दै ल्याइरहेका थिए। फलस्वरूप कला-कौशल, उद्योग-व्यवसाय तथा कृषि एवं वाणिज्यको क्षेत्रमा पनि राम्रो विकास भई यतिवेलाको नेपाल निकै नै समृद्ध भएर रहेको देखिन्छ। यति सवै भएर पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाचक्रहरूले गर्दा आभीर अधिनायकहरूको पतनलाई नजिकै ल्याइदिएको थियो। तर विष्णुगुप्त आभीरले यस वस्तुस्थितिको यथार्थ मूल्याङ्कन गर्न सकिरहेका थिएनन्।

पदच्युत भएका राजा उदयदेव शरणार्थीका रूपमा सम्भवतः तिब्वतमा पुगेका थिए। यतिञ्जेलसम्ममा यिनको देहान्त भैसकेको थियो तापनि यिनका छोरा पदच्युत युवराज नरेन्द्रदेव यिनताकसम्ममा त्यहीँ नै वयस्क भैसकेका थिए। यसैवेला पश्चिमतर्फको घुमाउरो बाटो गरी चीनको राजधानी पेकिङ्मा पुगेको सम्राट् हर्षवर्द्धनको दूतमण्डल नयाँ खुलेको तिब्वततर्फको छोटो वाटो भई फर्किएको, तर विष्णुगुप्त आभीरले यस दूतमण्डललाई नेपाल-अधिराज्यभित्र प्रवेश गर्नको निमित्त अनुमति प्रदान गर्न आनाकानि गरिदिँदा तिब्वत-राज 'स्रङ्-चङ्-गम्पो'को निमित्त यस दूतमण्डललाई वलपूर्वक नै नेपाल-अधिराज्यको वाटो गरी भारततर्फ पठाउनुभन्दा वाहेक अर्को विकल्प बाँकी रहेको थिएन। यसैले तिब्वतमा रोकिएको भारतीय-दूतमण्डललाई पदच्युत युवराज नरेन्द्रदेवको नेतृत्वमा नेपालतर्फ पठाइदिन तिब्वत-राज राजा स्रङ्-चङ्-गम्पो विवश भएका पाइन्छन्।

राजा स्रङ्-चङ्-गम्पोकै आग्रह एवं सहयोग अनुसार पदच्युत युवराज नरेन्द्रदेव भारतीय दूतमण्डलका साथ नेपाल-अधिराज्यको तात्कालिक राजाधानी यूपग्राम *(वर्तमान पाटन शहर)* मा वलपूर्वक उत्रदाँ त्यहाँका नागरिकहरू यिनलाई स्वागत गर्नको निमित्त उत्साहका साथ अग्रसर भएका पाइन्छन्। यस्तो विषम परिस्थितिमा

विष्णुगुप्त आभीरको निमित्त भूतपूर्व युवराज नरेन्द्रदेवलाई नेपाल-अधिराज्यभित्र प्रवेश गर्नबाट रोक्नु सजिलो काम थिएन। यसको निमित्त यिनले सक्दो प्रतिरोध गरेका, तर केही नलागी अन्त्यमा आफ्नो हातमा रहेको नेपाल-अधिराज्यको शासनसूत्रलाई परित्याग गर्न यिनी विवश भएका पाइन्छन्।

पाटन भन्सार-चोकमा स्थापित भएको इ.सं. ६६४ को आरम्भको *(संवत् ६७ पौषको)* नवस्थापित राजा नरेन्द्रदेवको आफ्नै शिलालेखमा उल्लेख भएअनुसार यिनले – "जोसका साथ लडाइँ लड्नको निमित्त अघि सरेका वीर सैनिकका भाला एवं वाणहरूले घाइते भएका हात्ती तथा घोडाहरू तर्सिएर छिन्नभिन्न भएको लडाइँको मोर्चामा अरुहरूको निमित्त लोभलाग्दो पराक्रमद्वारा" आफ्ना विपक्षीहरूलाई पराजित गरेका थिए[१०]।

जेहोस्, कैलासकूट-भवनमा रहेको राज्यासनबाट विष्णुगुप्त आभीर हट्ने बित्तिकै यिनीहरूले थपना गरेका लिच्छवि राजा भीमार्जुनदेव पनि मानगृहमा रहेको राज-सिंहासनबाट स्वतः नै हटेका पाइन्छन्। यस प्रकार मध्य-लिच्छविकालिक नेपालमा लिच्छवि तथा आभीरहरूको द्वैतप्रशासनको अन्त्य भई चन्द्रवंशी आभीरहरूको प्रशासन सदाको निमित्त समाप्त भयो र नेपाल-अधिराज्यकी राजलक्ष्मीले लिच्छवि-कुमार पदच्युत युवराज नरेन्द्रदेवलाई नै 'महाराजाधिराज'को रूपमा वरण गरिन्।

मध्य-लिच्छविकालभर पनि नेपाल-अधिराज्यमा विभिन्न तान्त्रिक-सम्प्रदायहरूको प्रचार तथा प्रसार पनि भैरहेको पाइन्छ। दक्षिणी भारतमा उत्थान भएको बौद्धधर्मको 'वज्रयान-सम्प्रदाय' यसै समयमा नेपाल-अधिराज्यमा आइपुगेको देखिन्छ। यिनैताक बनेका भगवान् 'अवलोकितेश्वर'का अनेकौं मूर्तिहरू यस तथ्यका प्रमाणका रूपमा उपस्थित भएका छन्। पूर्व-लिच्छविकालमा भगवान् पशुपति, 'शिव' अर्थात् कल्याण-कारी देवताका रूपमा नेपाल-अधिराज्यका एक सामान्य देवता थिए, महासामन्त अंशुवर्माको प्रशासनकालदेखि यिनी नेपाल-अधिराज्यका राष्ट्रिय-देवताको रूपमा प्रतिष्ठित भएका पाइन्छन्। आफ्नो पहिलो स्वतन्त्र अभिलेखमा नै महासामन्त अंशुवर्माले आफूलाई गर्वका साथ :–"*भगवत्पशुपतिभट्टारक-पादानुगृहीतः*" अर्थात् :– "भगवान् पशुपतिको पाउबाट अनुग्रह पाएको" भनी उल्लेख गराएका छन्।

शाक्त-सम्प्रदायको प्रचार तथा प्रसार पनि यस समयसम्ममा नेपाल-अधिराज्यमा व्यापकरूपमा प्रचलित भैसकेको पाइन्छ। वैदिक सनातनधर्मको पौराणिक-सम्प्रदायले तात्कालिक समाजमा ब्राह्मण, क्षत्रिय तथा वैश्यहरूलाई मात्र महत्त्व दिएको थियो, शाक्त-सम्प्रदायले भने शूद्रहरूलाई पनि आफ्नो धार्मिक-सम्प्रदायमा स्थान दिएकोले यस समयदेखि नेपाल-अधिराज्यमा सामाजिक सद्भाव अपेक्षाकृत उदार हुन थालेको लक्षण देखिन्छ।

नेपालको सांस्कृतिक परम्परा

यिनताक नेपाल-अधिराज्यमा वौद्धविहार तथा पौराणिक-सम्प्रदायका देव-मन्दिरहरू पनि साथसाथै रहेका थिए र दुवै धर्म तथा सम्प्रदायहरू समानरूपमा प्रचलित रहेका थिए भनी नेपाल-अधिराज्यको यात्रा गर्ने तात्कालिक चिनियाँ तीर्थयात्रीहरूले आ-आफ्ना भ्रमण-वृत्तान्तहरूमा लेखेर गएका छन्। तात्कालिक नेपाली प्रशासकहरूद्वारा वौद्धविहार तथा सनातनी देवमन्दिरहरूलाई समानरूपले आदर गर्ने गरिएको पाइएबाट चिनियाँ तीर्थयात्रीहरूले दिएका उपर्युक्त विवरणहरूको सत्यता प्रमाणित हुन्छ। तर यहाँ याद राख्नुपर्ने कुरा के छ भने यस समयसम्म पनि नेपालमा किरात-वर्गका 'नेपार' वा नेवारहरू र लिच्छवि, विदेह, शाक्य आदि भारतीय-मूलका आर्यहरूले मात्र धर्म-विशेषलाई ग्रहण गरेका थिए, 'नेपार' वा नेवारहरूभन्दा वाहेकका यहाँका किरात-वर्गका अन्य नागरिकहरूले बौद्ध वा सनातन कुनै पनि धर्म-विशेषलाई ग्रहण गरेको लक्षण देखिँदैन।

यहाँका आदिम मूल-निवासी 'नेपार' वा नेवारहरूमा भने यतिवेला बौद्ध-धर्मावलम्वी नागरिकहरूको नै प्राधान्य रहेको आभास पाइन्छ। 'महासामन्त' अंशुवर्माले हाँडिगाउँमा स्थापित भएको आफ्नो शिलालेखमा 'पशुपति', 'चाँगु-नारायण', 'गुम्-विहार', 'मान-विहार', 'राज-विहार', 'खर्जुरिका-विहार' र 'मध्यम-विहार'हरू प्रत्येकलाई समान रूपमा ६ पुराण तथा २ पणको दरले भेटी तोकिदिएका छन्। यसप्रकार यस समयका प्रमुख तीर्थस्थलहरूमा वैदिक सनातनी मन्दिरहरूभन्दा बौद्ध-विहारहरूको नै आधिक्य रहेको र बौद्ध तथा वैदिक सनातन-धर्मावलम्वी नागरिकहरूका बीचमा सामाजिक सद्भाव तथा सौहार्दता पनि रहिरहेको स्पष्टरूपमा नै देखिन्छ।

यस समयसम्ममा नेपाल-अधिराज्यमा एउटा विशिष्ट किसिमको वास्तुशैलीको विकास भैसकेको पाइन्छ। हाल वर्मा*(म्यान्मार)* मा पाइने बौद्ध-पगोडाहरू प्राय: यसै वास्तुशैलीमा बनेका पाइने हुनाले पाश्चात्य कला-समीक्षकहरूले भ्रमवश यस वास्तुशैलीलाई 'पगोडा-शैली' भन्ने नाम दिएका छन्। तर यथार्थमा यस वास्तुशैलीको उत्थान तथा विकास पनि नेपालमा नै भएको स्पष्टरूपमा नै देखिन्छ। यसैले यस वास्तुशैलीलाई 'पगोडा-शैली' नभनेर 'मन्दिर-शैली' भन्नु उपयुक्त हुनेछ। भगवान् पशुपतिनाथको वर्तमान मन्दिर अहिलेलाई यस वास्तुशैलीको प्रत्यक्ष उदाहरण भएर रहेको छ। आजसम्म पनि नेपाल-अधिराज्यका अधिकांश भवनहरू यसै शैलीसँग मिल्दाजुल्दा वास्तुशैलीमा वन्दै रहेका पाइन्छन्।

वौद्धधर्मको साथसाथै यो वास्तुशैली पनि यसै समयदेखि नेपाल-अधिराज्यबाट सर्वप्रथम तिब्वतमा र त्यहाँबाट चीनसम्म पनि पुगी अझैपछि त्यहाँबाट दक्षिणपूर्वी एशियाका अन्य देशहरूमा पनि फैलिन पुगेकोले ती देशहरूमा यस वास्तुशैलीमा बनेका अनेकौं बौद्ध-मन्दिरहरू अझै पनि यत्रतत्र पाइँदैछन्। यसरी मध्य-लिच्छविकालिक

नेपालले वास्तुकलाको क्षेत्रमा चीन तथा तिव्वतको साथै सम्पूर्ण दक्षिण-पूर्वी एशियाको निमित्त पनि ठूलो गुन लगाएको देखिन आएको छ ।

तिव्वतमा एउटा अनुश्रुति परम्परादेखि चल्दै आइरहेको छ । यस अनुश्रुति अनुसार – "तिव्वतराज स्रङ्-चङ्-गम्पोले 'गोचा' नामक नेपाली राजाकी छोरी 'कोङ्-जो'सँग विवाह-सम्बन्ध स्थापित गरेका, यसको अर्को वर्ष यिनको चिनियाँ राजकुमारी 'वे-चिङ्'सँग पनि विवाह-सम्बन्ध स्थापित भएको र तिव्वतमा बौद्धधर्मको प्रचार तथा प्रसारमा यी दुवै राजकुमारीहरूको महत्त्वपूर्ण योगदान रहेको थियो । यसैले यी दुई राजकुमारीहरू क्रमशः 'हरित-तारा' तथा 'श्वेत-तारा'हरूका रूपमा अझैसम्म पनि आदरका साथ सम्झना गरिँदै रहेका छन् ।"

नेपाली स्रोत भने यस घटनाको सम्बन्धमा पूर्णतया मौन रहेको पाइन्छ । तात्कालिक शिलालेख वा पछिका नेपाली वंशावलीहरूमा पनि यस कुराको कतै चर्चा भएको पाइँदैन । तिव्वती अनुश्रुतिलाई नै आधार मानेर अचेल 'हरित-तारा'लाई नेपालमा 'भृकुटी' भन्ने चलन प्रचलित रहेको छ । तिव्वतमा प्रचलित रहेको यो अनुश्रुति कहाँसम्म सत्य हो ? यसै भन्न सकिँदैन । यदि यसलाई सत्य मान्ने हो भने यस समयमा नेपाल-अधिराज्यमा महासामन्त अंशुवर्माको प्रशासनकाल चलिरहेकोले हरित-तारा वा भृकुटीलाई पनि यिनैकी छोरी मान्नुपर्ने हुन्छ । तर महासामन्त अंशुवर्मा वैदिक सनातन-धर्मको शैव-सम्प्रदायका कट्टर अनुयायीका रूपमा देखिँदा देखिँदै यिनकी छोरी बौद्धधर्मकी यति ठूली उपासिका भइन् होलिन् भन्नु त्यति सम्भव देखिँदैन ।

अंशुवर्माजस्ता प्रतापी राजाले भेष, भूषा, रहन-सहन, खान-पान तथा बोली-व्यवहार समेत एकदमै भिन्न भएका तिव्वती राजा स्रङ्-चङ्-गम्पोलाई आफ्नी छोरी दिए होलान् भन्ने कल्पना गर्नु पनि त्यति सहज छैन । यसैले कदाचित् यो घटना सत्य नै हो भने पनि यिनको देहान्त भएपछि शरणार्थीका रूपमा तिव्वतमा पुगेका यिनका उत्तराधिकारी पदच्युत राजा उदयदेवले आफ्नी औरस वा अनौरस छोरी वा बहिनीको विवाह तिव्वतराज स्रङ्-चङ्-गम्पोसँग गराइदिएको हुनुपर्दछ ।

यो अनुश्रुति सत्य होस् वा नहोस्, तिव्वती नागरिकहरूले यसै समयदेखि नेपाल-अधिराज्यबाट बौद्धधर्मको शिक्षा तथा दीक्षा पनि ग्रहण गर्न आरम्भ गरेका हुन् भन्ने तथ्यमा भने कुनै पनि सन्देह रहेको छैन ।

(घ) उत्तर-लिच्छविकाल

राजा नरेन्द्रदेवको राज्यकाल आरम्भ भएपछि आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक दृष्टिकोणबाट पनि नेपाल-अधिराज्यमा नयाँ युगको आरम्भ भएका लक्षणहरू पाइन्छन् । यसैले पदच्युत युवराज नरेन्द्रदेवको राज्यारोहण भएपछि *(इ.सं. ६४२)* लिच्छवि-राजवंशको अन्त्य नभएसम्मको पुगनपुग अढाई-शय वर्षजतिको कालखण्डलाई 'उत्तर-लिच्छविकाल' भन्नु उपयुक्त देखिन्छ ।

नवस्थापित राजा नरेन्द्रदेव पनि महासामन्त अंशुवर्माजस्तै यशस्वी राजा देखिन्छन्। यिनको राज्यकालमा स्थापित भएका शिलालेखहरू काठमाडौं उपत्यकामा निकै नै प्राप्त भएका छन्। प्राप्त सवै शिलालेखहरूमा यिनले आफूलाई 'महाराजाधिराज'का रूपमा नै प्रस्तुत गराएका छन्। उपलब्ध भएका उक्त शिलालेखहरूबाट तात्कालिक नेपाल-अधिराज्यको सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक व्यवस्थाहरूको सम्वन्धमा पर्याप्तमात्रामा प्रकाश प्राप्त हुन सम्भव भएको छ। यिनै अभिलेखहरूबाट एक सुयोग्य राजामा हुनुपर्ने प्राय: सवै गुणहरू यिनमा रहेका पाइन्छन्।

राजा नरेन्द्रदेव विद्वान्हरूका आश्रयदाता मात्र नभएर स्वयं पनि विद्वान् थिए। तिब्बतमा वौद्ध-धर्मको रोव-रवाफमा हुर्के-बढेका भएपनि जीवनको पूर्वार्धमा यिनमा बौद्धधर्मको त्यति सान्हो प्रभाव परेको देखिँदैन। तर धार्मिक सद्भाव भने यिनमा पनि उत्तिकै रहेको पाइन्छ। यिनको राज्यकालमा नेपाल-अधिराज्यमा वैदिक सातनधर्मको 'पाशुपत-सम्प्रदाय'का आचार्यहरूको निकै नै बोलबाला रहेको थियो। आफ्ना अभिलेखहरूमा यिनले आफूलाई :– *"भगवत्पशुपतिभट्टारक-पादानुगृहीत:"* अर्थात् :– "भगवान् पशुपतिको पाउवाट अनुग्रह पाएको" भनी गर्वका साथ वैदिक सनातनधर्मको शैव-सम्प्रदायका कट्टर अनुयायीका रूपमा प्रस्तुत गराएका छन्। यति भएर पनि धार्मिक कट्टरता भने यिनमा पनि रहेको देखिँदैन। तर जीवनकालको अन्तिम समयतिर यिनको वौद्ध-धर्मप्रति केही झुकाउ रहेको झलक पाइन्छ।

चिनियाँ तीर्थयात्री 'वाङ्-युआन्-चे'ले यिनी :– "बुद्धमूर्ति अङ्कित भएको मणिवन्ध धारण गर्दछन्" भनी उल्लेख गरेका छन्। यस्तै यिनका अन्तिम समयतिरका शिलालेखहरूमा धर्मचक्र तथा मृगका बच्चाहरूजस्ता बौद्ध-प्रतीकहरू अङ्कित भएका पाइन्छन्। साथै यिनले आफ्नो एक अभिलेखमा 'शिवदेव-विहार'मा रहेकों भिक्षु-सङ्घलाई ठूलो विर्ता दिएको चर्चा पनि गरेका छन्। उपर्युक्त वस्तुतथ्यहरूका आधारमा यिनको राज्यकालमा नेपाल-अधिराज्यमा बौद्धधर्मको महायान-सम्प्रदायको प्रतापसूर्य मध्य-आकाशमा पुगिरहेको झलक पाइन्छ। जेहोस्, यिनको राज्यकालमा पनि नेपालमा रहेको लिच्छवि-अधिराज्य धन-धान्य, विद्या-वैभव र कला-कौशलहरूले परिपूर्ण भई समृद्धिशाली भएर रहेको थियो भन्नेमा कुनै पनि सन्देह छैन।

यिनकै राज्यकालमा नेपालमा आएका चिनियाँ तीर्थयात्री वाङ्-युआन्-चेले तात्कालिक नेपाली राजभवनको जुन सजीव वर्णन गरेका छन्, त्यो कैलासकूट-भवन नै भएकोमा कुनै पनि सन्देह रहेको छैन। त्यसबाट यस समयमा यहाँ वास्तुकला, मूर्तिकला तथा चित्र-कलाहरूको अभूतपूर्व उन्नति भएको प्रत्यक्ष देखिन्छ। यिनताक यहाँ प्रत्येक घरका भित्ताहरूमा विभिन्न प्रकारका सुन्दर चित्रहरू लेख्ने प्रचलन रहेको चर्चा पनि चिनियाँ तीर्थयात्रीले गरेका छन्। यस समयसम्ममा वैदिक सनातनधर्मको पाशुपत-सम्प्रदायले नेपाली समाजमा महत्त्वपूर्ण स्थान ग्रहण गरिसकेको थियो भन्ने कुरा तात्कालिक शिलालेखहरूबाट थाहा हुन आएको छ। बौद्धधर्मको वज्रयान-

सम्प्रदाय पनि यिनताक नेपाल-अधिराज्यमा फूलि तथा फलि पनि रहेको पाइन्छ। साथै शाक्त-सम्प्रदायको प्रभाव पनि समाजमा कायमै रहिरहेको देखिन्छ।

भारत तथा चीनको बीचमा आवत-जावत गर्ने मुख्य राजमार्ग यतिञ्जेलसम्म अफगानिस्तानबाट मध्य-एशिया हुँदै घुमेर पूर्वतर्फ लाग्दथ्यो र यात्रीहरू यसै राजमार्गबाट भारत तथा चीनको बीचमा आवत-जावत गर्ने गर्दथे। तर हिमालयका हिमाच्छन्न घाटाहरू खुली नेपाल-अधिराज्य तथा तिब्वतको बीचमा आवत-जावतहरू चल्न थाल्दा अब अनेकौं तिब्वती नागरिकहरू यसै मार्गबाट नेपाल-अधिराज्यको साथै भारतमा पनि उत्रन थालेका थिए। यसबाट चिनियाँ तीर्थयात्रीहरूलाई पनि नयाँ बाटोको ज्ञान भयो र उनीहरू पनि यसै बाटोबाट भारतका साथै नेपाल-अधिराज्यमा पनि आवत-जावत गर्न थाले। हिमालय-पर्वतमालाका हिमाच्छन्न घाटाहरू यद्यपि महासामन्त अंशुवर्माकै राज्यकालमा खुलिसकेका थिए, तर तिब्वत तथा चीनसँग विशेष सांस्कृतिक सम्पर्क भने राजा नरेन्द्रदेवको राज्यकालदेखि मात्र शुरु भएको सङ्केत पाइन्छ।

यतिञ्जेलसम्म नेपाल-अधिराज्यको दक्षिणतर्फ रहेको भारतसँग मात्र राजनीतिक तथा सांस्कृतिक सम्बन्ध रहँदै आइरहेको थियो। उत्तर-लिच्छविकालको प्रारम्भभएपछि उत्तरतर्फका तिब्वत तथा चीनजस्ता शक्तिशाली छिमेकी राज्यहरूसँग पनि मैत्रीसम्बन्ध स्थापित हुँदा नेपाल-अधिराज्यको निमित्त सांस्कृतिक आदान-प्रदानको उत्तरी ढोका पनि खुल्न आएको पाइन्छ। नेपाल-अधिराज्य तथा तिब्वत-राज्यको बीचमा आवत-जावतहरू चल्न थालेपछि नेपालीहरू तिब्वत तथा चीनसम्म पनि पुग्न थालेका थिए भने तीर्थयात्राको क्रममा तिब्वती नागरिकहरूका साथै चिनियाँ तीर्थयात्रीहरू पनि नेपाल-अधिराज्य तथा भारतको पनि यात्रा गर्दै रहेका पाइन्छन्। नेपाल-अधिराज्यबाट चीन ज्यादै टाढा रहेको र सम्पर्क पनि निकै नै कम भएको हुंदा चिनियाँ तथा नेपाली संस्कृतिहरू एक-अर्काबाट त्यति प्रभावित हुन सकेनन्, तर नेपाली तथा तिब्वती संस्कृतिहरू भने एक-अर्काबाट प्रभावित हुनु स्वाभाविक नै भएको थियो। अनि भयो पनि यही नै।

पहिले त नेपाली तीर्थयात्रीहरूले तिब्बतमा गएर आफ्ना सभ्यता तथा संस्कृतिहरूको प्रचार तथा प्रसार पनि आरम्भ गरे, तर पछि नेपाली संस्कृतिमा पनि तिब्वती संस्कृतिको केही न केही प्रभाव पर्न थालेको अनुमान हुन्छ। तर त्यहाँ सभ्यताको उत्थान भर्खरै मात्र भएकोले नेपाली संस्कृतिमा परेको तिब्वती-संस्कृतिको प्रभाव नगण्यरूपमा रहेको झलक पाइन्छ। तिब्वतमा बौद्धधर्म तथा दर्शनको प्रचार तथा प्रसारमा भने नेपालमा रहेका बौद्ध-भिक्षुहरूको महत्त्वपूर्ण योगदान रहेको देखिन्छ।

नेपाल-अधिराज्यको यात्रा गर्ने चिनियाँ तीर्थयात्रीहरूमध्ये 'वाङ्-युआन्-चे' विशेष प्रसिद्ध रहेका छन्। यिनले नेपाल-अधिराज्यको तीनपटक यात्रा गरेका थिए। यिनले

स्वयंले नै लेखेको यात्राविवरण त आजसम्ममा प्रायः नष्ट भैसकेको छ तापनि त्यसको सारसंक्षेप भने 'ताङ्-वृतान्त'मा अझैसम्म पनि सुरक्षित रहिरहेको पाइन्छ। यिनले आफ्नै आँखाले प्रत्यक्ष देखेको आधारमा तात्कालिक नेपाल-अधिराज्यको जुन सजीव वर्णन गरेका छन्, त्यो पनि निकै नै रोचक रहेको छ। आफ्नो यात्राविवरणमा यिनले लखेका छन् :–

"नेपाल-अधिराज्य तिब्वतको दक्षिण-पश्चिममा पर्दछ । यहाँका निवासीहरू आँखीभुइँसम्म आइपुग्ने गरी कपाल पाल्ने गर्दछन्। यिनीहरूमा दुईवटै कानलाई छेडेर बाँस वा जनावरका सिङ्का गहनाहरू लगाउने चलन प्रचलित रहेको छ। गहनाको भारले गर्दा आफ्नो कुमसम्म कान लत्रनुलाई यिनीहरू सौन्दर्यको प्रतीक मान्ने गर्दछन् । खानेकुरा खाँदा नेपाली नागरिकहरू चम्चा वा काठहरूको प्रयोग नगरी हातले नै खाने गर्दछन्। यिनका भाँडा-कुँडाहरू सबै तामाका हुन्छन्। यहाँ पसलमा नै बसी वा यताउति घुमी व्यापार गर्ने व्यापारीहरूको सङ्ख्या बढी रहेको छ। खेती-पातीको काम भने यहाँका सीमित नागरिकहरू मात्र गर्ने गर्दछन्। यहाँका मुद्राहरू तामाका हुन्छन्। यिनमा एकातिर मानिसको आकृति र अर्कातिर घोडा वा साँढेका आकृतिहरू अङ्कित भएका पाइन्छन्। मुद्राहरूको बीचमा प्वाल खोपिएको हुँदैन। यहाँका निवासीहरूमा गोरुको नाक छेड्ने चलन प्रचलित रहेको छैन।

यिनले अगाडि लेखेका छन् :– "यहाँका निवासीहरू एउटै कपडाले आफ्नो पूरा शरीरलाई ढाक्ने गर्दछन्। यिनमा एकै दिनमा अनेकौंपटक स्नान गर्ने चलन पनि प्रचलित रहेको छ । यहाँका घरहरू प्रायः काठबाट बनाइएका हुन्छन् र घरका भित्ताहरूमा बुट्टाहरू कुदिएँका र चित्रकारीहरू गरिएका हुन्छन्। नाच-गान गर्नमा यहाँका नागरिकहरू आनन्द मान्ने गर्दछन्। मुखले बजाउने बाजा तथा ढोलकहरू बजाउनमा यहाँका निवासीहरू निकै नै निपुण देखिन्छन्। गणित तथा फलित दुवै किसिमको ज्योतिषमा यिनीहरूको समान किसिमको गति रहेको पाइन्छ। यिनीहरूमा पाँचथरी देव-देवीहरूको पूजा तथा आराधना गर्ने र यिनका प्रस्तर-मूर्तिहरू बनाउने प्रचलन पनि रहेको छ। देवमूर्तिहरूलाई यिनीहरू प्रत्येक दिन पवित्र-जलले स्नान गराउने गर्दछन्, तर नैवेद्यमा भने पशुको बलि चढाउने चलन प्रचलित रहेको छ।"

चिनियाँ तीर्थयात्री वाङ्-युआन्-चेले आफ्नो यात्रा-विवरणमा अगाडि लेखेको छन् :– "राजा*(नरेन्द्रदेव)* विभिन्न रत्नहरू जडिएका गहनाहरूले सिङ्गारिएका हुन्छन्। यिनी गलामा छातीसम्म आइपुग्ने गरी मोती, मुगा तथा पन्नाका गहनाहरू पहिरन्छन् र यिनको कानमा मणिजडित सुनको कुण्डल सँधै नै सुशोभित भैरहेको हुन्छ। यिनी बुद्धको मूर्ति अङ्कित भएको मणिबन्ध धारण गर्दछन् र सिंहको आकृति भएको आसनमा बस्ने गर्दछन्। यिनको सभाभवनमा फूल, सुगन्धित तेल तथा धूपहरू सदा मगमगाइरहेका हुन्छन्। राजसिंहासनभन्दा तल – दायाँबायाँ दुवैतिर – राज्यका

उच्चपदस्थ कर्मचारी तथा भद्रजनहरू मर्यादाक्रमअनुसार लहरै पङ्क्तिवद्ध भएर बसिरहेका हुन्छन् र सयौँ हतियारवन्द सैनिकहरू यिनको अङ्गरक्षा गरिरहेका हुन्छन्।

"विशाल राजभवनको वीच भागमा तामाको छाना भएको सात-तले एउटा सुन्दर वुर्जा छ, यसका थाम, भित्ता तथा निदालहरू सवै मूल्यवान् एवं सुन्दर पत्थरहरूले सिँगारिएका छन्। बुर्जाको चारवटै कुनामा तामाले वनेका नलीहरू र तल पटाङ्गिनीमा सुनौला गोहीहरू राखिएका हुन्छन्। नलीद्वारा तल-माथि हुँदै बुर्जामाथिवाट आएका पानीका धाराहरू गोहीका मुखहरूवाट जोडसँग निस्कँदा पाहाडी झर्नाहरूको मनमोहक दृश्य देखिन्छ।"

राजा नरेन्द्रदेवपछि यिनका छोरा शिवदेव*(द्वितीय) (इ.सं. ६८२-७१०)* लिच्छवि-अधिराज्यको सिंहासनमा विराजमान भएका पाइन्छन्। मगधसम्राट् आदित्य सेनकी दौहित्री तथा मौखरी-राजा भोगवर्माकी छोरी श्रीवत्सदेवीसँग यिनको विवाहसम्वन्ध स्थापित भएको थियो। यिनै महारानीको गर्भवाट यिनका छोरा युवराज जयदेव *(द्वितीय)* को जन्म भएको पाइन्छ। नेपाल-अधिराज्यमाथि भएको तिव्वती आक्रमण राजा शिवदेव*(द्वितीय)* को राज्यकालमा भएको प्रमुख राजनीतिक घटना मानिन्छ।

राजा शिवदेव*(द्वितीय)* पछि यिनका उत्तराधिकारी तथा छोरा जयदेव*(द्वितीय)* ले लिच्छवि-अधिराज्यको राज्याधिकार प्राप्त गरेका थिए। आफ्ना पिता राजा शिवदेव *(द्वितीय)* तथा पितामह राजा नरेन्द्रदेवजस्तै यिनी पनि वैदिक सनातनधर्मको पाशुपत-सम्प्रदायका कट्टर अनुयायीका रूपमा रहेका देखिन्छन्। आफ्नी आमा श्रीवत्सदेवीका साथ भगवान् पशुपतिको पूजा आराधना गरी यिनलाई 'रजत-कमल' *(चाँदीको कमल)* चढाएको उपलक्ष्यमा त्यसको स्मृतिस्वरूप आफ्नो प्रसिद्ध शिलालेख राख्न लगाएको कुरा यिनले पशुपति-मन्दिरको नजिकै स्थापित भएको यसै शिलालेखमा गर्वका साथ उल्लेख गराएका छन्।

यस अभिलेखमा स्वयं राजा जयदेव*(द्वितीय)* द्वारा रचना गरिएका भनिएका भगवान् पशुपतिका केही सुन्दर स्तुतिपद्यहरू पनि उत्कीर्ण भएका छन्। तर यस शिलालेखका वास्तविक लेखक, राजा जयदेव*(द्वितीय)* का दरवारिया कवि 'वुद्धकीर्ति' स्वयं भने नाम अनुसार नै वौद्ध-धर्मका अनुयायी भएर रहेका देखिन्छन्। यसवाट वौद्धधर्मको तान्त्रिक-सम्प्रदायको प्रचार तथा प्रसार पनि वढ्दै आई यस समयसम्ममा नेपाल-अधिराज्यका अधिकांश नागरिकहरू – यहाँसम्म कि अधिराज्यका भारदार तथा दरवारिया कविहरू पनि – वौद्धधर्मका अनुयायीहरूका रूपमा रहेका देखिनाले बौद्ध-धर्मप्रति यिनको पनि उत्तिकै आदरभाव रहेने गरेको प्रमाणित हुन आएको छ।

तिब्वत-राज्यको नेपाल-अधिराज्यप्रतिको वक्रदृष्टि यिनको राज्यकाल*(इ.सं. ७१०-७४०)* सम्म पनि हट्न सकेको लक्षण देखिँदैन। यसैले 'हर्षदेव' नामक कुनै भारतीय राजाकी राजकुमारीसँग विवाह-सम्वन्ध स्थापित गरी यिनले आफ्नो राजनीतिक स्थितिमा

निकै नै सुधार गराएका थिए। उपर्युक्त शिलालेखका लेखक वुद्धकीर्तिले राजा हर्षदेवलाई – "भगदत्त राजाका वंशज र गौड, उड्र, कलिङ्ग तथा कोसल देशहरूका अधिपति" भनी उल्लेख गरेका छन्। यो स्वयंमा केही अत्युक्तिपूर्ण भनाइ देखिन्छ। भारतीय राजवंशहरूसँग वैवाहिक-सम्वन्ध विकसित हुँदै आएकोले आफ्नो उपर्युक्त प्रसिद्ध शिलालेखमा यिनले आफ्नो लिच्छवि राजवंशको साथै मातृ-राजवंश तथा ससुराली-राजवंशको पनि मुग्धकण्ठले प्रशंसा गराएको पाइन्छ।

जेहोस्, तिब्वतको आक्रमणबाट व्याप्त रहेको अशान्त वातावरणलाई शान्त तुल्याई व्यवस्थित राज्यप्रशासन सञ्चालन गर्दै आएकाले जयदेव*(द्वितीय)* को लामो राज्यकालमा पनि नेपाल-अधिराज्यमा विद्या, वैभव तथा कला-कौशलहरूको समुचित विकास हुँदै आएको देखिन्छ। यिनका राज्यकालमा राखिएका प्रौढ एवं प्राञ्जल संस्कृत शिलालेखहरू नै यिनको सुव्यवस्थित राज्यकालका परिचायक भएर रहेका छन्।

राजा जयदेव*(द्वितीय)* पछि 'विजयदेव' तथा 'मानदेव'*(द्वितीय)* क्रमैसँग लिच्छवि-अधिराज्यका राजाहरूका रूपमा राजसिंहासनमा विराजमान भएर रहेका पाइन्छन्। यसपछि करीब सवाशय वर्षजतिको नेपाल-अधिराज्यको इतिहास पूर्णतया अन्धकारको गर्भमा विलीन भएर रहेको पाइन्छ। यस समयको नेपाल-अधिराज्यको इतिहासलाई प्रकाशमा ल्याउने भरपर्दा कुनै साधन पनि अहिलेसम्म उपलब्ध हुन सकिरहेका छैनन्। यसै बीचमा स्थापित भएको इ.सं.७५६*(संवत् १८०)* को एक अभिलेखबाट त्यस समयमा 'मानदेव' नामक अर्का एक-जना लिच्छवि राजा नेपाल-अधिराज्यको राजसिंहासनमा विराजमान भैरहेका पाइन्छन्।

यसको एक शयवर्षभन्दा वढी पछि इ.सं.८७७*(संवत् ३०१)* मा लेखिएको 'सहोत्तर तन्त्र' नामक एउटा वैद्यक-ग्रन्थ उपलब्ध रहेको छ। ताडपत्रमा लेखिएको यस पुस्तकको उपसंहारमा उल्लेख भएको पुष्पिका-वाक्यबाट पनि 'मानदेव' नामक अझै अर्का एक जना राजाको राज्यकालमा यो पुस्तक लेखिएको भन्नेसम्म थाहा पाइन्छ। यसको लगत्तै इ.सं.८७९ को कार्तिकशुक्ल-प्रतिपदा*(वि.सं.९३६ कार्तिक २६ गते, तदनुसार ग्रेगोरियन २४ अक्टोबर)* देखि राजा राघवदेवको राज्यकालमा 'पशुपति-भट्टारक-संवत्'को नामले नयाँ संवत्को प्रचलन आरम्भ गराइएको देखिनाले यिनै मानदेव*(चतुर्थ ?)* नै लिच्छवि-कालका अन्तिम राजा भएको झलक पाइन्छ। तर लिच्छविशासनको अन्त्य किन तथा कसरी भयो ? भन्ने तथ्य भने आजसम्म पनि पूर्णतः अन्धकारको गर्भमा नै विलीन भएर रहेको छ।

उत्तर-लिच्छविकालभर पनि नेपाल-अधिराज्यमा अध्ययन तथा अध्यापनको प्रमुख माध्यम संस्कृत भाषा नै रहँदै आइरहेको पाइन्छ। उपलब्ध रहेका यस समयका सबै शिलालेखहरू सरस, प्राञ्जल र प्रौढ संस्कृत भाषामा लेखिएका पाइन्छन्। यसबाट यस समयसम्ममा नेपाल-अधिराज्यमा विद्याको निकै नै उन्नति भैसकेको स्पष्ट

देखिन्छ। तर यो भाषा सभ्य र शिष्ट समाजमा मात्र सीमित रहेकोले जनसाधारणमा भने विद्याको प्रचार तथा प्रसार पनि त्यति सान्हो हुन सकिरहेको देखिँदैन। यिनताक बौद्ध-विहारहरू प्रायः शिल्पकलाका साधनास्थलहरूका रुपमा विकसित भैरहेका पाइन्छन् । आफ्नो लौकिक नेवारी भाषा वा बोलीलाई ज्ञान तथा विज्ञानहरूको सम्वाहक र साहित्यिक भाषाको रूपमा विकसित गर्न नसक्नु यस समयमा राज्यसत्तामा रहेका व्यक्ति तथा तात्कालिक नेपाली विद्वान्हरूको पनि ठूलो कमजोरी देखिन आएको छ।

काठमाडौं उपत्यकाको दक्षिणी भेगमा चन्दागिरि तथा महाभारत-पर्वतश्रृङ्खलामा जुन अग्ला पहाडहरू रहेका छन्, तिनीहरूको वीचका – वर्तमान टिस्टुङ्देखि विहेवरसम्मका – पश्चिमदेखि पूर्वसम्म फैलिएर रहेका पहाडी भूभागहरूमा तामा, फलाम, सीसा, राङ आदि विभिन्न धातुका खानीहरू प्रशस्तमात्रामा पाइने र यस्ता खानीहरू उपत्यकाभित्रका मुख्य-मुख्य वस्तीहरूवाट वीस-पच्चीस किलोमिटरजतिको फरकमा मात्र रहेकाले यस्ता खानीहरूबाट धातुहरू निकाल्ने सौभाग्य प्राप्त भएका यस उपत्यकाको दक्षिणी भेगका – खासगरी पाटन शहरका – नागरिकहरूले प्राचीनकालदेखि नै शिल्पकलाको क्षेत्रमा विशेष विकास गरेको र यो प्रवृत्ति लिच्छविकालको अन्त्यसम्म पनि कायमै रहिरहेको पाइन्छ।

यस्तै, महाभारत-पर्वतशृङ्खलादेखि दक्षिणतर्फ रहेका भित्री-मधेशहरूमा जात-जातका वृक्ष-वनस्पति तथा जङ्गली हात्तीहरू प्रशस्तमात्रामा पाइने हुनाले पाटन शहरका शिल्पकारहरूले काष्ठ-कलाको साथै हस्तिहाडको कालिगढीमा पनि पहिलेदेखि नै प्रगति गर्दै आइरहेका थिए। यसै क्रममा लिच्छविकालको अन्त्यसम्ममा यहाँ उपर्युक्त दुवैथरी कलाहरू उत्कर्षमा पुगिरहेका पाइन्छन्। यी कलाहरू लिच्छवि-कालदेखि शाह-कालसम्म पनि सशक्तरूपमा जीवितै रहिरहेका थिए। पछि त्यहाँका घना जङ्गलहरू उजाड हुँदै आई त्यहाँबाट हात्तीहरू लोप हुँदै आएकाले काष्ठकला येनतेन बचिरहे पनि हस्तिहाडमा कारिगरी गर्ने कला भने आजसम्ममा नेपालवाट लगभग लोप भैसकेको छ।

(ङ) लिच्छविका उत्तराधिकारीहरू

इसवीय-संवत्को आठौं तथा नवौं शताब्दीमा काठमाडौं उपत्यका, बौद्धधर्मको महायान-सम्प्रदायको महत्त्वपूर्ण केन्द्रस्थलको रूपमा विकसित भैसकेको झलक पाइन्छ । नालन्दा-विश्वविद्यालयका आफ्नो समयका सुप्रसिद्ध बौद्ध-विद्वान् आचार्य शान्तरक्षितले यिनैताक नेपाल-अधिराज्यलाई आफ्नो साधनास्थल बनाइरहेका थिए। काठमाडौंको स्वयम्भू महाचैत्यमा 'शान्तिपुर'को नामले जुन बौद्धविहार रहेको पाइन्छ, त्यो यिनै बौद्ध-आचार्यको स्मृतिमा यसै समयमा स्थापित भएको झलक पाइन्छ।

तिब्वतमा यिनताक परम्परागत बोन्-सम्प्रदायको बौद्ध-विरोधी भावनाले शिर उठाइरहेको थियो । यसले गर्दा त्यहाँका यस समयका बौद्धधर्मानुयायी राजा 'ठिस्त्रो-ल्दे-चन्' निकै नै चिन्तित बनिरहेका थिए। बौद्धधर्मको अस्तित्वरक्षाको निमित्त प्रभावशाली बौद्ध-विद्वान्हरूको संरक्षण प्राप्त हुनु अत्यावश्यक अनुभव हुँदा यस्ता प्रभावशाली विद्वान्हरूको खोजीमा तिनले यिनैताक बौद्ध-भिक्षुहरूको एउटा दल भारततिर पठाएका थिए। संयोगवश यतिवेला – सम्भवत: नेपालमा नै – यिनीहरूको आचार्य शान्तरक्षितसँग भेट भएको र तिब्वतमा बौद्धधर्मप्रति सङ्कटहरू आइलागेको दु:खेसो व्यक्त गर्दै तिब्वती बौद्ध-भिक्षुहरूले एकपटक तिब्वतमा गइदिनको निमित्त आग्रह गर्दा यिनी त्यहाँ जानको निमित्त सहर्ष तैयार भएका थिए ।

तर दुर्भाग्य ! यिनी पुग्नेवित्तिकै त्यहाँ भूकम्प, अनावृष्टि, दुर्भिक्ष आदि अनेकौं दैवीप्रकोपहरू देखापर्न थाले । यसले गर्दा बौद्धधर्मका विरोधी बोन्-सम्प्रदायका अनुयायीहरूलाई यस धर्मको विरोध गर्न अझै बल पुग्न गयो । "आचार्य शान्तरक्षितको आगमनले गर्दा नै यहाँ यस किसिमका अनिष्टकारी उपद्रवहरू भएका हुन्" – भनी बौद्धधर्मका विरोधीहरू तिब्वतभर यत्रतत्र प्रचार गर्न थाले । उनीहरूको आक्रोशले गर्दा आचार्य शान्तरक्षित त्यहाँबाट असमयमा नै स्वदेशतर्फ फर्कन विवश भए ।

बौद्धधर्मका अर्का प्रसिद्ध विद्वान् आचार्य पद्मसम्भव पनि यिनताक सम्भवत: नेपालमा नै रहेका थिए । यिनी पनि नालन्दा-विश्वविद्यालयका नै बौद्धधर्मका अर्का प्रसिद्ध आचार्य मानिन्छन् । तन्त्र-मन्त्र तथा जादु-टुनाहरूमाथि विश्वास गर्ने तिब्वती नागरिकहरूको निमित्त यतिवेला आचार्य शान्तरक्षितजस्ता सदाचारवादी तार्किक विद्वान्को भन्दा पद्मसम्भवजस्ता महायान-सम्प्रदायका तान्त्रिक आचार्यको नै बढी आवश्यकता अनुभव भैरहेको थियो । यसैअनुसार आचार्य शान्तरक्षितले बौद्धधर्मको संरक्षण तथा सम्वर्द्धनको निमित्त केही समयको निमित्त तिब्वतमा गइदिने आग्रह गर्दा आचार्य पद्मसम्भव त्यहाँ जानको निमित्त सहर्ष सहमत भए र गए पनि । आचार्य पद्मसम्भवको तर्कवुद्धिले त्यहाँ आफ्नो प्रभाव सहजै देखाइ पनि हाल्यो । आशा गरिए अनुसार बौद्ध-विरोधी तिब्वती नागरिकहरूलाई शान्त तुल्याई त्यहाँ बौद्धधर्मको वज्रयान-सम्प्रदायको सूत्रपात गराउन यिनी सफल भए। यसैले नै तिब्वतमा अहिले पनि आचार्य पद्मसम्भवलाई श्रद्धापूर्वक भगवान् 'अवलोकितेश्वर'को रूपमा आदर गरिने गरेको पाइन्छ।

आचार्य शान्तरक्षित बिहारको नालन्दा-विश्वविद्यालय तथा नेपाल-अधिराज्यको बीचमा निरन्तर आवतजावत गर्दै रहेका थिए । तिब्वतमा शान्ति स्थापना भएपछि धर्मप्रचार गर्न पाउने उत्साहमा ७५ वर्षको वृद्धावस्थाका उनी पुन: तिब्वतमा गएका र लामो समयसम्म धर्मप्रचार गर्दै रही ९८ वर्षको उमेरमा त्यहीँ नै यिनको देहान्त भएको मानिन्छ। यसै बीचमा भारत तथा नेपालका अन्य अनेकौं बौद्ध-विद्वान्हरू पनि धर्मप्रचारको निमित्त तिब्वतमा जाने र त्यहाँबाट फर्कने पनि गर्दै रहेका पाइन्छन्।

यस्तै बौद्ध-धर्मग्रन्थहरूलाई तिब्वती भाषामा रुपान्तर गराउने क्रममा पनि अनेकौं तिब्वती विद्वान्हरू यिनताक नेपाल तथा भारतमा पनि आउँदै तथा फर्कंदै गरेका पाइन्छन्। यसप्रकार लिच्छविकालको अन्त्यमा नेपाल-अधिराज्य,. भारतीय एवं तिब्वती सभ्यता तथा संस्कृतिहरूको सङ्गमस्थलको रूपमा विकसित भएर रहेको देखिन आएको छ।

इ.सं. ८७९ को अक्टोवर महिनाको २४ तारिखदेखि नेपाल-अधिराज्यमा नयाँ संवत्को उठान भएको देखिने, यस संवत्को उठान राजा राघवदेवको राज्यकालमा भएको निश्चित भएको र यिनी नयाँ वैश-ठकुरी राजवंशका देखिएकाले नेपालमा लिच्छवि-राजवंशको अन्त्य गराई वैश-ठकुरी राजवंशको उत्थान पनि यिनले नै गराएकोमा कुनै पनि सन्देह रहेको छैन। नयाँ राजवंशको उत्थान गराएको स्मारक-स्वरूप नै यिनले 'पशुपतिभट्टारक-संवत्'को नामले नयाँ संवत्को प्रचलन आरम्भ गराएको र यही संवत् नै अचेल 'नेपाल-संवत्' वा 'नेवारी-संवत्'को नामले प्रसिद्ध रहेको छ। पछि-पछि यस संवत्सँग 'शङ्खधर'को नाम पनि जोडिन आएको पाइन्छ, तर शङ्खधरसम्वन्धी असहज तथा अस्वाभाविक किम्वदन्तीमाथि भने सहसा विश्वास गर्न सकिँदैन।

लिच्छविहरूजस्तै वैश-ठकुरी राजवंशका राजाहरू पनि भारततिरबाट नै नेपालमा आएका देखिन्छन्। शुरु-शुरुमा त यिनीहरू विशुद्ध व्यापारीहरूका रूपमा रहेका थिए, तर पछि-पछि सैनिक-सेवामा पनि संलग्न रहेर क्षत्रिय बनी नेपाल-अधिराज्यका आन्तरिक राजनीतिहरूमा पनि भाग लिन अग्रसर भएका थिए। बौद्ध-धर्मको शान्तिवादी नीतिले गर्दा यिनताकसम्ममा लिच्छविहरूमा रहेको क्षात्रगुणमा निकै नै ह्रास आइसकेको थियो। यता भर्खरै मात्र क्षात्रवृत्ति ग्रहण गरी वैदिक सनातनधर्मका कट्टर अनुयायीका रूपमा स्थापित हुन आइपुगेका वैशहरूमा भने क्षत्रियोचित ओजको भरपूर विस्तार भैरहेको थियो। यसै स्थितिमा 'राघवदेव' नामक एक-जना वैश-वर्गका नवयुवकले लिच्छवि राजाहरूको हातबाट शासनसूत्र खोसेर आफ्नो हातमा लिएको झलक पाइन्छ।

सत्ताच्युत राजवंशको जुन हविगत हुन्छ, त्यही नै हविगत राज्यच्युत भएपछिका लिच्छविहरूको पनि भएको झलक पाइन्छ। राजशक्तिमा आएका वैश राजाहरूले यिनीहरूलाई कुनै राजनीतिक अधिकार नदिएका र सैनिक एवं गैन्हसैनिक सेवाहरूमा पनि सम्मिलित नगराएकाले यिनीहरू अगत्या शिल्प तथा व्यापारका पेशाहरूमा संलग्न हुन बाध्य भएका पाइन्छन्। लिच्छवि नागरिकहरूमा नै पनि अर्को एउटा यस्तो वर्ग थियो, जो पहिलेदेखि नै वौद्धधर्मावलम्वी थियो र शिल्प तथा वाणिज्यको पेशालाई अपनाउँदै आइरहेको थियो। सम्भ्रान्त-परिवारका लिच्छवि नागरिकहरूको निमित्त यस वर्गसँग प्रतिस्पर्धा गर्नु सजिलो थिएन। यसैले पछि यिनीहरू खेतीको कामतिर अग्रसर भएका पाइन्छन्। वर्तमान समयमा काठमाडौं उपत्यकाभित्र ज्यापू-वर्गका जति पनि

नेवार नागरिकहरू रहेका छन्, तिनमा अधिकांश कृषि व्यवसाय अपनाउने यिनै लिच्छवि नागरिकका सन्ततिहरू भएको झलक पाइन्छ।

लिच्छविकालका अधिकांश शिलालेखहरू प्राय: शहर वा गाउँका ज्यापू-टोलहरूभित्र नै पाइनुबाट पनि यस स्थापनालाई पुष्टि मिल्दछ। काठमाडौं शहरका ज्यापू-वर्गका नागरिकहरू आफूलाई 'डङ्गोल' भनाउनमा गर्व गर्ने गर्दछन् । 'डङ्गोल' शब्द 'दक्षिण-कोलिग्राम' शब्दको नै अपभ्रंश रूप भएको स्पष्ट देखिन्छ । यसबाट पनि 'दक्षिण-कोलिग्राम' वा प्राचीन काठमाडौं शहरमा आबाद रहेका लिच्छविहरू नै पछि ज्यापू-वर्गमा परिणत भएका हुन् भन्ने प्रमाणित हुन आएको छ ।

बौद्ध बनिसकेका लिच्छवि-वर्गका नागरिकहरूमा भने राज्यच्युतिबाट पनि खासै असर परेको देखिँदैन । वैशकालमा पनि शिल्प, व्यवसाय तथा व्यापारहरूको काममा यिनीहरूको नै एकाधिकार रहेको पाइन्छ। 'वन्दे'*(वन्दनीय बौद्धभिक्षु)* र 'उपाशक'*('बुद्ध', 'धर्म' तथा 'सङ्घ'हरूको उपासना गर्ने गृहस्थ बौद्ध)* हरूको रूपमा जीवनयापन गर्दै आइरहेका यिनै लिच्छविहरू नै आजका 'बाँडा' तथा 'उदास'हरूका रूपमा परिणत भएको झलक पाइन्छ । तर लिच्छविहरू बाहेकका अन्य किराँत-जातिहरू पनि परम्परादेखि नै यस वर्गमा सम्मिलित रहँदै आइरहेका छन् भन्ने तथ्यलाई भने यहाँ याद गर्नु आवश्यक छ ।

लिच्छवि-वर्गका नागरिकहरूमा नै पनि अर्को एउटा यस्तो वर्ग थियो, जसले पहिलेदेखि नै वैदिक सनातनधर्मको पाशुपत-सम्प्रदायलई अपनाउँदै आइरहेको थियो। यस वर्गमा पनि सन्यासी तथा गृहस्थ दुईवटै उपवर्गका नागरिकहरू रहेका थिए। यी दुई उपवर्गहरूमध्ये गृहस्थजति नेवार-समाजभित्र रहेका अन्य वर्गहरूमा घुलमिल हुँदै गए, सन्न्यासीहरूले भने गृहस्थ बनेर आफ्ना आचार-व्यवहार तथा नियम मर्यादाहरूलाई पनि परित्याग गरेकाले समाजबाट तिरष्कृत भएर 'चाण्डाल' बनी वर्तमानमा 'पोडे'ह्रूका रूपमा परिणत भएका पाइन्छन् । यिनीहरू अझैसम्म पनि पशुपतिमा नै आश्रित रहेका छन्।

आफूलाई 'कपाली' भन्न रुचाउने वर्तमान समयका 'कुसले'हरू पनि वैदिक सनातनधर्मको पाशुपत-सम्प्रदायको 'कापालिक' उपसम्प्रदायका अनुयायी लिच्छविहरूकै उत्तराधिकारी हुन् भन्नेमा कुनै पनि सन्देह रहेको छैन। यिनीहरू अझै पनि आफूलाई 'योगी' भनाउनमा गर्व गर्दैरहेका पाइन्छन् ।

यसप्रकार नेपालको सांस्कृतिक केन्द्रस्थलको सामाजिक संरचनामा लिच्छविहरूको महत्त्वपूर्ण योगदान रहेको स्पष्ट देखिन्छ। यहाँको सामाजिक रङ्गमञ्चमा यिनीहरूको यस किसिमको सहभागिता नभएको भए र यहाँको परम्परागत सांस्कृतिक परम्परालाई यिनीहरूले यसरी आत्मसात् नगरिदिएका भए नेपाली कला तथा संस्कृतिहरू आजको यस रूपमा विकसित हुन्थे वा हुँदैनथे ? यसै भन्न सकिँदैन ।

लिच्छवि-काल पछिका वैश तथा मल्ल-कालका नेपाली नागरिकहरूले पनि यसै परम्परालाई नै अक्षुष्ण राखिरहेका थिए। यसैको परिणाम वैशकाल तथा मल्ल-कालको नेपाल-अधिराज्य आफ्नो वैभवशाली कला र संस्कृतिको समृद्ध सङ्ग्रहालयको रूपमा विकसित भएर रहेको पाइन्छ। यस समयमा यहाँको सामाजिक संरचना पनि अझै सुदृढ भएर रहेको देखिन्छ। यस समयमा यहाँ बनेका अनेकौं भवन, मन्दिर तथा मूर्तिहरूमा पाइने अद्‌भुत कलात्मक वैभवहरूलाई देखेर आजका समृद्ध सभ्यताका कलापारखीहरू पनि आश्चर्यचकित तथा मुग्ध पनि भएका पाइन्छन्।

* * *(

पादटिप्पणी

१.–"स्वच्छं लिच्छविनाम विभ्रदपरो वंशः प्रवृत्तोदयः।
श्रीमच्चन्द्रकलाकलापधवलो गङ्गाप्रवाहोपमः।"
– जयदेव*(द्वितीय)* को पशुपतिमा शिलालेख।

२.–*"पुरुहूतध्वजस्यैव तस्योन्नयनपङ्क्तयः।*
नवाभ्युत्थानदर्शिन्यो ननन्दुः सप्रजा प्रजा॥" – रघुवंश महाकाव्य।

३.– *"याति स्म त्रिदिवालयं नरपतावुद्यानयात्रामिव"।*
– राजा मानदेव*(प्रथम)* को चाँगुमा रहेको अभिलेख।

४.– *"पृथुसमरसम्पात-निर्जयाधिगत-शौर्यप्रतापोपहत-शकलशत्रुपक्ष-प्रभावेन ... श्री महासामन्तांशुवर्मणा।"* – वूढानीलकण्ठमा रहेको संवत् ५१७ को अभिलेख।

५.– *"स्वपराक्रमोपशमितामितामित्रपक्ष प्रभावणेन..श्री सामन्तांशुवर्मणा।"*
– भक्तपुरमा रहेको संवत् ५१६ को अभिलेखवाट।

६.– *"स्वभुजयुगल-बलोत्खाताखिलवैरिवर्येण.... श्री सामन्तांशुवर्मणा।"* – खोपासीमा *रहेको संवत् ५१८ को अभिलेखबाट।*

७.– *"प्रणतसामन्त-शिरोमणि-मयूखविक्षुरित-चरणारविन्दद्युतिना श्री महासामन्तांशुवर्मणा।"*
– चाँगुको मन्दिरमा रहेको शिवदेव*(प्रथम)* को अभिलेखवाट।

८.–*"कथम्प्रजा मे सुखिता भवेदितिप्रियव्यवस्थेयमकारि धीमता।"*– हाँडिगाउँमा *रहेको राजा अंशुवर्माको संवत् ३२ को शिलालेखबाट।*

९.– *"...असुलभनृपतिगुणावभाषित-सकलमहीमण्डलो...श्रीजिष्णुगुप्तः कुशली ..."*
– राजा ध्रुवदेव तथा जिष्णुगुप्त आभीरको आदेशवरमा उपलब्ध शिलालेखवाट।

१०.– *"वलाद्‌वीरपदातिकुन्तविशिख-प्रोताश्वनागाकुले।*
शक्त्यान्यस्पृहणीयया रणमुखे संज्ञावेशेषान् द्विषः॥"
– *पाटन दरबारमा रहेको राजा नरेन्द्रदेवको संवत् ६७ को अभिलेखबाट।*

४. नेपालमा खश-संस्कृतिको विस्तार

(क) अन्धकार युग र त्यसपछिको नेपाल

इसवीय-सवत्‌को आठौं शताब्दीको आरम्भदेखि करीव २०० वर्ष पछिसम्मको नेपाल-अधिराज्यको इतिहास प्रायः अन्धकारको गर्भमा विलीन भएर रहेको छ भन्ने चर्चा माथि पनि भैसकेको छ। यस बीचमा नेपाल-अधिराज्यमा राजनीतिक घटनाक्रमहरू के-के घटे ? र नेपाली सभ्यता र संस्कृतिको उत्थान वा पतन के-कसो भयो ? यी कुराहरूको लेखाजोखा गर्ने भरपर्दा साधनहरू उपलब्ध हुन सकिरहेका छैनन्। यस बीचका वास्तु-कलाका अवशेषहरू उपलब्ध रहेका छैनन् र मूर्तिकलाका नमूनाहरू पनि अत्यन्त नै कममात्रामा मात्र उपलब्ध रहेका छन्। शिलालेखहरूको वदला ताम्रलेखहरू लेखाउने प्रचलन कायम रहिरहेको हुँदा यस कालका शिलालेखहरू पनि निकै कममात्रामा मात्र उपलब्ध हुन सकेका छन्। तर दशौं शताब्दीको अन्त्यमा – वैश राजवंशका राजा गुणकामदेवको राज्यकाल आरम्भ भएपछि – नेपाली सभ्यता तथा संस्कृतिहरूको पुनरुत्थान हुन थालेकोमा भने कुनै पनि सन्देह रहेको छैन। यसै स्थितिमा इ.सं. १२०० को आसापाससम्म पनि नेपालमा वैश-ठकुरी राजवंश कायमै रहेको देखिन्छ।

लिच्छवि-शासनको अन्त्य भई वैश-ठकुरी राजवंशको शासनकाल प्रारम्भ हुँदा यहाँका मूल-निवासी किरात-वर्गका नेवारहरूका साथै अधिकांश लिच्छविहरू पनि प्रायः बौद्धतान्त्रिक-सम्प्रदायमा र वैश, सवर्ण-लिच्छविहरू तथा अन्य वैदिक सनातन-धर्मावलम्वी नागरिकहरू जति प्रायः शैवतान्त्रिक-सम्प्रदायमा अनुरक्त भएका पाइन्छन्। यस स्थितिमा बौद्धतान्त्रिक-सम्प्रदायमा दीक्षित रहेका लिच्छविहरूले वास्तुकला तथा मूर्तिकला आदि मूर्त-कलाहरूको क्षेत्रमा प्रशंसनीय उन्नति गर्दै ल्याएको तर साहित्यकला, सङ्गीत-कला आदि अमूर्त-कलाहरूको उन्नति भने यतिवेला प्रायः अवरुद्ध भएको सङ्केत पाइन्छ। वैश-राजवंशका राजाहरूले साहित्य, सङ्गीत, नाटक आदि अमूर्त-कलाहरूको उन्नतिप्रति पनि आवश्यक ध्यान नदिएका होइनन्, तर खासै प्रगति भने हुन सकिरहेको देखिँदैन।

तेन्हौं शताब्दीको प्रारम्भदेखि नेपाल-अधिराज्यमा वैश-राजवंशको स्थान पहिला-थरी मल्ल-राजवंशले ग्रहण गरेको देखिन्छ। यसपछि मूर्त-कलाहरूको क्षेत्रमा अभूतपूर्व उन्नति भई नेपालमा सुप्रसिद्ध कलाकार 'अरनिको'जस्ता महान् कलाकार पनि जन्मिए, जसले तिब्वतका साथै चीनमा समेत पुगी नेपाली ललितकलाहरूको प्रसिद्धि फैलाए र चीनजस्तो सुसभ्य महान् देशलाई पनि ललितकलाहरूको क्षेत्रमा नेपाल-

अधिराज्यको ऋणी बनाउन समर्थ भए। तर अमूर्त-कलाहरूको क्षेत्रमा – यसमा पनि खास गरेर साहित्य-कलाको क्षेत्रमा – भने झन्-झन् अवनति हुँदै आएर यहाँ तात्कालिक भाषा तथा साहित्यका कुनै प्रतीक पनि बच्न सकेनन्। यहाँसम्म कि यस समयमा संस्कृत-भाषाको माध्यममा नै भएपनि नयाँ शिलालेखहरू पनि स्थापित हुन सकेनन्।

हुन त यतिवेला पनि मूर्त-कलाहरूका आश्रयदाता मुख्यरूपमा वौद्ध-विहारहरू नै रहेका थिए, तर शैवतान्त्रिक-सम्प्रदायका अनुयायी वैदिक सनातन-धर्मावलम्वी गृहस्थहरूको पनि मूर्त-कलाहरूप्रति कम अनुराग रहेको देखिँदैन। तात्कालिक नेपाली सभ्य-समाजले मूर्त-कलाहरूप्रति विशेष प्रेम देखाएकाले नै यतिवेला अमूर्त-कलाहरू उपेक्षित भएर रहेका देखिन्छन्।

बोलचालको लौकिक नेवारी-भाषाको माध्यममा साहित्यको सृजना नगरेर वैशकाल तथा पहिलो मल्लकालका नेपाली विद्वान्हरूले पनि भयङ्कर सांस्कृतिक भूल गरिदिएका थिए। यदि यस समयका विद्वान् साहित्यकारहरूले बोलचालको नेवारी भाषालाई नै साहित्यको भाषा बनाउन सकेका भए यस क्षेत्रमा आवाद रहेका किरात-वर्गका अन्य जात-जातिहरूमा पनि यस भाषाको प्रचार तथा प्रसार पनि भई यसको साहित्य पनि राष्ट्रिय साहित्य हुन सक्दथ्यो र नेवारी भाषा पनि नेपालको राष्ट्रिय-संस्कृतिको महत्त्वपूर्ण अङ्ग बन्न सक्तथ्यो। यस्तो हुन सकेको भए नेपाली राष्ट्रियताको निर्माण त्यसै समयमा हुने थियो र नेपाल-अधिराज्य आजकोभन्दा अझै सक्षम तथा सबल पनि वन्न सक्तथ्यो। दर दुर्भाग्य ! यो काम यतिवेला पनि हुन सकेन।

मध्ययुगको अन्त्यसम्म पनि नेपाल-अधिराज्यका खास निवासीहरूको प्रतिनिधित्व वर्तमान काठमाडौं उपत्यका तथा यसको आसपासका क्षेत्रहरूमा आवाद रहेका 'नेपार' वा नेवारहरूले नै गरिरहेका थिए। तर यथार्थमा नेवारहरूमात्र नेपाली थिएनन्, पश्चिममा 'सखिको-लेक'देखि पूर्वमा 'सिङ्गलेला-पर्वतमाला'सम्म फैलिएर रहेका किराँत-वर्गका मगर, गुरुङ, खम्बू, तथा लिम्बू आदि अन्य विभिन्न-वर्गका जात-जातिका नागरिकहरू पनि नेपाली नै थिए र यी सवैको सांस्कृतिक-केन्द्र काठमाडौं उपत्यका नै रहँदै आइरहेएको थियो। तर यिनीहरूले केन्द्रस्थलमा रहेका 'नेपार' वा नेवारहरूबाट सभ्यता तथा संस्कृतिहरूको खास प्रकाश पाउन सकिरहेको देखिँदैन। केन्द्रस्थलबाट सभ्यता तथा संस्कृतिहरूको प्रकाश प्राप्त गर्न नसकेकाले नै पछि अधिराज्यको उत्तरी भेगमा रहेका मुर्मी, शेर्पा तथा गुरुङ् आदि किराँत-वर्गका अन्य नेपाली नागरिकहरू तिब्बततिरवाटै बौद्ध-धर्मका साथै बौद्ध-संस्कृतिहरूलाई पनि ग्रहण गरी उन्नतिको मार्गमा अघि बढ्न विवश भएका देखिन्छन्।

वैश-राजवंशका राजाहरूको शासनकालको अन्त्य भएपछि पनि नेपाल-अधिराज्यमा राजनीतिक अस्तव्यस्तता शान्त भएको थिएन। यसबाट देश निकै

कमजोर बनिरहेको थियो। यसै अवस्थामा देशले वाह्य आक्रमणहरूको पनि सामना गर्नुपरिरहेको थियो। यहाँ पश्चिमबाट खश-वर्गका राजाहरूले पटक-पटक जोडदार आक्रमणहरू गरिरहेका थिए भने दक्षिण-पूर्वतिरबाट तिरहुते राजाहरूको आक्रमण पनि निरन्तर चलिरहेको थियो । यसै स्थितिमा इ.सं. १३४९ को अन्त्यमा बङ्गालका सुल्तान समसुद्दीन इलियस शाहले पनि यहीं नै जोडदार आक्रमण गरिदिए। विधर्मी आक्रान्ताहरूको यस आक्रमणबाट ज्यान जोगाउन राजा राजदेव मल्ल तथा समस्त नगरवासीहरू वन-दुर्गभित्र पसेका थिए । यसले गर्दा सुल्तान समसुद्दीन इलियस शाहका मुसल्मान सैनिकहरूले निर्धक्कका साथ लूटपाट गरी वर्तमान काठमाडौं उत्पकाभित्र रहेका तीनवटै प्रमुख शहर तथा समृद्ध गाउँहरूलाई पनि ध्वस्त पारिदिए । यहाँका मन्दिर तथा चैत्यहरू प्रायः सबै नै खण्डहरका रूपमा परिणत गराइदिए। मूर्तिहरू सबै नै खण्डित गरिए। यसपछि भेटिएसम्मका धन-दौलतहरू लिई सात-दिनजति पछि यिनीहरू यहाँबाट हटेका र राजा तथा प्रजाहरू सबै यसपछि वन-दुर्गहरूबाट बाहिर निस्किई आ-आफ्ना वासस्थलहरूमा फर्केर आएका देखिन्छन्।

यस घटनाको केही समयपछि राजा राजदेव मल्लका छोरा अर्जुन मल्ल नेपाल-अधिराज्यको राजगद्दीमा बसेका पाइन्छन् । भक्तपुर उपराज्य यिनताक नेपाल-अधिराज्यको राजनीतिको प्रमुख केन्द्र बनिरहेको थियो। यसै स्थितिमा यहाँका प्रभावशाली मन्त्री रुद्र मल्ल सशक्त अधिनायकका रुपमा खडा भए। यिनी ३१ वर्षको अल्पायुमा नै दिवङ्गत भएपछि यिनकी छोरी नायकदेवी तथा यिनी पनि १८ वर्षको अल्पायुमा नै परलोक हुँदा यिनकी पनि छोरी १० दिनकी बालिका राजल्लदेवी भक्तपुर उपराज्यका सशक्त अधिनायक रुद्र मल्लकी उत्तराधिकारिणी बन्न आएकीले रुद्र मल्लकी आमा पदुमलदेवी तथा यिनकी छोरी तथा तिरहुत राज्यकी पदच्युत रानी – दिवङ्गत राजा हरसिंहदेवकी रानी – देवलदेवीले नै भक्तपुर उपराज्यको राजकाज सञ्चालन गरिरहेकी थिइन् । बालिका राजल्लदेवीको विवाह पछि स्थिति मल्लसँग सम्पन्न भएपछि 'राजल्लदेवीका पति'को हैसियतले यिनी नै नेपाल-अधिराज्यका सर्वेसर्वा अधिनायक बन्न आएका पाइन्छन्। यिनै स्थिति मल्लले स्थापना गरेको राजवंशलाई – 'पछिल्लो मल्ल-राजवंश' भन्नु उपयुक्त देखिन्छ।

स्थिति मल्ल पनि एक सुयोग्य प्रशासकका रूपमा नेपाल-अधिराज्यको रङ्गमञ्चमा देखा परेका छन्। यिनताक भक्तपुर उपराज्यमा जस्तै कान्तिपुर तथा ललितपुर उपराज्यमा पनि यहाँका 'महापात्र' वा मन्त्रीहरू प्रायः स्वतन्त्र भैसकेका थिए। यिनीहरूलाई आफ्नो नियन्त्रणमा ल्याउन नवयुवक स्थिति मल्ल समर्थ रहे। आफ्नो यसै सफलताले गर्दा राजा अर्जुन मल्ललाई ससम्मान बनेपातर्फ पठाई यिनी स्वयं नै नेपाल-अधिराज्यका प्रमुख प्रशासकका रूपमा स्थापित भएका पाइन्छन्। प्रशासनिक कौशलले गर्दा यिनको राज्यकाल आरम्भ भएपछि देशमा शान्ति तथा

सुव्यवस्था पनि स्थापना हुन आएको देखिन्छ। यद्यपि यिनी भक्तपुर उपराज्यका मात्र राजा थिए, तर कान्तिपुर तथा ललितपुर उपराज्यका 'महापात्र' वा मन्त्रीहरूले पनि यिनलाई मानेकाले यिनी एकप्रकारले तात्कालिक सम्पूर्ण नेपाल-अधिराज्यका नै अधिपति बन्न आएका पाइन्छन्।

इ.सं. १३९५ मा स्थिति मल्ल लगभग विक्षिप्त हुँदा यिनका छोरा युवराज धर्म मल्ल भक्तपुर उपराज्यका साथै नेपाल-अधिराज्यका पनि प्रमुख प्रशासकका रुपमा अग्रसर भएका देखिन्छन्। तर राजमुकुट भने यतिखेर यिनले पहिरिएको पाइँदैन। यिनको मृत्युपछि यिनका भाइ ज्योतिर्मल्लले पनि युवराजको रूपमा नै केही समयसम्म नेपाल-अधिराज्यको राज्य-प्रशासन सञ्चालन गर्दै रहेको पाइन्छ। पिता स्थिति मल्लको मृत्युपछि भने यिनले स्वयं नै नेपाल-अधिराज्यको राजमुकुटलाई पहिरिएका थिए। यिनीपछि यिनका छोरा यक्ष मल्ल नेपाल-अधिराज्यका राजा भएका पाइन्छन्।

राजा यक्ष मल्लले आफ्ना माहिला छोरा रत्न मल्ललाई आफ्नो प्रतिनिधि बनाई कान्तिपुर उपराज्यको प्रमुख-प्रशासकका रूपमा काठमाडौं शहरमा राख्ने गरेका थिए। यस्तै यिनले आफ्ना अर्का छोरा रण मल्ललाई बनेपामा राख्ने गरेका थिए। जेठा छोरा राय मल्ल भने 'युवराज'का रूपमा भक्तपुर शहरमा नै रहिरहेका देखिन्छन्।

राजा यक्ष मल्लको देहान्तपछि यिनका जेठा छोरा राय मल्ल भक्तपुर शहरमा रही नेपाल-अधिराज्यको राजसिंहासनमा विराजमान भए। यिनका भाइ रण मल्ल पनि यिनका सहयोगी भई भक्तपुर शहरमा नै रहन थालेका थिए। रत्न मल्ल भने काठमाडौं शहरमा नै रहिरहेका पाइन्छन्। ललितपुर क्षेत्रका 'महापात्र' वा मन्त्रीहरूलाई नियन्त्रणमा लिई राजा रत्न मल्लले नै त्यहाँको पनि राज्य-प्रशासन सञ्चालन गरिरहेको देखिन्छ। यसप्रकार राजा रत्न मल्ल जीवित रहेसम्म त नेपाल-अधिराज्य प्रकटरूपमा टुक्रन पाएको थिएन। राजा रत्न मल्लको देहान्तपछि भने यिनका छोरा सूर्य मल्लले कान्तिपुर उपराज्यका स्वतन्त्र राजाको रूपमा उपस्थित भएर मात्र नपुगी यिनले भक्तपुर उपराज्यको नियन्त्रणमा रहँदै आइरहेको 'साँखु' शहरलाई पनि जवर्जस्ती नै आफ्नो नियन्त्रणमा पारेर नेपाल-अधिराज्यलाई प्रकटरूपमा नै दुई टुक्रामा टुक्र्याइदिए।

साँखु शहरमाथि नियन्त्रण स्थापित भएपछि भक्तपुर उपराज्यदेखि उत्तर-पूर्वतर्फ रहेको सिन्धुपाल्चोक इलाका पनि सहजै कान्तिपुर राज्यकै नियन्त्रणमा पर्न आयो र तिब्बतको कुतीतर्फ जाने मूल-बाटोलाई पनि यिनले आफ्नो नियन्त्रणमा पारिदिए। तिब्बतको केरुङ्तर्फ जाने बाटो पहिलेदेखि नै यिनको नियन्त्रणमा रहिरहेको थियो। यसरी नेपालबाट तिब्बततर्फ जाने दुईवटै मूल-बाटाहरू आफ्नो नियन्त्रणमा पारी राजा सूर्य मल्लले तिब्बतसँगको व्यापारमा आफ्नो राज्यको मात्र एकलौटी नियन्त्रण स्थापित गराइदिए।

राजा सूर्य मल्लले स्थापना गरेको कान्तिपुर राज्यको नयाँ मल्ल-राजवंशमा 'महेन्द्र मल्ल' तथा 'शिवसिंह मल्ल' नामक अन्य दुई प्रसिद्ध राजा भएका पाइन्छन्।

शिवसिंह मल्लको राज्यकालसम्ममा 'महाराज' भन्ने पदवी ग्रहण गरी ललितपुर उपराज्यका 'महापात्र' वा मन्त्रीहरू प्रायः स्वतन्त्र भैसकेका थिए। राजा शिवसिंह मल्लले यिनीहरूलाई यहाँबाट हटाएर ललितपुर उपराज्यमा पनि आफ्नो राज्याधिकार स्थापित गराइदिए। ललितपुर उपराज्यका 'महापात्र'हरू पनि त्यतिसाऱ्हो कमजोर थिएनन्। उनीहरूले ललितपुर उपराज्यलाई कान्तिपुर राज्यमा मिलाउन नदिएर त्यहाँको सरकार भने अलग्गै राखिरहे।

इ.सं. १६२१ मा राजा शिवसिंह मल्लका नाति लक्ष्मीनरसिंह मल्लले आफ्ना सौतेनी भाइ राजकुमार सिद्धिनरसिंह मल्ललाई ललितपुर उपराज्य उपहारको रूपमा अर्पण गरिदिए। काठमाडौं उपत्यकाभित्र तीनवटा मल्ल-राज्यहरूका तीनवटा अलग-अलग राजधानीहरू यसै समयदेखि स्थापित भएका हुन्। यसबाट नवस्थापित यी तीनवटा मल्ल राज्यहरूका बीचमा आपसी कलह पैदा भयो र पुस्तैनी कलहले गर्दा कालान्तरमा आएर तीनवटै मल्ल-राज्यहरू जर्जर भए।

राजनीतिक परिस्थिति जे-जस्तोसुकै भएपनि नेपालको सांस्कृतिक प्रवाह भने पछिल्लो मल्लकालसम्म पनि यथावत्‌रूपमा नै प्रवाहित हुँदै आएको पाइन्छ। यस समयमा पनि ललित-कलाहरूको क्षेत्रमा पाटन शहरले नै सम्पूर्ण नेपालको नेतृत्व गरिरहेको देखिन्छ। यस कालमा पनि एकसे-एक योग्य कलाशिल्पीहरूले आफ्ना प्रतिभाका परिचयहरू प्रदर्शन गर्दै आइरहेका पाइन्छन्। यस समयमा बनेका सुन्दर वास्तुकलाका नमूनाहरू आजसम्म पनि आफ्ना अपूर्व कलात्मक सौन्दर्यहरू प्रकट गर्दै रहेका पाइन्छन्। काठमाडौं उपत्यकामा आज जतिपनि प्राचीन वास्तुशिल्पहरू भेटिन्छन्, ती सबै प्रायः यसै समयमा बनेका पाइन्छन्। यस समयमा बनेका मूर्तिकला तथा चित्रकलाका प्रतीकहरू पनि प्रशस्तमात्रामा पाइन्छन्। यसबाट यी कलाहरूको यस समयमा उन्नत अवस्था रहेको स्पष्ट देखिन्छ।

व्यापार तथा व्यवसायहरूको क्षेत्रमा भने यिनताक काठमाडौं शहरले नै सम्पूर्ण नेपालको नेतृत्व गरिरहेको पाइन्छ। तिब्बततर्फ आवत-जावत गर्ने व्यापारमार्ग खोसिँदा भक्तपुर राज्यका नागरिकहरू भने यसपछि कृषि व्यवसायमाथि नै निर्भर रहन बाध्य भैरहेका थिए। तर विद्याको साधनाको साथै कलाहरूको संरक्षणमा भने भक्तपुर राज्यका नागरिकहरू पनि लतिलपुर तथा कान्तिपुर राज्यका नागरिकहरूभन्दा कत्ति पनि पछि रहेका देखिँदैनन्। यस समयमा भक्तपुर शहरमा लेखिएका अनेकौं नाटच-ग्रन्थहरू नेपालका अभिलेखालयहरूमा अझैसम्म पनि सुरक्षित रहिरहेका पाइन्छन्।

यसैको प्रतिफल अझैसम्म पनि काठमाडौं उपत्यकाले नै सम्पूर्ण नेपालको ललितकलात्मक संस्कृतिको नेतृत्व गर्दै रहेको पाइन्छ। नेपाललाई विलक्षण कलाकारहरूको देशको रुपमा विश्वको रंगमञ्चमा उपस्थापित गराउने श्रेय पनि वर्तमान काठमाडौं उपत्यकालाई नै प्राप्त रहेको छ।

(ख) नेपालमा खश-वर्गका आर्यहरूको आगमन

भारतमा आवाद रहेको आर्य-जाति त्यस विशाल आर्य-जातिकै एक शाखा हो, जसका अन्य शाखाहरूमा ग्रीक*(यवन)*, स्लाभ, ल्याटिन र टच्यूटन आदि पश्चिमी शाखाहरू पनि रहेका छन्। वैदिक-संस्कृतिका अनुयायीहरू आफूलाई – "हामी पवित्र आर्य-जातिका ह्वौं" भनी गर्व गर्ने गर्दछन्। आर्य-जातिकै नामबाट उनीहरू वसेको उत्तरी भारतको समतल मैदान 'आर्यावर्त'को नामले प्रसिद्ध रहँदै आइरहेको थियो। यस्तै यूरोपमा रहेको जर्मन जातिमा पनि आर्यत्वको ठूलो गर्व रहनेगरेको पाइन्छ। आर्य-जाति पनि 'आर्य', 'ऐर्य' तथा 'ऐड' गरी प्रमुखरूपमा तीन शाखाहरूमा विभक्त रहेका पाइन्छन्।

अग्लो शरीर, गोरो वर्ण तथा सुलुत्त परेको लामो नाक आर्य-जातिको सामान्य लक्षण हो। नेपाल-अधिराज्यका तराईक्षेत्रहरूमा आवाद रहेको 'वाजि' *(वृजि अर्थात् किराँतेतर जाति)* हरूमा आग्नेयदेशी-जातिका रङ्ग तथा रूपहरूको प्रभाव केही न केही मात्रामा अवश्य पनि परेको पाइन्छ। तर यिनमा आर्य-जातिको डिल-डाल तथा रूप-रङ्गहरूको मात्र होइन, भाषा एवं संस्कृतिहरूको पनि प्रभाव रहेको पाइने हुनाले यिनीहरू आर्य-जातिका नै वंशजहरू हुन् भन्नेमा कुनै पनि सन्देह रहेको छैन।

'जेन्दा' तथा 'आवेस्ता'लाई आफ्नो आदर्श-ग्रन्थ मान्ने 'ऐर्य' जाति इरानमा आवाद रहेको असुर-जाति हुनाले यसको नेपालसँग प्रत्यक्ष सम्वन्ध केही पनि देखिँदैन। वेदलाई आफ्नो आदर्श धर्मग्रन्थ तथा देवताहरूलाई आफ्ना संरक्षकहरू मान्ने पूर्विया वैदिक आर्यहरू तथा 'जेन्दा' तथा 'आवेस्ता'लाई आफ्नो आदर्श धर्मग्रन्थ तथा असुर*(दानव)* हरूलाई आफ्ना संरक्षकहरूका रूपमा मान्ने पश्चिमा इरानी समूहका 'ऐर्य'हरूको आपसी युद्ध नै देवासुर-सङ्ग्राम मानिन्छ। 'ऐर्य' समूहका आर्यहरूको केवल इरानी भाषाका केही शब्दहरू वर्तमान नेपाली भाषामा आएका पाइन्छन्। यत्तिकैमा इरानी ऐर्य-जातिसँग नेपालको सम्वन्ध देखाउनु उपयुक्त देखिँदैन।

भारततर्फ आउने क्रममा आर्य-जातिको एक शाखा भारतको सिन्धु तथा गङ्गा नदीका समतल मैदानहरूतिर नलागी पाहाडै-पाहाड काश्मीरतिर लागेको झलक पाइन्छ। 'हिमालय', 'काराकोरम' तथा 'हिन्दकुश' यी तीन प्रसिद्ध पर्वत-शृङ्खलाहरू जुन ठाउँमा पुगेर एक-आपसमा मिलेका छन्, त्यहीँ नै यस शाखाको प्राचीन मूल-अवस्थल रहेको सङ्केत पाइन्छ। वर्तमान काश्मीर तथा यसदेखि उत्तर-पश्चिमतर्फ रहेको हिमालीक्षेत्र प्राचीन समयमा 'इडावृत' कहिन्थ्यो भन्ने संस्कृत-वाङ्मयहरूको अनुशीलनबाट स्पष्टरूपमा नै थाहा पाउन सकिन्छ। 'इडावृत' देशका निवासीहरू 'ऐड' भनिन्थे। भारतीय पुराणहरूका साथै 'महाभारत'मा पनि 'ऐड'-राजवंशका राजाहरूको उल्लेख पाइन्छ। 'काशगर' नामक पहाड, यसै नामको नदी र यही नामको

वस्ती पनि त्यहाँ अझैसम्म पनि रहिरहेका छन् । 'इडावृत'बाट हिमालयका दुर्गम भञ्ज्याङहरू पार गरी यसदेखि पूर्वतर्फका हिमाली क्षेत्रहरूमा आवाद हुन आइपुगेका खश-आर्यहरू ऐड-जातिकै एउटा शाखा भएको आभास पाइन्छ ।

'काश्गर' शब्दको संस्कृतरूप 'खश-गिरि' वा 'खस-गृह' हुनसक्दछ । यो अनुमान सत्य होस् वा नहोस् 'खस' वा 'कश' शब्दबाट नै 'काश्मीर' शब्द बनेकोमा भने कुनै पनि सन्देह रहेको छैन । काश्मीरका निवासीहरू अझैसम्म पनि आफूलाई 'ख-ख' वा 'ख-ष' भन्दैछन् । यही 'ख-ष' शब्द भारतीय आर्यहरूको संस्कृत भाषामा 'खश' को रूपमा प्रयोग हुन थालेको पाइन्छ ।

नेपाल-अधिराज्यका पहाडी क्षेत्रहरूमा हाल आवाद रहेका अधिकांश निवासीहरू यसै खश-जातिका उत्तराधिकारी देखिन्छन् । आफूलाई 'ऐड' जातिको प्रमाणित गर्न यस जातिको एक समूहले आफूलाई अझै पनि 'ऐडी' वा 'ऐरी' भन्ने थरद्वारा चिनाउँदै आइरहेको पाइन्छ । कर्णाली नदीका प्रस्रवणक्षेत्रहरूमा 'ऐडी' वा 'ऐरी'हरू व्यापक मात्रामा आवाद रहेका छन् । पवित्रताको दृष्टिले विचार गर्दा नेपालमा आवाद हुन आइपुगेका खश-वर्गका आर्यहरू पनि आर्यावर्तीय आर्यहरूभन्दा कम देखिँदैनन् । यिनीहरू पनि वैदिक-धर्मावलम्वी नै रहेका थिए ।

मल्ल-कालको आरम्भसम्ममा खश-वर्गका आर्यहरू वर्तमान नेपाल-अधिराज्यको सुदूरपश्चिममा व्यापकमात्रामा आवाद भई 'खसान' क्षेत्रलाई गुल्जार गराइसकेका देखिन्छन् । तिनताक कुमाउँ तथा गडवालका साथै वर्तमान नेपाल-अधिराज्यका कर्णाली नदीका प्रस्रवणक्षेत्रहरूसम्म फैलिएर 'कार्तिकेयपुर' वा 'कत्युर' शहरलाई राजधानी बनाई एउटा स्वतन्त्र खश-राज्य फूलि तथा फलि पनि रहेको पाइन्छ । दुर्गम पाहाडी जङ्गलहरू, दुस्तर नदी-नालाहरू तथा नेपालको केन्द्रस्थलमा स्थापित भएका शक्तिशाली लिच्छवि, वैश तथा मल्ल राजवंशका राजाहरूले खश-वर्गका नागरिकहरूलाई प्यूठानभन्दा पश्चिमतर्फ रहेको 'सखिको-लेक'बाट पूर्वतर्फ बढ्नबाट रोक्ने अथक प्रयासहरू गर्दै आइरहेका थिए, तर पनि यिनीहरू भने क्रमिकरूपमा पूर्वतर्फ निरन्तर अघि बढ्दै आइरहेका देखिन्छन् ।

पुराण, 'महाभारत', 'मनुस्मृति' आदि भारतीय संस्कृत-वाङ्मयहरूमा खश-जातिको उल्लेख प्रशस्तमात्रामा पाइन्छ । 'मनुस्मृति' वैदिक सनातन-धर्मावलम्बी हिन्दूहरूको मानक-धर्मशास्त्र मानिन्छ । यसको रचना आर्यावर्तमा अर्थात् गङ्गा तथा यमुना नदीका मैदानहरूमा भएको थियो । यसैले यस ग्रन्थले हिमालीक्षेत्रहरूमा आवाद रहेका खशहरूलाई 'व्रात्य' अर्थात् असंस्कृत आर्यजातिको रूपमा होच्याउने गरेको पाइन्छ । स्वयं खश-वर्गका आर्यहरूले भने आर्यावर्तीय आर्यहरूको यस भावनाको कुनै पर्वाह नगरी आफ़ूहरूलाई 'खश'हरूको रूपमा नै गर्व गरेका थिए ।

उदाहरणको रूपमा :– मध्ययुगका पश्चिमी नेपालका शक्तिशाली खश-राजा अशोक-चल्ल*(इ. सं. १२५१-७४)* ले आर्यावर्तीय आर्यहरूका मानक स्मृति-ग्रन्थहरूको

कुनै पर्वाह नगरी आफ्नो अभिलेखमा आफूलाई गर्वका साथ :– *“खशदेश-राजाधिराज”* अर्थात् :– “खश देशका महाराजाधिराज” भनी उल्लेख गराएका छन् । तर पछिका खश-वर्गका अन्य राजाहरूमा भने आत्मवल कमजोर हुँदै आउँदा उनीहरूले आफ्नो राजवंशलाई गौरवशाली देखाउन विदेशी भूमिको आश्रय लिन थालेको स्पष्ट नै देखिन्छ।

वर्तमान नेपाल-अधिराज्यको सुदूर-पश्चिमाञ्चलको प्राचीन वृत्तान्त त्यति उपलव्ध हुन सकिरहेको छैन तापनि मध्ययुगको उत्तरार्धमा त्यहाँ खश-वर्गका आर्यहरूका सभ्यता तथा संस्कृतिहरू फूलि तथा फलि पनि रहेका थिए भन्नेमा भने कुनै पनि सन्देह रहेको छैन । इसवीय-संवत्को एघारौं शताव्दीको मध्यतिर, जुम्लाको ‘सिजा’ वा ‘सेञ्जा’ नदीको किनारमा ‘सेञ्जापुरी’ नामक रमणीय स्थललाई राजधानी वनाई ‘नागराज’ नामक एक-जना प्रभावशाली व्यक्तिले नयाँ राजवंशको जग वसाएको देखिन्छ। आफूलाई – ‘खशहरूका अधिपति’ भनाउनमा गौरव मान्ने यो राजवंश पछि निकै नै शक्तिशाली वनेर वार्‍हौं-शताव्दीदेखि चौधौं-शताव्दीको वीचमा पूर्वमा तात्कालिक नेपाल-अधिराज्यदेखि पश्चिममा गढवालसम्मका प्रदेशहरूलाई थर्काई यी क्षेत्रहरूमा आफ्ना सभ्यता तथा संस्कृतिहरूको पनि प्रचार तथा प्रसार गर्न समर्थ भैरहेको थियो । माथि चर्चा भएका राजा ‘अशोक चल्ल’ यसै राजवंशका राजा थिए ।

यिनै सेञ्जाली खशहरूको नागरी-लिपि पछि नेपालमा आएको देखिएको र अशोक चल्लका छोरा जितारि-मल्ल*(प्रथम)* ले सर्वप्रथम ‘मल्ल’ पदवीलाई धारण गर्नु र पछि नेपालका नयाँ राजवंशका पहिला राजा अरिदेवले ‘मल्ल’ पदवीलाई धारण गर्नु पनि लगभग एउटै समयको घटना हुनाले तात्कालिक नेपाल-अधिराज्य तथा सेञ्जा राज्यका बीचमा सांस्कृतिक आदान-प्रदानहरू चल्दै आइरहेको स्पष्टरूपमा नै देखिन्छ।

वद्रीनाथदेखि मुक्तिनाथसम्मका विशाल हिमाली क्षेत्रहरू, वझाङ्देखि सल्यानसम्मका पाहाडी क्षेत्रहरू र सुर्खेतदेखि वुटवलसम्मका तराई-क्षेत्रहरूमा पनि सेञ्जा-राज्यका पुरातात्त्विक अवशेषहरू आज पनि यत्रतत्र प्रशस्त पाइन्छन् । यति मात्र होइन, तिब्वतको मानसरोवर प्रदेशसम्म पनि यस राज्यको अधिकारक्षेत्र कायम रहेको सङ्केत पाइन्छ। यसवाट यस राज्यको विशालताको परिचय सहजै प्राप्त गर्न सकिन्छ। तेर्‍हौं शताव्दीको अन्त्यमा यसै राजवंशका राजा जितारी-मल्लले नेपाल-अधिराज्यको राजधानी काठमाडौं उपत्यकामा पटक-पटक आक्रमण गरी यस राज्यलाई थर्काएको, यसको करीव वीस वर्षजति पछि यसै राजवंशका अर्का राजा रिपु-मल्ल नेपाल-अधिराज्यका राजा आनन्ददेव मल्लका अतिथि भई देवपाटनमा केही समय वसेका र यसको पनि १५ वर्ष जतिपछि अर्का राजा आदित्य-मल्लले नेपाल-अधिराज्यमाथि आक्रमण गरी पाटन पुल्चोकमा २२ दिनसम्म घेरा दिएर लूटपाट गरी फर्केर गएको विवरण पनि नेपालमा उपलब्ध रहेको सवैभन्दा पुरानो वंशावली – ‘गोपाल-राजवंशावली’– मा पाइन्छ।

नेपालको सांस्कृतिक परम्परा

जुन समयमा सेञ्जा-राज्यमा मल्ल-राजाहरूको प्रतापसूर्य मध्य-आकाशमा पुगी प्रकाशमान भएर चम्किरहेको थियो, त्यसै समयमा डोटीक्षेत्रमा पाल-राजवंशका अर्काथरी खश राजाहरू राज्य गरिरहेका देखिन्छन्। 'आदित्य मल्ल'को अवसानपछि सेञ्जा-राज्यको शक्ति क्रमशः क्षीण हुन थालेको र पाल-राजवंश राजाहरूको प्रभाव भने निरन्तर वढ्दै आइरहेको झलक पाइन्छ। यसै क्रममा आदित्य-मल्लका नाति राजा प्रताप मल्लसँग डोटी-राज्यका राजा 'जाव पाल'को शक्तिसंघर्ष चलेको, आफ्ना एक-मात्र सन्तान छोरी 'शकुनमाला'को विवाह राजा जाव पालका छोरा 'पुण्य पाल'सँग सम्पन्न गराई राजा प्रताप मल्लले पुण्य पाललाई 'दुलाहाजी'को रूपमा आफ्नै थर तथा गोत्रमा ल्याएर 'पुण्य मल्ल' भन्ने नयाँ नाम प्रदान गरी पाल-राजवंशसँग मित्रता कायम गराएको र राजकुमारी शकुनमालातर्फबाटै राजा पुण्य मल्लका उत्तराधिकारीका रूपमा आफ्नो जन्म भएको चर्चा राजा 'पृथ्वी मल्ल'ले दुल्लु पाथरन्याउलीमा रहेको आफ्नो प्रसिद्ध कीर्ति-स्तम्भमा गर्वका साथ उल्लेख गराएका छन्।

उउपर्युक्त विवाह-सम्बन्ध स्थापित भएको लगत्तैपछि राजा प्रताप मल्लको स्वर्गवास भएको झलक पाइन्छ। राजकुमारी शकुनमालासँगको विवाह-सम्बन्धवाट युवराज पुण्य मल्ल आफ्नो पाल-राजवंशको साथै – 'शकुनमालाका पति'का रूपमा मल्ल-राजवंशका पनि उत्तराधिकारी बनेका र यसबाट यिनी यस क्षेत्रका निकै नै शक्तिशाली राजा वन्न आएका पाइन्छन्। यिनको वर्खे राजधानी 'सेञ्जा-नगरी' र हिउँदे राजधानी 'दुर्लङ्घ्य-नगर' अर्थात् वर्तमान दुल्लु रहने गरेको सङ्केत पाइन्छ। राजा पृथ्वी मल्लको राज्यकालमा सेञ्जा-राज्य एकपटक फेरि पनि आफ्नो उत्कर्षमा पुगेको र यिनका उत्तराधिकारीहरू इसवीय-संवत्को चौधौँ शताब्दीको मध्यसम्म यस क्षेत्रमा शासन गर्दै रहेका देखिन्छन्।

वर्तमान समयको राष्ट्रभाषा नेपाली अहिलेभन्दा केही दशक अघिसम्म 'पर्वते-वोली' र त्यसभन्दा अगाडि 'खश-कुरा'को नामले प्रसिद्ध रहेको थियो। सल्यान तथा प्यूठानको बीचमा पर्ने 'सखिको-लेक'भन्दा पारितर्फबाट आएका खश-वर्गका आर्यहरू आवाद भई पन्ध्रौं शताब्दीको अन्त्यतिर काली-गण्डकी नदीको किनारमा 'पर्वत' नामक नयाँ राज्य खडा भएपछि त्यहीं नै स्थानीय अन्य आग्नेयदेशी-वर्गका भाषा-परिवारका वोलिहरू वोल्ने नागरिकहरूसँगको सम्पर्कले गर्दा त्यतिवेलाको खश-कुरामा पर्याप्त परिष्कार आएर यस भाषाले 'पर्वते-भाषा'को रूप ग्रहण गरेको देखिनाले त्यतिवेला यस भाषा वा बोलीको नाम 'पर्वते-भाषा' हुनु सार्थक पनि रहेको थियो। तर अहिले यस भाषाले आफूमा रहेको प्रचार तथा प्रसार पनि हुने विशिष्ट गुणले गर्दा नेपाल-अधिराज्यको राष्ट्रभाषाको रूप ग्रहण गरिसकेकोले अब यस भाषा वा बोलीलाई 'खश-भाषा' वा 'पर्वते-वोली' भन्दै रहनु उपयुक्त देखिँदैन।

नेपालमा खश-संस्कृतिको विस्तार

वर्तमान नेपाल-अधिराज्यमा आवाद रहेका पाहाडी-प्रदेशका किराततेर जातिहरूमा 'ऐड' वा 'खश'-वर्गका आर्यहरूको प्राधान्य रहेको चर्चा माथि भैसकेको छ। कर्णाली तथा गण्डकी नदीका प्रस्रवणक्षेत्रका हिमाली तथा पाहाडी प्रदेशहरूमा आज-भोलि पनि प्रायः खश-वर्गका आर्यहरूको नै आवादी रहेको पाइन्छ। खश-कुरा, पर्वते-वोली वा नेपाली-भाषा आफ्नो मातृभाषा भएको नेपाली जनसमुदाय यदि उ आफूलाई आग्नेयदेशी वा किरात-वर्गको सम्झँदैन भने त्यस जनसमुदायलाई 'खश-जाति' भन्न सकिन्छ। यस अर्थमा नेपाल-अधिराज्यमा अहिले पाइने ब्राह्मण, क्षत्रिय*(छेत्री)*, दमाइँ, कामी तथा सर्किहरू सवै नै विशाल खश-परिवारभित्र पर्दछन्।

प्रचलित सामाजिक व्यवस्थाअनुसार खश-जाति पनि मुख्यगरी ब्राह्मण, क्षत्रिय तथा शूद्र गरी तीन वर्गमा विभक्त भएर रहेको पाइन्छ। व्यापारको पेशालाई नअपनाउने गरेकोले खश-वर्गका आर्यहरूमा वैश्य-वर्गको उपस्थिति रहेको पाइँदैन। उपर्युक्त तीन वर्गमा अघिल्ला दुई वर्ग 'तागा' अर्थात् 'जनै' लगाउने हुनाले 'तागाधारी' कहिन्छन् भने पछिल्लो वर्ग 'मद' अर्थात् मदिराको सेवन गर्ने हुनाले 'मतवाली' कहिन्छ।

कर्णाली नदीका प्रस्रवणक्षेत्रहरूमा आवाद रहेका खश-वर्गका आर्यहरूमध्ये डोटी क्षेत्रमा आवाद भएकाहरू 'पछाई' वा 'पश्चिमा' र अन्य क्षेत्रहरूमा आवाद रहेकाहरू 'पूर्विया' भनिन्छन्। "यिनीहरू कुमाउँतिरवाट आएका हुन्" – भन्ने भ्रममा परी पूर्विया ब्राह्मणहरूले डोटचाल तथा पछाइँ-वर्गका खशहरूलाई 'कुमाइँ' भन्ने नाम दिएको झलक पाइन्छ। डोटचाल वा पछाइँ तथा पूर्वियाहरूको वोली, चालचलन तथा भेष-भूषाहरूमा पनि केही न केही अन्तरहरू अवश्य पनि पाइन्छन्। तर समष्टिरूपमा विचार गर्दा पूर्विया खशहरूको वोलीलाई 'सेञ्जाली' भन्ने नाम दिन सकिन्छ। वझाङ्गीहरूको सामाजिक-सम्वन्ध जुम्ली तथा अछामीहरूसँग वढी नजीक रहँदै आइरहेको छ, तर यिनका चाल-चलन तथा भेष-भूषाहरू भने डोटचालहरूसँग वढी मिल्दछन्।

खश-भाषामा 'स' लाई 'ह' वोल्ने नियम पछिसम्म पनि प्रचलित रहँदै आइरहेएको थियो। यस क्षेत्रमा प्रचलित रहेको वर्तमान नेपाली भाषिकामा यो नियम अझैसम्म पनि कायमै रहिरहेको पाइन्छ। उदाहरणको रूपमा वझाङ् तथा जुम्लामा आवाद रहेका खश-वर्गका आर्यहरू :– "सात पैसाको साग" भन्नु परेमा अझैसम्म पनि – "हात पैसाको हाग" भन्दै रहेका पाइन्छन्। पूर्वमा जाजरकोटसम्म पनि यस भाषाको यही नै प्रवृत्ति रहेको छ। सल्यानको मुख्य वस्ती पूर्ववाट पश्चिमतिर जाने मूलवाटोमा परेकोले होला, यहाँको भाषिकाले भने आफ्नो मूलरूपलाई परित्याग गर 'र पर्वत-क्षेत्रमा बोलिने 'पर्वते-वोली'को प्रभावद्वारा 'स' वर्णलाई 'ह' उच्चारण गर्ने परम्परागत नियमलाई परित्याग गरिसकेको पाइन्छ। अर्थात् यहाँ आवाद रहेका खशहरू – "सात पैसाको साग" भन्ने गर्दछन्।

संस्कृत-वाङ्मयको आधारमा भारतको आर्यावर्तमा आबाद रहेका भारतीय आर्यहरूले किरात, हूण, यवन तथा शकहरूलाई जस्तै खश-वर्गका आर्यहरूलाई पनि आफूभन्दा तल्लो तहमा राख्ने गरेकाले यसैको प्रभाव परी पछि-पछि कर्णाली नदीका प्रस्रवण-क्षेत्रहरूमा नवगठित 'वाईसे' र गण्डकी नदीका प्रस्रवण-क्षेत्रहरूमा नवगठित 'चौवीसे' राज्यका खस-वर्गका राजाहरूले पनि आफूहरूलाई 'खश' भनाउनमा आनाकानी गरी 'ठाकुर' वा 'ठकुरी' भनाउन थालेको स्पष्ट नै देखिन्छ। यही नै अवस्था राजवंशभन्दा वाहिर रहेका खश-वर्गका अन्य नागरिकहरूको पनि रहेको पाइन्छ। वर्तमानकालका 'जनरल' भीमसेन थापाजस्ता प्रतिष्ठित तथा शक्तिशाली अधिनायकसम्मले पनि आफूलाई 'खश' भनाउनमा सङ्कोच मान्ने गरेको देखिँदैन।

तर प्रधानमन्त्री जङ्गवहादुर कुवँर राणाले भने आफू राज्यसत्तामा आएपछि आफ्नो वडप्पनलाई देखाउन आफ्नो परिवारलाई मात्र होइन, आफ्नो परिवारभन्दा बाहेकका आफ्ना नातेदारहरू थापा, वस्नेत, कार्की आदि अन्य छेत्री वा क्षत्रियहरूलाई पनि :– "अवआइन्दा हामीहरूलाई खश नभन्नू, क्षत्रिय भन्ने गर्नू" भन्ने आदेश जारि गरिदिएकाले हालसम्ममा गौरवशाली 'खश' शव्दमा हीनतावोधको अनुभव हुन थालिसकेको छ। पहिलेको 'खश-कुरा'ले पनि 'नेपाली-भाषा' भन्ने नयाँ नाम ग्रहण गरी हालसम्ममा राष्ट्रभाषाको रुप ग्रहण गरिसकेको स्पष्ट नै देखिन्छ। तर नेपाली भाषालाई 'खय-भा' अर्थात् 'खश-वर्गका नागरिकहरूको भाषा' भन्ने प्रचलनलाई कायमै राखी नेवारी भाषाभाषीहरूले भने नेपाली भाषाभाषीहरू प्रायः सवै नै खश हुन् भन्ने भावको सङ्केत अझैसम्म पनि गर्दै आइरहेको पाइन्छ।

आफूहरूलाई 'ठकुरी' हुँ भन्ने सम्झन थालेपछि नेपालका नवगठित 'बाइसे' तथा 'चौवीसे' पाहाडी राज्यका राजाहरूमा आफ्नो मूल-घर भारतवर्षको राजपूतानातिर देखाउने प्रवृत्ति पनि बढ्न थालेको पाइन्छ। प्राइम-मिनिस्टर जङ्गबहादुर कुँवरले आफू 'राणा' वनेपछि आफूभन्दा माथिका सातौँ पुस्ताको मूल-घर मेवाडको 'चित्तौड' देखाएका थिए। यसैको अनुकरण गरी पछि-पछि खश-वर्गका थापा, बस्नेत, कार्की, खड्का आदि अन्य क्षत्रियहरूले पनि आफ्नो मूलघर राजस्थान वा राजपूतानातिरै देखाउन थालेको पाइन्छ। खश-वर्गका ब्राह्मणहरूमध्यकै कुमाइँ, पूर्विया र सरवरिया ब्राह्मणहरूले पनि पछि-पछि आफ्नो मूलघर भारत-भूमिकै कन्नौजतिर देखाउन थालेको देखिन्छ।

उपर्युक्त सवै जनसमुदायहरूले अझैसम्म पनि 'खश-कुरा' वा वर्तमान नेपाली भाषालाई नै आफ्नो मातृभाषाको रूपमा प्रयोग गर्दै आइरहेको पाइन्छ। यदि नेपालमा रहेका ब्राह्मण तथा क्षत्रियहरू सबै नै उनीहरूले भनेजस्तै साँच्चै नै राजपूताना वा कन्नौजतिरवाट नै आएका हुन् भने यिनीहरूले आफ्ना मातृभाषाहरू भारतीय भाषाहरूलाई परित्याग गरी कसको भाषा वा वोलीलाई ग्रहण गरेहोलान् त ?

खश-कुरा, पर्वते-बोली वा नेपाली-भाषा मातृभाषा हुने जनसमुदायबाट ब्राह्मण तथा क्षत्रियहरूलाई छुटयाइदिने हो भने यस जातिमा 'दमाइँ', 'कामी', 'सार्की', 'पार्की'

तथा 'ओड' जातिहरू मात्र वाँकी रहन्छन्। वर्तमान समयमा यी सवै जातिहरू 'अछुत' अस्पृश्य मानिएका छन्। त्यसो हो भने के कन्नौज वा राजपूतानातिरवाट आएका ब्राह्मण तथा क्षत्रियहरूले आ-आफ्ना मातृभाषाहरूलाई परित्याग गरी यी अछुतहरूको भाषालाई नै आफ्नो मातृभाषाको रूपमा स्वीकार गरेका हुन् त ? यो सर्वथा असम्भव देखिन्छ। यसैले खश-वर्गका आर्यहरूले आफ्नो मूलघर भारततर्फ देखाउनु व्यर्थ छ।

राजपूतनामा आवाद रहेका राजपूतहरूको मूल-वंशको अन्वेषण गर्ने अनुसन्धाताहरूले यिनका मूल-पुरुषहरूमध्ये अधिकांश हूण, शक तथा जाटहरू भएको बताएका छन्। "जाटहरू हिमालयक्षेत्रबाट बसाइँ सरेर आएका खशहरू हुन्" – भन्ने पनि केही विद्वान्हरूको मत रहेको पाइन्छ। हूण तथा शकहरू भारतका मूल-निवासी होइनन् भन्ने कुरा त भारतीय इतिहासका सामान्य पाठकहरूलाई पनि थाहा भएकै कुरा हो। यस अवस्थामा वर्तमान नेपाल-अधिराज्यका कुँवर, थापा, वस्नेत, विष्ट, कार्की आदि क्षत्रिय-वर्गका नागरिकहरूले आफूलाई – "हामी यहाँका मूल-निवासी खशहरू होइनौं; भारतवर्षबाट आएका चोखा राजपूतहरू ह्वौं" भनी नाक फुलाउनु व्यर्थ छ। यही कुरा 'खनाल', पौडेल', 'अधिकारी' आदि थर भएका ब्राह्मणहरूको हकमा पनि लागु हुन्छ।

सखिको-लेकलाई पार गरेर पूर्वतिर आएपछि आग्नेयदेशी वर्गका मगर तथा गुरुङ्-वर्गका नागरिकहरूले वोल्ने गरेका वोलीहरूसँगको सम्पर्कले गर्दा सेञ्जाली 'खश-कुरा'मा निकै नै परिष्कार आएको पाइन्छ। यस्तो परिष्कार खासगरी तात्कालिक 'पर्वत' राज्यमा भएकोले परिष्कृत खश-भाषा 'पर्वते-बोली'को नामले प्रसिद्ध हुन आएको थियो। गुल्मी, अर्घा तथा खाँचीमा आवाद हुन आइपुगेका खश-वर्गका आर्यहरूले 'पर्वते-वोली'लाई नै आफ्नो मातृभाषाको रूपमा स्वीकार गरेको देखिन्छ। प्यूठानमा आवाद हुन आएका खश-वर्गका आर्यहरूमध्ये धेरैजसो कुमाउँवाट आएका थिए। यिनीहरूले त्यहाँ प्रचलित रहेको खश-भाषाको 'कुमाउँनी' भाषिकालाई लिएर पूर्वतर्फ आएको देखिन्छ। यस्तै पाल्पामा आवाद हुन आइपुगेका खश-वर्गका आर्यहरूमा तराईक्षेत्रमा आवाद रहेका 'कायस्थ'हरूको 'कैथी-वोली'को प्रभाव परेको पाइन्छ। कैथी-बोलीको प्रभाव वर्तमान नेपाली-भाषाको पाल्पाली-भाषिकामा अझैसम्म पनि प्रकटरूपमा नै भेट्न सकिन्छ।

कास्की क्षेत्रमा आवाद हुन आइपुगेका खश-वर्गका आर्यहरूले 'पर्वते-वोली'लाई अझै परिष्कृत बनाएका र यही बोलीलाई लिएर यिनीहरू पूर्वतिर बसाइँ सर्दै वर्तमान काठमाडौं उपत्यका तथा यसदेखि पूर्व किराँत-प्रदेशसम्म पनि फैलिन आइपुगेका देखिन्छन्। यस वोलीले पछि भाषाको रूप धारण गरी वर्तमान समयसम्ममा वर्तमान नेपाल-अधिराज्यको पूर्वी सीमालाई समेत पार गरेर भुटान तथा यसभन्दा अझै पूर्वसम्म पनि फैलिन पुगेको पाइन्छ। विस्तार हुने विशिष्ट गुणको विकास भएकोले

अन्य भाषाभाषी जनसमुदायका आवादीहरूमा क्रमशः फैलिएर यस भाषाले वर्तमान समयसम्ममा नेपाल-अधिराज्यको राष्ट्रभाषाको रूप नै ग्रहण गरिसकेको छ।

यसरी खश-वर्गका आर्यहरूको आगमनपछि नेपाल-राज्यको सामाजिक-संरचना तथा सांस्कृतिक परम्पराहरूमा पनि व्यापकमात्रामा परिवर्तन आएको स्पष्ट देखिन्छ। यस क्षेत्रको राजनीतिक वातावरणमा पनि यसले ठूलै हलचल ल्याइदिएको थियो। यसको संक्षिप्त चर्चा तल यथास्थान गरिने छ।

(ग) नेपालमा गोरखा-संस्कृतिको उत्थान तथा विकास

चौधौं शताब्दीको मध्यमा नेपाल-अधिराज्यमा वङ्गालबाट इस्लामको जवर्जस्त आक्रमण भएको चर्चा माथि पनि भैसकेको छ। वङ्गालका सुल्तान समसुद्दीन-इलियस शाहको नेतृत्वमा आएका मुसल्मानी सैनिकहरूले लूटपाट गरी वर्तमान काठमाडौं उपत्यकाभित्र रहेका प्रायः सबै शहर तथा गाउँहरूलाई ध्वस्त पारिदिएका थिए। राष्ट्रिय-देवताका रूपमा सम्मानित हुँदै आइरहेका आराध्य-देव भगवान् पशुपतिनाथको मूर्तिलाई नै पनि यतिवेला तीन-टुक्रामा विभक्त पारिएको, स्वयम्भूको प्रसिद्ध चैत्यलाई भत्काइएको र अन्य अनेकौं देवमन्दिर तथा मूर्तिहरू पनि नष्ट-भ्रष्ट पारिएका थिए।

सेञ्जाका राज्यका खश राजाहरूको वारम्वारको आक्रमणवाट जर्जर हुन पुगेको तात्कालिक नेपाल-अधिराज्य इस्लामको यस आक्रमणवाट त करीव-करीव ध्वस्त नै हुन पुगेको र यसपछि पूर्व तथा पश्चिमका अधीनस्थ सामन्त राज्यहरूमा नियन्त्रण कायम राखिराख्न नसक्दा नेपाल-अधिराज्य खण्डित हुन आरम्भ भई मूल नेपाल-अधिराज्य वर्तमान काठमाडौं उपत्यका तथा यसको आसपासका क्षेत्रहरूमा मात्र सीमित हुन आएको देखिन्छ।

यसरी नेपाल-अधिराज्य टुक्रिन आरम्भ भएपछि खश-वर्गका आर्यहरूलाई पूर्वतर्फ बढ्नवाट रोक्ने 'सखिको-लेक'को प्राकृतिक बाँध पनि स्वतः नै भत्कियो र खश-वर्गका नागरिकहरू हूलका-हूल त्यहाँबाट पूर्वतिर बढ्दै आई डेढ-दुई शताब्दीका बीचमा नै वर्तमान काठमाडौं उपत्यकालाई समेत पार गरेर पूर्वतर्फ – किराँत-प्रदेशसम्म – पनि फैलिन पुगेका पाइन्छन्। जुन समयमा खश-वर्गका आर्यहरू कर्णाली नदीका प्रस्रवण-क्षेत्रहरूवाट गण्डकी नदीका प्रस्रवणक्षेत्रहरूतर्फ लागिरहेका थिए त्यसै समयमा आर्यावर्तीय आर्यहरूका अनेकौं जमातहरू पनि इस्लाम-धर्मका उपासक विधर्मी शासकका आतङ्कहरूवाट त्राण पाउन वर्तमान नेपाल-अधिराज्यका पहाडी भेगहरूतर्फ लागिरहेका पाइन्छन्।

खश-वर्गका आर्यहरू आर्यावर्तीय आर्यहरूभन्दा निश्चय नै भिन्न थिए, तर दुवैथरी आर्यहरू एउटै आर्य-जातिका अलग-अलग शाखाका भएका र यतिन्जेलसम्ममा यिनीहरूको आपसी सम्पर्क समेत स्थापित भैसकेकोले दुवैथरी आर्यहरू एक अर्कावाट

अज्ञात तथा अपरिचित भने थिएनन् । यसबाट खश-संस्कृति तथा नवागान्तुक आर्यावर्तीय आर्यका संस्कृतिहरू पनि केही न केही मात्रामा एक अर्कोबाट प्रभावित हुँदै रहे । तर आर्यावर्तीय आर्यहरू एकै समय तथा एकै जमातमा नआएकाले यहाँ उनीहरूका सभ्यता तथा संस्कृतिहरूको खास प्रचार हुन नसकी उनीहरू स्थानीय खश-वर्गका आर्यहरूकै भाषा, भेष-भूषा, चाल-चलन, रीति-रिवाज आदि सांस्कृतिक प्रवृत्तिहरूलाई स्वीकार गर्न विवश भएका थिए ।

स्थानीय खश-वर्गका आर्यका संस्कृतिहरू पनि नवागन्तुक आर्यावतीर्य आर्यका संस्कृतिका प्रभावबाट अछुता भने रहन सकेनन् । यसले गर्दा दुईथरी संस्कृतिहरूको मेलबाट यहाँ एउटा नयाँ किसिमको विशिष्ट संस्कृतिको निर्माण भयो । दुवै संस्कृतिहरू परिष्कृत थिए, यसैले दुवै संस्कृतिका वैशिष्टचहरूलाई ग्रहण गरी खारिएको यस विशिष्ट संस्कृतिमा प्रसारगुण भरपूरमात्रामा रहेकोले पछि गण्डकी नदीहरूका प्रस्रवणक्षेत्रमा मात्र होइन, यसभन्दा पूर्वतर्फ पनि यस संस्कृतिको व्यापकमात्रामा प्रचार तथा प्रसार पनि हुँदै आएको पाइन्छ ।

खश-वर्गका आर्यहरूको पूर्वाभिमुख प्रयाण तथा नवागन्तुक आर्यावर्तीय आर्यहरूसँगको सम्पर्क एवं सहयोगले गर्दा डेढ-दुई शताब्दीको बीचमा नै प्यूठानदेखि लमजुङ्ग तथा तनहुँसम्मका किराँत-वर्गका आबादीहरूमा – मगराँतमा – स-साना अनेकौं पाहाडी राज्यहरूको उत्थान भयो, जो पछि 'चौबीसे-राज्य'हरूका नामले प्रसिद्ध रहे । यसै क्रममा सबैभन्दा पछि 'गोरखा' नामक राज्यको स्थापना भएको देखिन्छ *(इ.सं. १५५९)* । उता यसै बीचमा कर्णाली नदीका प्रस्रवणक्षेत्रहरूमा – 'खसान'मा – पनि सेञ्जाको पुरानो शक्तिशाली खश-राज्य खण्डित भएर त्यसैको खण्डहरमा स-साना २२ वटा राज्यहरू कायम हुन आएका र यिनै राज्यहरू पछि 'बाइसे-राज्य'हरूका नामले प्रसिद्ध रहेका पाइन्छन् ।

गण्डकी नदीहरूका प्रस्रवणक्षेत्रका उपर्युक्त पच्चीसवटै राज्यका संस्थापक राजाहरूले खश-वर्गका नागरिकहरूकै सहयोगबाट आ-आफ्ना राज्यहरूको स्थापना तथा विकास पनि गराएका थिए । तर उक्त राज्यहरूमध्येकै पाल्पा, तनहुँ आदि मगर-वर्गका जातिको बाक्लो आबादि रहेका 'मगराँत'का राजाहरूले भने मगरहरूलाई पनि आफूहरूले मानिआएको वैदिक सनातन-धर्ममा दीक्षित गराएर आफ्नो समाजमा सम्मिलित गराई खश-भाषा तथा वैदिक सनातनधर्म एवं संस्कृतिको पनि अनुयायी बनाउन आरम्भ गरिसकेका थिए । यसप्रकार माथि उल्लेख गरिएका पच्चीसवटै पाहाडी राज्यहरूमा खश, मगर तथा गुरुङ् यी तीन जातिहरू परस्परमा घुलमिल हुँदा तीनथरी जातिहरूको सामाजिक एवं सांस्कृतिक वैशिष्टचहरूको मेलबाट 'खश-भाषा' वा 'पर्वते-बोली' बोल्ने एउटा विशिष्ट लडाका जातिको उत्पत्ति तथा विकास पनि हुन आएको थियो, जसलाई पछि आएका अङ्ग्रेजहरूले 'गुर्खा' वा 'गोरखा' भन्ने नाम दिएको पाइन्छ । गोरखा राज्यमा खश, मगर तथा गुरुङ् वर्गका नागरिकहरूको लगभग

समान आबादि रहेको थियो, यसैले यी सबै जातिहरूको आदर्श समन्वय यसै राज्यमा स्थापित हुनु सम्भव भएको देखिन्छ। यस्तो मिश्रित लडाका जाति नवगठित गोरखा-राज्यमा मात्र थियो, अन्य राज्यहरूमा थिएन भन्ने भ्रममा परी अङ्ग्रेजहरूले यस जातिलाई 'गोरखा' भन्ने नाम दिएको देखिन्छ।

उता, पाल्पा राज्यबाट टुक्रिएर पछि सेन-राजवंशका ठकुरी राजाहरूले 'मकवानपुर'मा पनि छुट्टै सेन-राज्यको गठन गरेका थिए। पछि यस राज्यबाट पनि टुक्रिएर 'विजयपुर' नामक अलग राज्य खडा भयो र 'कोसी' नदीभन्दा पूर्वतर्फका तराईक्षेत्रहरूका साथै वर्तमान पूर्वी नेपालका सम्पूर्ण किराँत-प्रदेशहरूमा पनि यस राज्यको नियन्त्रण स्थापित हुन आयो। किराँत-प्रदेश मध्ययुगको अन्त्यसम्म पनि तात्कालिक नेपाल-अधिराज्यदेखि बाहिर परेर पिछडिएको अवस्थामा नै रहिरहेको थियो। तर त्यहाँ पनि किरात-वर्गका अनेकथरी जातिहरूले आ-आफ्ना सभ्यता तथा संस्कृतिहरूलाई स्वतन्त्र रूपमा विकास गरिरहेका थिए। यिनका सभ्यता तथा संस्कृतिहरूमा आर्य-सभ्यता तथा संस्कृतिहरूको धमिलो प्रकाश पर्दै आइरहेको थियो तापनि खास प्रभाव भने पर्न सकिरहेको थिएन। यिनीहरू छिमेकी राज्यहरूबाट प्राप्त हुने साँस्कृतिक आलोकहरूको प्रतीक्षामा बसिरहेका थिए।

विजयपुर-राज्यको गठन भएपछि भने सेन राजाहरूले आफ्ना खश तथा मगर -वर्गका सैनिकहरूका साथै खम्वू तथा लिम्वू-वर्गका नागरिकहरूलाई पनि सैनिक-सेवाहरूमा भर्ति गर्न आरम्भ गरेकाले त्यस क्षेत्रमा पनि परोक्षरूपमा नै भएपनि गोरखा-संस्कृति क्रमिकरूपमा विकसित भैरहेको थियो। यसप्रकार जुन समयमा गोरखा राज्यका राजा पृथ्वीनारायण शाहले नेपाल-अधिराज्यको एकीकरण-कार्यको अभियानलाई प्रारम्भ गरेका थिए त्यतिञ्जेलसम्ममा गोरखा-संस्कृति वर्तमान नेपाल-अधिराज्यमा व्यापकरूपमा फैलिइसकेको देखिन्छ।

गोरखा-संस्कृतिमा रहेको वैशिष्टचलाई लक्ष्य गरेर नै राजा पृथ्वीनारायण शाहले आफ्नो सुप्रसिद्ध व्याख्यान 'दिव्योपदेश'मा :– "पल्टनमा सिपाहीहरू भर्ना गर्दा खश, मगर, गुरुङ् तथा ठकुरी यी चार-थरी जातलाई मात्र छ्यासमिस गरी भर्ना गर्नू, यसो गरेमा युद्धकालमा सैनिक-सङ्गठन दऱ्हो हुनेछ" भनी बोलेका छन्। हुन पनि यसै सांस्कृतिक वैशिष्टचलाई पहिचान गरेर – यसैको आधारमा – यिनले यस क्षेत्रमा गठन भएका सबै पहाडी राज्यहरूलाई एकीकरण गर्ने अभियानलाई प्रारम्भ गरेको देखिन्छ।

राजा पृथ्वीनारायण शाह गोरखा-संस्कृतिका अनन्य उपासक रहेका थिए। यसैले यिनमा आफ्नो यस संस्कृतिप्रति अगाध प्रेम हुनु स्वाभाविकै भएको थियो। तर यिनले आफ्नो संस्कृतिलाई विजित देश वा जातिहरूमा बलात् थोपर्ने दुराग्रह भने कहिल्यै पनि गरेनन्, बरु सबै जात वा जातिका सबैथरी संस्कृतिहरूलाई समानरूपमा आदर तथा सत्कार पनि गर्दै रहे। यो यिनको दूरदृष्टि थियो र यही नै यिनको राजनीतिक

सफलताको रहस्य पनि। यिनले आफ्नो एकीकृत नेपाल-अधिराज्यलाई :– "चार-वर्ण छत्तीस-जातहरूको साझा फूलबारी"को रूपमा उपस्थापित गराएका थिए।

राजा पृथ्वीनारायण शाह गोरखा-संस्कृतिका अनन्य उपासक मात्र थिएनन्, एकीकरणपछि यिनी काठमाडौं उपत्यकाको परम्परागत ललितकलात्मक संस्कृतिवाट पनि अत्यन्त नै प्रभावित भएका थिए। यहाँको परम्परागत शिल्प, व्यवसाय, कला-कौशल, चाड-पर्व तथा जात्रा-उत्सव आदिलाई सम्मान गर्दै यिनीहरूको संरक्षण एवं सम्वर्द्धनमा यिनी सदा दत्तचित्त रहेका अनेकौं दृष्टान्तहरू यत्रतत्र पाइन्छन्। यिनले आफ्नो एकीकृत अधिराज्यलाई 'गोरखा-अधिराज्य' भन्ने नाम दिन चाहेनन्, 'नेपाल-अधिराज्य' भनाउनमा नै गर्व गर्दै रहे।

यिनले निर्माण गराएको वसन्तपुर-दरवारमा मल्लकालिक वास्तुकलाको अपूर्व छटा अझैसम्म पनि देख्न पाइन्छ। स्वदेशी नाच-गानहरूको संरक्षण तथा सम्वर्धनमा पनि यिनले समुचित ध्यान दिएका थिए। यिनले आफ्नो सुप्रसिद्ध व्याख्यान 'दिव्योपदेश'मा :– "विदेशी गायक तथा नर्तकहरूलाई नेपालभित्र प्रवेश गर्न नदिनू, ... आफ्नो सोख-सयलको निमित्त त शास्त्र बमोजिमका तीनै शहरका नेवारका नाचहरू झिकाई हेरे पनि हुन्छ, यिनीहरूलाई दिएको त आफ्नै देशमा रहन्छ" भन्नी मार्मिक उद्‌गार व्यक्त गरेका छन्।

यसरी नेपाल-अधिराज्यको एकीकरणपछि परम्परागत ललितकलात्मक संस्कृति तथा गोरखा-संस्कृतिको मेलवाट जुन विशिष्ट किसिमको नेपाली संस्कृतिको निर्माण तथा विकासपनि भएको छ, त्यसैलाई वर्तमानमा :– 'नेपाली संस्कृति' भन्नु उपयुक्त देखिन्छ।

राजा पृथ्वीनारायण शाह नेवारी-संस्कृति तथा गोरखा-संस्कृतिको समन्वयवाट मात्र सन्तुष्ट रहेका थिएनन, अन्य विभिन्न जात तथा जातिका सभ्यता एवं संस्कृतिहरूलाई पनि आपसमा हेलमेल गराएर नै नेपाल-अधिराज्यमा समाजिक सद्‌भाव राख्न सकिन्छ भन्ने यिनको नीति रहेको देखिन्छ। हाम्रो सौभाग्य हो कि यिनी यस नीतिमा सफल रहे र सांस्कृतिक सद्‌भावको आधारमा नै यिनी तथा यिनका उत्तराधिकारीहरू 'टिस्टा' नदीदेखि 'सतलज' नदीसम्मका विस्तृत भूभागहरूमाथि नियन्त्रण स्थापित गर्न समर्थ भई वर्तमान नेपाल-अधिराज्यभन्दा अझै विशाल अधिराज्यको निर्माण गर्न सफल भए। पछि आफ्नै प्रशासनिक क़मजोरीहरूले गर्दा 'सुगौली-सन्धि'पछि नेपाली संस्कृतिले सङ्कुचित क्षेत्रहरूमा खुम्चिएर बस्नुपर्‍यो, यो अर्कै कुरा हो।

(घ) उपसंहार

यसरी किरात, आर्य तथा खश गरी तीनथरी संस्कृतिहरूका तीन प्रमुख धाराहरू र अन्य अनेकौं उपधाराहरू मिलेर वर्तमान नेपाली संस्कृतिको निर्माण भएको पाइन्छ। नेपाली संस्कृतिको वर्तमान स्वरूपको निर्धारणमा विभिन्न कालमा विभिन्न

नेपालको सांस्कृतिक परम्परा

जात-जातिहरू र तिनीहरूले विकास गराएका विभिन्न संस्कृतिहरूको योगदान रहेको चर्चा संक्षिप्तरूपमा माथि प्रस्तुत भएको छ। नेपालमा हाल विकसित भएर रहेका अन्य विभिन्न संस्कृतिहरूको पारस्परिक आदान-प्रदान तथा नेपाली संस्कृतिको मूल-प्रवाहमा परिष्कार हुने क्रम भने अझैसम्म पनि जारी नै रहिरहेको छ।

यस किसिमको सामाजिक तथा सांस्कृतिक हेलमेलले गर्दा नेपाल-अधिराज्यका सम्पूर्ण निवासीहरू आज सामाजिक आदर्शको दृष्टिले एक भएका छन् र यस किसिमको भावनात्मक एकतावाट हाम्रो राष्ट्रिय एकतालाई ठूलो वल पुगिरहेको छ। यस परम्पराको संरक्षण एवं सम्वर्द्धन गर्नु आजको लागि हामी सम्पूर्ण नेपाली नागरिकहरूको साझा कर्तव्य हुन आएको छ।

हामी नेपालीहरू सांस्कृतिक दृष्टिकोणले निकै समृद्ध मानिन्छौं। पच्चीस-सय वर्षभन्दा लामो अवधिदेखि हाम्रो गौरवशाली सांस्कृतिक-परम्परा चल्दै आइरहेको छ। यस अवधिमा यस परम्परामा समय-समयमा संस्कृतिका अनेकौं धारा तथा उपधाराहरू आए र मिसिए, तर यसवाट संस्कृतिको मूलप्रवाहमा भने खासै असर परेन, वरु झन्-झन् तेजिलो तथा चम्किलो पनि हुँदै आइरहेको पाइन्छ। यस अवधिमा सवैभन्दा महत्त्वपूर्ण कुरा हामी आफ्नो स्वाधीनता, सार्वभौमिकता तथा स्वतन्त्रतालाई पनि अक्षुण्ण राख्न समर्थ रहेका छौं। यसै अवधिमा ललितकलाहरूको क्षेत्रमा विश्व-रङ्गमञ्चमा हामीहरूले आफ्नो विशिष्ट पहिचानलाई पनि स्थापित गरेको पाइन्छ। नेपालीहरूले समय-समयमा प्रदर्शन गरेका वीरताका गाथाहरू पनि निकै गौरवपूर्ण रहेका छन्। हाम्रा पूर्वजहरूका वीरताका गाथाहरूलाई विपक्षीहरूले पनि मुग्धकण्ठले प्रशंसा गरेका छन्। हुन पनि हाम्रा पुर्खाहरूले ठूलो त्याग, तपस्या र रक्तपातपूर्ण वलिदानहरूद्वारा आफ्नो राष्ट्रिय गौरव तथा स्वाभिमानलाई वचाउँदै आएका हुन्।

इतिहासकालमा कहिल्यै पनि परतन्त्रताको पीडालाई भोग्न नपर्नु हामी नेपाली नागरिकहरूको निमित्त ज्यादै ठूलो राष्ट्रिय गौरवको विषय-वस्तु हो। सम्पूर्ण उत्तरी भारत-भूमिलाई इस्लामले आक्रान्त पार्दा र प्रायः सम्पूर्ण दक्षिणपूर्वी एशिया उपनिवेशवादको पीडादायी चङ्गुलमा फस्दा पनि नेपाल-अधिराज्यले भने आफ्नो सार्वभौमिकता तथा स्वतन्त्रतालाई कहिल्यै पनि गुमाउनु परेन। यो हाम्रो राष्ट्रिय एकता तथा समृद्ध सांस्कृतिक वैभवको नै प्रतिफल हो।

यस गौरवलाई अक्षुण्णरूपमा वचाइराख्ने जिम्मेवारी भने आज हामीहरूकै काँधमा आइपुगेको छ। यस परम्परालाई हामी तथा हाम्रा भवी सन्ततिहरूले अनन्तकालसम्म वचाइरहन सकौं, यही नै हार्दिक कामना रहेको छ।

* * *

परिशिष्ट

(क) हाम्रो उद्देश्य

संसारमा रहेका अन्य सभ्यजातिहरूजस्तै हिन्दू जाति पनि परम्परादेखि चलिआएको आफ्नो सभ्यता एवं संस्कृतिलाई नै आदर्श-सभ्यता एवं आदर्श-संस्कृतिको रूपमा स्वीकार गर्दै यसको उपासक भएर रहँदै आइरहेको छ। यसैगरी संसारमा विकसित भएर रहेका अन्य देश वा समाजका सभ्यता र संस्कृतिहरूमा जस्तै हिन्दू सभ्यता तथा संस्कृतिहरूमा पनि समय-समयमा आफूमाथि पर्दै आएका अन्य सभ्यता तथा संस्कृतिहरूका प्रभावहरूलाई परिष्कार गरेर आत्मसात् गर्ने क्षमता निरन्तररूपमा विकसित हुँदै आइरहेको पाइन्छ।

'संस्कृति' नामक विशेष तत्त्वको ज्ञान मूल-रूपमा भारतीय मूलका आर्यहरूलाई थिएन। अङ्ग्रेज जातिसँग सम्पर्क स्थापित भएपछि उनीहरूसँगको सहवासबाट नै भारतीय नागरिकहरूले यस तत्त्वलाई पहिचान गर्न सकेको देखिन्छ। सभ्यताको सार को रूपमा संस्कृति रहेको हुन्छ भन्ने तथ्यलाई थाहा पाएर भारतीय आर्यहरूले पछि मात्र यस तत्त्वलाई प्रकाशमा ल्याएका हुन्। भारतीय तथा नेपाली सभ्यता तथा संस्कृतिहरू दिदी-बहिनीहरूजस्तै एकै अनुहारका देखिन्छन् तापनि दिदी तथा बहिनीहरूको डिल-डाल, रङ्ग-रूप तथा स्वभावमा पनि जसरी भिन्नता पाइन्छ, त्यसैगरी भारतीय सभ्यता एवं संस्कृतिहरू र नेपाली सभ्यता एवं संस्कृतिहरूमा पनि भिन्नता पाइनुलाई अस्वाभाविक मान्न सकिँदैन।

आर्य तथा किरात-वर्गका नागरिकहरूको सङ्गमबाट वर्तमान नेपाली समाजको निर्माण भएको स्पष्ट देखिन्छ। नेपाल-अधिराज्यमा एकातिर आर्यावर्तीय आर्य तथा इरानी ऐर्य जातिको मध्यवर्ती भएर रहेको ऐड वा खश जातिका विशेष प्रकारका सभ्यता एवं संस्कृतिहरूको अस्तित्व पाइन्छ भने अर्कातिर यहीं नै 'किरात'-वर्गका विभिन्न जातिका भिन्न किसिमका सभ्यता तथा संस्कृतिहरू पनि विकसित भैरहेका पाइन्छन्। यी दुईथरी सभ्यता एवं संस्कृतिहरूमा आर्यावर्तीय आर्यहरूका सभ्यता तथा संस्कृतिका पनि केही तत्त्वहरू मिलेर तीनथरी सभ्यता तथा संस्कृतिहरूको त्रिवेणीबाट आर्य-किरात सभ्यता तथा संस्कृतिहरूको निर्माण भैरहेको पाइन्छ, जसलाई समष्टिमा – "नेपाली सभ्यता तथा संस्कृति" भन्नु उचित देखिन्छ।

आर्यावर्तका समतल मैदानहरू तथा तिब्वतको उचचतम पठारको बीचमा पश्चिमबाट पूर्वतर्फ लम्बायमान भएर रहेको सुपवित्र 'हिमवान्' पर्वत-मालाको

दक्षिणतर्फको ढालमा करीब-करीब खुँडाको आकारमा नेपाली सभ्यता तथा संस्कृतिहरूको आधार-भूमि भएर वर्तमान नेपाल-अधिराज्य रहेको पाइन्छ। यहाँ हिमवान् पर्वतमालाको पश्चिमी भागबाट आएका खश-वर्गका नागरिकहरूको बाहुल्य रहेको छ तापनि किराँत-वर्गका नागरिकहरूको पनि कमी रहेको छैन। हिमवान् पवर्तमालाको ओल्लोछेउदेखि पल्लोछेउसम्म यसरी खश तथा किरात-वर्गका जातिहरू एक-आपसमा घुल-मिल भएर रहेका हुनाले वर्तमान नेपाली संस्कृतिलाई उदार दृष्टिकोणअनुसार भन्नुपर्दा :– 'हिमवत् संस्कृति' भन्नु व्यावहारिक हुनेछ। यसैले नेपाली सभ्यता तथा संस्कृतिहरूको अध्ययन एवं अन्वेषण गर्ने उद्देश्यअनुसार प्रकाशित हुन लागेको यस पत्रिकाको नाम पनि 'हिमवत्-संस्कृति' राखिनु उपयुक्त देखिन्छ।

जातिको प्रतिविम्वको रूपमा परिवर्तनशील भएर सभ्यता रहने र यसको सार वा चूरोको रूपमा अल्पपरिवर्तनशील भई संस्कृतिहरू रहने तथ्यलाई पहिचान गरेर युरोपीय जातिहरूले र पछि एसिया तथा अफ्रिकाका अन्य सभ्य जातिहरूले पनि आ-आफ्ना सभ्यता तथा संस्कृतिहरूको अन्वेषण एवं पहिचान गरी यिनलाई क्रमशः प्रकाशमा ल्याएका छन्। नेपाली जाति भने अझैसम्म पनि अशिक्षित अवस्थामा पिछडिएर रहेकोले यस दिशातिर समुचित दृष्टि पनि दिन नसक्दा भारतीय विद्वान् पं. भगवानलाल इन्द्राजीदास तथा अङ्ग्रेज विद्वान् डा. वेण्डालले पनि यस क्षेत्रमा सर्वप्रथम हात हालेको पाइन्छ। पछिबाट फ्रेञ्च-विद्वान् सिलव्याँ लेवीले विशेष चाख लिई नेपाली सभ्यता र संस्कृतिहरूको अध्ययन तथा अन्वेषण गरेर यस सम्वन्धमा विस्तारपूर्वक चर्चा गरेका छन्। तर लेवी महोदयले एक त वर्तमान काठमाडौं उपत्यका तथा यसको वरिपरिको सङ्कुचित क्षेत्रलाई मात्र 'नेपाल'को रूपमा गणना गरेकोले यिनको यो अन्वेषण यसै पनि सङ्कुचित रहन गएको छ, दोस्रो यिनको कृति फ्रेञ्च-भाषामा लेखिएकोले सर्व-सामान्य नेपाली नागरिकहरूको निमित्त दुर्बोध रहेको हुँदा विशेष लाभदायक हुन सकिरहेको छैन।

प्रजातन्त्रको घोषणा भएपछि नेपाली नागरिकहरूमा पनि चेतना जागृत भयो र यहाँ पनि सभ्यता तथा संस्कृतिहरूको सम्वन्धमा अध्ययन तथा अन्वेषणहरू गर्ने सङ्घ-संस्थाहरू धमाधम खुल्न थाले। तर चेतनाअनुरूप जागरण नआउँदा खुलेका इनेगिनेका सङ्घ-संस्थाहरू पनि अकर्मण्य भई अहिले टाक्सिँदै आइरहेका छन्। यसै समयमा फ्रेन्च-विद्वान् सिलसिलव्याँ-लेवीले अपनाएको सङ्कुचित भावनालाई परित्याग गरेर नेपाल-अधिराज्य अन्तर्गत रहेको कर्णालीक्षेत्रलाई पनि नेपालमा नै गणना गरी त्यस उपत्यकाका सभ्यता तथा संस्कृतिहरूको सम्वन्धमा अध्ययन तथा अन्वेषण गरेर निकै प्रकाशमा ल्याउनु इटलियन विद्वान् प्राध्यापक जिसेप् तुचीको उदार दृष्टिकोणको नै प्रतिफल रहेको छ।

नेपाल-अधिराज्यका समग्र भूभागहरूको एकैपटक सांस्कृतिक अध्ययन तथा अन्वेषण हुनु सम्भव नभएकोले लगातार केही वर्ष लगाएर समग्र नेपाल-अधिराज्यका

सभ्यता तथा संस्कृतिहरूको अध्ययन तथा अन्वेषण गर्ने विचार लिई प्रस्तुत त्रैमासिक पत्रिका प्रकाशित गराउने उत्कण्ठा गरिएको छ। नेपाली सभ्यता एवं संस्कृतिहरूको सम्बन्धमा विदेशी अध्येताहरूको विचार गहिरो तहसम्म घुस्न गाह्रो पर्ने, हामी स्वदेशी अनुसन्धाताहरूको निमित्त भने आफ्ना सभ्यता तथा संस्कृतिहरूको वारेमा अध्ययन तथा अनुसन्धान गर्नु अपेक्षाकृत सजिलो एवं सुविधाजनक पनि हुने हुनाले यस कामको निमित्त सहृदयी नेपाली विद्वान्हरूवाट नै आवश्यक सहयोगको अपेक्षा राखिएको छ। आशा छ, अपेक्षित सहयोग अवश्य पनि प्राप्त हुनेछ।

'ऐतरेय-ब्राह्मण'को कथन छ :–

"कलिः शयानो भवति, संजिहानस्तु द्वापरः।
उत्तिष्ठंस्त्रेता भवति, कृतं सम्पद्यते चरञ्चरैव चरैव।"

अर्थात् :– "कलि-युग सुतुवा प्रवृत्तिको हुन्छ भने टुसुक्क वसेर हाई गर्ने स्वभाव द्वापर-युगको रहेको छ। यस्तै त्रेता-युगको जुरुक्क उठ्ने स्वभाव हुन्छ भने कृत*(सत्य)*-युगको हिंड्ने चलायमान स्वभाव हुन्छ। यसकारण अव हामी पनि (उत्साहका साथ) हिँडौं, हिँडौं।"

देशमा जवसम्म अन्धकारले परिपूर्ण कलि-युग व्याप्त थियो त्यतिञ्जेलसम्म हामीहरू जति सुत्नुपर्ने हो त्यति सुतिसक्यौं, द्वापर-युग लागेपछि वसेर हाई गरिसक्यौं र त्रेता-युग लागेपछि उठेर खडा पनि भएका छौं। यसैले अव हामीले द्रुत-गतिले हिँडेर देशमा कृतयुग वा सत्य-युगलाई ल्याउनु अत्यावश्यक भएको छ। यसवाट नै हामी सवैको कल्याण हुनेछ।

संस्कृतिको पहिचान जातिको आत्म-ज्ञान हो। हाम्रा पूर्वजहरूको कथन पनि छ :– *"आत्मा वा रे द्रष्टव्यः श्रोतव्यो निदिध्यासितव्यः।"* अर्थात्- आफैंले आफैंलाई पहिचान गर, अध्ययन गर, मनन गर र वास्तविक यथार्थलाई ग्रहण गर।

* * *

पूर्व प्रकाशित लेख-रचना।

साभार :– 'हिमवत्संस्कृति' *(त्रैमासिक-पत्रिका)*

वर्ष १, अङ्क १, वि.सं. २०१६।

(ख) नेपाल, नेवार तथा नेवारी भाषा

१. नेपाल शब्दको व्युत्पत्ति

आजभन्दा करीव चार-शताब्दीजति पहिलेका अज्ञातनामा एक-जना नेपाली कविले 'नेपाल' शब्दको व्युत्पत्ति लगाउन 'ने' नामक मुनिको कल्पना गरी 'ने' नामक मुनिले पालना गरेको देश भएकोले यस देशको नाम 'नेपाल' रहन गएको हो भनी पाठकहरूलाई भुलाउने चेष्टा गरेका थिए[१]। तिनले आफ्नो सुविधाको निमित्त 'ने' शब्दको वदलामा 'नेमि' शब्दको पनि प्रयोग गरेको पाइन्छ[२]।

यो भयो पहिलेको इतिवृत्तको कुरा। हालका वैज्ञानिक युगका फ्रेन्च-विद्वान् प्राध्यापक सिलव्याँ-लेवीले पनि 'पञ्च' शब्दवाट 'पाञ्चाल' शब्द बनेको उदाहरणलाई प्रस्तुत गर्दै पहाडको फेदिलाई बुझाउने संस्कृत-भाषाको 'नीप' नामक शब्दवाट 'नेपाल' शब्द बनेको हुनु सम्भव छ भनी बताएका छन्[३]। तर संस्कृत-भाषाको प्रचलित व्याकरणको नियमअनुसार 'पञ्च' शब्दमा 'आल' प्रत्यय लागेर 'पाञ्चाल' शब्द बन्न सक्तछ, तर 'नीप' शब्दमा 'आल' प्रत्यय जोडिएर 'नेपाल' शब्द बन्ने नियम कुनै प्रचलित संस्कृत-व्याकरणमा पनि पाइँदैन। यो तद्धित प्रत्यय जोडिँदा मूल शब्दमा पहिलो स्वरको वृद्धि हुने हुनाले 'नीप' शब्दमा 'आल' प्रत्यय लागेर 'नैपाल' शब्द वन्न सक्तछ, न कि 'नेपाल' शब्द। यसै किसिमका तर्कनाहरू अन्य विद्वान्हरूले पनि प्रस्तुत गरेका छन्। तर अब यस्ता तर्कनाहरूतर्फ नलागी युक्तियुक्त विचारतर्फ लाग्नु आवश्यक हुन आएको छ।

'नेपाल' तथा 'नेवार' शब्दमा निकै नै समानता पाएर अङ्ग्रेज विद्वान् डाक्टर टामस्-यङ्ले अन्य नै कुनै मूल-शब्दवाट विकास भएर यी दुवै शब्द बनेका हुन् भन्ने विचारको स्थापना गरेका र अर्का अङ्ग्रेज विद्वान् सर् जर्ज ग्रियर्सनले पनि यस धारणाको समर्थन गरेका थिए[४]। प्राध्यापक टर्नर महोदयले भने यस स्थापनाको खण्डन गरेर यात त 'नेपाल' शब्दबाट विकसित भएर 'नेवार' शब्द बनेको हुनुपर्दछ अथवा 'नेवार' शब्दबाट विकसित भएर 'नेपाल' शब्द बनेको हुनुपर्दछ भनी आफ्नो प्रसिद्ध ग्रन्थ – 'नेपाल अङ्ग्रेजी शब्दकोष'मा उल्लेख गरेका छन्।

परन्तु शब्द-विकासको प्रचलित नियमलाई ध्यानपूर्वक विचार गरेमा न 'नेपाल' शब्दवाट 'नेवार' शब्द वन्नु सम्मव छ न त 'नेवार' शब्दवाट नै 'नेपाल' शब्द वन्न सक्दछ। यसैले यस विषयमा डा. टामस्-यङ्ग तथा जर्ज ग्रियर्सनको निरूपण नै युक्तियुक्त प्रतीत हुन्छ। तर कुन मूल-शब्दवाट विकास भएर यी दुई शब्द वन्न आएका हुन् भन्ने विचार गर्नको निमित्त 'मुर्मी' वा तामाङ् बोलीमा पाइने 'न्यार्वा' शब्दमाथि ध्यान दिनु आवश्यक हुन आएको छ। मुर्मी वा तामाङ्का थरहरूमध्येकै

एउटा थरको नाम हो 'न्यार्वा'। मुर्मी वा तामाङ्-वर्गका नागरिकहरूको मान्यता अनुसार नेवार तथा तामाङ्हरूको रक्त-सम्मिश्रणबाट 'न्यार्वा' नामक जातिको सिर्जना भएको हो[५]।

'नेपाल' शब्दको अन्त्यमा लकार वर्ण र 'नेवार' शब्दको अन्त्यमा रेफ वर्णको अस्तित्व पाइन्छ। यी दुई शब्दहरूमध्ये कुन शब्दबाट कुन शब्दको विकास भएको हो भन्ने निरूपण गर्न यी दुई शब्द कहाँ तथा कहिले सर्वप्रथम प्रयोग भएका छन् भन्नेतर्फ ध्यान दिनु नै पहिलो कर्तव्य हुन आएको छ। 'नेपाल' शब्दको सबैभन्दा पहिलो प्रयोग उत्तरी भारतका मौर्य-सम्राट् चन्द्रगुप्त मौर्य*(इ.सं. पूर्व ३२१-२९७)* का मन्त्री आचार्य कौटल्यले रचना गरेको 'अर्थशास्त्रम्' नामक ग्रन्थमा पाइन्छ। यस ग्रन्थमा नेपालबाट मगध-साम्राज्यको राजधानी 'पाटलिपुत्र'*(वर्तमान पटना)* शहरमा विक्री हुन जाने विभिन्न किसिमका वस्तुहरूमा 'भिङ्गिसी' नामक आठपाटे घुमराडी तथा अन्य ऊनी वस्त्रहरूको पनि चर्चा पाइन्छ[६]।

त्यस समयमा उत्तरी विहारमा जुन किसिमको मागधी-भाषाको प्रचलन रहेको थियो, त्यस भाषामा रेफको उच्चारण हुँदैनथ्यो र 'र' वर्णको बदलामा सधैं 'ल' वर्णको प्रयोग हुने गर्दथ्यो। उदाहरणको रूपमा यिनै मौर्य-सम्राट् चन्द्रगुप्तका नाति सम्राट् अशोक*(इ.सं. पूर्व २७४-२३७)* ले आफ्ना शिलालेखहरूमा आफ्नो पदवी 'राजा'को बदलामा 'लाजा' शब्द लेखाएका छन्। यसै उदाहरणबाट तात्कालिक नेपालमा प्रचलित स्थानीय 'नेपार' शब्द नै तात्कालिक पाटलिपुत्र वा वर्तमान पटना शहरमा 'नेपाल' बोलिने गरेको र यसै शब्दलाई कौटल्य आदि तात्कालिक संस्कृत विद्वान्हरूले यसै रूपमा ग्रहण गरेको देखिन आएको छ। संस्कृत-भाषा व्याकरणका कठोर नियमहरूद्वारा आवद्ध भाषा भएकोले यस भाषामा परिवर्तन हुने प्रवृत्ति पाइँदैन। संस्कृत-भाषामा रहेको यसै गुन वा अवगुणले गर्दा 'नेपाल' शब्द देशवाची भएर त्यसै समयदेखि आजसम्म पनि अविच्छिन्न रूपमा चलिआएको पाइन्छ।

दुर्भाग्यवश 'नेपार' वा 'नेवार' शब्दको प्राचीन प्रयोग भने उपलब्ध हुन सकिरहकेको छैन। अठारौं शतब्दीमा नेपालमा आएका युरोपीय विद्वान्हरूले लेखेका नेपालसम्बन्धी विवरणहरूमा मात्र 'नेवार' शब्द सर्वप्रथम प्रयोग भएको पाइन्छ। तर 'नेपार' तथा 'नेवार' शब्दका बीचमा केवल माझमा रहेको एउटा वर्णमात्र फरक हुन आएको छ। यस शब्दमा मुखको एउटै स्थानबाट बोलिने अघिल्लो वर्ण कठिन-व्यञ्जन तथा पछिल्लो वर्ण भने कोमल-व्यञ्जन रहेको स्पष्ट छ। सजिलोतिर लाग्ने मनव-जातिको स्वाभाविक प्रवृत्तिअनुसार कठोर-व्यञ्जन 'प'को बदलामा केमल-व्यञ्जन 'व' बोलिने गरेको हुनुपर्दछ। तर 'प' वर्णबाट एकै पटक 'व' वर्ण प्रयोग नभएर बीचमा 'ब' वर्णको प्रयोग हुने गरेको अनुमान हुन्छ। अर्थात् 'नेपार' शब्दबाट विकसित भएर 'नेबार' शब्द र 'नेबार' शब्दबाट विकसित भएर 'नेवार' शब्द बन्नु स्वाभाविक पनि

छ। यही प्रवृत्ति 'न्यार्वा' शब्दमा पनि पाइन्छ। यस शब्दमा अझैसम्म पनि कोम 'व' वर्णको प्रयोग भएको छैन। 'न्यार्वा' शब्द बन्दा तिब्वती भाषाको 'पा' प्रत्ययको प्रभाव पनि परेको झलक पाइन्छ[७]। मुर्मी वा तामाङ्-वर्गका नागरिकहरूले तिब्वती लामाहरूबाटै बौद्ध-धर्मको शिक्षा तथा दीक्षाहरू पनि ग्रहण गरेकाले मुर्मी वा तामाङ्-वर्गका नागरिकहरूको भाषामा तिब्वती भाषाको प्रभाव पर्नु स्वाभाविक पनि मानिन्छ।

'नेपार' शब्दको व्युत्पित्ति वा खास अर्थ के होला त ? भन्ने प्रश्न पनि यहाँ स्वाभाविक रूपमा उठ्न सक्तछ। यस सम्वन्धमा एउटा सामान्य दृष्टान्त दिनु नै पर्याप्त हुनेछ। 'मघैया-पान' तथा 'मगही-वोली' भनेर एकैनासका दुईथरी विशेषणहरू परम्परादेखि प्रयोग हुँदै आइरहेका छन्। यी दुवैथरी विशेषणहरू 'मगध' शब्दवाट विकसित भएर वनेका हुन् भन्ने स्पष्ट नै देखिन्छ। तर 'मगध' शब्दको वास्तविक खास अर्थ वा व्युत्पत्ति वताउन भने अहिलेलाई त्यति सजिलो छैन। यहीं अवस्था अहिलेलाई 'नेपाल' शब्दको हकमा पनि रहेको पाइन्छ।

२. 'नेपाल' शब्दको सामान्य तथा व्यापक अर्थ

वाग्मती नदीको शिरानमा रहेको वर्तमान काठमाडौं उपत्यका प्राचीनकालदेखि नै नेपालको केन्द्रस्थलका रूपमा विकसित भएर रहँदै आइरहेको छ। यहाँका प्राचीनतम वस्तीहरू नै विकसित भएर अचेलका काठमाडौं, ललितपुर तथा भक्तपुर नामक तीन शहरहरू वनेका हुन्। यसैले नेवार-जातिको मूल-घर पनि यसै उपत्यका तथा यसका आसपासका क्षेत्रहरूमा मात्र सीमित भएर रहेको झलक पाइन्छ। भगवान् गौतम बुद्ध *(इ.सं. पूर्व ५६३-४८३)* को अन्तिम समयतिर भगवान् गौतम-बुद्धको जन्मस्थल कपिलवस्तु नगरी कोसल राज्यका राजा विदुडवद्वारा विध्वंश गरिँदा त्यहाँबाट भागेर शरणार्थीका रूपमा आएका आफ्ना देशवासीहरूलाई भेट्न भनी भगवान् गौतम-बुद्धका प्रमुख शिष्य 'भदन्त आनन्द' यसै उपत्यकामा आएका थिए[८]।

यस्तै मौर्य-सम्राट् चन्द्रगुप्तको राज्यकालमा अनिकालले सताउँदा जैन-साधु 'भद्रबाहु' पनि केही समयको निमित्त यहीँ आएर बसेका पाइन्छन्[९]। सम्राट् अशोकद्वारा खटाइएका धर्मदूतहरूले बौद्धधर्मको प्रचार तथा प्रसार पनि आरम्भ गरेपछि यसै उपत्यकामा बौद्धधर्मका चैत्य तथा वहालहरू धमाधम बन्न थालेको आभास पाइन्छ। पछि आएर लिच्छवि-वर्गका नागरिकहरूले यहीँ नै आएर आफ्ना बस्ती तथा देव-मन्दिरहरू पनि स्थापना गरे। यही क्षेत्रलाई नै राजधानी गराएर लिच्छवि, वैश तथा मल्ल राजवंशका राजाहरूले टाढा-टाढासम्म पनि आफ्नो प्रशासन-क्षेत्रलाई फैलाए। यसैले हाम्रा अधिकतर सांस्कृतिक स्मारकहरू यसै उपत्यकामा रहेका पाइन्छन्। यसले गर्दा सामान्य व्यवहारमा 'नेपाल' भनेर यसै उपत्यकालाई मात्र लिने चलन पनि चल्दै आइरहेको छ। तर यस क्षेत्रमा रहेको राजधानीबाट शासन हुने सम्पूर्ण भूभागलाई समेत मिलाएर व्यापक अर्थमा पनि 'नेपाल' शब्दको प्रयोग हुनेगरेको पाइन्छ।

विदेशी विद्वान्हरूले माथि उलल्ख गरिएको सामान्य अर्थमा यस शव्दको प्रयोग गरेको कहीँ पनि देखिँदैन, सर्वत्र व्यापक अर्थमा नै यस शव्दको प्रयोग हुँदै आइरहेको पाइन्छ। तैपनि नेपाल-अधिराज्यभित्र भने सामान्य अर्थमा पनि यस शव्दको प्रयोग हुँदै आइरहेकोले यस भेदलाई छुटचाउन नेपाल-अधिराज्यको केन्द्रस्थलमा रहेको यस उपत्यकालाई 'नेपाल-उपत्यका' भन्ने चलन पनि चल्दै आइरहेको देखिन्छ।

नेपार-वर्गका नागरिकहरूको राज्य-कालमा 'नेपाल' शव्दले व्यापक अर्थमा कहाँसम्मको भूभागलाई ग्रहण गरेको थियो त ? यस सम्वन्धमा पनि निश्चयपूर्वक केही भन्न सकिने स्थिति रहेको छैन। भगवान् गौतम-वुद्धको जीवनकालमा तात्कालिक नेपालको छिमेकमा दक्षिणतर्फ 'वृजि' तथा 'मल्ल'हरूका लोकतन्त्रात्मक गण-राज्यहरू कायम रहेकाले प्रारम्भमा यहाँका नेवारहरू पनि लोकतन्त्रका नै उपासक भएर रहेका होलान् भन्ने अनुमान गर्न सकिन्छ। शिशुनाग-वंशी राजा अजातशत्रु *(इ.सं. पूर्व ४९१-४५९)* ले जब उपर्युक्त दुई लोकतन्त्रात्मक राज्यहरूलाई आफ्नो राजतन्त्रात्मक राज्यमा मिलाइदिए तव मात्र नेपालमा पनि राजतन्त्रात्मक राज्य खडा भएको झलक पाइन्छ।

इसवीय-संवत्को चौधौं शताव्दीको अन्त्यतिर नेपालमा लेखिएको एउटा वंशावलीको सर जर्ज-ग्रियर्सनले मुग्धकण्ठले प्रशंसा गरेका छन्[१०]। यो पुस्तक यहाँको राजकीय पुस्तकालयमा 'गोपाल-राजवंशावली'को नामले अझैसम्म पनि सुरक्षित रहिरहेको छ। यसमा लिच्छविहरू यहाँ आएर राज्य स्थापना गर्नुभन्दा पहिलेका ३२ जना जुन किरात-राजवंशका राजाहरूको नाम दिइएको छ, ती सवै 'नेपार' जातिका नै राजाहरू देखिन्छन्। भारतवर्षको पूर्वोत्तर प्रदेशमा रहेका आग्नेयदेशी समूहका जनतालाई संस्कृत भाषामा 'किरात' भन्ने चलन प्रचलित रहेको छ। यसैअनुसार नेपालमा आवाद रहेका प्राचीन 'नेपार' वा नेवारहरू पनि आग्नेयदेशी-भाषापरिवारको वोली वोल्ने किरात-जातिका नै देखिन्छन्[११]।

इसवीय-संवत्को आरम्भ हुनुभन्दा पहिलेको दोस्रो शताव्दीदेखि लेखिन थालेको सुप्रसिद्ध धर्मिक-ग्रन्थ महाभारतमा 'नेपाल'को नाम प्राप्त नहुनु एक आश्चर्यजनक घटनाको रूपमा उपस्थित हुन आएको छ[१२]। महाभारतको रचना किरात-कालको अन्तिम समयतिर भएको हो। यस ग्रन्थमा 'नेपाल' शव्द नआए पनि यसमा रहेको दिग्विजय प्रकरणमा :– "भीमसेनले पूर्वतिर आएर 'विदेह'मा वसी ऐन्द्र-पर्वतको नजिकवाट सात-वटा किरातका अधिपतिहरूलाई जिते" भन्ने उल्लेख भएको पाइन्छ[१३]। यो घटना कहाँसम्म सत्य हो, यसै भन्न सकिँदैन तापनि यसले उपर्युक्त ग्रन्थ रचना भएको समयको राजनीतिक परिस्थितिको सूचना भने अवश्य पनि गर्दछ।

त्यस समयको 'विदेह' जनपदमा अचेलको भारतको दरभङ्गा तथा वर्तमान नेपाल-अधिराज्य अन्तर्गत रहेको सप्तरी तथा महोत्तरी जिल्लाका भूभागहरू पनि रहेका

थिए। त्यस क्षेत्रमा 'पर्वत' भनिन लायकको पहाड महाभारत-पर्वतशृङ्खलाको सिन्धुली-गढी रहेको पहाडमात्र देखिन्छ।

तात्कालिक नेपाल-राज्यको केन्द्रस्थलवाट विदेह-जनपदतर्फ जाने मूल-बाटो त्यतिवेला पनि वर्तमान सिन्धुली-गढी भएर नै गएको झलक पाइन्छ। त्यस समयमा यस पहाडका आसपासमा स-साना ७ वटा किरात-राज्यहरू स्थापित रहेका देखिन्छन्। यीमध्ये एउटा वर्तमान काठमाडौं उपत्यकाभित्र स्थापित भएको यहाँका 'नेपार' वा नेवारहरूको किराँत-राज्य नै हुनुपर्दछ। बाँकी ६ वटा राज्यहरू पाहाडी क्षेत्रहरूका थामी, खम्बू आदिका राज्यहरू होलान्। यतिवेलासम्ममा उपत्यकाको पूर्वतर्फ नेपार वा नेवारहरूकै अन्य स-साना राज्यहरूको विकास भैसकेको पनि हुनसक्तछ।

जेहोस् महाभारतको यस लेखाइबाट इसवीय-संवत्पूर्व पहिलो शताब्दीसम्ममा यहाँ स-साना अनेकौं राज्यहरू खडा भैसकेका पाइन्छन्। लिच्छवि-वर्गका नागरिकहरूले नेपालमा आएर जब 'नेपार' वा नेवार-वर्गका नागरिकहरूलाई हटाई वर्तमान काठमाडौं उपत्यकामा पहिलो आर्य-राज्यको स्थापना गरे तव मात्र उपर्युक्त सबै किरात-राज्यहरू सम्मिलित भएर एउटा एकीकृत नेपाल-अधिराज्यको निर्माण भएको झलक पाइन्छ।

लिच्छविकालिक नेपाल-अधिराज्यको सिमाना स्पष्टसँग उल्लेख भएको तात्कालिक कुनै लेख पनि आजसम्म उपलब्ध हुन सकिरहेका छैनन्। गुप्त-सम्राट् समुद्र गुप्तको प्रयागमा रहेको अभिलेखमा 'कामरूप'*(वर्तमान आसाम)* र कर्तिपुर*(कत्यूर वा वर्तमान कुमाउँ)* को वीचमा 'नेपाल' नामक राज्य रहेको उल्लेख आएको छ[१४]। कामरूप तथा तात्कालिक नेपाल-राज्यका बीचको प्राकृतिक सिमाना टिस्टा नदी नै हुनुपर्दछ। तर पश्चिमतर्फ भने यसै भन्न सकिँदैन। नेपालका प्रतापी लिच्छवि राजा मानदेव*(प्रथम)* *(इ.सं. ४६४-४९१)* को चाँगुमा रहेको प्रसिद्ध स्तम्भलेखमा यिनले 'गण्डकी' नदीलाई पार गरी विद्रोही बनेका आफ्ना अन्य सामन्त राजाको दमन गरी ठूलो सङ्घर्षपछि 'मल्लपुरी' नामक आश्रित राज्यमाथि नियन्त्रण स्थापित गरेको वर्णन पाइन्छ[१५]। कालीगण्डकी नदीको किनारामा पर्वत-राज्यका मल्ल-राजाहरूको शासन यसको निकै वर्षपछि मात्र स्थापित भएकाले चाँगुको स्तम्भलेखमा उल्लेख भएको 'मल्लपुरी' वर्तमान नवलपरासी जिल्लातर्फ कतै रहेको झलक पाइन्छ।

सातौं शताब्दीको पूर्वार्द्धमा नेपाल-अधिराज्यमा आएका प्रसिद्ध चिनियाँ तीर्थयात्री युआन्-च्वाँङ्ले आफ्नो भ्रमण-वृत्तान्तमा :– "नेपाल-अधिराज्यको घेरा ४००० ली छ" भनी वताएका छन्[१६]। ३ ली बराबर १ माइलको हिसाबले त्यतिवेलाको नेपाल-अधिराज्यको घेरा १३३३ माइलको करीब हुन आउँछ[१७]। यस हिसाबले त्यस समयको नेपाल-अधिराज्य कमसेकम पूर्वमा टिस्टा नदीदेखि पश्चिममा सखिको-लेकसम्म अर्थात्

इलामदेखि वर्तमान प्यूठानसम्म फैलिएर रहेको अनुमान हुन्छ। नवौं शताव्दीको आरम्भमा – जुन समयमा काश्मीर राज्यका राजा जयापीडले नेपाल-अधिराज्यमाथि जोडदार आक्रमण गरेका थिए – त्यस समयका नेपाल-अधिराज्यका राजा 'वरदेव' वा 'वर्मदेव'ले काली-गण्डकी नदीदेखि पर रहेको एउटा दुस्तर नदीको किनारामा रहेर राजा जयापीडका आक्रमणकारी सैनिकहरूसँग कठोर मुकाविला गरेका थिए[१८]। 'राजतरङ्गिणी' नामक संस्कृत काव्य-ग्रन्थमा उल्लेख भएको यो ठूलो नदी भेरी वा कर्नाली नदीमध्येको नै कुनै एक नदी हुन सक्तछ। परन्तु इ.सं. ८०० को आसपासमा लिच्छवि-राज्यको अन्त्य भएर यसै राज्यको खण्डहरमा वैश-राज्यको उत्थान भएपछि भने नेपाल-अधिराज्यको अवनति आरम्भ भएको झलक पाइन्छ।

करीव ५०० वर्षसम्म नेपालमा वैश-राज्य कायम रहिरहँदा नेपाल राज्यको सिमाना उत्तरतर्फवाट तिब्वतले चाप्दै आएको र सिङ्गलेला-पर्वतमालादेखि पूर्वतर्फ रहेका पहाडी क्षेत्रहरू पनि नेपाल-अधिराज्यवाट अलग भएको अनुमान हुन्छ। पश्चिमतर्फ रहेको प्राचीन-कालको मल्ल-राज्य भने यतिञ्जेलसम्ममा सम्भवतः नेपाल-अधिराज्यवाट पूर्णरूपमा स्वतन्त्र भैसकेको थियो। दक्षिणतर्फ पनि सिमरौन-गढमा कर्णाटक-राजवंशका राजाहरूले तात्कालिक नेपाल-अधिराज्यको पूर्वी भेगका तराईक्षेत्रहरूमाथि आफ्नो नियन्त्रण स्थापित गरेर त्यहाँ पनि आफ्नो एउटा नयाँ राजवंश खडा गराइसकेका थिए।। तैपनि 'सिङ्गलेला-पहाड'देखि 'सखिको-लेक'सम्मका पहाडी भेगहरू भने नेपाल-अधिराज्यभित्र वची नै रहेको झलक पाइन्छ।

वैश-राजवंश टुट्नुभन्दा एक-शताव्दीजति पहिलेदेखि नै राजकुलका आपसी घर-झगडा तथा परचक्रीका आक्रमणहरूले गर्दा नेपाल-अधिराज्य खण्डित हुन थालिसकेको थियो। इ.सं. १३०० मा नेपालका अन्तिम वैश-राजा अर्जुनदेव मल्ल वा अर्जुन मल्लको अवसानपछि यिनका मन्त्रीहरूले जव 'स्थिति मल्ल' वा 'जयस्थिति मल्ल' नामक एक-जना राजपूत कुमारलाई राजसिंहासनमा विराजमान गराएका थिए, त्यस समयदेखि नेपाल-अधिराज्य खण्डित हुन आरम्भ भएर २०० वर्षजतिको बीचमा प्राचीन तथा मध्यकालिक नेपाल-अधिराज्यकै खण्डहरमा मूल नेपाल-अधिराज्यवाट छुट्टिएर भक्तपुर, कान्तिपुर, ललितपुर, लमजुङ्ग, तनहुँ तथा मकवानपुर आदि पुगनपुग ३० वटाजति स्वतन्त्र राज्यहरू खडा हुन आएका थिए। तैपनि त्रिशूली तथा तामाकोसी नदीको बीचमा – महाभारत-पर्वतमालाको उत्तरतर्फ रहेका – कान्तिपुर, ललितपुर, भक्तपुर तथा दोलखा गरी चारवटा मल्ल-राज्यका राजाहरू भने आफ्नो शासनाधिकार भएको क्षेत्रलाई 'नेपाल' नै भन्दै रहेका पाइन्छन्। यसैअनुसार तिनैताका लेखिएको 'नेपाल महात्म्य' नामक संस्कृत-ग्रन्थमा यसै भू-भागलाई मात्र 'नेपाल'को रूपमा वर्णन गरिएको पाइन्छ।

पछिवाट दोलखा-राज्यका राजाहरूले आफूहरूलाई नेपाल राज्यभित्र नमानेर 'दोलखाधिपति' अर्थात् 'दोलखा-राज्यका राजा' भनाउन थाल्दा नेपाल-राज्यको सिमाना

अझै खुम्चिएर यसको पूर्वी सिमाना सुनकोसी नदी हुन आइपुगेको थियो[१९]। यसैले कान्तिपुर, ललितपुर तथा भक्तपुर राज्यका मल्ल-राजाहरू मात्र अन्तिम समयसम्म पनि आफूहरूलाई 'नेपालाधिपति' अर्थात् – 'नेपाल राज्यका राजा' भनाउँदै रहेका पाइन्छन्। गोरखा, पाल्पा तथा मकवानपुर आदि राज्यका राजाहरू भने आ-आफ्ना राज्यहरूलाई नेपाल राज्यदेखि बाहिर नै सम्झने गर्दथे।

गोरखा राज्यका महत्त्वाकाङ्क्षी राजा पृथ्वीनारायण शाहले इ.सं. १७६९ मा वर्तमान नेपाल-अधिराज्यको आधारशिला बसाएर काठमाडौं शहरलाई आफ्नो नवगठित राज्यको राजधानी कायम गराई नेपाल-अधिराज्यको पुनः एकीकरण गर्ने कार्यको शुभारम्भ गरेका हुन्। यसै समयदेखि नेपाल-अधिराज्यको विस्तार जोड-तोडसँग हुँदै आई इ.सं. १७९२ सम्ममा पूर्वमा टिस्टा नदीसम्मका प्राचीन भूभागहरू तथा पश्चिमतर्फ अलकनन्दा नदीसम्मका भूभागहरू पनि नेपाल-अधिराज्यभित्र पर्न आएका थिए। यसै क्रममा इ.सं. १८०५ सम्ममा नेपाल-अधिराज्यको सीमा पश्चिमतर्फ सतलज नदीसम्म पनि फैलियो। यसैले इ.सं. १८११ मा प्रकाशित भएको 'ब्रिटिश-विश्वकोष'('Encyclopedia of Britanica') मा दिइएको तात्कालिक नेपाल-अधिराज्यको मानचित्रमा सिक्किम, कुमाऊँ, गढवाल तथा सिमला जिल्लाहरू पनि नेपाल-अधिराज्यभित्र देखाइएका पाइन्छन्।

इ.सं. १८१४-१६ मा भएको नेपाल अङ्ग्रेज-युद्धपछि नेपाल-अधिराज्यको यो प्राकृतिक सिमाना खुम्चिएर आज पश्चिममा महाकाली नदी तथा पूर्वमा सिङ्लेला-पहाड एवं मेची नदी नै नेपाल-अधिराज्यका राजनीतिक सिमानाहरू कायम हुन आएकाले यसैअनुसार वर्तमान समयमा 'नेपाल' शब्दको अर्थ यसै सिमानाभित्रका भूभागहरू हुन आएको छ। यस भूभागभित्र आवाद रहेका नागरिकहरू नै आज-भोलि 'नेपाली' मानिन्छन्। यसै भूभागको राष्ट्रभाषा भएर रहेको 'खश-कुरा' वा 'पर्वते-बोली' आज-भोलि 'नेपाली-भाषा' भनिन थालेको छ।

प्राचीन 'नेपार' वा नेवार जातिको नामवाट 'नेपाल' शब्द बनेको चर्चा माथि भैसकेको छ। तर लामो समयको अन्तरालले गर्दा 'नेपार' वा नेवार जातिसँग 'नेपाल' शब्दको सम्वन्ध विलकुलै टुटिसकेको पाइन्छ। 'नेपार' वा नेवारहरूको वोलीसँग वर्तमान नेपाली-भाषाको कुनै पनि किसिमको सम्वन्ध देखिँदैन। यस्तै 'नेपार' शब्दवाटै 'नेवार' शब्द बनेको भएतापनि 'नेपार' जातिसँग वर्तमान नेवारहरूको केवल भाषागत सम्वन्ध मात्र देखिन्छ, जातिगत सम्वन्ध भने देखिँदैन। अर्थात्, 'नेपार' जातिकै बोलीवाट विकसित भएर वर्तमान नेवारी-भाषा वन्न आएको देखिन्छ। परन्तु नेपार-वर्गका नागरिकहरूकै वंशधर वर्तमान नेवारहरू हुन् भनी भन्न कदापि सकिँदैन।

नेवार-समाजभित्र ब्राह्मण, क्षत्रिय, वैश्य तथा शुद्र सबै वर्णका नागरिकहरूको अस्तित्व पाइन्छ। तैपनि :– "जो नेवारी भाषा वोल्दछन् उनैलाई मात्र नेवार हुन् कि

?" भन्ने भ्रम हुन आएको हो । यस भ्रमलाई निवारण गर्नको निमित्त नेवारी-भाषाको परिचय संक्षिप्त रूपमा प्रस्तुत गर्नु यहाँ आवश्यक हुन आएको छ।

३. नेवारी भाषा

"नेपाल-अधिराज्यका पाहाडी भेगहरूमा रहेका 'लिम्वू', 'खम्वू', 'सुनुवार', 'थामी' तथा 'मुर्मी' आदि जन-भाषापरिवारका वोलीहरूजस्तै नेवारी-वोली पनि भोट-वर्मेली भाषा-परिवारकै एउटा वोली हो" – भन्ने भाषा-वैज्ञानिकहरूको निरूपण रहेको छ[२०]। हुन पनि यस परिवारका वोलीहरूको आर्य भाषा-परिवारका संस्कृत, हिन्दी तथा नेपाली आदि भाषा वा वोलीहरूसँग कुनै किसिमको सम्वन्ध देखिँदैन। हुन त वर्तमान नेपाली-भाषामा अरवी, फारसी तथा अङ्ग्रेजी आदि विभिन्न भाषाका शव्दहरू आएझैँ वर्तमान नेवारी-भाषामा पनि आर्य भाषा-परिवारका भाषाहरूका तथा तिव्वती भाषाका पनि पर्याप्त शव्दहरू घुसेका पाइन्छन्। तर यस भाषाका सङ्ख्यावाचक शव्द तथा क्रियापदहरूको भने आर्य-भाषापरिवारका भाषाहरूसँग कुनै पनि किसिमको सम्वन्ध देखिँदैन। शव्दकोष तथा व्याकरणका नियमहरू पनि अलगगै पाइन्छन्। सर जर्ज ग्रियर्सनको मान्यताअनुसार यी वोलीहरू तिव्वती वोलीका नै विभिन्न हाँगा-विँगाहरू हुन्। तर तिव्वती वोलीसँग पनि नेवारी-वोलीको त्यत्तिनै अन्तर पाइन्छ जति अन्तर खम्वू तथा लिम्वूका वोलीहरूसँग यस वोलीको पाइन्छ।

नेपाल-अधिराज्यका हिमाली क्षेत्रहरूमा प्रचलनमा रहेका उपर्युक्त आर्येतर वोलीहरू 'सार्वनामिक-समूह' तथा 'असार्वनामिक-समूह' गरी मुख्य रूपमा दुईवटा समूहमा विभक्त रहेका पाइन्छन्। जुन वोलीमा नामको साथ तथा क्रियापदमा समेत सर्वनाम शव्दहरू जोडिन्छन् यी वोलीहरूलाई 'सार्वनामिक-भाषासमूह'मा र अन्य वोलीहरूलाई भने 'असार्वनामिक-भाषासमूह'मा वर्गीकरण गर्न सकिन्छ। जस्तै 'तमोर-खोले' लिम्वूहरूको वोलीमा :– "कुनै मानिसका दुई छोराहरू थिए" भन्नुपर्दा :– "लोच्छा यामि थिक्-ले नेच्छि कु-सा वियी-छी" भनी वोलिन्छ। यसमा :– लोच्छा = कुनै, यमि = मानिसको, थिक्-ले = एउटा-मा, नेच्छि = दुई, कु-सा = उसका छोराहरू, वियी-छी = थिए- तिनीहरू भन्ने अर्थ लाग्दछ।

यसरी यहाँ 'सा' भन्ने नाम तथा 'वियी' भन्ने क्रियापदमा समेत क्रमैसँग 'कु' र 'छी' सर्वनाम जोडिएर रहेका पाइन्छन्। यसै वाक्यलाई खम्वूहरूको वोलीमा भन्नुपर्दा :– "तिक्-पु मिन-पो सक्-पु यु-चु मो" वोलिन्छ। यहाँ पनि :– "तिक्-पु = एउटा, मिन्-पो = मानिसको, सक्-पु = दुईवटा, यु-चु = उसका छोराहरू, मो = थिए" भन्ने अर्थ लाग्दछ।

यसरी यहाँ 'चू' नाम-शव्दमा मात्र 'यु' सर्वनाम गाँसिएको छ, 'मो' क्रियापदमा भने कुनै सर्वनाम जोडिएको छैन। यही वाक्यलाई नेवारी वोलीमा भन्नुपर्दा :– "छह्म

मनुया निह्म काय दु" बोलिन्छ। यहाँ भने नाम तथा क्रियापद दुवैमा सर्वनाम शब्द लागेका छैनन्। सङ्ख्यावाचक शब्दहरू प्रयोग गर्दा भने यस भाषामा आर्य भाषा-परिवारका अन्य भाषाहरूमा प्रयोग गर्न आवश्यक नभएको – जीवधारीलाई मात्र बुझाउने – 'ह्म' शब्दको प्रयोग आवश्यक मानिएर जोडिएको पाइन्छ। जस्तै :– 'छ-ह्म', 'नि-ह्म' आदि। यस्तै नेवारी भाषामा 'दु' क्रियापद वर्तमान-कालको निमित्त पनि प्रयोग गरिन्छ।

वैदिक सनातन हिन्दू-धर्मलाई ग्रहण गर्ने मगर-वर्गका नागरिकहरूका, बौद्ध-धर्म लिने गुरुङ्हरूका, मुर्मीहरूका तथा शेर्पाहरूका तथा दुवै धर्म मान्ने नेवारहरूका बोलीहरू पनि असार्वनामिक रूपमा नै रहेका पाइन्छन्। उक्त दुवैथरी धर्मलाई स्वीकार नगरेका 'याकथुम्बा', 'खम्बू', 'धिमाल', 'थामी', 'हायु' तथा 'चेपाङ्' आदि आर्येतर जातिका बोलीहरू भने अझैसम्म पनि सार्वनामिक रूपमा नै रहेका भेटिन्छन्।

इ.सं. १८२९ देखि मात्र सुनुवार-वर्गका नागरिकहरूले वैदिक सनातन-धर्मलाई स्वीकार गर्न आरम्भ गरेका थिए। यिनैताक अङ्ग्रेज राजदूत मिस्टर बी.एच् हज्सनले यिनीहरूले बोल्ने गरेको बोलीलाई परीक्षण गर्दा यसलाई पनि सार्वनामिक भाषा-परिवारको भाषाको रूपमा नै पाएका थिए। परन्तु यसको ५० वर्ष जतिपछि सर् जर्ज ग्रियर्सनले यसै बोलीको परीक्षण गर्दा भने यस बोलीलाई असार्वनामिक भाषा-परिवारको भाषाको रूपमा भेट्टाएका थिए[२०]।

यति छोटो समयमा वाक्य-रचनाको पद्धति बदलिएर सार्वनामिक स्वरूपबाट असार्वनामिक स्वरूपमा परिणत हुनुको मूल-कारण असार्वनामिक भाषा-परिवारको नेपाली मातृभाषा भएका आफ्ना ब्राह्मण-वर्गका धर्मगुरुहरू तथा नेपाली भाषाभाषी अन्य जनसमुदायहरूसँगको यिनीहरूको साहचर्य नै देखिन्छ। मगरहरूको बोली पनि यसैगरी सार्वनामिक रूपबाट असार्वनामिक रूपमा परिणत भएको अनुमान हुन्छ। तिब्बती-भाषा पनि असार्वनामिक रूपमा नै पाइन्छ। यिनै तिब्बती धर्मगुरुहरूकै साहचर्यबाट गुरुङ्, मुर्मी तथा शेर्पा-वर्गका नागरिकका बोलीहरू पनि सार्वनामिक रूपबाट असार्वनामिक रूपमा परिणत भएका हुन् कि ? भन्ने आभास पाइन्छ।

भारत-भूमिका बिहारका पाहाडी प्रदेशहरूमा आवाद रहेका 'सन्थाल' आदि जन-जातिका मुण्डा-बोलीहरू पनि आजसम्म सार्वनामिक रूपमा नै रहिरहेका पाइन्छन्। यिनलाई पनि भाषा-वैज्ञानिकहरूले आग्नेयदेशी भाषा-परिवारकै एउटा शाखाका रूपमा स्वीकार गरेका छन्। नेपाल-अधिराज्यको पूर्वी तराईक्षेत्रहरूमा आवाद रहेका सतारहरू पनि सन्थालहरूकै बोलीसँग मिल्दाजुल्दा बोलीहरू बोल्दैरहेका पाइन्छन्[२१]। यसैले नेपाल-अधिराज्यका वर्तमान समयमा सार्वनामिक बोली बोल्ने जनसमुदायलाई पनि आग्नेयदेशी भाषा-परिवारभित्र नै गणना गर्नु उचित देखिन्छ।

आग्नेयदेशी भाषा-परिवारको बोली बोल्ने जातिलाई संस्कृत-भाषामा 'किरात' भन्ने चलन प्रचलित रहेको थियो। यसको केही चर्चा माथि पनि भैसकेको छ। मगर

तथा सुनुवार-वर्गका नागरिकका वोलीहरू पनि पहिले सार्वनामिक-वर्गका देखिएकाले यी सवै किरात-वर्गहरूमा नै गनिन्थे । यसैगरी 'नेपार' वा नेवारहरूको वोली पनि आग्नेयदेशी भाषा-परिवारको नै पाइएकोले यिनीहरूलाई पनि 'किरात' नै मानिएको देखिन आएको छ ।

'नेपार' वा नेवारहरूको वोलीको प्राचीन नमूना कतै नपाइए पनि वर्तमान काठमाडौं उपत्यकामा पाइने लिच्छवि-कालका संस्कृत-भाषामा लेखिएका शिलालेखहरूमा जति पनि संस्कृतेतर शव्दहरू पाइन्छन् ती सवै 'नेपार' वा नेवार नागरिकहरूका वोलीका नै प्राचीनतम शव्दहरू हुन् भन्नेमा कुनै पनि सन्देह छैन । यस्ता संस्कृतेतर शव्दहरू प्राय: संज्ञावाचक शव्दहरूका रूपमा रहेका छन् । उदाहरणको निमित्त लिच्छवि-कालका प्रकशित तथा अप्रकाशित अभिलेखहरूवाट त्यहाँ उल्लेख भएका केही शव्दहरू यहाँ उद्धृत गर्नु प्रासाङ्गिक नै हुनेछ :–

(क) पशुपति देवपाटनमा रहेको रत्नसङ्घको अप्रकाशित शिलालेखमा गाउँका नाउँहरूको रूपमा 'दुलुङ्', 'खोपृङ्'[२३], 'दुप्रङ्', 'ह्मस्प्रिङ' तथा 'खैनप्पु' शव्दहरू आएका छन् ।

(ख) भक्तपुर गोलमढी टोलमा रहेको राजा शिवदेव*(प्रथम)* द्वारा प्रसारित शिलालेखमा गाउँको नाउँको रूपमा 'माखोपृङ्' शव्दको उल्लेख भएको पाइन्छ ।

(ग) ललितपुर तौभःचा-टोलको जिष्णुगुप्त आभीरद्वारा प्रसारित शिलालेखमा 'थम्वू' तथा 'गाङ्शुल' नामक गाउँहरूको उल्लेख पाइन्छ ।

(घ) सतुङ्गलको शिवदेव*(प्रथम)* को अप्रकाशित शिलालेखमा गाउँको नामको रूपमा 'कादुङ्-ग्राम' र 'लिङ्ग्वल' तथा 'माप्चोक' नामक कार्यालयका नामहरू आएका छन् ।

(ङ) पाटन-दरवार 'भन्सार-चोक'मा रहेको लिच्छवि राजा नरेन्द्रदेवको अप्रकाशित शिलालेखमा कर वा शुल्कका नामहरूको रूपमा 'भट्ट', 'माप्चोक' तथा 'पिटाल्ज' शव्दहरूको नाम आएको छ ।

'नेपार' वा किरात-वर्गका नागरिकहरूको राज्यकाल समाप्त भएको चार-पाँच शय वर्षजतिपछि स्थापित भएका उपर्युक्त शिलालेखहरूमा उल्लेख भएका आर्येतर भाषाका माथि उल्लेख गरिएका संज्ञावाचक नामहरू त यत्तिका कर्णकटु पाइन्छन् भने पहिलेका शव्दहरू झन् कति कर्णकटु थिए होलान् ? सहजै अनुमान गर्न सकिन्छ । अचेलका सार्वनामिक भाषा-परिवारका वोलीका शव्दहरू पनि कर्णकटु नै पाइन्छन् । यसरी कर्णकटु शव्दहरू हुनु पनि सार्वनामिक भाषा-परिवारका भाषाहरूको लक्षण नै मानिन्छ । असार्वनामिक हुँदै आएपछि कर्णकटुता हटेर श्रुतिमधुरता आउने भाषाको स्वाभाविक प्रवृत्ति नै पाइन्छ । भारतीय आर्य भाषा-परिवारका भाषाहरूको प्रभावले गर्दा वर्तमान नेवारी वोली त यतिसम्म श्रुतिमधुर वनिसकेको छ कि यति श्रुतिमधुर त शायद वर्तमान नेपाली भाषा पनि छैन । यस दृष्टान्तवाट यो कुरा सहजै प्रमाणित हुन्छ

कि नेवारी-वोली अचेल असार्वनामिक भएता पनि प्राचीनकालमा सार्वनामिक थियो र यो बोली वोल्ने जनसमुदाय पनि 'किरात'-वर्गका नै मानिन्थे ।

४. वर्तमान नेवारहरूको नस्ल (Race) तथा वृत्तान्त

नस्ल वा जातिको पहिचान गर्ने पहिलो कसी मानिसहरूको शारीरिक बनावट नै मानिन्छ । आर्य-जाति वा नस्लको लक्षणमा :– गोरो वा गहुँगोरो वर्ण, अग्लो कद, वाक्ला दाह्री-जुंगा, लामो तथा तीखो नाक, फराकिलो निधार र ठूला-ठूला आँखाहरू नै मुख्य मानिन्छन् । काश्मीर तथा पञ्जाव क्षेत्रमा आवाद रहेका आर्य-वर्गका नागरिकहरूमा अचेल पनि यही नै लक्षण वढीमात्रामा पाइन्छ । तर पश्चिमोत्तर भारतवाट पूर्वतर्फ वसाइँ सरेर आएपछि हावा-पानी तथा स्थान-विशेषको प्रभाव तथा अनार्य-वर्गका नागरिकहरूसँगको रक्त-सम्मिश्रणले गर्दा आर्य-वर्गका नागरिकहरूको शारीरिक वनावटमा उक्त लक्षणहरू क्रमिक रूपमा ह्रास हुँदै आएका पाइन्छन् ।

आग्नेयदेशी-मूलका नागरिकहरूको रङ्ग तथा रूप पनि देश, काल तथा हावा-पानीहरू अनुसार फरक-फरक नै पाइन्छन्। उदाहरणको रूपमा :– नेपालका हिमाली क्षेत्रहरूमा आवाद रहेका किरात-वर्गका नागरिकहरूको रूप तथा रङ्ग मङ्गोलक हुन्छ। अर्थात् नेप्टो नाक, हाड उठेको गाला, चेप्टो मोहोडा, कम दाह्री-जुंगा र घुम ओढेकाजस्ता आँखा मङ्गोलक-वर्गका नागरिकका मुख्य लक्षण मानिन्छन्। तर पहाडी प्रदेशहरूमा आवाद रहेका किराँत-वर्गका नागरिकहरूमा भने यस्ता लक्षणहरू आंशिक रूपमा मात्र पाइन्छन् ।

जाति वा नस्लको पहिचान गर्ने दोस्रो कसी भाषा वा बोली मानिन्छ। जुन जन-समुदायका नागरिकहरू आर्य भाषा-परिवारका बोलीहरू बोल्दछन्, ती आर्य-जाति वा आर्य-नस्लका र जो किरात भाषा-परिवारका बोलीहरू बोल्दछन्, ती किरात-जाति वा किरात-नस्लका मानिन्छन् । तर कहीं-कहीं एउटा जाति वा नस्लको जनसमुदायले आफ्नो वोलीलाई नै बिर्सिएर छिमेकमा रहेका अन्य जाति वा नस्लका नागरिकका वोलीहरूलाई ग्रहण गरेका दृष्टान्तहरू पनि प्रशस्तमात्रामा पाइन्छन्। यसको प्रत्यक्ष उदाहरण भएर नेपाल-अधिराज्यका तराई-क्षेत्रहरूमा आवाद रहेका थारु, दनुवार तथा कुम्हालहरू नै रहेका छन्। यिनीहरूको रूप तथा रङ्ग मङ्गोलक प्रकृतिको छ, तर वोलीहरू भने यिनीहरू आर्य भाषा-परिवारका बोलीहरू बोल्दछन्। आर्यावर्तीय आर्य-परिवारका नागरिकहरूमा ब्राह्मण क्षत्रिय*(छेत्री)*, वैश्य तथा शूद्र गरी चारवटा वर्ण वा जातको भेद हुन्छ, तर थारुहरूमा भने यस्तो भेद पाइँदैन । यसैले यिनीहरू पनि किरात-वर्गमा नै गनिन्छन्, चाहे यिनीहरूले आर्य भाषा-परिवारका बोलीहरू नै किन नवोलुन् ।

वर्तमान नेपाल-अधिराज्यमा आवाद रहेका किरात-वर्गका नागरिकहरूमा प्राय: वोलीले नै जातहरू छुटयाउने प्रचलन रहेको छ। एउटा वोली वोल्ने जनसमुदायका नागरिकहरूमा खान-पान तथा विवाहवारीको खास रोकावट हुँदैन। उदाहरणको रूपमा :– मगर-वर्गका नागरिकहरू सवै समान मानिन्छन्। गुरुङ्-वर्गका नागरिकहरूमा 'चार-जात' तथा 'सोन्ह-जात' भन्ने भेद पाइन्छ तापनि यसले जातिगत खास भेदभाव राख्दैन। मुर्मी-वर्गका नागरिकहरूमा आज-भोलि 'वान्ह-थर' तथा 'अठार-जात' भन्ने जुन भेदभाव पैदा भैरहेको छ त्यो पनि आधुनिकताको नै उपज हो। यही हाल सुनुवार-वर्गका नागरिकहरूका 'दश-थर' तथा 'वान्ह-थर'हरूको पनि रहेको छ।

'थामी', 'हायू', 'चेपाङ्', 'वरामू', 'धिमाल' आदि किरात-वर्गका अन्य नागरिकहरूमा पनि मगर-वर्गका नागरिकहरूमा जस्तै जातिगत एकता पाइन्छ। 'याकथुम्वा' तथा 'लिम्व'हरू तथा 'खम्वू' वा 'राई'हरूका वोलीहरू फरक-फरक पाइन्छन्। यिनीहरूमा पनि वोलीअनुसार जात पनि छुट्टिएका छन् तापनि सवै खम्वू तथा लिम्वूहरू समेत मिलेर आपसमा खान-पान तथा विवाहवारीहरू पनि चलाइरहेका पाइन्छन्। तर नेवार-वर्गका नागरिकका समाजहरूमा भने किरात-वर्गकै वोली मातृभाषा भए तापनि आर्यावर्तीय आर्यहरूमा जस्तो जात-भात तथा छुवाछुतहरूको भेदभाव रहेको पाइन्छ। यिनीहरूको रङ्ग तथा रूपमा पनि आर्य-जाति वा आर्य-नस्लका लक्षणहरू प्रशस्तमात्रामा देखिन्छन्। यसैले यिनीहरू जातिगत रूपमा किरात-वर्गका होइनन् भन्ने निश्चय गर्न सकिन्छ।

आर्य-जाति वा आर्य-नस्लको यस जनसमुदायले नेपाल-अधिराज्यको केन्द्रस्थलमा आएर आफ्नो मातृभाषालाई परित्याग गरी नेवारी-वोलीलाई ग्रहण गरेर कसरी 'नेवार' कहलायो, यो कौतुकको विषय बन्न आएको छ। यस प्रश्नको समाधानको निमित्त नेपाल-अधिराज्यको इतिहासको एक अंशको सारांश प्रस्तुत गर्नु पनि यहाँ सान्दर्भिक नै हुन आएको छ।

इ.सं पूर्व दोस्रो शताब्दीमा मौर्य-सम्राट् अशोकले पठाएका वौद्ध-धर्मका प्रचारकहरूले वर्तमान काठमाडौं उपत्यकामा आएर यहाँका किरात-वर्गका 'नेपार' वा नेवारहरूलाई बौद्धधर्मको शिक्षा दिन आरम्भ गरेका थिए। यो परम्परा पछिसम्म पनि चल्दै रह्यो। व्यापार तथा व्यवसायहरूको क्रममा वैदिक सनातन-धर्मावलम्वी, अन्य अनेकौं आर्यहरू पनि क्रमिकरूपमा यहाँ आउँदै रहे। यहाँको ठण्डा हावा-पानी भएको पहाडी प्रदेशमा बिहार वा उत्तरप्रदेशका गर्मीमा रहने बूढा-बूढीहरू आएर बस्नु कठिन हुनाले यहाँ आउने नवागन्तुक आर्यहरू प्राय: युवा वा युवतीहरू नै हुन्थे। यिनीहरू 'नेपार' वा नेवार-वर्गका नागरिकका जनसमुदायहरूमा घुलमिल हुँदै आएर यस जनसमुदायमा आर्य-रक्तको सम्मिश्रण गराउँदै रहे र यो क्रम यहाँ लामो समयसम्म निरन्तर चल्दै रह्यो।

यसै वीचमा 'नेपार'-वर्गका नागरिकहरू 'नेवार'हरूको रूपमा परिणत भई सभ्य एवं सुसंस्कृत समेत भएर यिनीहरूले कृषि, शिल्प, वाणिज्य तथा व्यवसायहरूको उन्नति त यस क्षेत्रमा पर्याप्तमात्रामा गरे तर वौद्ध-धर्मको शान्तिवादी नीतिले गर्दा यिनीहरूमा रहेको जुधारूपन भने क्रमशः सेलाउँदै आइरहेकोले इसवीय-संवत्को दोस्रा शताव्दीमा विहारतिरबाटै आएका आर्य-वर्गका लिच्छविहरू यिनीहरूबाट राजपाटलाई खोसेर लिन सहजै सफल भए ।

यसपछि पनि सात-सय वर्षभन्दा बढी समयसम्म लगातार शासन गर्दै रहँदा यिनीहरूले 'नेपार' वा 'नेवार'हरूका पुराना वस्तीहरूमा एक-एक गरी नियन्त्रण स्थापित गर्दै आएर यिनीहरूलाई यस क्षेत्रबाट प्रायः भगाई नै दिए । शायद यसै समयमा भागेका पुराना नेवारहरू छिमेकमा रहेका 'मुर्मी' वा तामाङ्हरूको समाजमा मिसिएर 'न्यार्वा' कहलिइएका पाइन्छन् । यिनीहरूमध्ये जति पनि वर्तमान काठमाडौं उपत्यकाभित्र रहिरहन सके ती सवै 'पहरी' कहलाएर अचेल दीन-हीन अवस्थामा रहिरहेका पाइन्छन् । डोका तथा डालाहरू वनाउने पेशा भएका यिनीहरूको आवादी अचेल निकै नै कम मात्र पाइन्छ । अब एक-डेढ सय वर्षको वीचमा यिनीहरूको अस्तित्व नै समाप्त हुने सम्भावना बढ्दै आइरहेको छ ।

यिनीहरू अझै पनि वौद्ध-धर्मलाई मान्दैछन्, तर प्रायः गरीब हुनाले गुभाजू-वर्गका पुरोहितहरू नपाउँदा आफ्ना धार्मिक कृत्यहरू राम्रोसँग गर्न पनि सक्दैनन् । बोली भने यिनीहरू अझै पनि नेवारी-वोली नै बोल्दछन् । सर् जर्ज ग्रियर्सनले यिनीहरूको वोलीलाई नेवारीभन्दा भिन्दै वताएका छन् । तर यो यिनको भूल हो । दोलखा क्षेत्रमा छुट्टै किसिमको नेवारी बोलीको प्रचलन रहेको थाहा पाएका भए यिनवाट यस्तो भूल कदापि हुनसक्ने थिएन ।

आयावर्त वा उत्तरी भारतमा आवाद रहेका ब्राह्मणहरू लिच्छवि नागरिकहरूलाई 'वृषल', वा 'व्रात्य' अर्थात् असंस्कृत*(भ्रष्ट)* क्षत्रियहरू भनी मान्दथे[२४] । तर नेपालमा आएका लिच्छविहरूले भने आफ्नो राज-वंशलाई :– "गङ्गाको प्रवाहजस्तै निर्मल तथा चन्द्रमाको कलाजस्तै चहकिलो" सम्झँदै रहेको पाइन्छ[२५] । भारतबाट आएका लिच्छविहरू क्षत्रिय-वर्गका हुनाले यिनीहरूको साथमा अन्य ब्राह्मण, क्षत्रिय, वैश्य, कृषक, शिल्पकार, डूम तथा दुसाद आदि सबै जातका नागरिकहरू आएका हुँदाहुन् । यिनीहरूसँग विवाह-सम्वन्ध स्थापित गर्दै पछि पनि समय-समयमा उत्तरप्रदेश तथा बिहारतर्फबाटै आर्य-वर्गका साना-तिना अन्य अनेकौं टोलीहरू निरन्तर आउँदै रहे । ठूलो जमातमा नआई स-साना टोलीहरूमा आउने गर्दा एक-दुई पुस्ताका वीचमा आफ्ना बोलीहरूलाई बिर्सदै आएर नवागन्तुक आर्यहरूले पनि नेवारी-बोलीलाई नै ग्रहण गर्न थालेको झलक पाइन्छ । विहारतिरवाटै आएका थारु-वर्गका 'कुह्माल', 'दरै', 'धोवी' तथा यस्तै

शिल्पकार-वर्गका अन्य नागरिकहरू पनि पहिले नै नेवारी समाजमा घुलमिल भैसकेका थिए । यसै क्रममा डूम तथा दुसादहरू क्रमैले 'पोडे' तथा 'च्यामे' कहलाई अलग-अलग समाजहरूका रूपमा रहे ।

नवौं शताब्दीको आरम्भमा नेपाल-अधिराज्यमा बौद्ध-धर्मको बाढी नै आउँदा यहाँका अधिकांश निवासीहरू बौद्ध-धर्मका अनुयायीहरू हुन पुगेका थिए । यसै स्थितिमा उत्तरप्रदेशतिरवाटै आएका वैश-वर्गका नागरिकहरूले लिच्छवि-वर्गका नागरिहरूमाथि नियन्त्रण स्थापित गरी नयाँ वैश-राजवंशको स्थापना गराएको र वैशहरूले लिच्छवि-वर्गका नागरिकहरूलाई राजकाजसम्वन्धी कुनै काम पनि नदिएर कृषक तथा ज्यापूहरू बनाइदिएको झलक पाइन्छ। यसै क्रममा असहाय तथा निर्धा भएकाले लिच्छविको रूपान्तर 'लाछी' शब्द वर्तमान नेपाली-भाषामा 'काँतर'को अर्थमा प्रयोग हुन थालेको थियो। लिच्छविहरू 'वृजि' वा 'वाजि' पनि कहिन्थे। वैश-वर्गका नागरिकहरूद्वारा होच्याइँदा यिनीहरू खश-वर्गका नागरिकहरूको दृष्टिमा 'वजिया' भनिन थालेका पाइन्छन् ।

वैश-वर्गका नागरिकहरू आफूलाई सूर्यवंशी क्षत्रियको रूपमा गणना गर्दथे । एघारौं शताब्दीको अन्त्यमा सिमरौन-गढमा राजा नान्यदेवले कर्णाट-राजवंशको स्थापना गरेका र यी कर्णाट राजाहरू वैदिक सनातनधर्मका अनुयायी हुनाले यिनीहरूको प्रभावमा परी नेपालमा आएका वैश-राजवंशका राजाहरू पनि अन्तिम समयसम्म पनि वैदिक सनातनधर्ममा नै अटल रहिरहेका थिए। "कर्णाटवंशी राजा नान्यदेवका साथमा नै नेवारहरू सिमरौन-गढबाट वर्तमान नेपाल-अधिराज्यमा आएका हुन्" – भन्ने एउटा दन्तकथा काठमाडौं उपत्यकामा प्रचलित रहँदै आएको छ। तर यो सत्य होइन।

सवा-दुई सय वर्षसम्म सिमरौन-गढमा कर्णाट-राजवंश कायम रहिरहँदा पनि नेपालमा वैश-राजवंशका राजाहरूको नै राज्यकाल चलिरहेको थियो। सिमाना जोडिएर रहेका नेपाल-अधिराज्यका वैश-राजाहरू र सिमरौनगढ-राज्यका कर्णाट-वंशीय राजाहरूका बीचमा कहिले मेल त कहिले झगडा हुनु स्वाभाविक नै भएको थियो। आपसी मेलको समयमा कर्णाटहरूका चाल-चलन तथा भेष-भूषाहरू मात्र होइन, त्यस राज्यवाट केही शिपालु कर्मचारीहरू पनि नेपाल-अधिराज्यमा स्थायी रूपमा नै वस्न आएका देखिन्छन्। यस समयमा आएका 'महाजू' तथा 'कसजू' नामक दुईवटा थरहरू विशेष पहिचान गरिएका छन् । 'महाजू' कर्णाट-राजवंशका मन्त्रिवर्गमा र 'कसजू'*(कायस्थ)* हरू लेखाध्यक्षहरूका रूपमा कार्यरत रहेका थिए । मन्त्रीहरू तिनताक पनि 'महामात्य' वा 'अमात्य' भनिन्थे। 'महामात्य' शब्दकै नेवारी रूपान्तर 'महाठ' शब्द आफ्नो समयमा निकै नै प्रचलनमा रहेको थियो।

वैश-राजवंशका राजाहरूको पुगनपुग पाँच-सय वर्षको राज्यकालमा तिव्वतमा बौद्ध-धर्मको प्रचार तथा प्रसार पनि जोड-तोडसँग बढिरहेको पाइन्छ । यसैले यसै बीचमा त्यहाँका 'लामा'हरूले नेपालतर्फ आएर उत्तरी भेगमा वस्ने गुरुङ, स्यार्पा तथा

मुर्मी-वर्गका नागरिकहरूलाई वौद्ध-धर्मको शिक्षा तथा दीक्षा पनि दिन आरम्भ गरेका थिए। वान्हौं-शताव्दीको आखिरसम्म भारतको विहार-प्रदेशमा पनि वौद्ध-धर्म बची नै रहेकोले त्यहाँका भिक्षुहरूले आएर यहाँको 'वरामु' नामक आग्नेयदेशी भाषा-परिवारको वोली वोल्ने एक जमातलाई वौद्ध-धर्ममा दीक्षित तुल्याई 'वलामी' तुल्याइदिएको पाइन्छ। उत्तर तथा दक्षिण दुवैतर्फवाट वौद्धधर्मका अनुयायीहरूले लगभग एकैपटक धावा गर्दा वैश-राजवंशका राजाहरूलाई वौद्ध-धर्मप्रति आदर-सत्कार गर्न करै लाग्यो। अचेल काठमाडौं तथा ललितपुरमा पनि जति पनि बौद्धविहार वा बहालहरू रहेका छन् तिनमा दुई-चारवटाभन्दा वाहेक अन्य सवै विहार वा बहालहरू वैश-कालमा ने बनेका देखिन्छन्।

यस्ता विहार वा बहालहरू तिनताक नेपाली संस्कृतिका प्रतीक भएर रहेका थिए। त्यहाँ जति पनि भिक्षु वा बाँडा*(बन्दनीय भिक्षु)* हरू रहन्थे, प्रायः ती सबै दार्शनिक तथा वैद्यहरू पनि हुन्थे। वौद्ध-धर्म तथा दर्शनको व्याख्यान गर्ने तथा पढाउने काम पनि यिनीहरूले नै गर्ने हुनाले यस्ता वहालहरू प्रतिष्ठित गुरुकुल वा पाठशालाहरूका रूपमा पनि कार्यरत रहेका थिए। वैद्यहरू औषधीको काम गर्ने हुनाले आरोग्यशालाहरूको काम पनि यिनै वहालहरूले नै गर्ने गर्दथे। देव-देवीका चित्रहरू लेखिने र मूर्तिहरू कुँद्ने कामहरू समेत यिनै गुरुकुल वा वहालहरूमा हुने गर्दथ्यो। वहालमा रहेका भिक्षु वा भिक्षुणीहरू गृहस्थ-जीवन यापन गर्नको निमित्त वहालहरूवाट बाहिर निस्केर बौद्ध-धर्मका 'उपासक' वा 'उदास'हरू वनी आफ्ना दिनचर्याहरू चलाउने गर्दथे। यस्ता उपासक वा 'उदास'हरू प्रायः शिल्प तथा व्यापारका कामहरूमा निपुण मानिन्थे। तर वहालभित्र भिक्षु तथा भिक्षुणीहरू साथ-साथै रहने हुँदा व्यभिचारहरू पनि स्वाभाविक रूपमा नै चल्दथ्यो होला। तर यसलाई तिनताक प्रायः अपराधको रूपमा हेरिँदैनथ्यो। शत्रुहरूसँग मुकाविला गर्नको निमित्त हात-हतियारहरूमा भन्दा तन्त्र तथा मन्त्रहरूमा नै वढी विश्वास राखिन्थ्यो। यही विश्वास नै अन्त्यमा यिनीहरूको जातिगत विनाशको कारण बन्न आएको देखिन्छ।

इ.सं. १३४९ को हिउँदमा भएको वङ्गालका सुल्तान समसुद्दीन इलियस-शाहका आक्रमणकारी मुस्लिम सैनिकहरूको प्रहारबाट उपत्यकाभित्रका प्रायः सवै मन्दिर तथा वहालहरू पनि ध्वस्त पारिए। बौद्ध-भिक्षुहरूकै प्रभावमा परेर वैश-राजवंशका राजाहरूले पनि आफ्ना सशक्त हतियारबद्ध सेनाहरू राखेका थिएनन्। यसैले यिनका राजभवन तथा देव-मन्दिरहरूलाई समेत ध्वस्त गराएर आक्रमणकारी मुसल्मान सैनिकहरू नेपाल-अधिराज्यवाट निर्धक्कका साथ फर्किएर गएका थिए। यसपछि वैदिक सनातनधर्मका मन्दिर तथा मूर्तिहरू त प्रायः तात्कालिक राजाहरूले नै बनाइदिए। बौद्ध-वर्गका नागरिकहरूमा शिल्पकला जीवित रहिरहेकोले यिनीहरूले पनि यतिवेला भत्काइएका तथा जलाइएका आफ्ना चैत्य तथा वहालहरूलाई पनि वीस-पच्चीस वर्षभित्रैमा बनाएर जस्ताको-तस्तै गराइदिए। चैत्य तथा बहालहरू यथावत्

वने पनि त्रासदीपूर्ण यस घटनापछि तन्त्र-मन्त्रहरूमाथि देशका सर्वसाधारण नागरिकहरूको विश्वास हट्दै गयो र बौद्धधर्मको साथै वहालहरूको पनि दिन-परदिन अवनित सुरु हुन थाल्यो ।

पछिल्लो मल्ल-राजवंशका संस्थापक राजा स्थिति-मल्ल वा जयस्थिति-मल्ल एक-जना वैश-सामन्तका 'दुलाहाजी' वा घरजुवाइँ भएर पनि पछि नेपाल-अधिराज्यका अधिपति नै वन्न आएका थिए । यी पनि आफूलाई :– "सूर्यवंशी क्षत्रिय" नै मान्दथे । यिनका साथमा आएका ब्राह्मणहरू सम्भवतः सरवरिया-वर्गका थिए । वैश-वर्गका मन्त्री तथा भारदारहरूद्वारा राजाका रूपमा स्थापित गराइएकाले आफ्ना मन्त्रीहरूमा वैश-वर्गका नागरिकहरूलाई यथावत् रूपमा राखिराख्न यिनलाई बाध्यता नै परेको थियो । यिनका छोरा ज्योतिर्मल्लले आफ्ना नागरिकहरूको वर्ग-विभाजन गरी यसैअनुसार यिनीहरूको पेशाहरूको समेत वर्गीकरण गर्दा यिनले आफ्नो राज-वंशलाई क्षत्रिय-वर्गमा र आफ्ना पूर्वजहरूका साथमा आएका गुरु तथा पुरोहितहरूलाई ब्राह्मण-वर्गमा राखिदिएका थिए ।

यतिञ्जेलसम्ममा नेवारी-वोलीलाई ग्रहण गरेर वैश-वर्गका सम्पूर्ण नागरिकहरू नेवार वनिसकेका थिए तर क्षत्रियको प्रतीकस्वरूप 'सिंह' शब्द भने यिनीहरू आफ्ना नामहरूको पछाडि जोड्दै रहेका पाइन्छन् । राजा ज्योतिर्मल्लले यिनीहरूलाई क्षत्रिय-वर्गमा नगनेर वैश्य-वर्गमा परिणत गराइदिए । लाचार भएर वैश-वर्गका नागरिकहरूले पनि यसलाई स्वीकार गरे । वैशहरूका गुरु तथा पुरोहितहरूमध्ये जो ब्राह्मण थिए, तिनमा **एक**-थरी 'आचार्य'*('आचाजु')* र अर्का-थरी 'जोशी' कहिन्थे । यिनलाई पनि राजा ज्योतिर्मल्लले ब्राह्मणको वर्गमा समावेश नगर्दा वैश्यको वर्गमा मिल्न पुगेका पाइन्छन् ।

राजा ज्योतिर्मल्ल तथा यिनका उत्तराधिकारीहरूले भारतको उत्तरप्रदेश वा विहारतिरवाटै राजपूतका कन्या तथा कुमारहरूलाई झिकाई विवाह-सम्वन्ध स्थापित गर्ने परम्परालाई वसालिदिएका थिए । यसै क्रममा आफ्ना विवाहिता रानीहरूतर्फवाट जन्मेका सन्तानहरूलाई मात्र 'मल्ल' उपाधि प्रदान गरी ल्याइतातर्फवाट जन्मेका सन्तानहरूलाई 'सिंह' पदवी दिने नियमहरू पनि यिनले चलाएको पाइन्छ । यसै क्रममा भारततिरवाट जति पनि घर-जुवाँइहरू आएका थिए ती पनि 'सिंह' नै भनिने गरेका थिए । विस्तार-विस्तार नेपालका प्रतिष्ठित भारदारहरूमा यिनीहरू पनि घुस्न थाले । यस्ता भारदारहरूले आपसमा मात्र विवाह-सम्वन्ध स्थापित गरी आपसमा खान-पानहरू पनि चलाउँदा यिनीहरूको अर्को एउटा छुट्टै वर्ग खडा भएर यो वर्ग साधारण वैशहरूभन्दा माथि उठेको देखिन्छ ।

भारदार-वर्गमा प्रवेश गर्न नसकेका वैशहरू व्यापारको वृत्ति लिई अपेक्षाकृत तल्लो वर्गमा रहेर 'श्रेष्ठ' *(संस्कृत 'श्रेष्ठी' तथा हिन्दी 'सेठ')* भनिन लागे । 'आचाजु' तथा जोशीहरूमध्ये पनि जो राजाका दरवारमा पूजा-पाठहरू गर्दथे तिनीहरू माथिल्ला

वर्गमा र अन्य भने तल्ला वर्गहरूमा मिले। यही क्रम मल्ल-कालको अन्त्यसम्म पनि चल्दै रह्यो। यसै क्रममा कान्तिपुर, भक्तपुर, ललितपुर तथा दोलखा समेत गरी तात्कालिक चारवटै नेवार-राज्यहरूमा मल्ल-कालको अन्तिम समयसम्ममा भारदार-वर्गका वैशहरूको थर चालीस-वटाभन्दा वढी भैसकेका थिए तापनि गोरखा राज्यका भारदारहरूमा पाँडे, पन्त आदि छ-वटा थरहरू रहेका हुनाले यिनीहरूले पनि आफूलाई 'छ-थरी' भनेर तल्लो वर्गका वैशहरूलाई 'पाँच-थरी' भन्ने अर्थहीन नाम दिएको पाइन्छ। नेवार-वर्गमा यो व्यवहार लगभग आजसम्म पनि चलि नै रहेको छ।

यिनै पछिल्ला मल्ल राजाहरूका समयमा विहारतिरवाटै मैथिल-वर्गका ब्राह्मण तथा बनियाँ*(ठोकडे)* हरू पनि नेपालमा आएर नेवारी समाजमा घुलमिल भएका पाइन्छन्। यिनीहरूले नेवारी-वोलीलाई ग्रहण गरिसकेका छन् तापनि यिनीहरू आफूलाई नेवार-वर्गमा गणना गर्नमा भने अझै पनि आनाकानि गर्दैरहेका पाइन्छन्।

यो त भयो सनातनी-वर्गका वैशहरूको कथा। अव वौद्ध-वर्गका नागरिकहरूतर्फ हेरौं। आक्रमणकारी बङ्गाली सुल्तान समसुद्दीन इलियस शाहका लडाका मुसल्मान सैनिकहरूले यहाँका बौद्ध-वहालहरूलाई ध्वस्त गरिदिएपछि भिक्षु तथा सामान्य वाँडाहरूदेखि पनि सर्वसाधारण नागरिकहरू विरक्त भैसकेका थिए। यसैले यस्ता विहार वा बहालहरूमा गएर गृहस्थहरू भिक्षु वा भिक्षुणी वन्ने परम्परामा पनि ह्रास आउन थालेको थियो। बचे-खुचेका भिक्षु वा भिक्षुणी तथा बाँडा-वँडेनीहरूमा पनि साबिक अनुसारको धार्मिक मर्यादा कायम रहन नसक्दा राजा ज्योतिर्मल्लले यिनीहरूलाई गृहस्थ वनाई आपसमा विवाह-सम्वन्ध स्थापित गर्न पाउने नियम पनि चलाइदिएका थिए। यसै समयदेखि भिक्षु-भिक्षुणी एवं बाँडा-वँडेनी बन्ने क्रम शिष्य-परम्पराबाट हटेर सन्तान-परम्परामा चल्न थाल्यो। यसै समयमा वौद्ध वनिरहेका वाँडा, उदास तथा ज्यापू आदि वर्गका नागरिकहरूको पौरोहित्यको निमित्त बाँडा-वर्गबाटै एउटा वर्ग उठेर 'गुरु-भाजू' वा 'गुभाजु'को वर्ग खडा भयो। यिनताक नेपालमा आबाद रहेका वाँडाहरू भने वौद्ध-वहालहरूका पुजारी मात्र वनिरहे।

वौद्ध-विहारहरूमा 'भिक्षु' भएर यहाँका वैश-वर्गका नागरिकहरू मात्र होइन, ज्यापूहरूका साथै तिब्वती, गुरुङ, स्यार्पा तथा मुर्मी वर्गका नागरिकहरू पनि आएर वस्ने गर्दथे। यसैले यिनीहरूसँग रक्त-सम्मिश्रण भएर पैदा भएका गुभाजु, बाँडा तथा उदासका रङ्ग तथा रूपहरूमा पनि केही मङ्गोलक लक्षणहरू पाइनु स्वभाविक नै हुन आएको छ। यसै रूपसादृश्यको आधारमा केही विदेशी लेखकहरूले समग्र नेवार हरूलाई नै मङ्गोलक वताउने चेष्टा गरेको पाइन्छ, तर यो उनीहरूको भ्रम हुनुमा कुनै पनि सन्देह रहेको छैन।

गुभाजु तथा वाँडाहरू गृहस्थ बने तापनि यिनीहरूका साधना-स्थल 'बहाल'हरू सार्वजनिक सम्पत्तिहरूका रूपमा नै रहिरहेका थिए। विदेशीहरूले आएर यी बहालहरूमा रहँदा जुन किसिमको शुल्क वुझाउनुपर्दथ्यो त्यसको नाम पनि पछिपछि 'बहाल' नै

भनिन थाल्यो। तर अहिले गत एक-शय वर्षजतिको वीचमा यी वहालहरू त्यहीँ-त्यहीँ वसेका गुभाजु तथा वाँडाहरूले व्यक्तिगत सम्पत्तिको रूपमा आपसमा वाँडचुड गरी लिइसकेका छन्; केवल वहालहरूभित्र रहेका चैत्यहरू मात्र सार्वजनिक सम्पत्तिहरूका रूपमा वाँकी वचेर रहेका पाइन्छन्। घरभन्दावाहिर – परदेशमा – जहाँ गए तापनि यिनै वहालहरूमा नआई गुभाजु वा वाँडा-वर्गका नागरिकहरूको व्रतवन्ध-संस्कार सम्पन्न हुननसक्ने परम्परा आजसम्म पनि चलिआएकोले यस्ता वहालहरू अझै पनि वौद्ध-धर्मका केन्द्रहरूका रूपमा कायम रहिरहेका छन्। तर अव यस्ता वहालहरूमा न पठन-पाठनको काम हुन्छ, न औषधी उपचारको, न त शिल्पकलाको नै। यति भएर पनि यहाँका वौद्ध-धर्मका अनुयायीहरूमा आफ्नो धर्मप्रति भने अझै पनि ठूलो भक्तिभाव पाइन्छ।

वौद्ध-धर्मका अनुयायी सम्पन्न व्यापारीहरू धार्मिक-कृत्यहरूको निमित्त जुन किसिमका ठूला-ठूला दान तथा दक्षिणाहरू दिने गर्दछन् त्यस्ता दान-दक्षिणाहरू वैदिक सनातन-धर्मका अनुयायी हिन्दूहरूले दिएको विरलै मात्र देख्न तथा सुन्न पनि पाइन्छ।

"समुद्रको किनारसम्म आफ्नो कीर्ति-पताका फैलाएका छौं"[२५] – भनी गर्व गर्ने लिच्छवि-वर्गका ज्यापूहरूको सामाजिक अवस्था वैश-राजवंशका राजाहरूको राज्यकालभर त सुध्रिन पाएन-पाएन, पछिल्ला मल्ल-राजाहरूको राज्यकालमा पनि सुध्रिन सकेको देखिँदैन। राजा ज्योतिर्मल्लले यिनीहरूलाई शूद्र-वर्गमा राखिदिएका थिए। शिल्पकलाहरूको काम गर्ने 'माली', 'चित्रकार', 'नाउ' तथा 'नकर्मी' आदिलाई भने यिनले ज्यापूभन्दा पनि तल्लो वर्गमा राखिदिएको पाइन्छ। यो व्यवस्था नेवारी समाजमा आजसम्म पनि यथावत्‌रूपमा कायमै रहिरहेको पाइन्छ।

मल्ल-कालको समाप्तिपछि गोरखा राज्यका राजा पृथ्वीनारायण शाह तथा यिनका उत्तराधिकारीहरूले नेवार-वर्गमात्रलाई सैनिक-सेवाहरूमा भर्ना नलिने नियम स्थापित गरिदिएकाले क्षत्रियत्वको दावा गर्ने 'छ-थरी' वर्गका वैशहरू जीवनवृत्ति नपाई अलपत्र पर्न थालेका थिए। तर यिनीहरूलाई निजामती-सेवाका कामहरूमा भने भर्ना लिने गरिएकोले पूर्वमा मेची नदीदेखि पश्चिममा महाकाली नदीसम्मका पाहाड तथा तराईका अड्डा-अदालतहरूमा फैलिन पाएकाले सैनिक-वृत्ति नपाए पनि यिनीहरूले भौतिक हानिलाई भने कत्ति पनि सहनु परेन। एकीकृत नेपाल-अधिराज्यको राजधानी काठमाडौं शहर नै वन्न आएकोले अधिराज्यभरवाट सङ्ग्रह गरिएका धन-दौलतहरू यहीं नै जम्मा हुन थाल्दा यहाँ व्यापार तथा व्यवसायहरू निकै वढ्दै आए र व्यापार तथा व्यवसायहरूको पेशा अपनाएका श्रेष्ठ-वर्गका वैशहरूले तथा वाँडा तथा उदास-वर्गका नागरिकहरूले पनि धनाढ्य हुने राम्रो अवसर प्राप्त गरे।

पछि भारतीय-वर्गका मारवाडी तथा अन्य व्यापारीहरूले पनि स्थायीरूपमा काठमाडौं शहरमा नै रहेर व्यापार गर्न पाउने अधिकार प्राप्त गरेकाले भारततिरवाट आयात हुने वस्तुहरूको व्यापार नेवार-वर्गका नागरिकहरूको हातवाट केही खोसिएर

यिनीहरूकै हातमा पर्न आयो । यसबाट तिब्बततिर हुने व्यापार मात्र बाँडा तथा उदास-वर्गका नागरिकहरूको हातमा एकलौटी रूपमा वच्न पाएको थियो । इ.सं. १९०४ देखि सिक्किमतर्फबाट तिब्बततर्फ जाने 'छुम्वी'को नयाँ बाटो खुल्दा काठमाडौँ शहरवाट हुने तिव्वतसँगको व्यापार पनि शिथिल हुँदै आएर हाल यस व्यवसायबाट पनि यिनीहरूले हात धुनुपर्ने स्थिति आइरहेको छ । यसले गर्दा मारवाडी-वर्गका व्यापारीहरूलाई उच्छिन्न नसकी श्रेष्ठ तथा उदास वर्गका व्यापारीहरू आज-भोलि उनका सहयोगीहरू जस्ता भएर रहेका पाइन्छन् । तैपनि 'छ-थरी'हरू भन्दा आर्थिक रूपमा यिनीहरू नै उन्नत अवस्थामा रहेका पाइन्छन् ।

शाह-कालको साथै राणा-कालको समेत शासन-व्यवस्था फौजी ढाँचाको रहेकोले आज कृषक-वर्गका ज्यापूहरू ज्यादै नै शोषित भएर दिन-परदिन कङ्गाल वन्दै आइरहेका पाइन्छन् । इ.सं. १८१६ देखि अङ्ग्रेज राजदूतहरू काठमाडौँ शहरमा आएर स्थायीरूपमा वस्न थालेपछि यहाँ युरोपीय ढाँचाका ठूला-ठूला भवनहरू बन्न थाल्दा वास्तु-कलाका शिल्पकारहरूले प्रशस्त रोजगारीहरू पाएर यिनीहरूले आफ्नो भौतिक स्थितिलाई नगण्यरूपमा भए पनि क्रमैसँग उन्नत गराउँदै ल्याइरहेको पाइन्छ । यस समयका शासक-वर्गले वेलायती मूर्ति तथा चित्रहरूको विशेष आदर गर्ने गरी नेपालमा निर्माण हुने मूर्ति तथा चित्रहरूको पनि तिरस्कार गरिदिँदा उदास तथा चित्रकार वर्गका नागरिकहरूका हातमा रहेका यी दुवै-थरी कलाहरूको अवस्था भने आज दुःखलाग्दो अवस्थामा आइपुगेको छ । शिल्पकार अरनिको वा वलवाहुले नेपाल-अधिराज्यबाट यी दुवै कलाहरूलाई तिब्वत तथा चीनमा पनि पुऱ्याउँदा कुवलय-खाँजस्ता ख्यातिप्राप्त चीन-वादशाह पनि यिनीदेखि प्रभावित भई उनले यिनलाई आदरका साथ आफ्नो शिल्पशालाको प्रमुख-पदाधिकारीको रूपमा नियुक्त गरेका थिए । त्यही शिल्प-कलाको आजको यो दुर्दशालाई देखेर कुन सहृदयी नेपाली नागरिकको मन खिन्न नहोला ?

५. नेवारी-भाषा तथा नेवार-वर्गका नागरिकहरूमा रहेका गुन तथा वैगुनहरू

आग्नेयदेशी भाषा-परिवारका वोलीहरूमा प्रचार तथा प्रसार हुने गुण कमै मात्र रहेको पाइन्छ । यस्ता बोलीहरू बोल्ने मगर, गुरुङ् आदि आर्येतर-वर्गका नागरिकहरू जव आ-आफ्ना मूल अवस्थलहरूवाट उठेर अन्यत्र बसाइँ सर्दछन् तव एक-दुई पुस्ताको बीचमा नै आआफ्ना बोलीहरूलाई विर्सन थाल्दछन् । यस तथ्यको नजीकको प्रत्यक्ष उदाहरण भएर रुम्जाटारमा आवाद रहेका गुरुङ्हरू नै रहेका छन् । यिनीहरू कास्की तथा लमजुङ् राज्यतिरबाट यहाँ बसाइ सरेको शायद अहिले २५० वर्ष पनि पूरा भएको छैन, तर यति छोटो समयमा नै यिनीहरूले आफ्नो मातृबोलीलाई विर्सिइसकेको भेटिन्छ । यही कमजोरी नेवारी-वोली बोल्ने नागरिकहरूमा पनि रहेको

छ। काठमाडौं उपत्यका तथा यसदेखि पूर्वतर्फका वनेपा, सात-गाउँ तथा दोलखामा पनि नेवार-वर्गका नागरिकहरूको बाक्लो आवादी रहेकोले त्यहाँ भने नेवारी-बोली अझैसम्म पनि बोलिन्छ। यसै बोलीलाई राष्ट्रभाषा बनाउने लक्ष्यअनुसार साहित्य तथा शिलालेखहरू पनि लेखाई मल्ल-राजवंशका राजाहरूले यस बोलीलाई 'नेपाल-भाषा' भन्ने नाम पनि नदिएका होइनन्, तर उनीहरूको यो प्रयास सफल भने हुन सकेन।

यसको ठीक विपरीत पर्वते-बोलीमा भने प्रचार तथा प्रसार हुने गुण पर्याप्तमात्रामा रहेकोले यस बोलीले क्रमशः ढाक्दै आउँदा स्वयं कान्तिपुर राज्यका प्रसिद्ध राजा प्रताप मल्ल पनि इ.सं. १६६९ को रानीपोखरीको बगलमा स्थापना गरिको आफ्नो शिलालेखमा यसै बोलीलाई प्रयोग गर्न विवश भएका थिए। सत्रौं-शताब्दीमा नेवार-वर्गका केही नागरिकहरू गोरखा राज्यमा पनि बसाइँ सरेर गएका थिए। यिनीहरूले आफ्नो बोलीलाई विलकुलै भुलेर पर्वते-बोलीलाई नै पूर्णरूपमा आफ्नो मातृभाषा बनाइसकेको पाइन्छ।

इ.सं. १७६९ देखि १८०५ को बीचमा केही नेवार-वर्गका केही नागरिकहरू काठमाडौं उपत्यकाबाट भगाइएका वा निकालिएका पनि थिए। यिनका सन्ततिहरू पोखरा, पाल्पा, धनकुटा तथा डोटी आदि मुख्य-मुख्य बजारहरूमा बसिरहेका पाइन्छन्। यिनीहरूले पनि आफ्नो बोलीलाई बिर्सिइसकेका छन् वा बिर्सन तयार भएर बसिरहेका छन्। पछि आफूखुशी बसाइँ सर्ने नेवार-वर्गका अन्य नागरिकहरूको पनि लगभग यही नै परिस्थितिरहेको छ।

तर यसै बोलीमा भक्तपुर राज्यका मल्ल-राजाहरूले अनेकौं नाटकहरू लेखाइदिएकाले प्राचीन नृत्यकला तथा रागहरूको संरक्षणको निमित्त यस्ता नाटकहरूको ठूलो योगदान रहेको पाइन्छ। काठमाडौं उपत्यकाभित्र पर्वते-बोलीका सबैभन्दा पुराना नमूनाहरू पनि यिनै नाटकहरूमा पाइन्छन्। यसैले यस्ता नाटकहरूको उद्धार गरेमा मात्र नेपाली संस्कृतिका अभिन्न अङ्गका रूपमा रहेका नृत्य-कला तथा गायन-कलाहरूको पनि उद्धार हुने देखिन्छ। यसैगरी नेवारी बोलीमा साहित्यहरूको सृजना हुनु पनि अत्यन्त आवश्यक भएको छ। तर आर्य भाषा-परिवारका भाषाहरूमा रहेका शब्दहरूको भरमार प्रयोग गरेर नयाँ साहित्य सृजना गर्दा यस बोलीमाथि कुठाराघात मात्र हुन्छ, उद्धार हुन सक्तैन। यसैले नेवारी भाषाभाषी विद्वान्हरूले यस बोलीका पाइएसम्मका पुराना शब्द तथा व्याकरणका नियमहरूको सङ्कलन गरेर नेवारी बोलीलाई पुरानो ढाँचामा ढाल्दै ल्याएमा मात्र राष्ट्रिय सम्पत्तिको उद्धार हुने आशा गर्न सकिन्छ।

आर्य तथा आग्नेयदेशी भाषा-परिवारका जाति वा नस्लहरू मिलेर बनेका वर्तमान नेपाली समाजमा थोरै प्रतिशत मात्र नेवारहरू रहेका छन्। यिनमा पनि अधिकांश नेवारहरू त आफ्नो मूल-अवस्थल काठमाडौं उपत्यकामा नै रहिरहेका

पाइन्छन् । जातिगत रूपमा यिनीहरू आर्य-नस्लका भएता पनि भाषागत रूपमा आग्नेयदेशी भाषा-परिवारको बोली बोल्ने हुनाले नस्ल वा जातिको हिसाबले आर्यहरूसँग र बोलीको हिसाबले आग्नेयदेशी वा किराँत-वर्गका नागरिकहरूसँग सम्बन्ध जोडेर दुईथरी जाति वा नस्लका नागरिकहरूलाई जोड्ने चुकुलहरूका रूपमा नेपाली समाजमा यिनीहरू रहिरहेका पाइन्छन् ।

नेवार-वर्गका नागरिकहरूमा एउटा अत्यन्तै नै प्रशंसनीय गुण रहेको पाइन्छ, त्यो हो :– यिनीहरूमा रहेको सामाजिक-सद्भाव । यसै विशिष्ट गुणको प्रभावले गर्दा यिनीहरूका बीचमा आपसी एकता कायम हुँदै आइरहेको पाइन्छ । यिनीहरू आपसमा मिलेर नै बस्न चाहन्छन्, न कि फुटेर । शहरमा होस् वा गाउँमा यिनीहरूमध्ये एउटा नागरिकको घरमा जोडेर नै अन्य नागरिकका घरहरू बनेको पाइन्छ । यिनीहरू विभिन्न 'गोष्ठी' वा गुठीहरूद्वारा पनि आवद्ध रहेका पाइन्छन् । गुठीहरूमा आबद्ध हुनुलाई यिनीहरू गौरव ठान्ने गर्दछन् । तर यस गुणबाट यिनीहरूमा एउटा ठूलो कमजोरी पनि पैदा हुन आएको पाइन्छ । त्यो हो :– आफ्नो वास-स्थलप्रतिको अगाध स्नेह । यस कमजोरीले गर्दा आफ्नो जन्मभूमिलाई परित्याग गरी विदेशमा गई जोखिम उठाउने प्रवृत्ति यिनीहरूमा कमै मात्र पाइन्छ ।

यिनीहरू आफ्नो बस्तीभन्दा बाहिर गएर घुमफिर गर्न प्रायः सक्तैनन् । पाहाड वा तराईतिर हाकिम नै भएर जाने अथवा व्यापार गर्न जाने नेवारहरू पनि आफ्नो अड्डा-अदालत वा बजारहरूदेखि बाहिर निकै नै कममात्र जाने गरेको पाइन्छ । अन्य जातका नागरिकहरू बसेको गाउँको पुछारसम्म गएर त्यहाँका वास्तविक वस्तुस्थितिहरू बुझ्ने चाख पनि यिनीहरूमा कमै मात्र रहेको पाइन्छ । यिनीहरूमा रहेको यो कमजोरी अब भने दिन-परदिन घट्दो अवस्थामा रहेको पाइन्छ ।

नेवार-वर्गका नागरिकहरू मध्येमा पनि 'छ-थरी'-वर्गका वैशहरूमा बडप्पनको भाव ज्यादा पाइने हुनाले यिनीहरूले आफ्नै वर्गमा आपसको खान-पान तथा विवाह-सम्बन्धहरूमा पनि उँच-नीचको परहेज प्रशस्त राख्ने गरेको पाइन्छ । यिनका जात तथा भातका सिँढीहरू एक-एक तह तल तथा माथि क्रमैसँग रहेका देखिन्छन् । भड्किलो रवाफमा रहने प्रवृत्ति हुनाले 'पाँच-थरी'-वर्गका श्रेष्ठहरूजति धनी भने यिनीहरू प्रायः हुँदैनन् । 'पाँच-थरी'-वर्गका श्रेष्ठहरू प्रायः व्यापारको पेशा गर्ने हुनाले विश्वास कायम गराउनको निमित्त व्यवहारमा इमान्दारीप्रति विशेष परहेज राख्ने गर्दछन् ।

बौद्ध-वर्गका नेवार नागरिकहरू अझै इमान्दार हुन्छन् । सुन तथा चाँदीका गर-गहनाहरू वा भाँडा-कुँडाहरू बनाउने पेशा भएका बाँडाहरूलाई विनालिखित हजारौं रुपियाँका सुन-चाँदीहरू दिए पनि कदापि विश्वासघात गर्दैनन् । शिल्प-कलाको काम गर्ने उदास-वर्गका नागरिकहरूमा पनि बेइमानी गर्ने प्रवृत्ति बहुतै कम मात्र पाइन्छ । तर समयमा काम पूरा नगर्ने नराम्रो प्रवृत्ति भने यिनीहरूमा अझै पनि

रहिरहेको भेटिन्छ। खेतीको काम गर्ने ज्यापू-वर्गका नागरिकहरू झन् इमान्दार, सोझा तथा परिश्रमी पनि हुन्छन्। यिनीहरूमा सहनशील स्वभाव पनि निकै नै पाइन्छ। यिनका जनाना नागरिकहरू पनि उत्तिकै इमान्दार हुन्छन्। यिनीहरू परिश्रमी पनि त्यत्तिनै हुन्छन्, जति कि यिनका पतिहरू हुन्छन्।

यसप्रकार नेवारी-समाज, नेपाल-अधिराज्यको सामाजिक-रङ्गमञ्चमा नेपाली-समाजको एक अभिन्न अङ्गको रूपमा रहेको स्पष्टरूपमा अनुभव गर्न पाइन्छ।

* * *

पूर्व-प्रकाशित लेख-रचना।

साभार :– "नेपाल सांस्कृतिक-परिषद्-पत्रिका" *(त्रैमासिक पत्रिका)* वर्ष १, अङ्क १, वैशाख, वि.सं. २००९, काठमाडौं।

पाद-टिप्पणी

१.– "ने नाम्ना मुनिना पूर्व पालनात् पुण्यकर्मणा।
इदं हि हिमवत्कुक्षौ नेपाल इति चोच्यते॥"– *पशुपतिपुराण।*

२.– "नेमे त्वमस्य क्षेत्रस्य मुनीनामग्रणीर्भव॥" p.66

३.– Sylvan Levi-'Le Nepal', Vol.II.p66

४.– Linguistic Survy of India, Vol III, Part 1, p.213

५.– A Narba is the progeny born of intercourse between a Murmi and Newar. The Narba has the highest social standing amongst the Atharajatt, and ranks rearly equal to the Barathamang *(Vansitartt: 'The Gurkhas'. p. 142)*

६.– "अष्टप्लोतिसङ्घात्या कृष्णा भिङ्गिसी।
वर्षावरणमपसारक इति नैपालकम्।" – *'अर्थशास्त्रम्'*, अधिकरण २, अ. ११

७.– हाम्रो राष्ट्रभाषा नेपालीमा थरको नामको पछाडि प्रायः 'आलय' वा घरको अर्थमा 'आल' प्रत्यय जोडिने चलन रहेको पाइन्छ। जस्तै :– 'डोटयाल, 'खनाल', 'फुयाँल' आदि। यसैगरी यसै अर्थमा तिब्बती भाषामा 'पा' प्रत्यय जोडिने प्रचलन रहेको पाइन्छ। जस्तै :– 'स्यार' अर्थात् पूर्वमा रहने 'स्यार्पा' डुक् अर्थात् विजुली भएको देश अर्थात् धर्मा वा भुटानमा रहने 'डुक-पा' आदि।

८.– 'Le Nepal' Vol III p. 183

९.– 'Le Nepal' Vol III p. 65

१०.– 'Linguistic Survey of India', Vol III, Part I, p. 214

११.– संस्कृत भाषामा प्रचलित 'किरात' शब्दमा नेपालमा प्रचलमा रहेको 'किरांत' शब्दको अर्थमा पर्याप्त अन्तर रहेको छ। मकवानी सेन-राजाहरूले पन्ध्रौं शताब्दीमा मगरहरूको बस्तीलाई 'मगरांत' भन्ने नाम दिएका थिए। यिनीहरूले नै सोन्हौं शताब्दीमा दूधकोसी-नदीदेखि पूर्वतर्फको पाहाड-प्रदेश तथा सप्तरी तथा मोरङ्का तराई क्षेत्रहरूमा पनि आफ्नो नियन्त्रण स्थापित गरे। दूधकोसी नदीभन्दा पूर्वका वासिन्दाहरू सवै 'किरात'-वर्गका नै थिए। तराईक्षेत्रका वाजीहरू यिनीहरूलाई

तिरस्कार गरेर – 'किरुवा' भन्ने गर्दथे । यसै 'किरुवा' शब्दबाट मकवानी राजाहरूले 'मगराँत'को ढाँचाको 'किराँत' भन्ने नाम त्यस क्षेत्रको निमित्त राखेकाले यसैअनुसार 'ओल्लो-किराँत' तथा 'पल्लो-किराँत' भन्ने नामको प्रचलन अझैसम्म पनि कायम रहिरहेको पाइन्छ । यस तरहले 'किराँत' भन्ने वस्तीको नाम भएको र 'किरात' भन्ने जाति वा नस्लको नाम भएको स्पष्ट देखिन्छ । तात्पर्य यो हो कि किराँत-प्रदेशका वासिन्दा किराँतीहरू मात्र 'किरात' होइनन्, किरातहरूको अस्तित्व अन्यत्र पनि पाइन्छ । हेर्नुहोस् :– Wright's History of Nepal p. 109

१२.– महाभारतको 'दिग्विजय-पर्व'मा नेपालको नाम पाइन्छ तापनि अनुक्रमणिकाध्यायमा यो पर्व नपरेको हुनाले यो पछिको क्षेपक देखिन आएको छ ।

१३.– सभापर्व, अध्याय ३१, श्लोक १५, निर्णयसागर प्रेस ।

१४.– 'Gupta Inscriptions': Fleet. P.8

१५.– "जित्वा मल्लपुरीन्ततस्तु शनकैरभ्याजगाम स्वयम्र ।"

– मानदेव*(प्रथम)* को चाँगुमा रहेको अभिलेख ।

१६.– Bill: "Buddhist Rcords of the Western world", Vol II, p. 80

१७.– Chambers: Dictionary

१८.– 'राजतरङ्गिणी', अध्याय ४, पद्य ५३०-४५

१९.– काठमाडौं म्यूजियममा रहेको चाँदीको टकमा :– "दोलखाधिपति श्रीश्रीजयेन्द्रसिंहदेस्य पट्टमहादेवी श्रीविजयलक्ष्मी महादेव्याः" लेखिएको पाइन्छ ।

२०.– 'Linguistic Survey of India', Vol III sf] Part I मा यसको निर्णय उदाहरण सहित दिइएको छ । हेर्नुहोस्- पृ १९९

२१.– L.S.I. Vol III, Part i, p 199- 'Sunuwari Boli'

२२.– Mortheand Morris: 'The Gurkhas' Pp 66

२३.– भक्तपुर शहरको 'ख्वोप' भन्ने नेवारी नाम यसै शब्दबाट बनेको हो ।

२४.– "शनकैस्तु क्रियालोपाद् इमाः क्षत्रियजातयः ।
वृषलत्वं गता लोके ब्राह्मणादर्शनेन च ॥४३॥
पौण्ड्रकाश्चोड्र-द्रविडा कम्वोजा यवनाः शकाः ॥ – मनुस्मृति, अध्याय १०, पद्य ३४

२५.– (क) "स्वच्छं लिच्छविनाम विभ्रदपरो वंशः प्रवृत्तोदयः ॥
श्रीमच्चद्रकला-कलाप्रधवलो गङ्गाप्रवाहोपमः ॥६॥

– जयदेव*(द्वितीय)* को पशुपतिमा रहेको अभिलेख ।

२६.– (ख)*"आसागर-प्रसुत. शुभ्र-यशोध्वजानां,*
राज्ञाङ्कुलाम्बर-शशी भुवि लिच्छवीनाम् ॥

– पाटन-दरवार भन्सार-चोकमा रहेको राजा नरेन्द्रदेवको शिलालेखबाट ।



(ग) नेपालका दुईवटा सांस्कृतिक केन्द्र

दीर्घवर्तुलाकार क्षेत्रमा चौडाइभन्दा लम्वाइ वढ्ता हुने हुनाले यस किसिमका क्षेत्रका दुईवटा केन्द्र हुन्छन् भन्ने कुरा गणितशास्त्रका सामान्य विद्यार्थीलाई पनि थाहा भएको कुरा हो। वर्तमान नेपाल-अधिराज्यमा पनि चौडाइभन्दा लम्वाइ बढी भएकोले गणितशास्त्रको यो नियम यस अधिराज्यमा पनि लागू भएर यस अधिराज्यका पनि हाल दुईवटा सांस्कृतिक-केन्द्र वन्न आएका देखिन्छन्।

नेपाल-अधिराज्यका दुईवटा सांस्कृतिक केन्द्रहरूमध्ये पहिलो केन्द्र वागमती नदीको शिरानमा रहेको उपत्यकामा प्राचीनकालदेखि नै रहँदै आइरहेको छ। यही उपत्यका नै प्राचीनकालदेखि नै नेपाल-राष्ट्रको राजनीतिक तथा सांस्कृतिक केन्द्रस्थलको रूपमा परिचित भएर रहँदै आइरहेको छ। यसको दोस्रो केन्द्र गण्डकी नदीहरूका प्रस्रवणक्षेत्रहरूमा मध्ययुगको आरम्भदेखि विकसित भएर रहेको पाइन्छ। यसमा पनि अझै गहिरिएर हेर्ने हो भने काठमाडौं उपत्यकाभित्र रहेको ललितपुर शहरलाई पहिलो सांस्कृतिक-केन्द्र र गण्डकी नदीहरूका प्रवणक्षेत्रहरूमा रहेको पोखरा शहरलाई दोस्रो सांस्कृतिक-केन्द्र मान्नु विशेष उपयुक्त हुनेछ। यी दुई क्षेत्र किन र कसरी नेपालका दुईवटा सांस्कृतिक-केन्द्र वन्न आए ? यही कुरा स्पष्ट गर्नु नै यस प्रवन्ध-रचनाको मुख्य उद्देश्य रहेको छ।

प्राचीन युगमा, – आज़भन्दा करिव २८ शय वर्षजति पहिले – वागमती नदीको शिरानमा रहेको वर्तमान काठमाडौं उपत्यकामा रहेको किराँत-वर्गको एउटा विशिष्ट जातिमा भारत-भूमिको विहार-प्रदेशतिरवाट आर्य-सभ्यताको प्रकाश पर्न आरम्भ भएको, यसपछि मात्र यहाँ राष्ट्रियताको आधारशिला स्थापित भएको र यस समयपछि नै यहाँका आदिम मूल-निवासी किरातहरू सभ्यताको मार्गमा अग्रसर भएका देखिन्छन्। यसै आदिम मूल-जातिको नामवाट यस देशको नाम 'नेपाल' रहेको पाइएको र यसै जातिको वर्तमान रूप 'नेवार' भएको देखिन आएकोले यस मूल-जातिलाई 'नेपार' नाम दिनु उपयुक्त देखिन्छ।

इसवीय-संवत् पूर्व तेस्रो शताव्दीतिरदेखि वर्तमान काठमाडौं उपत्यकामा वौद्धधर्मको प्रवेश भई यसले 'नेपार' वा नेवार-वर्गका नागरिकहरूको प्राचीन मूल-संस्कृति तथा सभ्यतालाई पनि शान्तिमय वनाइदिएको थियो। यसैको फलस्वरूप पछि विहारतिरवाटै आर्य-वर्गका लिच्छविहरू यहाँ आएर सहजै नेपाल-अधिराज्यका अधिपति वनी स्वयं नै पनि 'नेपार' वा नेवार-वर्गका नागरिकहरूमा सम्मिलित भएका देखिन्छन्। लिच्छविहरू यहाँका आदिम मूल-निवासी 'नेपार' वा नेवारहरूभन्दा विशेष सभ्य थिए, यसैले लिच्छविहरूवाट 'नेपार' वा नेवारहरूको राजनीतिक पराजय हुनु स्वाभाविक नै थियो। तर लिच्छविहरू कम सङ्ख्यामा आएकाले यिनीहरूको संस्कृतिलाई नेवारी संस्कृतिले पचाइदियो र 'नेपार' वा नेवारहरूकै किरात-वर्गको भाषा एवं

संस्कृतिलाई ग्रहण गर्न विवश भई लिच्छविहरू पनि सांस्कृतिक दृष्टिकोणले नेवार नै वन्न पुगे। यसबाट लिच्छवि-वर्गका नागरिकहरू शारीरिक बनावट रूप तथा रङ्ग एवं रूपको दृष्टिले आर्य-वर्गका देखिए पनि भाषा एवं संस्कृतिको दृष्टिले भने किरात-वर्गका भई वास्तवमा अर्ध-किरात वनेका हुनाले यिनीहरूको सभ्यता एवं संस्कृतिहरू पनि अर्ध-किरात भएर नेपालको सभ्यता तथा संस्कृति पनि त्यसै वेलादेखि भारतीय आर्य सभ्यता तथा संस्कृतिहरूदेखि अलग हुँदै आइरहेको देखिन आएको छ।

मध्ययुगको आरम्भसम्ममा लिच्छवि-राजवंशका राजाहरूले पूर्वमा किराँत-प्रदेशसम्म र पश्चिममा मगराँतसम्म पनि आफ्नो राज्यक्षेत्रको विस्तार गराएको देखिन्छ। तर यिनीहरूका सभ्यता तथा संस्कृतिहरूको प्रभाव भने नेवार-वर्गका नागरिकका वस्तीहरूदेखि बाहिर फैलन सकेको देखिँदैन। यसले गर्दा नेपालका नेवारहरूभन्दा बाहेकका किरात-वर्गका अन्य नागरिकहरू सभ्यताको दौडमा पछि परी मध्ययुगको अन्त्यसम्म पनि पशुपालक वा सामान्य कृषकहरूका रूपमा नै जीवननिर्वाह गर्दैरहेका पाइन्छन्।

लिच्छविहरू 'वृजि' नामक लोकतन्त्रात्मक सङ्घ-राज्यतिरबाट आएका आर्यहरू थिए, यसैले यिनीहरूले परिष्कार गरेको नेवारी संस्कृतिमा भारतीय संस्कृतिका प्रभावहरू अधिकमात्रामा पाइनु स्वाभाविक नै भएको थियो। तर पनि यिनीहरूले भारतीय आर्य-संस्कृतिहरू तथा किरातहरूको अनार्य संस्कृतिहरूको मेलबाट जुन किसिमको विशिष्ट संस्कृतिको जग वसाएका थिए, त्यो आफ्नै किसिमको विशिष्ट संस्कृति थियो। यस संस्कृतिमा यिनीहरूले आफ्नै किसिमका आचार-विचार, चाल-चलन तथा रीति-रिवाजहरू सम्मिलित गराएका थिए। आफ्नो संस्कृतिमा यिनीहरूले कलाका ६ वटा अङ्गहरू निर्धारित गरेको पाइन्छ, जसमध्ये साहित्य-कला, सङ्गीत-कला तथा नृत्य-कला आँखाले प्रत्यक्ष नदेखेर पनि अनुभव गर्न नसकिने 'अमूर्त-कला'हरूमा र चित्रकला, मूर्ति-कला र वास्तु-कला आदि आँखाले प्रत्यक्ष देखेर मात्र अनुभव गर्न सकिने 'मूर्त-कला'हरूका रूपमा गनिन्छन्।

उपर्युक्त कलाहरूमध्ये त्यतिवेलाका मूर्तिकलाका सजीव नमूनाहरू काठमाडौं उपत्यकाभित्र आजसम्म पनि यत्रतत्र प्रशस्त पाइँदैछन् तापनि चित्रकला तथा वास्तु-कलाका नमूनाहरू भने आजसम्ममा प्रायः लुप्त भैसकेका छन्। तर त्यतिवेला मूर्तिकलाको समुन्नत अवस्था देखिएबाट चित्रकला तथा वास्तु-कलाको अवस्था पनि समुन्नत नै थियो होला भन्ने सहजै अनुमान गर्न सकिन्छ। त्यतिवेला नेपालको यात्रा गर्ने प्रसिद्ध चिनियाँ तीर्थयात्रीहरूका यात्रा-वृत्तान्तहरूबाट पनि त्यतिवेला नेपालमा वास्तु-कला तथा चित्र-कलाहरू उन्नत अवस्थामा रहेका थिए भन्ने तथ्यको पुष्टि हुन आउँछ। नृत्यकला तथा सङ्गीत-कलाको क्षेत्रमा पनि लिच्छवि-वर्गका नागरिकहरूले अवश्य नै पनि प्रगति गरेका थिए होलान्। यत्रतत्र छरिएका नृत्य गरिरहेका शिव-परिवारका प्राचीन मूर्तिहरूबाट त्यतिवेलाको नृत्य-कलाको छटालाई सहजै अनुभव

गर्न सकिन्छ । साहित्य-कलाका चिन्हस्वरूप लिच्छवि-कालमा उत्कीर्ण भएका शिलालेखहरू काठमाडौं उपत्यका तथा यसका आसपासका क्षेत्रहरूमा अझैसम्म पनि यत्रतत्र प्रशस्त छरिएर रहेका पाइन्छन् । तर यिनमा बोलचालको तत्कालिक नेवारी-भाषाको प्रयोग नभएर संस्कृत-भाषाको मात्र प्रयोग भएको पाइएकोले यस्ता अभिलेखहरू खास नेपाली संस्कृतिहरूको प्रतीक नभई नेपाली संस्कृतिमा परेको भारतीय संस्कृतिहरूको प्रभावका प्रतीकहरूका रूपमा मात्र रहेका पाइन्छन् । खास नेपाली साहित्य-कलाको प्रतिनिधित्व यिनीहरूबाट हुन सकिरहेको छैन ।

मध्ययुगको प्रारम्भसम्ममा उत्तरतर्फका हिमाच्छन्न हिमालय-पर्वतमालाको दुर्लङ्घ्य घाटाहरू खुलेर तिब्बत तथा चीनसम्म पनि नेपाली नागरिकहरूको आवागमन चल्न थाल्दा र यहाँ बौद्ध, शैव, शाक्त आदि विभिन्न तान्त्रिक-सम्प्रदायहरूको प्रचार तथा प्रसार पनि आरम्भ हुँदा नेपाली संस्कृतिहरूको स्वरूपको साथै प्रवृत्तिमा पनि व्यापक परिवर्तन आएको देखिन्छ । यस समयपछि वर्तमान काठमाडौँ उपत्यकाभित्र रहेका बौद्ध-विहारहरूमा महायान-सम्प्रदायमा अनुरक्त रहेका बौद्ध-वर्गका मूर्त-संस्कृतिहरूले र वैदिक सनातन-धर्मावलम्बी ब्राह्मणका मठ तथा मन्दिरहरूमा अमूर्त-संस्कृतिहरूले प्रश्रय पाएका मात्र होइनन्, यी दुवैथरी संस्कृतिहरू उन्नत अवस्थामा रहेका पनि देखिन्छन् ।

विक्रमको आठौं शताब्दीको मध्यदेखि २०० वर्षसम्म नेपाली इतिहासमा अन्धकार युग रहेको पाइन्छ । यस बीचमा संस्कृतिहरूको उत्थान वा पतनको लेखाजोखा गर्ने खास साधनहरू केही पनि उपलब्ध हुन सकिरहेका छैनन् तापनि दशौं शताब्दीको मध्यमा राजा गुणकामदेवको राज्यकालमा नेपाली संस्कृतिहरू फेरि पनि एक-पटक चहकिलो भएर चम्किरहेका पाइन्छन् । लिच्छवि-कालको अन्त्य भई वैश वा वैश्य-कालको आरम्भ हुँदा स्थानीय लिच्छवि-वर्गका नागरिकहरूजति प्रायः बौद्ध-तान्त्रिक सम्प्रदायमा र वैश्य तथा अन्य सवर्णहरूजति वैदिक सनातनधर्मको शैव-तान्त्रिक सम्प्रदायमा अनुरक्त भएका देखिन्छन् । यस स्थितिम बौद्ध-तान्त्रिक सम्प्रदायका लिच्छवि-वर्गका नागरिकहरूले मूर्त-कलाहरूको क्षेत्रमा प्रशंसनीय उन्नति गर्दै ल्याएता पनि अमूर्त-कलाहरूको उन्नति भने लगभग अवरुद्ध भएको देखिन्छ । वैश-वर्गका नागरिकहरूले अमूर्त-कलाहरूतर्फ अवश्य पनि ध्यान दिएका थिए, तर खासै प्रगति भने हुन सकिरहेको देखिँदैन ।

बाह्रौं-शताब्दीको मध्यमा वैश वा वैश्य-राजवंशका राजाहरूको स्थान पहिला-थरी मल्ल-राजवंशका राजाहरूले ग्रहण गरेको पाइन्छ । यसपछि मूर्त-कलाहरूको क्षेत्रमा अभूतपूर्व उन्नति भई नेपालमा 'अरनिको' वा 'बलबाहु' जस्ता महान् शिल्पकारहरू पनि जन्मिए, जसले तिब्बत तथा चीनमा समेत पुगी नेपाली ललितकलाहरूको ख्यातिलाई फैलाई चीनजस्तो महान् देशलाई पनि ललित-कलाहरूको क्षेत्रमा नेपालको ऋणी बनाउन समर्थ भए । तर यतिवेला अमूर्त-कलाहरूको – यसमा

पनि विशेष गरेर साहित्य-कलाको क्षेत्रमा – भने झन्-झन् ह्रास हुँदै आएर यहाँ तात्कालिक भाषा तथा साहित्यका कुनै किसिमका प्रतीकहरू वच्न सकेका छैनन्। यहाँसम्म कि यतिवेला संस्कृत-भाषाको माध्यममा पनि शिलालेखहरू प्रसारित हुन सकिरहेका छैनन्। हुन त यतिवेला पनि ललित-कलाका आश्रयदाताहरू मूलरूपमा वौद्ध-विहारहरू नै थिए, तर वैदिक शैवतान्त्रिक-सम्प्रदायका अनुयायी हिन्दू-वर्गका गृहस्थहरूको पनि ललित-कलाहरूप्रति कम अनुराग देखिँदैन। तात्कालिक नेपाली सभ्य-समाजले ललित-कलाहरूप्रति विशेष प्रेम देखाएकोले नै यतिवेला अमूर्त-कला वा अमूर्त-संस्कृतिहरू उपेक्षित भएर रहेको देखिन्छ।

वोलचालको लौकिक नेवारी-भाषामा साहित्यको सृजना नगरेर प्राचीन तथा मध्यकालिक नेपाली विद्वान्हरूले एउटा गर्नैनहुने भयङ्कर सांस्कृतिक भूल गरिदिएका थिए। यदि त्यस समयका नेपाली विद्वान् तथा साहित्यकारहरूले वोलचालको नेवारी-भाषालाई नै साहित्यको भाषा वनाएका भए किरात-वर्गका अरु जातिहरूमा पनि समयमा नै यस भाषाको प्रचार तथा प्रसार पनि भई साहित्य पनि राष्ट्रिय हुन्थ्यो र नेवारी-भाषा पनि नेपालको राष्ट्रिय संस्कृतिको एउटा सवल अङ्ग बन्नसक्दथ्यो। यदि यस्तो हुनसकेको भए नेपाली राष्ट्रियताको निर्माण त्यसै समयमा हुनेथियो र नेपाल-अधिराज्य आजको भन्दा अझै सवल तथा शक्तिशाली पनि बन्न सक्दथ्यो। यसमा कुनै पनि शङ्का छैन। तर दुर्भाग्यवश यो काम त्यतिवेला सम्पन्न हुन सकेन।

जेहोस्, मध्ययुगको अन्त्यसम्म पनि नेपाल-राष्ट्रका खास निवासीहरूको प्रतिनिधित्व उपत्यकाभित्र आवाद रहेका नेवार-वर्गका नागरिहरूले नै गरिरहेका थिए। तर यथार्थमा नेवार-वर्गका नागरिकहरू मात्र नेपाली थिएनन्। पश्चिममा सखिको-लेकदेखि पूर्वमा सिङ्गलेला-पर्वत-शृङ्खलासम्म फैलिएर रहेका किरात-वर्गका मगर, गुरुङ, खम्वू तथा लिम्वू आदि अन्य विभिन्न जात-जातिका नागरिकहरू पनि नेपाली नै थिए र यी सवै नागरिकहरूको सांस्कृतिक केन्द्र पनि वर्तमान काठमाडौँ उपत्यका नै रहँदै आइरहेको थियो। तर यिनीहरूले केन्द्रस्थलमा आवाद रहेका 'नेपार' वा नेवार-वर्गका नागरिकहरूवाट सभ्यता तथा संस्कृतिहरूको खासै प्रकाश पाउन सकिरहेका थिएनन्। केन्द्रस्थलवाट सभ्यता र संस्कृतिहरूको प्रकाश पाउन नसकेकाले नै पछि मुर्मी, शेर्पा तथा गुरुङ् आदि किरात-वर्गका अन्य जातिहरू तिव्वततिरवाटै वौद्धधर्मलाई ग्रहण गरी उन्नतिको मार्गमा अग्रसर हुन वाध्य भएका देखिन्छन्।

यसप्रकार मध्ययुगको अन्त्यसम्मको नेपाली संस्कृति मूल-रूपमा ललित-कलात्मक संस्कृति थियो भन्ने कुरा प्रष्ट हुन्छ। यस समयसम्म नेपाली संस्कृतिको मूलतत्त्व ललितकला नै रहेको थियो र भारत वा चीन तथा तिव्वतका निवासीहरूसँग नेपालीहरू ललितकलाका कुशल शिल्पकारहरूका रूपमा नै परिचित रहेका थिए। नेपाली ललित-कलाहरूलाई उनीहरू विस्मयपूर्वक आदर गर्ने गर्दथे। वर्तमान युगको

आरम्भपछि भने नेपाली संस्कृतिमा अर्को महत्त्वपूर्ण वैशिष्टचको प्रादुर्भाव भएको र समयको प्रवाहको साथै यसले आफ्नो प्रसिद्धि पनि क्रमिकरूपमा फैलाउँदै ल्याइरहेको पाइन्छ। नेपाली संस्कृतिको क्षेत्रमा रहेको यो वैशिष्टच हो, :– लडाका संस्कृति। समकालिक ब्रिटिश-भारतका प्रशासकहरूको भाषामा भन्ने हो भने यस किसिमको सांस्कृतिक वैशिष्टचलाई 'गुर्खा-संस्कृति' वा 'गोरखा-संस्कृति' भनी भन्न सकिन्छ।

यति भएर पनि ललितकलात्मक संस्कृतिको दृष्टिले भने आज पनि वर्तमान काठमाडौं उपत्यका नै नेपाल-अधिराज्यको सांस्कृतिक केन्द्रस्थल वनिरहेको छ र आफ्नो ललितकलात्मक वैभवलाई यसले आजसम्म पनि वचाइ नै रहेको पाइन्छ। उपत्यकाभित्रमा पनि ललितकलाहरूको संरक्षणमा ललितपुर शहरको नै आज पनि विशेष योगदान रहिरहेको पाइन्छ।

(२)

वर्तमान नेपाल-अधिराज्यका सखिको-लेकदेखि पश्चिमतर्फका भूभागहरूको प्राचीन वृत्तान्त त्यति उपलब्ध हुन सकिरहेको छैन तापनि मध्ययुगको उत्तरार्द्धमा त्यहाँ आर्य-जातिकै एउटा भेद खश-वर्गका आर्यहरूका सभ्यता तथा संस्कृतिहरू फूलि तथा फलि पनि रहेका थिए भन्नेमा भने कुनै पनि सन्देह रहेको छैन। भेरी तथा कर्णाली नदीहरूका प्रस्रवण-क्षेत्रहरूमा सल्यानदेखि वझाङसम्मका पाहाडी-प्रदेशहरू, मुस्ताङ्देखि बद्रीनाथसम्मका हिमाली-प्रदेशहरू र सुर्खेतदेखि बुटवलसम्मका तराई क्षेत्रहरू समेत मिलेर 'सेञ्जा' नामक शहरलाई राजधानी वनाई तिनताक खश-वर्गका आर्यहरूको एउटा शक्तिशाली राज्य विकसित भैरहेको पाइन्छ। वर्तमान काठमाडौं उपत्यकामा लिच्छवि तथा वैश राजवंशका राजाहरू विशेष शक्तिशाली रहेसम्म उनीहरूले खश-वर्गका नागरिकहरूलाई सखिको-लेकदेखि पूर्वतर्फ वढ्नवाट प्रायः रोकेर नै राखेका थिए, तर तेन्हौं शताब्दीको मध्यसम्ममा यहाँका अधिल्लाथरी मल्ल-राजाहरूको राज्यव्यवस्था कमजोर हुँदा सेञ्जा-राज्यका खश राजा जितारि मल्ल तात्कालिक नेपाल राज्यको राजधानी काठमाडौं उपत्यकामा तीन-पटकसम्म आक्रमण गर्न समर्थ भएका थिए।

हुन त राजा जितारि मल्ल स्वयं बौद्ध थिए, तर तिनका खश-वर्गका सैनिकहरू प्रायः सवै वैदिक सनातन-धर्म मान्दथे। वर्तमान काठमाडौं उपत्यकाभित्रका बौद्ध-बहुल शिल्पकारहरूका रूपमा रहेका नेवार-वर्गका नागरिकहरूमा सामरिक-शक्ति क्रमशः क्षीण हुँदै आइरहेको र उता सेञ्जा-राज्यका खस-वर्गका नागरिकहरूमा भने यस्तो शक्ति भरपूरमात्रामा रहेको हुँदा शक्तिसङ्घर्षमा उनीहरू नै विजयी बने र काठमाडौं उपत्यकावाट प्रशस्त धन-दौलतहरू लिई स्वदेशतर्फ फर्कन उनीहरू समर्थ भए। यसको केही वर्षपछि त्यहींकै अर्का खश-राजा आदित्य मल्लको पनि यहाँ जोडदार आक्रमण हुँदा तात्कालिक नेपाल-अधिराज्यका सांस्कृतिक आधारस्तम्भहरू नै डगमगाई तात्कालिक नेपाल-अधिराज्य राजनीतिक रूपका साथै सांस्कृतिक रूपमा

पनि विभाजित हुन आरम्भ भयो । यसै स्थितिमा इसवीय-संवत्‌को चौधौं शताब्दीको मध्यमा– इ.सं.१३४९ मा – वङ्गालबाट इस्लामको समेत जोडदार आक्रमण भई उपत्यकाभित्र रहेको राजधानी शहर मात्र होइन त्यस समयका यस क्षेत्रमा स्थापित भएका सम्पूर्ण सभ्य-आवादिहरू समेत भस्मीभूत हुंदा यहाँका समृद्ध ललित-कलाका केन्द्रहरू पनि छिन्नभिन्न भए ।

यस समयदेखखि खश-वर्गका नागरिकहरूलाई सेञ्जा राज्यबाट पूर्वतर्फ बढ्नबाट रोक्ने सखिको-लेकको प्राकृतिक बाँध सधैंको निमित्त भत्कियो र खस-वर्गका नागरिकहरू त्यहाँबाट पूर्वतिर बढ्दै आई करीव दुई-शताब्दीको बीचमा वर्तमान काठमाडौं उपत्यकालाई समेत पार गरेर पूर्वतर्फ किराँत-प्रदेशसम्म पनि फैलिएका थिए । यसरी खश-वर्गका नागरिकहरूको पूर्वाभिमुख प्रयाणबाट डेढ-दुई शताब्दीको वीचमा नै वर्तमान नेपाल-अधिराज्यभित्र स-साना अनेकौं पहाडी राज्यहरू खडा भए । खस-वर्गका नागरिकहरूको आगमनको प्रभाव नेपाल-अधिराज्यको केन्द्रस्थलमा रहेको मल्ल-राज्यमा पनि पर्न आएको थियो । पछिल्लाथरी मल्ल-राजवंशका राजा स्थिति मल्लदेखि राजा यक्ष मल्लसम्मका तीन पुस्ताहरू आफ्नो मल्ल-राज्य खण्डित नहोस् भनेर भगीरथ प्रयत्नहरू गर्दै रहेका थिए, तर तिनीहरूको यो प्रयास सफल हुन सकेन र अन्त्यमा यहाँको समृद्ध मल्ल-राज्य पनि टुक्रिएर भक्तपुर, कान्तिपुर तथा ललितपुर गरी तीनवटा मल्ल-राज्यहरूमा विभक्त भयो ।

खश-वर्गका नागरिकहरूको पूर्वाभिमुख प्रयाणबाट नै प्यूठानदेखि लमजुङ् तथा तनहुँसम्म २४ वटा स-साना पाहाडी राज्यहरूको उत्थान भएको थियो, जो पछि 'चौबीसे-राज्य'हरूका नामले प्रसिद्ध रहे । यसै क्रममा सवैभन्दा पछि – इ.सं. १५५९ मा – 'गोरखा' नामक राज्यको उत्थान भएको थियो । यी पच्चीसवटै राज्यका राज्यहरूले खश-वर्गका नागरिकहरूकै सहयोगबाट आ-आफ्ना राज्यहरू स्थापित गरेका थिए तापनि पाल्पा, तनहुं तथा गुल्मी आदि मगराँतमा गठन भएका राज्यका र ाजाहरूले भने स्थानीय मगर-वर्गका नागरिकहरूलाई पनि वैदिक सनातन-धर्ममा दीक्षित गराई आफ्ना समाजहरूमा सम्मिलित गराएर सैनिकहरूका रूपमा पनि प्रयोग गर्न आरम्भ गरेका थिए । यस्तै कास्की तथा लमजुङ्तिर आवाद रहेका गुरुङ्-वर्गका स्थानीय नागरिकहरू मूलरूपमा स्वयं बौद्ध भए पनि वैदिक सनातन-धर्मका अनुयायी रहेका खश-वर्गका नागरिकहरूसँगको सहवासले गर्दा यिनीहरूले पनि खश-भाषा तथा खश संस्कृतिलाई पनि अपनाई आदर गर्न थालेका थिए । यसप्रकार उपर्युक्त पच्चीसवटै पाहाडी राज्यहरूमा खश, मगर तथा गुरुङ् यी तीनथरी जातिहरू पारस्परमा घुलमिल हुंदा तीनथरी जातिका सांस्कृतिक वैशिष्टचहरूको मेलवाट 'खश-भाषा' वा 'पर्वते वोली' वोल्ने एउटा विशिष्ट सामरिक जातिको जन्म भयो, जसलाई पछि अङ्ग्रेजहरूले 'गुर्खा' वा 'गोरखा' भन्ने नाम दिएका थिए । यो विशिष्ट जातिले विकसित गरेको संस्कृतिलाई एउटा छुट्टै विशेष नेपाली नाम दिनु आवश्यक छ तापनि अहिले काम

चलाउनको निमित्त भने अङ्ग्रेजहरूले प्रयोग गर्ने गरेको 'गोरखा' भन्ने नामलाई नै आधार मानेर 'गोरखा-संस्कृति' भन्ने नामको प्रयोग गर्नु उपयुक्त देखिन्छ। देशभक्ति, आत्मबल, अनुशासन, धैर्य र अदम्य साहस आदि उच्च गुणहरू नै गोरखा-संस्कृतिका सारतत्त्व मानिन्छन्।

काठमाडौं उपत्यकाभित्र राजधानी रहेको मल्ल-राज्य खण्डित हुंदा नेपाल-अधिराज्यको केन्द्रस्थलमा नै राजनीतिक रूपमा भक्तपुर, कान्तिपुर तथा तथा ललितपुर गरी तीनवटा मल्ल-राज्यहरू खडा भएका थिए तापनि सामाजिक तथा सांस्कृतिक एकताको भावना भने नेपाली नागरिकहरूमा नष्ट हुन पाइरहेको थिएन। यस्तै सम्पूर्ण पहाडी राज्यहरूमा पनि :– "हामी सबै नागरिकहरू भावनात्मक रूपमा एउटै नेपाल राज्यका अङ्गहरू ह्वौं" भन्ने भावना कायमै रहिरहेको थियो। यसैले सोन्हौं शताव्दीको आरम्भमा काठमाडौं उपत्यकामाथि तिब्बतको आक्रमण हुँदा पाल्पा राज्यका राजा मुकुन्द सेन नेपालमा कार्यरत रहेका मल्ल-राजाहरूलाई सहयोग गर्नको निमित्त अग्रसर भएका थिए। यस्तै मुगल-वादशाह औरङ्गजेबको समयमा मकवानपुरमा स्थापित भएको सेन-राज्यमाथि मुगल सैनिकहरूको आक्रमण हुंदा गोरखा, तनहुं, काठमाडौं, ललितपुर तथा भक्तपुर राज्यका राजाहरूले आपसमा मिली मकवानपुर राज्यको सहायताको निमित्त सङ्गठित रूपमा आ-आफ्ना सैनिकहरूलाई त्यहाँ पठाएका थिए। मुगल सैनिकहरू त्यहाँबाट हटेपछि पनि उनीहरूको सम्भावित आक्रमणलाई रोक्न भनी ललितपुर राज्यका राजा श्रीनिवास मल्लले आफ्ना छिमेकी राज्यहरूको एउटा सुदृढ सङ्गठन नै बनाएर सबै पहाडी राज्यहरूलाई सजग तथा सतर्क पनि तुल्याएर राखेका थिए।

यस समयमा कायम भएको यो भावनात्मक एकता ललितपुर राज्यका प्रभावशाली राजा श्रीनिवास मल्लको पदत्याग पछि पहाडी राज्यहरूमा रहेको यो एकता क्रमशः टुट्न थाल्यो र मुगल-वादशाह औरङ्जेबको तर्फवाट 'राजा'को पदवी प्राप्त हुंदा कृतज्ञ भई तनहुं-राज्यका तात्कालिक राजाले त आफ्नो राज्यअन्तर्गत रहेका तराई क्षेत्रहरू मुगल-साम्राज्यमा नै मिलाइदिएका थिए। यथार्थमा यिनलाई यतिवेला प्राप्त भएको 'राजा'को यो पदवी दासत्वको वन्धन थियो, तर पनि तनहुं राज्यका तात्कालिक राजाले यसमा नै गर्व गरेका थिए।

तैपनि वादशाह औरङ्गजेबको अन्त्यकालतिर मकवानपुर राज्यमा नै मुगलहरूको दोस्रो आक्रमण हुंदा गोरखा राज्यका राजा पृथ्वीपति शाह अगुवा भई लमजुङ, काठमाडौं तथा ललितपुर राज्यका राजाहरूलाई पनि गुहारेर उपर्युक्त सबै राज्यका सैनिकहरूलाई एकत्रित गरी आक्रमणकारी मुगल सैनिकहरूहरूलाई हटाउन भनी मकवानपुर राज्यसम्म गए पनि। त्यतिवेला तनहुं राज्यका राजा भने चूप रहेका थिए। तर पछि मकवानपुर राज्यका राजाहरू स्वयं नै पनि मुगल प्रशासकहरूदेखि दब्न थाले। यता उपत्यकाका मल्ल-राजाहरू पनि आपस-आपसमा नै लडी धन-जनहरूको

क्षति गर्न थालिसकेका थिए। पछि यस किसिमको गृहयुद्ध हिमाली क्षेत्रका साना-ठूला सवै राज्यहरूमा फैलियो र यिनीहरू पनि आपस-आपसमा नै लड्न थाले।

विक्रमको अठारौँ शताब्दीमा वर्तमान नेपाल-अधिराज्यभित्रका सबै पाहाडी राज्यहरूमा आपसमा एक प्रकारले गृहयुद्ध नै चलिरहेको थियो। यसै समयमा गोरखा राज्यका महत्त्वाकाङ्क्षी राजा पृथ्वीनारायण शाहले नेपाल-अधिराज्यको एकीकरण-कार्यको शुभारम्भ गरेका र गोरखा-सैनिकहरूकै सहयोगद्वारा कान्तिपुर, ललितपुर, भक्तपुर, दोलखा, मकवानपुर, चौदण्डी तथा विजयपुरका राज्यहरूलाई समेत मिलाएर वर्तमान नेपाल-अधिराज्यको जग वसाल्न उनी समर्थ भएका थिए। यसै क्रममा वि.सं. १८४३ सम्ममा सवै चौवीसे-राज्यहरू नेपाल-अधिराज्यभित्र सम्मिलित गराइएपछि मध्य-कालको नेपाल ज्यूँका-त्यूँ बन्न आएको थियो।

यस नवगठित अधिराज्यका हर्ताकर्ता प्रायः सबै गोरखाली नागरिकहरू नै थिए, तर चौबीसे राज्यहरूमा रहेका खश, मगर र गुरुङ्हरूलाई पनि उनीहरूले आफ्ना सहयोगीहरूका रूपमा वरण गरेकाले यसबाट जुन नयाँ सैनिक-सभ्यता वा संस्कृतिको निर्माण हुन आएको थियो, त्यसले आश्चर्यजनक रूपमा ६ वर्षको बीचमा नै प्यूठानदेखि पश्चिमतर्फ गढवाल राज्यसम्म नेपाल-अधिराज्यको विस्तार गराइदिएको थियो। प्यूठानदेखि पश्चिमतर्फको खश-देश खश-वर्गका नागरिकहरूको आफ्नै पुरानो मूल-अवस्थल भएकोले यस क्षेत्रमा नियन्त्रण स्थापित गर्न अग्रसर हुनु गोरखा-वर्गका नागरिकहरूको निमित्त विशेष प्रेरणाप्रद पनि रहेको देखिन्छ। सांस्कृतिक एकताको आधारमा नै कर्णाली नदीका प्रस्रवणक्षेत्रहरूमा रहेका 'बाइसे'-राज्यका नागरिकहरूले गोरखाली नागरिकहरूको आधिपत्यलाई सहजरूपमा स्वीकार गरेका थिए।

वर्तमान समयमा गोरखा जातिको मुख्य अङ्ग भएर रहेका अधिकारी, पौडचाल, खनाल आदि ब्राह्मण-वर्गका, कार्की, थापा, वस्नेत आदि क्षत्रिय-वर्गका र दमाइँ, कामी र सार्की आदि शूद्र-वर्गका खशहरू नेपाल-अधिराज्यमा यत्रतत्र पाइन्छन् तापनि मगर तथा गुरुङ् नागरिकहरूको मूल-अवस्थलको सीमान्त-प्रदेशमा रहेको कास्की क्षेत्र नै आज पनि लडाका गोरखा-जातिको केन्द्रस्थलको रूपमा रहेको पाइन्छ। यसैले गोरखा-संस्कृतिको केन्द्रस्थल पनि आज-भोलि यही क्षेत्र नै हुन आएको छ। वर्तमान समयमा नेपाल कलाकारहरूको देशको रूपमा भन्दा लडाका वीर गोरखालीहरूको देशको रूपमा नै विश्व-रङ्गमञ्चमा विशेष प्रसिद्धि प्राप्त गरेकोले नेपाली संस्कृतिको वैशिष्टच नै गोरखा-संस्कृति बन्न आएको छ। वर्तमान समयमा नेपालीहरूको कलम, कुचि तथा छिनुले खास करामत देखाउन नसके पनि वीर गोरखाली नागरिकहरूको अदम्य साहस र यिनीहरूको चम्किलो खुकुरीले भने संसारलाई नै आश्चर्य-चकित तुल्याइदिएको छ। गोरखालीहरूले जति पनि युद्ध लडेका छन्, प्रायः ती सबै युद्धहरूमा यिनीहरूले प्रशंसा प्राप्त गरेका छन्। गोरखा राज्यका सैनिकहरूको वीरता तथा अदम्य साहसको मुग्ध-कण्ठले प्रशंसा नगर्ने विपक्षीहरू कमैमात्र पाइन्छन्।

दरौंदी नदीको किनारमा रहेको 'गोरखा' नामक एउटा सामान्य राज्यका नागरिकहरूले नै नवयुवक राजा पृथ्वीनारायण शाहको नेतृत्वमा नेपाल-अधिराज्यको एकीकरणको कार्यलाई आरम्भ गरेका थिए। पछि पनि यिनीहरूले अनेकौं युद्धहरू-द्वारा आफ्नो जातिगत परिचय सभ्य-संसारलाई प्रदान गरेका छन्। यसैले वर्तमान सभ्य-संसारले यस नयाँ जातिलाई 'गोरखा-जाति' भन्ने नाम दिएको छ तापनि यस जातिले गोरखाको मात्र प्रतिनिधित्व गर्दैन। यथार्थमा भन्ने हो भने वर्तमान समयमा गोरखा-जाति वा गोरखा-संस्कृतिको केन्द्र दरौंदी नदीको किनारवाट हटेर सेती नदीको किनारामा रहेको पोखरा शहरतिर सरिरहेको पाइन्छ। यसैले पोखरा शहर नै आज-भोलि नेपाल-अधिराज्यको दोस्रो सांस्कृतिक केन्द्रको रूपमा स्थापित हुन आएको पाइन्छ।

भावनात्मक एकताकै आधारमा गोरखा-राज्यका नागरिकहरू पूर्वमा टिस्टा नदीदेखि पश्चिममा सतलज नदीसम्म आफ्नो राज्याधिकारलाई विस्तार गर्न समर्थ भएका थिए, तर नेपाल-अङ्ग्रेज युद्धपछि गोरखा राज्यका नागरिकहरूको फर्फराइरहेको सशक्त पखेटा काटियो र उनीहरू पूर्वमा सिङ्गलेला पाहाड एवं मेची नदी र पश्चिममा महाकाली नदीसम्मको घेरामा मात्र खुम्चन विवश भए। यस स्थितिमा नेपाल-अधिराज्यको राजधानीको रूपमा रहेको वर्तमान काठमाडौं उपत्यका अझै पनि नेपाल-अधिराज्यको पूर्वी भागमा पर्न आएको थियो र गोरखा-संस्कृति एवं गोरखा-सैन्यको केन्द्रलाई पनि वर्तमान काठमाडौं उपत्यकामा नै सार्ने प्रयत्न गरियो। यसैअनुसार गोरखाली सैनिकहरू काठमाडौं उपत्यकामा नै भर्ना गर्न पनि थालिए। तर यो प्रयत्न व्यावहारिक थिएन। साथै गणितको उपर्युक्त सिद्धान्तको प्रतिकूल पनि रहेको थियो।

अर्कातिर नेपाल-अङ्ग्रेज युद्ध समाप्त भएपछि अङ्ग्रेजहरूले पनि नेपालवाट अपहरण गरिएका पश्चिमी पाहाडी प्रदेशहरूमा सैनिक छाउनीहरू वनाई त्यहाँ पनि गोरखा सैनिकहरूलाई धमाधम भर्ना गर्न थाले। युद्धका मोर्चाहरूमा गोरखाली सैनिकहरूले देखाएको वीरता र यिनीहरूको अदम्य साहसलाई देखेर भारत-भूमिमा कार्यरत रहेका अङ्ग्रेज प्रशासकहरू निकै नै प्रभावित भैसकेका थिए। राजधानी काठमाडौं शहरमा भर्ना गरिने गोरखा सैनिकहरूमा पनि प्रायः मगर तथा गुरुङ्हरू नै रहन्थे। गोरखा सैनिकहरूको सांस्कृतिक वैशिष्टयलाई कम्पनी-सरकारको सेवामा कार्यरत रहेका अङ्ग्रेज पदाधिकारीहरूले राम्रैसँग पहिचान गरिसकेका थिए।

आयुर्वेद-शास्त्रको सिद्धान्तअनुसार जसरी विभिन्न प्रकृतिका हर्रो, वर्रो र अमलाहरू मिली 'त्रिफला' नामक विशेष औषधीय गुण पैदा हुन्छ, त्यसैगरी खश, मगर तथा गुरुङ यी तीन जातिहरू मिली वनेको 'गोरखा' नामक सैनिक जातिमा पनि विशेष प्रकारको सामरिक गुण पैदा भएको हुँदा कम्पनी-सरकारको सेवामा कार्यरत रहेका अङ्ग्रेज पदाधिकारीहरूले पनि यिनै तीनथरी जातिहरूको समुदायलाई 'गोरखा' भन्ने नाम दिएका थिए। उदाहरणको रूपमा कर्नल भेन्सिटार्टले आफ्नो *'The Gurkhas'*

नेपालको सांस्कृतिक परम्परा शीर्षक पुस्तकमा गोरखा जातिको सम्वन्धमा निम्नानुसार उद्‌गार व्यक्त गरेको पाइन्छ :–

"डोटी, जुम्ला, नेपालका अन्य पशिचमी भाग र कुमाउँ-प्रदेशका पाहाडी भेगका मानिसहरू 'पर्वतिया' हुन्, तर यिनीहरू 'गोरखा' होइनन् । .... लडाका वर्गका ठकुरी, खश, मगर र गुरुङ्हरू मात्र 'गोरखा' भन्ने नाम पाउनको निमित्त हकदारहरूका रूपमा रहेका छन् । .... लिम्बू तथा राईहरूलाई पनि गोरखा-सैनिकहरूको रूपमा – खासगरी छैटौं, एक-आठौं तथा दुई-आठौं बटालियनहरूमा – लिइन्छ, तर यिनीहरू प्रायः जङ्गी-पुलिसहरूका रूपमा मात्र प्रयोग हुँदै आएका छन् । ....."

उपर्युक्त उद्धरणबाट कम्पनी-सरकारको सेवामा कार्यरत उच्चपदस्थ अङ्ग्रेज पदाधिकारीहरूले आवश्यक परेको अवस्थामा मात्र खम्बू तथा लिम्बू-वर्गका नागरिकहरूलाई आफ्नो सेनामा भर्ना लिने, अन्यथा खश, मगर तथा गुरुङ्हरूलाई मात्र सैनिक-सेवाहरूमा भर्ना लिने गरको देखिन्छ। नेपाल-सरकारले पनि लगभग यही नीतिलाई नै अपनाएको थियो। अङ्ग्रेज वा तात्कालिक नेपाल-सरकारले चाहेको भए ५० वर्षका बीचमा सबै नेपालीहरू 'गोरखा' वा लडाका बन्न सक्दथे, तर यसबाट नेपाल-अधिराज्यको राष्ट्रिय एकता सबल हुने एवं राष्ट्रिय जागरण आउने 'खतरा'लाई अनुभव गरेकाले यसो गर्नु न त्यतिवेलाको अङ्ग्रेज सरकारको निमित्त हितकर थियो न त त्यतिवेलाका नेपाली शासकहरू नै यसो गर्नु उचित सम्झन्थे । यसैले भारत-भूमिमा ब्रिटिश-राज कायम रहिरहेसम्म खश, मगर र गुरुङ्हरू मात्र गोरखा-सैनिकहरूका रूपमा कार्यरत रहेका पाइन्छन् ।

आधुनिककालको प्रारम्भदेखि नै नेपाली-भाषा नेपाल-अधिराज्यको राष्ट्रिय एकताको प्रमुख तत्त्वको रूपमा विकसित हुँदै आइरहेको पाइन्छ । यसै भाषागत एकताको आधारमा राजा पृथ्वीनारायण शाह तथा यिनका उत्तराधिकारीहरू नेपाल-अधिराज्यको एकीकरण अभियानलाई पूरा गर्न समर्थ भएका थिए । यसले गर्दा आधुनिक-कालको प्रारम्भदेखि नै गोरखा-संस्कृति तथा नेपाली-भाषाको परस्परमा अन्योन्याश्रित अविभाज्य सम्वन्ध रहँदैआइरहेको पाइन्छ। सबै गोरखा सैनिकहरूले यसै भाषालाई आ-आफ्ना छाउनीहरूमा सम्पर्क भाषाको रूपमा प्रयोग गर्दै आएका थिए । यसैले नेपाली भाषालाई राष्ट्रभाषाको रूपमा प्रतिष्ठित गराउने काममा पनि गोरखा सैनिकहरूको नै प्रमुख हात रहेको पाइन्छ ।

हाम्रो वर्तमान राष्ट्रभाषा नेपालीको केन्द्रस्थल पनि गोरखा-जातिको प्राधान्य रहेको गण्डकी नदीहरूका प्रस्रवणक्षेत्रमा नै रहेको देखिन्छ । यसैले यस क्षेत्रमा जन्मिएका साहित्यकारहरूका गद्य एवं पद्य रचनाहरूमा जति सरस, सुबोध र ठेट नेपाली शव्दहरूको प्रयोग भएको पाइन्छ, त्यस्तो प्रयोग नेपाल-अधिराज्यका अन्य क्षेत्रका साहित्यकारका रचनाहरूमा विरलै मात्र पाउन सकिन्छ । यस क्षेत्रको पनि करीव-करीव मध्यभागमा रहेको पोखराको वर्तमान प्रसिद्ध शहर निकै रमणीय रहेकोले

हाल यही शहर नै गोरखा-संस्कृतिको साथै राष्ट्रभाषा नेपालीको पनि केन्द्रस्थल वन्न आइरहेको छ। भविष्यमा पनि यहींवाट नै राष्ट्रिय-साहित्यको विकास हुने आशा गर्न सकिन्छ।

राजा पृथ्वीनारायण शाह गोरखा-संस्कृतिका उपासक मात्र थिएनन्, गोरखा सैनिकहरूकै सहयोगवाट उनले नेपाल-अधिराज्यको एकीकरण-कार्यको आरम्भ पनि गरेका थिए। यसैले यिनमा गोरखा-संस्कृतिप्रति अगाध प्रेम हुनु स्वाभाविक नै पनि थियो। तर पछि यिनी वर्तमान काठमाडौं उपत्यकाभित्र विकास भएको परम्परागत ललितकलात्मक संस्कृतिवाट पनि अति नै प्रभावित भएका थिए। यसैले यसको विकासको निमित्त यिनी दत्तचित्त पनि वनेका पाइन्छन्। दहचोकमा रहेको रमणीय डाँडोलाई एकीकृत नेपाल-अधिराज्यको राजधानी वनाउने यिनको आकाङ्क्षा रहेको थियो, तर कान्तिपुर राज्यमाथि विजय प्राप्त गरेपछि यहाँको परम्परागत कलात्मक वैभववाट अत्यन्त नै प्रभावित भई यिनले यसै शहरलाई नै आफ्नो एकीकृत नेपाल-अधिराज्यको राजधानीको रूपमा चयन गरेका थिए।

राजा पृथ्वीनारायण शाह सोख-शयलहरूका कट्टर विरोधी थिए, तर कलाप्रेम भने यिनमा भरपूर रहेको थियो। यिनले आफ्नो जीवनकाल अन्तिम समयमा आफ्ना भाइ-भारदारहरूलाई दिएको मार्मिक वक्तव्य 'दिव्योपदेश'मा वोलेका छन् :– "मलाई एउटा कुराको सन्देह लागिरहेको छ, त्यो के भने मुगलाना (यहाँवाट) नजिकै रहेछ, त्यहाँ छोकडा तथा पत्रियाहरू पनि रहेछन् (यसैको देखासिकी गरी नेपाली नागरिकहरू पनि) चित्रकारी गरिएको कोठामा ढोलक र सितारको राग र तानमा भुल्ने पो हुन् कि ? .... आफ्नो सोख-सयलको निमित्त र शास्त्रवमोजिमका तीनवटै शहर नेपालका नेवारहरूका नाचहरू झिकाई हेरे पनि हुन्छ। यिनीहरूलाई दिएको (कमसेकम) आफ्नै देशमा रहन्छ।"

राजा पृथ्वीनारायण शाहको अथक प्रयासवाट नै मूलरूपमा काठमाडौं उपत्यकाको लुप्त हुन आँटिरहेको ललितकलात्मक संस्कृति र गण्डकी नदीहरूका प्रस्रवणक्षेत्रका सैनिक प्रवृत्तिजन्य गोरखा-संस्कृतिको मेलवाट जुन नयाँ विशिष्ट संस्कृतिको निर्माण भयो त्यसैलाई वर्तमानमा 'नेपाली-संस्कृति' भनी नामकरण गर्नु उपयुक्त हुनेछ। यसैले आफ्नो सांस्कृतिक विकासको साथै नेपाल-अधिराज्यको विकास तथा प्रगतिको निमित्त पनि हामीहरूले आफ्ना उपर्युक्त दुईवटै सांस्कृतिक केन्द्रहरूको विकास तथा प्रगतितर्फ ध्यान दिनु अत्यावश्यक हुन आएको छ।

* * *

पूर्व प्रकाशित लेख-रचना।

– रचनाकाल : वि.सं. २०१४ *(अनुमानित)*

(यस प्रबन्धको केही अंश – *"इतिहास-शिरोमणि वावुराम आचार्य स्मृति-ग्रन्थ" वि.सं. २०४६ मा* प्रकाशित भएको छ।)

(घ) नेपालमा ललितकला तथा मूर्तिकला

मनुष्यजति सभ्यताको आरम्भदेखि नै सौन्दर्यको उपासक रहँदै आइरहेको छ। सभ्यताको सोपानमा प्रवेश गरेदेखि नै यसले ललित-कलाहरूको सृष्टि तथा विकास पनि निरन्तर रूपमा गर्दै आइरहेको पाइन्छ । त्यसैले मोटामोटी रूपमा भन्ने हो भने :– सौन्दर्यानुभूति प्रकट गर्ने कृत्रिम वस्तुहरू नै ललित-कलाहरूका रूपमा गनिन्छन्। प्राकृतिक रूपमा फूलेको गुलाफको फूल स्वयंमा सुन्दर हुन्छ, तर त्यो कला होइन । कलात्मकताको निमित्त कृत्रिम तथा मानवनिर्मित पनि हुनु आवश्यक छ। त्यही गुलाफको फूललाई जब कलाकारहरू आफ्ना कलम वा कुचीहरूद्वारा कागत वा क्यानभासमा उतार्दछन् तब मात्र त्यो कला बन्दछ।

सौन्दर्यको अनुभूति मूर्त रूपमा र अमूर्त रूपमा गरी दुई प्रकारबाट प्राप्त गर्न सकिन्छ। आँखाले देखेर अनुभव गर्न सकिने सौन्दर्यानुभूतिलाई मूर्त-कलाहरूको रूपमा र कान वा श्रवणेन्द्रियबाट मात्र ग्रहण गर्न सकिने सौन्दर्यानुभूतिलाई अमूर्त-कलाहरूको रूपमा परिभाषित गर्न सकिन्छ। वास्तु-कला, मूर्ति-कला तथा चित्रकलाहरू मूर्तकला भएजस्तै साहित्य-कला, सङ्गीत-कला तथा नृत्य-कलाहरू अमूर्त-कला मानिन्छन्। मूर्त वा अमूर्त वस्तुहरूमा रहेका अप्राकृतिक सौन्दर्यलाई ग्रहण गरेर त्यसको प्रभावद्वारा मन वा मस्तिष्कलाई प्रसन्न तुल्याउने काम नेत्रेन्द्रिय तथा श्रवणेन्द्रियले मात्र गर्न सक्तछन् । मानवजातिका अन्य इन्द्रियहरूमा सौन्दर्यको अनुभूति गर्ने सामर्थ्यको विकास हुन सकेको देखिँदैन।

मनुष्य-जाति माटो, काठ, इँट तथा पत्थर आदि भौतिक पदार्थहरूको प्रयोग गरेर आफ्नो आश्रयस्थलको निमित्त आवासको र ईश्वरको उपासना आदिको निमित्त मन्दिर वा मस्जिदहरूको निर्माण गर्दछ तापनि सौन्दर्यको साधनामा प्रवृत्त रहने मानवीय प्रवृत्तिअनुसार आफूले निर्माण गरेका भवन वा मन्दिरहरूलाई आफूमा रहेका विशेष कौशलहरूको प्रयोग गरी कलात्मक रूप दिएर तिनलाई सुन्दर एवं मनमोहक पनि बनाउने प्रयास पनि ऊ स्वाभाविक रूपमा नै गरिरहन्छ। जाडो, पानी तथा अन्य अनेकौं प्राकृतिक विपत्तिहरूबाट त्राण पाउन मनुष्य-जाति आफ्नो निमित्त आवासको निर्माण गर्दछ, यो उसको सभ्यताको परिचायक हो । तर आवश्यक आवासको निर्माणले मात्र ऊ सन्तुष्ट हुँदैन, यसलाई आकर्षक तथा मनमोहक पनि बनाउने चाहना उसमा निरन्तर रहिरहेको हुन्छ। यस हिसाबले हेर्दा भवन-निर्माणको सन्दर्भमा प्रयोग हुने कलात्मक शिल्प तथा कौशल नै वास्तुकला हो। यो पनि संस्कृतिको एक महत्त्वपूर्ण अङ्ग मानिन्छ। मूर्त-कलाको पहिलो अङ्ग पनि यही नै मानिन्छ।

वास्तुकलावाट मात्र सन्तुष्ट नभएर सौन्दर्यबोधको निमित्त मानिसले पछि मूर्ति-कलाको पनि सृष्टि गरेको हो । मूर्ति-कलाका आधारहरू माटो, काठ, धातु वा पत्थरहरू जे पनि हुन सक्तछन्। मूर्तिकारको मस्तिष्कमा सजीव वा निर्जीव सुन्दर

वस्तुहरूमा रहेका सम्पूर्ण विम्बहरू अन्तर्निहित हुन्छन् । यसैको आधारमा आफूमा रहेको प्रतिभाको बलले मूर्तिकार छिनोद्वारा काठ वा पत्थरहरूलाई आवश्यकता अनुसार ताछतुछ गरी अभीष्ट रूप वा आकृतिहरू प्रदान गरेर तिनलाई मनमोहक रूपमा प्रस्तुत गर्दछ। यसैले शिल्पकारहरू वास्तु-कलामा भन्दा यस कलामा आफ्ना मानसिक भावहरू वढीमात्रामा प्रकट गर्न समर्थ हुन्छन् । यसैले नै वास्तु-कलाको भन्दा मूर्तिकलाको वढी महत्त्व रहेको हो। यो मूर्त-कलाको मध्यम अङ्ग हो।

मूर्तिकलावाट मात्र सन्तुष्ट नभएर वढी सौन्दर्यानुभूति प्राप्त गर्नको निमित्त मनुष्य-जातिले पछि चित्रकलाको पनि सृष्टि गरेको पाइन्छ। चित्रकलाका आधारहरू भित्ता, काठ, कपडा र कागज आदि जे पनि हुन सक्तछन्। मूर्तिकला जहाँ वहुआयामिक हुन्छ त्यहाँ चित्रकला एउटै धरातलमा मात्र लेखिन्छ। कुची वा कलमहरूको माध्यमले सजीव वा निर्जीव वस्तुहरूको आकारलाई सुन्दर तथा मनमोहक तरिकाले अङ्कन गर्नु सफल चित्रकारको कर्तव्य हो । तर भावप्रदर्शन-सामर्थ्य नै चित्रकारको वैशिष्टच मानिन्छ । चित्रहरूलाई प्राकृतिक रूपमा नै चित्रण गर्नुपर्दछ भन्ने केही छैन । भावप्रदर्शनको सन्दर्भमा यसलाई अप्राकृतिक रूपमा पनि प्रस्तुत गर्न सकिन्छ । चित्रकारले मूर्तिकारको भन्दा आधारवस्तुको अपेक्षा कम राख्दछ तापनि रङ् वा रङ्हरूको प्रयोग गरेर चेतनशील प्राणीका मानसिक भावहरूलाई अधिकमात्रामा स्पष्ट र सुन्दररूपले प्रकट गर्न भने उ समर्थ हुन्छ। मूर्तिकलाको भन्दा चित्रकलाको महत्त्व वढी मानिनुको कारण पनि यही नै हो । यो मूर्त-कलाहरू मध्येको उत्तम अङ्ग मानिन्छ । हाम्रो प्राच्यचिन्तन अनुसार यी तीनथरी कलाहरू राष्ट्रिय-संस्कृतिका महत्त्वपूर्ण अङ्गहरू भएर रहेका छन्।

देश काल र परिस्थितिअनुसार प्रत्येक देश तथा कालका कलाहरूमा पनि केही न केही अन्तर पाइनु स्वाभाविक हुन्छ। कालक्रमले हुने यो भेद हाम्रा ललितकलाहरूमा पनि स्पष्ट झल्कन्छ।

देश, काल तथा परिस्थिति अनुसार प्रत्येक देश एवं कालका कलाहरूमा पनि अन्तर पाइनु स्वाभाविक हुन्छ। कालक्रम अनुसार हुने यो भेद हाम्रा ललित-कलाहरूमा पनि स्पष्ट झल्कन्छ। 'कैलासकूट-भवन'जस्ता अद्भूत वास्तुशिल्पहरूको वर्णनवाट त्यतिवेला नेपालमा ललित-कलाहरू उन्नत अवस्थामा रहेका थिए भन्ने प्रकट हुन्छ। तर वास्तु-कलाका प्राचीन अवशेषहरू नेपालमा हाल उपलब्ध रहेका छैनन्। आजभन्दा सातशय-वर्षजति पहिले निर्माण भएको 'काष्ठ-मण्डप' नामक एउटा वास्तुकलाको प्रतीक मात्र हाल काठमाडौँ शहरमा ज्ञातरूपमा सर्वाधिक-प्राचीन इमारतको रूपमा अवस्थित छ। यहाँको भौगोलिक बनावटअनुसार यहाँ वरावर ठूला-ठूला भूकम्पहरू भैरहने हुनाले प्राचीन वास्तुकलाका प्रतीकहरू लामो समयसम्म टिक्न नसकेको अनुमान हुन्छ । यहाँ चित्रहरू पनि चार-पाँच शयवर्षभन्दा पुराना प्रायः

उपलब्ध रहेका छैनन्। यसकारण ललित-कलाहरूको प्रसङ्गमा मूर्ति-कलाको उत्थान तथा पतनको मात्र संक्षिप्त विवेचन यहाँ गरिन्छ।

हिमालय-पर्वतमालाको दक्षिणी काखमा, वागमती नदीको शिरानमा रहेको वर्तमान काठमाडौं उपत्यका प्राचीन-कालदेखि नै मूर्तिकलाको निमित्त उर्वर क्षेत्रको रूपमा रहँदै आइरहेको छ। वर्तमान ललितपुर शहर यस क्षेत्रको पनि केन्द्रस्थलको रूपमा रहेको पाइन्छ। काठमाडौं शहरमा पनि मूर्ति-कलाको अभाव रहेको छैन, तर शिल्पकलाको दृष्टिले यो शहर ललितपुर शहरभन्दा पछाडि परेर रहेको पाइन्छ। नेपालका अन्य विकसित क्षेत्रहरूमा पनि मध्यकालिक मूर्तिकलाका नमूनाहरू यत्रतत्र पाइन्छन्, तर काठमाडौं उपत्यकाभन्दा बाहिरका क्षेत्रहरूमध्ये सिमरौन-गढभन्दा बाहेक अन्यत्र पाइने मूर्ति-कलाहरूको बारेमा राम्रो अध्ययन भैनसकेकोले तिनको चर्चा गर्नु यहाँ सम्भव भैरहेको छैन।

वर्तमान काठमाडौं उपत्यकाभित्र पाइने मूर्तिहरूमा पनि धेरैजसा देव-देवी तथा बुद्ध तथा बोधिसत्त्व आदिका धार्मिक मूर्तिहरू नै रहेका छन्। कुनै-कुनै मूर्तिहरूमा देवगणहरू पनि उत्कीर्ण भएका पाइन्छन्। उदाहरणको रूपमा :– नन्दी-भृङ्गी सहितका शिव तथा शिव-परिवारका मूर्तिहरू रहेका छन्। यस्ता मूर्तिहरूबाट तात्कालिक जनजीवन तथा भेष-भूषा आदिको सम्वन्धमा पनि केही जानकारी प्राप्त गर्न सकिन्छ। वर्तमान युगका राजा तथा राजपरिवारहरूका मूर्तिहरू पनि यहाँ अत्यल्पमात्रामा उपलब्ध रहेका छन्। यी सबै नेपाली मूर्तिहरूलाई निर्माणकालको कालक्रम अनुसार प्राचीन, मध्यकालिक तथा अर्वाचीन गरी तीन कालखण्डमा विभक्त गर्न सकिन्छ।

प्राचीनकालमा बनेका मूर्तिहरूमध्ये माटो, काठ र धातुले बनेका मूर्तिहरू सबै नै नष्ट भैसकेका छन्। पत्थरवाट बनेका मूर्तिहरू मात्र हालसम्म बचेर रहेका पाइन्छन्। मध्य-कालका मूर्तिहरूमा पनि माटो तथा काठवाट बनेका मूर्तिहरू प्राप्त हुन सकेका छैनन् र धातुबाट बनेका मूर्तिहरू पनि कहीं-कहीं मात्र भेटिन्छन्। यस समयका प्रस्तर-मूर्तिहरू भने काठमाडौं उपत्यकाभित्र प्रायः खण्डहरहरूमा प्रशस्त भेटिन्छन्।

इ.सं. १३४९ मा बङ्गालका सुल्तान समसुद्दीन इलियस शाहको जोडदार आक्रमण हुंदा वर्तमान काठमाडौं उपत्यकाभित्र रहेका प्रायः सवैजसा देवमूर्तिहरू खण्डित गराइएका थिए। यहाँसम्म कि भगवान् पशुपतिनाथको आराध्य प्राचीन मूर्ति पनि यस आक्रमणवाट वच्न सकेको थिएन। यसैले यहाँका प्राचीन तथा मध्यकालिक प्रस्तर-मूर्तिहरू प्रायः सबै नै टुटे-फुटेका अवस्थामा रहेका पाइन्छन्। प्रायः कुनै प्राचीन मूर्तिको पनि नाक सावुत बचेको पाइँदैन। अर्वाचीन-कालका मूर्तिहरू भने देवालयहरूमा तथा वौद्ध-वहालहरूमा अझै पनि प्रशस्तमात्रामा पाइन्छन.। केही मूर्तिहरूको सङ्ग्रह काठमाडौंमा रहेको सङ्ग्रहालय*(म्यूजियम)* मा पनि गरिएको छ। यसरी सङ्ग्रह गरिएका अर्वाचीन मूर्तिहरूमा माटो तथा काठले बनेका मूर्तिहरू पनि

रहेका छन्। तर पत्थर वा धातुहरूले वनेका मूर्तिहरूमा जुन किसिमको कलात्मक वैभव पाइन्छ, त्यस्तो वैभव माटो वा काठले बनेका मूर्तिहरूमा प्रायः प्राप्त नहुने हुनाले यिनको चर्चा यहाँ गरिनेछैन।

इसाको दोस्रो शताब्दीमा लिच्छवि-जनपदका नागरिकहरूले वर्तमान काठमाडौँ उपत्यकाभित्र प्रवेश गर्न आरम्भ गर्दा उनीहरूले लेखन-शिल्पको साथै मूर्ति-कलासम्वन्धी सीप पनि भारतवाट साथै लिएर आएको झलक पाइन्छ। यस उपत्यकामा लिच्छवि-वर्गका नागरिकहरूको शासन-व्यवस्था स्थापना हुनुभन्दा पहिले नै वौद्धधर्मको व्यापक प्रचार तथा प्रसार पनि भैसकेको कुरा यहाँका पाँचौं-शताब्दीदेखि आठौँ-शताव्दीसम्मका शिलालेखहरू तथा अनुश्रुतिहरूवाट पनि स्पष्ट झल्कन्छ। तर त्यस समयमा वनेका बुद्ध, वोधिसत्त्व तथा अवलोकितेश्वर वा ताराका मूर्तिहरू भने भेटिएका छैनन्। त्यतिवेला यस्ता मूर्तिहरू शायद बन्दै वनेका थिएनन् अथवा बने पनि पछि अङ्ग-भङ्ग भई फ्याँकिएर खण्डहरहरूभित्र लुकिरहेका होलान्।

दोस्रो शताब्दीमा वनेका वैदिक सनातन-धर्मका पौराणिक-सम्प्रदायका देव-देवीका मूर्तिहरू पनि यहाँ प्राप्त भएका छैनन्। पाइएसम्मका यहाँका सवभन्दा पुराना मूर्तिहरू मनुष्याकृति भएका सूर्यका मूर्तिहरू देखिन्छन्। इसाको दोस्रो शताव्दीमा इरानी मग-वर्गका ब्राह्मणहरूले उत्तरी भारतमा सूर्य-पूजा गर्ने एउटा सम्प्रदाय नै चलाएका थिए। कुषाणवंशी राजाहरूको राजधानी मथुरा त्यस समयमा भारत-भूमिमा मूर्तिकलाको केन्द्रस्थलको रूपमा विकसित भैरहेको थियो। भारतीय मूर्तिकलामा यूनानी मूर्तिकलाको मिश्रण भएर जुन गान्धार-कलाको विकास भैरहेको थियो, त्यसै कलामा त्यहाँ वुद्ध तथा सूर्यका मूर्तिहरू कुँदिइरहेका थिए। मूर्तिकलामा रहनुपर्ने सौन्दर्य र सजीवता गान्धार-कलाका मूर्तिहरूमा भरपूर रहेको थियो। यसै कलामा कुँदिएका तेस्रो शताब्दीको आरम्भपछिका मनुष्यकारका सूर्य-मूर्तिहरू यस उपत्यकामा यत्रतत्र पाइँदैछन्। पशुपतिनाथ मन्दिरको वरिपरि मात्र यस्ता पाँच-सातवटा मूर्तिहरू यत्रतत्र अलपत्र परिरहेका छन्। अङ्ग-भङ्ग भएकाले अचेल पूजिँदैनन् तापनि समृद्ध गान्धार-कलाको सौष्ठवलाई प्रकट गर्न भने यी प्राचीन मूर्तिहरू अझैसम्म पनि समर्थ रहेका छन्। यस्ता मूर्तिहरूमा कुषाणवंशी राजाहरूकै भेष-भूषा अर्थात् फंराकिलो टोपी, कम्मरपेटी सहितको लामो वक्खु र खुट्टामा दोचा पनि पहिराइएको पाइन्छ। अन्य मूर्तिहरूमा भन्दा वासुकीको मन्दिरनजिक रहेको सूर्य-मूर्तिमा कलात्मक वैभव वढीमात्रामा देखिन्छ। पछि-पछि पनि यसै आकार-प्रकारका अनेकौं सूर्यमूर्तिहरू यहाँ वन्दै तथा विग्रँदै पनि रहेका देखिन्छन्। तर पछि-पछिका सूर्य-मूर्तिहरूमा वाहनका रूपमा घोडाहरू पनि जोडिएका पाइन्छन्।

इसाको तेस्रो शताब्दीमा उत्तरप्रदेशका नागवंशी राजाहरूले शिवलिङ्गहरूको पूजा तथा आराधना गर्ने र देव-मन्दिरका द्वारहरूमा गङ्गा तथा यमुनाका युगल-मूर्तिहरू स्थापना गर्ने जुन परम्पराको विकास गराएका थिए, त्यसको प्रभाव नेपालमा

पनि परी यहाँ पनि तीन-चार शताब्दीसम्म लकुलेश-शैलीका मुखाकृति नभएका शिव-लिङ्गहरू बन्दैरहेका पाइन्छन् । काठमाडौं उपत्यकामा यस्ता सयकडौं मूर्तिहरू यत्रतत्र भेटिन्छन् । यस्ता मूर्तिहरूमा कलात्मक अभिव्यक्तिको न्यूनता पाइन्छ तापनि यिनले केहीमात्रामा भए पनि तात्कालिक मूर्तिकलाहरूको प्रतिनिधित्व भने गरिरहेका छन् । त्यस समयका गङ्गा तथा यमुनाका मूर्तिहरू भने यहाँ उति धेरै देखिएका छैनन् । कच्छप-वाहिनी यमुनाको केवल एउटा मूर्ति पशुपति देवपाटन वत्सलेश्वरी देवीको मन्दिरनजिक बागमती नदीको किनारामा अझै पनि भेटिन्छ । गान्धार-कलामा बनेको हुनाले यस मूर्तिले आफ्नो सजीवता तथा सौन्दर्यलाई पनि अझैसम्म पनि प्रकट गर्दै रहेको पाइन्छ ।

चौथो शताब्दीमा उत्तरी भारतका गुप्त-राजवंशका राजाहरूले वैदिक सनातन-धर्मको भागवत-सम्प्रदायलाई अपनाएर विष्णुपूजाको प्रचार तथा प्रसार पनि आरम्भ गराउँदा यसको प्रभाव तुरुन्त नै नेपालमा पनि पर्‍यो र यहाँ पनि भगवान् विष्णुका मूर्तिहरू जोडदार रूपमा बन्न थाले । गरुड भगवान् विष्णुका वाहन मानिन्थे र गुप्त-राजवंशका राजाहरूले जारि गरेका आज्ञापत्रहरूमा गरुडका चिन्हहरू अङ्कित गरिएका हुन्थे । यसैले भारतको देखासिकी गरी यस समयमा यहाँ पनि भगवान् विष्णुका बाहन गरुडका अनेकौं मूर्तिहरू बन्दै रहे । गुप्त-शैलीको पहिलो विष्णू-मूर्ति चौथो शताब्दीको मध्यमा बनेर चाँगुमा स्थापित भएको अनुमान हुन्छ । यही मूर्ति आज-भोलि :– 'भगवान् चाँगुनारायण'को नामले प्रसिद्ध रहेको छ । यस समयका भारतीय मूर्तिकारहरूले भावगाम्भीर्यप्रति मात्र विशेष जोड दिएका थिए । यसैले उत्तरी भारतमा पाइने गुप्तकालिक मूर्तिहरूमा गान्धार-कलाका मूर्तिहरूमा जस्तो सजीवता तथा सौन्दर्य पनि पाउन सकिँदैन । तर नेपालका तात्कालिक मूर्तिकारहरूले भने गान्धार-कलामा गुप्त-कलाको सम्मिश्रण गराएर बडो यत्नसँग मूर्तिहरू कुँद्न थालेकाले यस समयमा बनेका नेपाली मूर्तिकलाहरूमा भावगाम्भीर्यको साथै सजीवता तथा सौन्दर्य पनि त्यत्तिकै पाइन्छ । यस समयमा निर्माण भएका पाँचवटा प्रसिद्ध मूर्तिहरूको बारेमा सङ्क्षिप्त चर्चागर्नु यहाँ प्रासङ्गिक नै देखिन्छ ।

पहिलो, अचेल 'धुम्वाराही'को नामले प्रसिद्ध रहेको चण्डोलको बराह-नारायणको मूर्ति रहेको छ । मध्यभारतमा 'उदयगिरि' नामक पाहाडको गुहा-मन्दिरमा रहेको चन्द्रगुप्त विक्रमादित्यले स्थापना गराएको बराह-मूर्ति पनि लगभग यस्तै छ, शायद नापमा केही फरक होला । यस मूर्तिमा आजसम्म पनि जुन किसिमको भव्य ओज झल्किरहेको पाइन्छ, त्यो स्वयंमा आश्चर्यजनक रहेको छ । दोस्रो मूर्ति, पाचौं शताब्दीको मध्यमा निर्माण भई राजा मानदेव*(प्रथम)* ले स्थापना गराएको विजयस्तम्भको आधार -शिलाको रूपमा चाँगु-नारायणको मन्दिर अगाडि रहेको कछुवाको मूर्ति र तेस्रो, यहीँ रहेको विष्णु-वाहन गरुडको भव्य मूर्ति देखिन्छ । यी दुवै मूर्तिहरूमा जुन किसिमको सजीवता तथा भावपूर्ण कलाशिल्प पनि पाइन्छ, त्यो पनि निकै नै मनमोहक रहेको छ ।

चौथो तथा पाँचौंका रूपमा वामन-नारायणका दुईवटा प्रसिद्ध मूर्तिहरू रहेका छन्। काठमाडौं लैनचौर नजिक लाजिम्पाटमा तथा देवपाटन तिलगङ्गा नजिक एउटा खेतमा रहेका यी दुवै प्राचीन मूर्तिहरू राजा मानदेव*(प्रथम)* को राज्यकालमा निर्माण भएका हुन्। उक्त दुवै मूर्तिका पादपीठहरूमा राजा मानदेव*(प्रथम)* को नामका साथै तिथि-मितिहरू पनि अङ्कित भएका छन्। उक्त दुवै मूर्तिहरू लगभग एउटै नाप तथा एकैनासका छन् । शायद कत्ति पनि अन्तर छैन । कुनै पनि चित्रकारको निमित्त एउटै आकृतिको मिल्दो-जुल्दो चित्र वनाउनु त्यति कठिन काम नभए पनि मूर्तिकारहरूको निमित्त भने यस्तो मिल्दो-जुल्दो मूर्ति वनाउनु मुस्किलको काम हुने कुरामा कुनै पनि सन्देह छैन। यी दुवै मूर्तिहरूमाथि आक्रान्ता तुर्क सैनिकहरूको कठोर घनहरू बज्रँदा अपूज्य भई मन्दिरबाट फालिएर गएको छ-सय वर्षभन्दा वढी समयदेखि घाम-पानीमा उपेक्षित रूपमा भिजिरहेका छन् तापनि यिनले आजसम्म पनि तात्कालिक मूर्ति-कलाको वैभवलाई भने झल्काई नै रहेको पाइन्छ।

धार्मिक उथल-पुथलहरू आरम्भ भएर छैटौं शताब्दीमा भारत-भूमिमा अनेकौं तान्त्रिक-सम्प्रदायहरूको उत्थान भैसकेको थियो । यसपछि देव-देवी, वोधिसत्त्व, अवलोकितेश्वर, भैरव तथा ताराका मूर्तिका भेदहरू तथा सङ्ख्याहरूमा पनि वृद्धि हुँदै र यिनका आकार-प्रकार, ध्यान तथा मुद्रा आदिमा पनि जटिलता पैदा हुँदै आउँदा मूर्तिकलाको क्षेत्रमा पनि व्यापक परिवर्तन आइरहेकोले यसपछि कलाको क्षेत्रमा पनि नयाँ युगको सूत्रपात हुन आएको थियो। यसको प्रभाव तत्कालै नेपालमा पनि परेको पाइन्छ। यसैले यस परिवर्तनपछिको काललाई सांस्कृतिक दृष्टिकोणले पनि मध्यकाल मान्नु उपयुक्त देखिन्छ।

मध्य-कालका मूर्तिहरूमध्ये अधिकांश मूर्तिहरू खण्डहरकै रूपमा रहेका छन् तापनि प्रचुरमात्रामा पाइन्छन् । यी मूर्तिहरूलाई पनि मोटामोटी रूपमा दुईवटा समूहमा विभक्त गर्न सकिन्छ। पहिलो समूहका मूर्तिहरू छैटौं शताब्दीको उत्तरार्द्धदेखि दशौं शताब्दीसम्ममा बनेका देखिन्छन्। यस समयमा बनेका मूर्तिहरूमा सजीवता तथा कलात्मक सौन्दर्य पनि निरन्तर गिर्दै आएको स्पष्ट देखिन्छ। इसवीय-संवत्को छैटौं शताब्दीको आरम्भतिर बनेको भगवान् पशुपतिनाथको प्राचीन मूर्ति, देवपाटनमा वर्तमान पशुपतिनाथको मूलढोकाको अगाडि त्यसै अलपत्र पडिरहेको पाइन्छ। यस चतुर्मुखी शिव-लिङ्गको कलात्मक सौन्दर्य पहिले उल्लेख गरिएका नारायणका मूर्तिहरूको जस्तो सुन्दर तथा सजीव पनि छैन तापनि भावगाम्भीर्य भने यसमा पनि स्पष्ट झल्कन्छ । सातौं तथा आठौं शताब्दीमा बनेका शिव-परिवारका अनेकौं मूर्तिहरू पशुपति मन्दिरका आसपासमा त्यसै छरिएर रहेका पाइन्छन् । यिनैताक बनेका मायादेवीका आकर्षक मूर्तिहरू पनि काठमाडौंमा यत्रतत्र देखिन्छन्। यिनमा देवपाटन जयवागेश्वरीको मन्दिर नजिक ढुङ्गेधारामा र काठमाडौं यङ्गाल-हिटीमा रहेका मूर्तिहरू

विशेष दर्शनीय मानिन्छन् । सातौं शताब्दीदेखि दशौं शताब्दीसम्ममा बनेका बुद्ध, वोधिसत्त्व, अवलोकितेश्वर तथा तारा आदिका मूर्तिहरू पनि ठाउँ-ठाउँमा लडि-पडिरहेका देखिन्छन् । यिनमा पनि उही गिर्दो कलाको नमूना प्राप्त गर्न सकिन्छ ।

दोस्रो समूहमा एघारौं शताब्दीदेखि चौधौं शताब्दीको पूर्वार्द्धसम्मका प्रस्तर-मूर्तिहरू रहेका छन् । यस समयमा भारत-भूमिमा वर्तमान विहार-प्रदेशका बौद्ध मठहरूमा मूर्तिकलाको जे-जस्तो उन्नति भैरहेको थियो त्यसलाई 'पाल-कला' भन्ने चलन प्रचलित रहेको छ। पाल राजवंशका राजाहरू बौद्ध हुनाले यिनका राज्यकालहरूमा प्रायः वौद्ध-मूर्तिहरू नै बन्ने गर्दथे । यही पाल-कला पछि नेपालमा पनि आएर यसले यहाँको गिरिरहेको मूर्तिकलाको स्तरलाई केही उन्नत गराइदिएको पाइन्छ । बाह्रौं शताब्दीमा सिमरौन-गढका कर्णाट-राजनवंशका राजाहरूले पनि पाल-कलामा नै सृष्टिकर्ता व्रह्मा तथा अन्य पौराणिक देवदेवीका मूर्तिहरू बनाउन आरम्भ गरेका थिए । यो कला त्यहाँ लगभग तेर्‍हौंशताब्दीभर प्रचलित नै रहेको देखिन्छ । यसैको प्रभाव परेर पछि काठमाडौं उपत्यकामा पनि सृष्टिकर्ता ब्रह्मा तथा अन्य देव-देवीका मूर्तिहरू पनि बन्न थालेका पाइन्छन् । चौधौं शताब्दीको आरम्भमा दिल्लीका तुर्क-सुल्तानको आक्रमण भई सिमरौन-गढका मन्दिर तथा मूर्तिहरूका साथै पूरै शहर नै पनि खण्डहरको रूपमा परिणत भएको थियो । त्यसै खण्डहरबाट उद्धार गरी ल्याइएका सिंहवाहिनी दुर्गा, सष्टिकर्ता व्रह्मा, पालनकर्ता विष्णु, वासुकी तथा सूर्य आदि केही पौराणिक देव-देवीका मूर्तिहरू काठमाडौंमा रहेको राष्ट्रिय-सङ्ग्रहालय*(म्यूजियम)* मा राखिएका पाइन्छन् । यिनमा पनि पाल-कलाको सौन्दर्य तथा सजीवता पनि स्पष्ट झल्कन्छ ।

तेर्‍हौं शताब्दीको आरम्भमा तुर्कहरूले विहार तथा वङ्गालमा पनि आक्रमण गरी त्यहाँका बौद्ध मठहरूमात्र होइन, हिन्दू मन्दिर तथा त्यहाँ स्थापित भएका मूर्तिहरूलाई पनि मटियामेट गराई वौद्ध-धर्मलाई भारत-भूमिका मैदानहरूबाट नै लगभग धपाइदिएका थिए । यसले गर्दा यसपछि लगभग एक शताब्दीसम्म नेपाली ललित-कलाहरूको सम्वन्ध केवल सिमरौन-गढ राज्यसँग मात्र कायम रहन सकेको थियो । तैपनि यस समयमा अर्थात् तेर्‍हौं शताब्दी तथा चौधौं शताब्दीको आधाआधिसम्ममा नेपाल-अधिर ाज्यमा मूर्तिकलाको मात्र होइन, वास्तुकला तथा चित्रकलाको क्षेत्रमा पनि अभूतपूर्व उन्नति भएको र यहाँ अरनिको*(बलबाहु)* जस्ता अद्वितीय शिल्पकार समेत पैदा हुन सकेका देखिन्छन् । शिल्पकार अरनिको तथा यिनीजस्तै अन्य नेपाली शिल्पकारहरू नेपाली ललित-कलाहरूको छाप तिब्वत तथा चीनका ललित-कलाहरूमा पनि पार्न समर्थ भएका पाइन्छन् ।

चौधौं शताब्दीको मध्यमा तुर्कहरूको आक्रमण भई नेपालको ललित-कलाहरूको क्षेत्रमा निकै नै धक्का लाग्न गएको थियो तापनि नेपाली कलाकारहरूको कलासाधनाको प्रवृत्तिमा भने खासै ह्रास आउन पाइरहेको थिएन । यस तरहसँग एघारौं शताब्दीको

आरम्भदेखि लगभग साँढे-तीनसय वर्षसम्म लगातार उन्नत अवस्थामा रहेका समृद्ध मूर्तिकलाका नमूनाहरू काठमाडौँ उपत्यकाका खण्डहरहरूमा यत्रतत्र लडि-पडिरहेका छन् तापनि यिनको रक्षाको समुचित प्रवन्ध भने हुन सकिरहेको छैन। यसैले यस्ता राष्ट्रिय गौरवहरू चोरिएर दिन-प्रतिदिन विदेशतिर गैरहेका छन्। यस समयका उपलब्ध सवै मूर्तिहरूको उल्लेख गरेर साध्य नहुने हुनाले यस समयका प्रमुख सातवटा सुन्दर मूर्तिहरूको मात्र चर्चा गर्नु यहाँ प्रासङ्गिक देखिन्छ।

यस समयका सुन्दर मूर्तिहरूमा पहिलो, काठमाडौँको राष्ट्रिय-सङ्ग्रहालयमा रहेको आचार्य दीपङ्करको मनमोहक मूर्ति रहेको छ। देवपाटन पशुपति मन्दिरवाहिर पश्चिमोत्तरतर्फ रहेको नृत्य-नटेश्वरको मूर्तिलाई पनि यस समयमा वनेको दोस्रो सुन्दर मूर्तिको रूपमा गणना गर्नु उपयुक्त देखिन्छ। फर्पिङ् तथा देवपाटनमा रहेका लगभग एकैनास र एकै नापका उभिएका दुई-हात भएका गणेश-मूर्तिहरूलाई चौथोको रूपमा र सरस्वतीका मूर्तिहरूलाई पाचौँका रूपमा उल्लेख गर्नु पनि औचित्यपूर्ण नै देखिन्छ। सरस्वतीका यस्ता सुन्दर मूर्तिहरू काठमाडौँ शहरमा ठाउँ-ठाउँमा टुटि-फुटिरहेका पाइन्छन्। हुन त यस्ता सवै मूर्तिहरूमा अङ्ग-प्रत्यङ्गहरू सुन्दर बनेका छन्, तर वीणा वजाउने औँलाहरूको भावभङ्गी भने सवैमा अपेक्षाकृत अझै सुन्दर रहेको छ र वीणाको आकार-प्रकार तथा सुन्दरता कुनैमा पनि कम रहेको देखिँदैन।

काठमाडौँ तीनधाराको शिरानमा रहेको सरस्वतीको मूर्ति यस समयमा वनेका अन्य सवै मूर्तिहरूमा विशिष्ट मनिन्छ। देवपाटन कैलासको दक्षिणी काखमा रहेको महिषमर्दिनी भगवतीको मूर्तिलाई यस समयमा बनेको छैटौँ सुन्दर मूर्तिको रूपमा गणना गर्नु उपयुक्त हुनेछ। यस मूर्तिमा जुन किसिमको विशिष्ट पालिस लागेको थियो, त्यो छ-सय वर्षभन्दा बढी समयको घाम-पानीहरूलाई सहेर पनि आश्चर्यजनक रूपमा आजसम्म पनि यथावत् रूपमा बचिरहेको छ। यत्तिको सुन्दर तथा कलापूर्ण मूर्ति नेपाल-अधिराज्यमा अन्यत्र बिरलै मात्र प्राप्त गर्न सकिन्छ। सातौँमा, काठमाडौँ हुनमानढोका मोहनचोकमा रहेको कालीय-दमनको मूर्ति रहेको पाइन्छ। यो चोक सत्रौँ शताब्दीमा मात्र बनेको देखिन्छ तापनि उक्त मूर्ति अन्यत्र कहीँबाट यस चोकमा ल्याएर राखेको अनुमान हुन्छ। नागको फणामाथि चढी कालीय-नागको दमन गरिरहेका बालकृष्णको यो मूर्ति पनि सर्वाङ्गसुन्दर तथा निकै कलापूर्ण पनि रहेको छ।

चौधौँ शताब्दीको उत्तरार्द्धदेखि मूर्ति-कलाको क्षेत्रमा पनि अर्वाचीन-काल प्रारम्भ भएका लक्षणहरू देखा पर्न थाल्दछन्। यस समयपछिको नेपाली ललित-कलामा भारतबाट कुनै प्रभाव परेको लक्षण देखिँदैन। यतिवेला यहाँका मूर्तिकारहरूले आफ्नै आत्मबलले आफ्नो शिल्प-परम्परालाई बचाइराख्ने उद्योग गर्दैरहेको पाइन्छ। यस कालमा यहाँ बनेका मूर्तिहरू वैदिक सनातनी देवालय तथा वौद्ध चैत्यहरूभित्र पूजित अवस्थामा प्रायः साबुतै रहिरहेका पाइन्छन्। मुगल आक्रान्ता सुल्तान समसुद्दीन इलीयस शाहको जोडदार आक्रमण हुँदा ध्वस्त भएको स्वयम्भूको प्रसिद्ध चैत्य इ.सं.

१३७२ मा पुननिर्माण गराउँदा त्यहाँका रहेका टुटे-फुटेका प्राचीन मूर्तिहरू त्यहाँबाट हटाएर त्यहाँ नयाँ मूर्तिहरू स्थापना गराइएका देखिन्छन्। भगवान् पशुपतिनाथको वर्तमान आराध्य मूर्ति पनि इ.सं. १३८२ मा बनेको स्पष्ट देखिन्छ। यी सबै मूर्तिहरू पुराना मूर्तिहरूलाई आधार मानेर तिनै मूर्तिहरूको अनुकरणमा बनाएकाले त्यति आकर्षक देखिँदैनन्। लगभग यसै समयमा पलाञ्चोकमा पनि प्राचीन-मूर्तिको प्रतिकृतिको रूपमा भगवती दुर्गाको नयाँ मूर्ति पनि बनाइएको पाइन्छ। पछि यसैको नमूनामा नक्साल-भगवतीको मूर्ति पनि बनाइएको देखिन्छ तापनि यसमा भने उत्तिको सजीवता तथा कलात्मक सौन्दर्य पनि प्रकट हुन सकिरहेको छैन। सोन्हौं शताब्दीतिर बनेको पशुपति वनकालीको नजिकमा रहेको गुरु गोरखनाथको मूर्ति पनि यस समयमा बनेका मूर्तिहरूमध्ये निकै नै आकर्षक मानिन्छ। पछिल्ला सुन्दर मूर्तिहरूमा ललितपुर राजभवन अगाडि रहेको सुप्रसिद्ध कृष्ण-मूर्ति, काठमाडौं हनुमानढोका राजभवनमा रहेको नरसिंहको मूर्ति तथा भक्तपुर राजभवनको वगलमा रहेका जयमल तथा पत्ताका पाषाण-मूर्तिहरू रहेका पाइन्छन्। यी सबै मूर्तिहरू सत्रौं शताब्दीको उत्तरार्द्ध तथा अठारौं शताब्दीको पूर्वार्द्धमा निर्माण भएका देखिन्छन्।

यसपछि दिन-परदिन ह्रास हुँदै आएर अचेल नेपाली मूर्तिकला दीन-हीन अवस्थामा आइपुगेको छ। तिब्वतका प्रसिद्ध राजा स्रङ्चङ्-गम्पोका बोके-दाह्री भएका स्वयम्भू-चैत्य, खासा-चैत्य तथा फर्पिङ्-घ्याङ्मा रहेका मूर्तिहरू पनि अर्वाचीन-कालमा नै बनेका देखिन्छन्। तर यिनमा तिब्वती मूर्तिकलाको प्रभाव पनि स्पष्ट रूपमा देखिन्छ। उन्नाइसौं शताब्दीको मध्यभागमा वीरभद्र कुँवरले आफ्नो तथा आफ्ना पत्नीहरूको मूर्ति बनाएर पशुपतिको मन्दिर नजिक स्थापना गर्न लगाएका छन्। यसमा गिरिरहेको नेपाली मूर्तिकलाको झलक स्पष्ट रूपमा देखिन्छ।

पत्थरमा बनेका पाषाण-मूर्तिहरूको संक्षिप्त विवरण यही नै हो। यसै सन्दर्भमा धातुले बनेका मूर्तिहरूको सम्वन्धमा पनि केही चर्चा गर्नु यहाँ प्रासङ्गिक नै हुनेछ।

सातौं शताब्दीमा, नेपाल-अधिराज्यको राजभवन 'कैलासकूट-भवन'मा रहेका गोहीका सुन्दर धातु-मूर्तिहरूको वर्णन नेपाल-अधिराज्यको यात्रा गर्ने तात्कालिक चिनियाँ तीर्थयात्रीहरूले मुग्धकण्ठले गरेका छन्। ललितपुर 'क्वा-वहाल'मा रहेको बुद्ध-मूर्ति, पशुपति मन्दिरको गर्भगृहको दक्षिणतर्फको ढोकाको दायाँ तथा बायाँ रहेका आर्यताराका दुईवटा धातुमूर्तिहरू र त्यहीं मन्दिरबाहिर रहेको – खण्डहरहरूबाट निकालिएको – अर्धनारी-नटेश्वरको धातुमूर्ति पनि इसवीय-संवत्को तन्हौं शताब्दीमा वनेका मूर्तिकलाका सुन्दर नमूनाहरूका रूपमा रहेका छन्। यी मूर्तिहरू अझैसम्म सावुतै पाइनु संयोगको नै कुरा हुन आएको छ।

अर्वाचीन-कालका धातु-मूर्तिहरूमा पनि आरम्भका तीन शताब्दीसम्मका मूर्तिहरूमा मात्र कलात्मक सौन्दर्य पाइन्छ। यस्ता मूर्तिहरू अहिले लुकी-छिपी

निरन्तर विदेशतिर गैरहेका छन् तापनि यहाँका बौद्ध-बहालहरूमा शक्यमुनि, वोधिसत्त्व, अवलोकितेश्वर, तारा तथा भैरव आदिका मूर्तिहरू भने अद्यापि प्रचुरमात्रामा पाइँदैछन्। एक-सयभन्दा बढी धातु-मूर्तिहरूको सङ्ग्रह राष्ट्रिय-सङ्ग्रहालयमा पनि रहेको पाइन्छ। पन्ध्रौं वा सोन्हौं शताब्दीमा बनेको, रथारूढ भएर चैत्यको प्रदक्षिणा गर्दै रहेको कुनै मल्ल-राजाको त्यहाँ रहेको धातुमूर्ति पनि निकै सुन्दर तथा कलात्मक पनि देखिन्छ। यिनैताक बनेका राजा तथा रानीका त्यहीँ रहेका अन्य दुई मूर्तिले पनि आफ्नो कलात्मक सौन्दर्यको साथै त्यस समयमा प्रचलित रहेका भेष-भूषाहरूलाई पनि प्रकट गरिरहेका पाइन्छन्।

सोन्हौं तथा सत्रौं शताब्दीमा बनेका राजा तथा रानीहरूका अन्य अनेकौं मूर्तिहरू पनि पशुपति-मन्दिर तथा तलेजु-मन्दिरका अगाडि पाषाण-स्तम्भहरूमाथि रहिरहेका देखिन्छन्। यिनीहरूमा कलात्मक सौन्दर्य क्रमशः घट्दै आइरहेको देखिन्छ तापनि भक्तपुरमा तलेजु-मन्दिर अगाडि रहेको राजा भूपतीन्द्र मल्लको मूर्ति भने अन्य धातु-मूर्तहरूभन्दा निकै सुन्दर देखिन्छ। उन्नाइसौं शताब्दीको प्रारम्भमा प्रसिद्ध भारदार भोटु पाँडेले स्थापना गराएको स्वामी-महाराज रणवहादुर शाह तथा यिनकी जेठी महारानी राजराजेश्वरीदेवीको युगल-मूर्ति पशुपति मन्दिरवाहिर अफैसम्म पनि देख्न पाइन्छ। यी मूर्तिहरूमा कलाकारहरूले तात्कालिक भेषभूषाहरू देखाउने राम्रो चेष्टा गरेका छन्, तर कलाको गिर्दो अवस्था भने यसबाट पनि प्रकट हुन्छ। लगभग यही नै अवस्था राष्ट्रिय-सङ्ग्रहालयमा रहेको यिनैकी कान्छी रानी ललित-त्रिपुरासुन्दरी देवीको मूर्तिको पनि रहेको छ।

धातुमूर्तिको अन्तिम नमूनाको रूपमा नेपालका पहिला राणा-अधिनायक जङ्गवहादुर कुँवर राणाको कालमोचन-घाटमा रहेको प्रसिद्ध मूर्ति रहेको छ। सुन बढी दलिएको हुनाले अपेक्षाकृत बढी उज्यालो देखिए तापनि कलात्मक सौन्दर्य भने यसमा स्पष्ट रूपमा नै गिरिसकेको पाइन्छ। जङ्गबहादुरपछिका अन्य राणा-अधिनायकहरूले भने नेपाली कलाहरूको प्रयोग गर्न छोडिदिएर युरोपीय मूर्तिकलालाई अपनाउन थालेका थिए। जङ्गबहादुर कुँवर राणापछिका सबै राणा-अधिनायकहरूले आफ्ना स्टचाचु वा प्रतिकृतिहरू युरोपतिरबाटै ढालेर ल्याएका छन्। यसले गर्दा नेपाली धातुकला हाललाई शोचनीय अवस्थामा पुगिरहेको पाइन्छ। आफ्नो राष्ट्रिय गौरवको रूपमा रहेको यस कलाको संरक्षण तथा सम्वर्द्धन गर्नु आज हाम्रो महत्त्वपूर्ण कर्तव्य हुन आएको छ।

* * *

पूर्वप्रकाशित लेख-रचना
साभार – 'प्रगति' *(द्वैमासिक-पत्रिका)* वर्ष १, अङ्क ३,
वि.सं. २०१० भाद्र-आश्विनबाट।

(ङ) शिल्पकार अरनिको, यिनको परिवार तथा जन्मस्थल

इसवीय-संवत्को तेऱ्हौं शताब्दीको कुरा हो, यतिवेला वर्तमान चीनको उत्तर-पश्चिमतर्फ मङ्गोलियामा रहेका मङ्गोल सरदार 'चङ्गेज खाँ'ले सारा सभ्य संसारलाई थर्काई तात्कालिक सभ्य-संसारको मानचित्रलाई नै बदलिरहेका थिए(इ.सं. १२०३-२७)। यिनको देहान्तकालमा मङ्गोल-साम्राज्य पूर्वमा प्रशान्त-महासागरदेखि पश्चिममा कास्पियन-सागरसम्मका विस्तृत भूभागहरूमा फैलिइसकेको थियो। यस समयमा चीन-साम्राज्य पनि तीन विभागमा विभक्त भैरहेको देखिन्छ। उत्तरी भागमा 'किन्'-राजवंशका राजाहरू शासन गरिरहेका थिए भने मध्यभागमा 'हिसिया'-राजवंश र दक्षिणी भागमा 'शुङ्'-राजवंशका राजाहरूको अलग-अलग राज्य-प्रशासन सञ्चालित भैरहेको थियो। चङ्गेज-खाँले प्रारम्भमा नै किन्-राज्यको राजधानी पेकिङ्मा नियन्त्रण स्थापित गरिसकेका थिए।

चङ्गेज-खाँको देहान्तपछि यिनका उत्तराधिकारी एवं छोरा ओगताइ-खाँको नियन्त्रणमा उत्तरी चीन रहिरहेकै थियो। ओगताइ-खाँका भतिजा मानकु-खाँले चीन महादेशको बाँकी बचेका दुईवटा राज्यमा पनि नियन्त्रण स्थापित गरी आफ्ना भाइ कुवलय-खाँलाई समग्र चीनका प्रशासकका रूपमा नियुक्त गरे। चीनमा 'युआन-राजवंश'को स्थापना गराउने श्रेय यिनै कुवलय-खाँलाई नै प्राप्त रहेको छ। यिनले इ.सं. १२५९ देखि इ.सं. १२९४ सम्म चीनमा शासनव्यवस्था सञ्चालन गरिरहेको मानिन्छ।

तिब्बत पनि बादशाह चङ्गेज खाँकै राज्यकालमा मङ्गोलहरूको नियन्त्रणमा आइसकेको थियो। यस समयसम्म मङ्गोलहरूले कुनै सभ्य धर्म-विशेषलाई ग्रहण गरिसकेका थिएनन्। बादशाह मानकु-खाँले एउटा धार्मिक-सभाको आयोजन गरी तात्कालिक सभ्य-समाजमा प्रचलित रहेका इसाई, इस्लाम, बौद्ध आदि विभिन्न प्रतिष्ठित धार्मिक सम्प्रदायका विशिष्ट नेताहरूलाई त्यस धार्मिक सभामा आमन्त्रित गरी :– "कुन धर्मलाई ग्रहण गरेमा बढिया होला ?" भनी आफ्नो मनोकाङ्क्षा प्रकट गरे। त्यस धार्मिक-सभामा सबै प्रतिष्ठित धार्मिक सम्प्रदायका धर्मगुरुहरूले बादशाह मानकु-खाँको समक्षमा आ-आफ्ना धर्म तथा सम्प्रदायका महत्ता तथा गौरवहरूमाथि प्रकाश पार्दै आ-आफ्नै किसिमले सक्दा गुणगानहरू गाए। तर त्यसबाट बादशाह मानकु-खाँमा कुनै पनि प्रभाव पर्न सकेन। यसै धार्मिक-सभामा तिब्बतको 'सक्य' बौद्ध-विहारबाट पनि 'फग्-पा' नामक एक-जना प्रतिष्ठित बौद्ध-भिक्षुले बौद्धधर्मको प्रतिनिधित्व गरिरहेका थिए। "बौद्धधर्म नै महान् हो र इसाई तथा इस्लाम-धर्महरू सबै बौद्ध-धर्मबाट नै विकसित भएका हुन्" – भनी यिनले बादशाह मानकु-खाँलाई सहजरूपमा नै विश्वास दिलाइदिए। यसबाट बादशाह मानकु-खाँमा ठूलो प्रभाव पऱ्यो। पछि बादशाह कुवलय-खाँले पनि तिब्बती बौद्ध-भिक्षु फग्-पाको शिष्य बनेर

बौद्ध-धर्मलाई ग्रहण गरी मङ्गोलियाको साथसाथै चीनका निवासीहरूलाई पनि बौद्ध-धर्मका अनुयायीहरूका रूपमा परिणत गराइदिएका थिए।

बादशाह कुवलय-खाँको राज्यकालमा नै नेपाल-अधिराज्यबाट एक-जना नवयुवक शिल्पकारले तिब्बत तथा चीनमा पनि पुगी यिनले त्यहाँ आफ्नो जुन किसिमको शिल्प-चातुर्य देखाए, त्यो निकै नै आश्चर्यजनक तथा गौरवपूर्ण पनि रहेको छ। यस समयमा नेपाल-अधिराज्यमा राजा जयभीमदेव मल्लको राज्यकाल चलिरहेको थियो *(इ.सं. १२५८-७१)*। बौद्ध-भिक्षु फग्पाले बादशाह कुवलय-खाँबाट तिब्बतमा रहेको सक्य-मठमा एउटा सुवर्ण-स्तूपको निर्माण गर्ने अनुमति प्राप्त गरेका थिए। यस स्तूपको निर्माणको निमित्त उनले नेपाल-अधिराज्यसँग एक-शय जना दक्ष शिल्पकारहरूको माग गरे। तर, तिब्बतसँगको दुर्गमता तथा दूरीले गर्दा कत्ति कोसिस गर्दा पनि ८० जनाभन्दा बढी दक्ष शिल्पकारहरू त्यहाँ जानको निमित्त तैयार भएनन्। "तिब्बतमा जाने दक्ष शिल्पकारहरूको नेतृत्व कसले गर्ने ?" भन्ने जटिल समस्या पनि उपस्थित हुन आएको थियो। यत्तिकैमा भर्खरै सत्र-वर्षमात्र उमेर पुगेका एक-जना नवयुवक शिल्पकार यहाँबाट जाने अन्य शिल्पकारहरूलाई नेतृत्व प्रदान गर्न अग्रसर भए। विलक्षण प्रतिभाले युक्त यिनै नवयुवक शिल्पकारको नाम थियो :- 'अरनिको'। चिनियाँ उच्चारणअनुसार 'अरनिको'को ठीक उच्चारण 'अनिको' हुने गरेको पाइन्छ। शिल्पकार अरनिको ठिटै भए पनि कुशाग्र बुद्धिका व्यक्ति थिए। यिनको यही व्यक्तित्वले गर्दा नै यिनलाई शिल्पकारहरूको दलको नेतृत्व ग्रहण गर्न प्रेरित गरिरहेको थियो।

शिल्पकार अरनिकोको नेतृत्वमा तिब्बतमा पुगेका नेपाली शिल्पकारहरूले पुनपुग दुई-वर्षको बीचमा सक्य-मठमा जुन बौद्ध-स्तूपको निर्माण गरेका थिए, त्यो अत्यन्त नै आकर्षक तथा मनमोहक पनि देखियो*(इ.सं. १२६० को आसपास)*। यसबाट त्यस मठका प्रधान-आचार्य – बौद्ध भिक्षु फग्पा – नेपाली शिल्पकारहरूदेखि अत्यन्त नै मुग्ध भए। उनले शिल्पकार अरनिकोलाई आफैँले नै बौद्ध-भिक्षुको रूपमा दीक्षित तुल्याए। नयाँ निर्माण भएको बौद्ध स्तूपबाट बौद्ध-भिक्षु फग्पा मन्त्रमुग्ध भएका थिए। यिनले नवयुवक शिल्पकार अरनिकोको शिल्पविद्याको ख्यातिलाई बादशाह कुवलय-खाँसम्म पुऱ्याइदिएका थिए।

बादशाह कुवलय खाँले शिल्पकार अरनिकोलाई चीनको तात्कालिक राजधानी पेकिङ्मा आउनको निमित्त आमन्त्रण गरे। बादशाहको आमन्त्रणलाई यिनले अनादर गर्न सकेनन्। फलतः आफ्ना केही शिल्पकार सहयोगीहरूका साथ यिनी केही समयपछि चीन-साम्राज्यको राजधानी पेकिङ्मा पुगे पनि। यिनताक हिमालयका दुर्लङ्घ्य घाटाहरूलाई पार गरी तिब्बतको राजधानी ल्हासामा पुग्न झण्डै २० दिनजतिको समय लाग्दथ्यो र त्यहाँबाट पैदल पेकिङ्मा पुग्न थप ३ महिनाजतिको समय खर्च हुन्थ्यो। पेकिङ्मा बादशाह कुवलय खाँका सामुमा उपस्थित गराइँदा बादशाहले शिल्पकार अरनिकोसँग स्नेहपूर्वक प्रश्न गरे :- "एउटा शक्तिशाली बादशाहका सामुमा यसरी उपस्थित गराइँदा तिमीलाई कुनै किसिमको भय त लागिरहेको छैन ?"

यस प्रश्नको जवाफमा नवयुवक शिल्पकार अरनिकोले आत्मविश्वासपूर्वक उद्‌गार व्यक्त गरे :– "हामी नेपाली नागरिकहरू आफ्ना राजालाई पिताको रूपमा आदर गर्दछौं, यसैले एउटा अवोध बालक आफ्ना पिताको अगाडि जसरी निर्धक्क भएर अघि सर्न सक्तछ, त्यसैगरी म पनि हजूरको अगाडि निश्चिन्त भएर उपस्थित भएको छु।" नेपाली शिल्पकारको यो उत्तर सुनेर वादशाह कुवलय खाँ भावुकतापूर्वक दङ्ग भए।

वादशाह कुवलय-खाँले यिनलाई सर्वप्रथम आफ्नो राजभवनमा रहेको शुङ्-राजवंशका एक-जना पुराना राजाको विग्रिएको कांस्य-मूर्तिलाई जीर्णोद्धार गरिदिने अभिभारा सुम्पिदिए। भनिन्छ, शिल्पकार अरनिकोले यस मूर्तिलाई यति राम्रोसँग मरम्मत गरिदिए कि यो मूर्ति नयाँ निर्माण गरिएको भन्दा पनि सजीव तथा सुन्दर पनि देखियो। यसले गर्दा बादशाह कुवलय खाँ शिल्पकार अरनिकोको कलाकारितादेखि स्तब्ध रहे। यिनको शिल्प-चातुर्यबाट प्रभावित भएका वादशाह कुवलय-खाँले यिनलाई सदाको निमित्त आफ्नै देशमा रहिरहनको निमित्त आग्रह गरे। यति मात्र होइन, उनले यिनलाई आफ्नो राजभवनमा कार्यरत रहेका सम्पूर्ण शिल्पकारहरूको प्रमुखको रूपमा पनि नियुक्त गरिदिए। समय बित्दै गयो। केही वर्षपछि यिनले आफ्नो मातृभूमि नेपालमा फर्कने चाहना पनि व्यक्त नगरेका होइनन्, तर वादशाहबाट यसको निमित्त अनुमति भने प्राप्त हुन सकेन।

शिल्पकार अरनिकोले चीनमा रहेर वास्तुकला तथ मूर्ति-कलाको क्षेत्रमा मात्र होइन, चित्र-कलाको क्षेत्रमा पनि आफ्नो अद्‌भूत कला-शिल्पहरू प्रदर्शन गरेका थिए। रेशमी कपडाहरूमा यिनले लेखेका राजा, रानी र अन्य प्रतिष्ठित व्यक्तित्वका चित्रहरू सुन्दरताका प्रतिमूर्तिहरूका रूपमा तात्कालिक चिनियाँ समाजमा प्रसिद्ध रहेका पाइन्छन्। शिल्पकार अरनिकोकै नेतृत्वमा त्यहाँ अनेकौं बौद्ध-विहार, स्तूप, बुद्धमूर्ति तथा चित्रहरू तैयार भए। यिनले निर्माण गरेको 'सेतो-चैत्य' त्यहाँ अझैसम्म पनि यथावत् रूपमा रहि नै रहेको पाइन्छ।

आफ्नो अद्‌भूत कलात्मक प्रतिभाले गर्दा शिल्पकार अरनिको अेनकौं राजकीय सम्मान, पद तथा प्रतिष्ठाहरूले पनि सम्मानित भएका थिए। यिनले पछि त्यहीं नै आफ्नो विवाह गरे र आफ्ना शिष्य तथा छोराहरूलाई पनि शिल्पकलाहरूको काममा दीक्षित तुल्याए। यी अद्वितीय शिल्पकारको त्यहीं नै ६२ वर्षको उमेरमा – इ.सं. १३०६ को मार्च ११ तारिखका दिन – देहान्त भयो। यिनको परिचय लेखिएको एक अभिलेख पेकिङ् शहरदेखि पश्चिमतर्फ 'युआन्-पीङ्' नामक जिल्लाको 'शाङ्-सन्' नामक गाउँमा रहेको यिनको समाधि-स्थलमा रहेर अझैसम्म पनि यिनको कीर्ति-कथालाई गाउँदै रहेको पाइन्छ।

मन्दिरहरूमा चारवटा पाटा भएका छानाहरू लगाउने जुन सुन्दर वास्तुशैलीको नेपाल-अधिराज्यमा आविष्कार भएको थियो, त्यही शैली शिल्पकार अरनिको तथा यिनका सहयोगीहरूकै माध्यमबाट सबैभन्दा पहिले तिब्बत तथा पछि चीनमा समेत फैलिई अझै पछि दक्षिण-पूर्वी एशिया तथा जापानसम्म पनि फैलिन पुगेको

पाइन्छ । वर्मा*(म्यन्मार)* मा वन्ने वौद्ध-पगोडाहरू पछि यसै वास्तु-शैलीमा वन्न थालेकाले पश्चिमा वास्तुविद्‌हरूले यस शैलीलाई भ्रमवश :– 'पगोडा-शैली' भन्ने दिएको पाइन्छ। जेहोस्, नेपाल-अधिराज्यको राष्ट्रिय वास्तुशैलीलाई तिव्वत,चीन तथा दक्षिणपूर्वी एशियाभर फैलाई यस क्षेत्रलाई नेपाल-अधिराज्यको ऋणी वनाउनमा शिल्पकार अरनिको तथा यिनका सहयोगीहरूको नै प्रमुख हात रहेको पाइन्छ।

शिल्पकार अरनिको को थिए ? र कसरी यस्ता महान् कलाकार वन्न सके ? यो एउटा कौतुकको विषय वनेर रहेको छ। फ्रेञ्च विद्वान् सिलभ्याँ-लेभी तथा इटालियन विद्वान् पेतेक्‌ले समेत यिनलाई राजकुलका व्यक्ति भनी उल्लेख गरेका छन् । तर मेरो विचारमा भने यो कुरा सम्भव छैन । त्यस समयमा नेपालको राजवंश क्षत्रिय थियो, वौद्ध थिएन । क्षत्रिय-वर्गका नागरिकहरू ललितकला तथा शिल्प-कलाका कामहरू पटक्कै गर्दै-गर्दैनथे । उता, वौद्ध-विहारहरू भने यिनताक ललित-कला, शिल्प-कला, विद्यालय तथा औषधालयका केन्द्रहरूका रूपमा पनि विकसित भएर रहेका देखिन्छन्। यसैले मेरो विचारमा प्रतिभाशाली यी शिल्पकार गृहस्थ वौद्ध अर्थात् 'उपासक' वा 'उदास' वर्गका थिए । वाल्यकालमा कुनै वौद्ध-विहारमा रही शिल्प-विद्याको प्रयोगात्मक अध्ययन गरेका यी कलाकारको १७ वर्षको उमेरमा विवाह समेत भैसकेको पाइन्छ। यिनी सम्भवतः नेपाल-अधिराज्यको राजकुलमा ललितकलाहरूको काम गर्ने शिल्पी-परिवारका व्यक्ति थिए। यसैले नै राजपरिवारसँग यिनको सम्वन्ध देखाइएको आभास पाइन्छ।

यिनको नाम 'अनिको' वा 'अरनिको' कसरी रह्यो ? यो पनि जिज्ञासाको नै विषय भएर रहेको छ। यिनको यो नाम शुद्ध नेपाली नाम नभएर नेपाली नामको चिनियाँ रूपान्तर भएकोमा कुनै पनि सन्देह रहेको छैन। यिनताक मानिसका नामहरूमा 'अनेक' नाम निकै नै प्रचलित रहेको पाइन्छ । उदाहरणको रूपमा शिल्पकार अरनिकोका समकालिक नेपाली राजा अनन्त मल्लका वाजेको नाम :– 'अनेक मल्ल' देखिन्छ । यसैले शिल्पकार अरनिकोको नेपाली नाम पनि 'अनेक' भएको र यसैको चिनियाँ रूपान्तर 'अनिको' भएको झलक पाइन्छ । 'अनिको' नै नेपाली उच्चार णअनुसार आज-भोलि :– 'अरनिको'को नामले प्रसिद्ध रहेका छन्।

समाधिस्थलमा राखिएको अभिलेखमा शिल्पकार अरनिकोका परिवारका सदस्यहरूको नाम पनि दिइएको पाइन्छ। समाधि लेखअनुसार यिनको नेपाली विवाहिता पत्नीको नाम चिनियाँ उच्चारण अनुसार 'चे-यत-लक्-मी' लेखिएको पाइन्छ। यसको नेपाली रूप :– 'जयन्तलक्ष्मी' हुनु अधिक सम्भव छ। आफ्नी यी विवाहिता पत्नीलाई नेपालमा नै छोडेर तिव्वतमा गई भिक्षु-जीवन ग्रहण गरेका शिल्पकार अरनिकोले चीनमा पुगी केही वर्षपछि गृहस्थ भएर एउटी मङ्गोल-कन्यासँग विवाह-सम्वन्ध स्थापित गरेको देखिन्छ । यिनीतर्फ र अन्य सातवटी उपपत्नीहरूतर्फ समेत गरी शिल्पकार अरनिकोका ६ वटा छोरा तथा ८ वटी छोरीहरू पनि जन्मिएका पाइन्छन्। विवाहिता पत्नी जयन्तलक्ष्मी पछि चीनसम्म पुग्न सकिन् वा सकिनन् ? निश्चित रूपमा केही पनि भन्न सकिँदैन । समाधिलेख अनुसार नै अरनिकोका माता एवं पिताको नाम

चिनियाँ उच्चारणअनुसार क्रमशः :– 'मि-ति-ई' तथा 'लक्-ओन्' पाइन्छ, जसको मूल-रूप :– 'मैत्रेय' तथा 'लक्ष्मण' भएको आभाष मिल्दछ। यिनैताक नेपाल-अधिराज्यमा ताडपत्रमा लेखिएका अनेकौं पुस्तकहरू स्वदेशमा तथा विदेशहरूमा पनि यत्रतत्र पाइन्छन्। यी सबैमा लिपिकारहरूको नाम संस्कृत रूपमा मात्र उपलब्ध रहेकाले शिल्पकार अरनिको तथा यिनका परिवारहरूको नाम पनि संस्कृतेतर भाषाको हुनु सम्भव देखिँदैन।

शिल्पकार अरनिकोको जन्म इ.सं. १२४५ मा भएको निश्चित छ। यस समयमा नेपाल-अधिराज्यमा राजा अभय मल्लको राज्यकाल चलिरहेको थियो*(इ.सं. १२१६-५५)*। यिनका उत्तराधिकारी जयदेव मल्लको राज्यकालमा*(इ.सं. १२५५-५८)* पनि यिनी नेपाल-अधिराज्यमा नै रहिरहेको देखिन्छन्। जयदेव मल्लका उत्तराधिकारी राजा जयभीमदेव मल्लको शासनकाल*(इ.सं. १२५८-७१)* को आरम्भमा इ.सं. १२६२ मा यिनी तिब्बतमा पुगेका र सुवर्ण-स्तूपको निर्माण पूरा गरी इ.सं. १२६३ मा यिनी त्यहाँबाट चीनतर्फ लागेका देखिन्छन्। जयभीमदेव मल्लका उत्तराधिकारीहरू जयसिंह मल्ल *(इ.सं.१२७१-७४)* तथा अनन्त मल्ल*(१२७४-१३०९)* का राज्यकालहरूमा चीनमा आफ्नो ख्याति आर्जित गर्दै रहेर बादशाह कुवलय-खाँको देहान्त भएको १२ वर्षजति पछि इ.सं. १३०६ मा ६२ वर्षको उमेरमा त्यहीँ नै यिनको पनि देहान्त भएको पाइन्छ।

शिल्पकार अरनिकोको जन्मस्थल कुन ठाउँमा रहेको थियो होला ? यो पनि रहस्यको गर्भमा नै रहेको छ। त्यस समयको त के कुरा पछिसम्म पनि भक्तपुर शहर ललित-कलादेखि प्रायः अनभिज्ञ नै रहेको पाइन्छ। भक्तपुर शहरका निवासीहरू मूल रूपमा कृषकहरूका रूपमा नै रहँदै आइरहेका पाइन्छन्। तिनताक ललितपुर तथा कान्तिपुर शहरहरू नै ललित-कलाका मुख्य केन्द्रहरूका रूपमा विकसित भैरहेका देखिन्छन्। त्यसमा पनि ललितपुर शहरले काठमाडौं शहरलाई उछिनिरहेको थियो। यो प्रवृत्ति आजसम्म पनि कायमै रहिरहेको पाइन्छ। तिब्बतबाट एक-शय जना कलाकारहरूको माग आउँदा पनि शिल्पकार अरनिकोको नेतृत्वमा ८० जनामात्र त्यहाँ जान तत्पर रहेका थिए। यसैले शिल्पकार अरनिकोको साथमा जाने अधिकांश शिल्पकारहरू ललितपुर शहरका नै रहेका र यिनीहरूको नेतृत्व गर्ने नवयुवक शिल्पकार अरनिकोको जन्मस्थल पनि ललितपुर शहरमा नै रहेको झलक पाइन्छ।

शिल्पकार अरनिको यस संसारबाट विदा भएको आज छ-शताब्दी बितिसक्यो, तर यनले चीनमा पुगेर त्यस क्षेत्रमा आफ्नो वैशिष्ट्य प्रदर्शन गरी जुन राष्ट्रिय गौरव कायम गरे त्यसले गर्दा अझै निकै लामो समयसम्म अमर शिल्पकारका रूपमा यिनको स्मृति राष्ट्रप्रेमी नेपाली नागरिकका मानसपटलहरूमा ताजा नै रहिरहने छ।

* * *

– पूर्व प्रकाशित।

साभार :– 'हिमवत्संस्कृति' *(त्रैमासिक-पत्रिका)*

वर्ष १, अङ्क ३, २०१६ *(मूल पाण्डुलिपिअनुसार परिवर्द्धित)*।

(च) डोलाजी-विवाह

वर्तमान काठमाडौं उपत्यका तथा यसका आसपासका क्षेत्रहरूमा प्राचीन-कालदेखि नै 'नेपार' वा नेवार जातिका बस्तीहरू रहँदै आइरहेका देखिन्छन्। 'नेपाल' तथा 'नेवार' दुवै शब्द एउटै मूल शब्दका विकसित रूप देखिन आएकाले यस देशको नाम 'नेपाल' रहनुमा यसै 'नेपार' जातिको योगदान रहेकोमा कुनै पनि सन्देह रहेको छैन ।

'नेपार' वा नेवार-वर्गका नागरिकहरूले बोल्ने गरेको मातृभाषा आर्यभाषा-परिवारको नभएर आर्येतर भाषा-परिवारको देखिन्छ, तर यसको रङ्ग तथा रूपमा भने आर्य-जातिको नै लक्षण बढीमात्रामा पाइन्छ । भारतीय आर्यहरूको प्राचीन वर्ण-व्यवस्था निकै सुन्दर थियो, तर पछि यसमा विकृतिहरू आएर यसमा जात-पातका अनेकौं जन्जालहरू फैलिन थालेको पाइन्छ। 'नेपार' वा नेवार-जातिमा पनि जात-पातहरूको यस्तै जन्जालहरू फैलिएको देखिनाले वर्तमान नेवारी संस्कृति पनि मूल-रूपमा भारतीय संस्कृति नै भएकोमा कुनै पनि सन्देह रहेको छैन ।

सर् जर्ज ग्रियर्सन आदि भाषा-वैज्ञानिकहरूले नेवारी भाषालाई 'तिब्वत-वर्मेली' भषा-उपपरिवारमा गनेका छन्। तर नेपालका पुराना ऐतिहासिक लेखहरूको छानवीन गर्दा भने यो भाषा तिब्वत-वर्मेली उपपरिवारको भाषा नभएर 'किरात' ('Astro-Asian') वर्गको भएको प्रमाणित हुन्छ। नाम तथा क्रियापदहरूका साथ सर्वनामको प्रयोग आवश्यक हुनु यस भाषा-परिवारका भाषाहरूको प्रमुख लक्षण मानिन्छ। पूर्वी नेपालमा आबाद रहेका 'थामी', 'हायू', 'खम्वू', 'धिमाल', 'चेपाङ्' आदि जन-जातिका बोलीहरू तथा सुदूर-पश्चिममा आवाद रहेका 'साउका'हरूको बोलीमा पनि यही नै लक्षण पाइन्छ । यसैले यी सबै जातिहरू एउटै किरात-वर्गका जनजातिहरू हुन् भन्ने प्रमाणित हुन आएको छ । परिचयको निमित्त सुविधाको दृष्टिले यस भाषा-परिवारको भाषालाई :– "सार्वनामिक भाषा-परिवारको भाषा" भनी भन्न सकिन्छ। नेपाली-भाषा तथा तिब्वती-भाषा भने असार्वनामिक भाषा-परिवारका भाषाहरू हुन्। नेपालका 'मगर', 'गुरुङ्', 'मुर्मी' तथा 'शेर्पा'हरूको रङ् तथा रूपहरूमा किरात-जातिका लक्षणहरू बढीमात्रामा पाइन्छन्, तर यिनका बोलीहरू भने असार्वनामिक भाषा-परिवारका रहेका छन्। 'सुनुवार' जातिको पनि यही नै स्थिति रहेको छ ।

सुनुवार-बोलीले गत एक-शय वर्षको बीचमा सार्वनामिक भाषा-परिवारको बोलीको लक्षणवाट असार्वनामिक भाषा-परिवारको बोलीको लक्षणलाई ग्रहण गरेको दृष्टान्त सर् जर्ज ग्रियर्सनले नै दिएका छन्। यसैगरी नेपाली भाषाको प्रभावले गर्दा मगर-वर्गको बोली तथा तिब्वती भाषाको प्रभावले गर्दा गुरुङ्, मुर्मी तथा शेर्पा जातिका बोलीहरू पनि सार्वनामिक-समूहवाट असार्वनामिक-समूहमा परिणत भएका देखिन्छन् । यही स्थिति नेवारी-भाषाको पनि रहेको छ। नेवारी-भाषाका छ-सात सयवर्ष पुराना

जुन नमूनाहरू पाइन्छन् तिनमा पनि यस भाषाको रूप असार्वनामिक नै देखिन्छ। मूल रूपमा सार्वनामिक लक्षण भएको नेवारी-भाषाले पछि असार्वनामिक रूप कसरी ग्रहण गऱ्यो होला ? यो भने जिज्ञासाको विषय हुन आएको छ ।

'वृजि' वा 'वाजी' जातिको वर्णन भारतीय साहित्यमा प्रशस्तमात्रामा पाइन्छ। काठमाडौं देवपाटनमा रहेको मध्ययुगको एउटा शिलालेखमा :– 'वृजिक-रथ्या' अर्थात् 'वृजिहरूको मार्ग' भन्ने उल्लेख हुन आएको छ । यसबाट त्यस समयमा वर्तमान काठमाडौंमा उपत्यकामा वृजि-वर्गका नागरिकहरूको टोल नै बसेको रहेछ भन्ने थाहा हुन्छ। भारतमा वृजि-जातिका मुख्य गरी दुईवटा हाँगा थिए :– 'विदेह' तथा 'लिच्छवि'। नेपालमा उपलब्ध रहेको सबैभन्दा पुरानो वंशावली – 'गोपाल-राजवंशावली'मा किरात-वर्गका राजाहरूलाई राजसत्तावाट हटाएर लिच्छविहरूले शासन-सत्ता खोसेर लिएका थिए भन्ने उल्लेख पाइन्छ। पछिका अन्य प्रमाणहरूबाट पनि लिच्छविहरूले यहाँ आएर यहाँका आदिम मूल-निवासी किरातहरूसँग घुलमिल गरी धेरै शताब्दीसम्म नेपाल-अधिराज्यको प्रशासनसूत्र सञ्चालन गरिरहेका देखिन्छन्। लिच्छविहरू आउँदा यिनीहरूको साथमा विदेह-वर्गका अन्य भारतीय आर्यहरू पनि आएका थिए होलान्। पछि वैश तथा मल्ल-वर्गका नागरिकहरू पनि भारत-भूमिबाट नै आएर नेपाली समाजमा घुलमिल भए। यसप्रकार यहाँका आदिम मूल-निवासी किरातहरूमा लिच्छवि, विदेह, शाक्य, वैश तथा मल्ल आदि आर्य-परिवारका अन्य विभिन्न जातिहरू मिलेर वर्तमान नेवार-जातिको निर्माण भएको देखिन आएको छ।

'नेपाल' तथा 'नेवार' दुवै शब्दको मूल-रूप एउटै भएको अनुमान हुन्छ । यसैले 'नेपार' शब्दबाट विकृत भएर यो शब्द स्वदेशमा 'नेवार' भएको र भारतमा त्यहाँको प्रचलनअनुसार 'र' वर्णको बदलामा 'ल' वर्णको उच्चारण भएर 'नेपाल' बनेको देखिन्छ। यसबाट सार्वनामिक भाषा-परिवारको अतिप्राचीन नेवारी-भाषा बोल्ने 'नेपार'-वर्गका किरातहरू नै यहाँका आदिम मूल-निवासी भएका र यिनीहरूबाट नै लिच्छविहरूले राज्याधिकार खोसेर लिएको झलक पाइन्छ। शासनसूत्रलाई हात पार्न समर्थ भए पनि लिच्छवि तथा यिनका सहयोगी विदेहहरू पनि अल्पसङ्ख्यामा आएकाले आफ्नो पृथक् सांस्कृतिक अस्तित्वलाई यथावत् रूपमा जोगाउन नसकी यिनीहरू यहाँका मूल-निवासी किरातहरूकै भाषा, चाल-चलन तथा रीति-रिवाजहरूलाई अपनाउन बाध्य भएर यथार्थमा अर्ध-किरात बनेका थिए । यसको अर्थ, यहाँको आदिम मूल-संस्कृतिमा भारतीय संस्कृतिको प्रभाव पर्दै परेन भन्ने होइन, नेवारी संस्कृतिमा भारतीय संस्कृतिको जुन छवि आज पाइन्छ, त्यसको सुरुआत त्यसैवेलादेखि भएकोमा कुनै सन्देह रहेको छैन ।

यसरी आर्य-संस्कृति तथा किरात-संस्कृतिको मेलबाट यहाँ जुन विशिष्ट किसिमको विशिष्ट संस्कृतिको निर्माण भएको थियो, त्यही नै वर्तमान नेवारी-संस्कृतिको मूल-रूप

हो । सार्वनामिक भाषा-परिवारको नेवारी-भाषाले पनि भारतीय भाषाहरूकै प्रभावद्वारा त्यसै समयदेखि असार्वनामिक रूप ग्रहण गर्न थालेको अनुमान हुन्छ ।

आर्य-जाति तथा आर्य-संस्कृतिहरूमात्र वढिया हुन्, किरात-जाति तथा किरात-संस्कृतिहरू बढिया होइनन् भन्ने कुनै वैज्ञानिक कसौटी छैन । प्रकृतिको सृष्टिमा विश्वका सवै जात तथा जातिहरू समान छन् र सवै समानरूपले सभ्य हुन सक्तछन् । यसै प्राकृतिक नियमअनुसार नेपालका प्राचीन मूल-निवासी किरातहरूका पनि केही उत्तम सांस्कृतिक विशेषताहरू थिए, जसलाई नवागन्तुक लिच्छविहरूले पनि आरदपूर्वक ग्रहण गरेका थिए । 'विधवा-विवाह' तथा 'विवाह-सम्वन्ध-विच्छेद'का नियमहरू यिनमा प्रमुख छन् । यी दुवै विधानहरू आर्य-संस्कृतिअनुसार भारत-भूमिमा अवैध मानिन्थे, तर नवागन्तुक लिच्छविहरूले यहाँका आदिम मूल-निवासी किरातहरूमा प्रचलित रहेका यी दुवै प्रचलनलाई सहर्ष स्वीकार गरेवाट नेपाली संस्कृतिमिा पाइने सांस्कृतकि सद्भावको राम्रो दृष्टान्त कायम हुन आएको छ ।

नारी जातिलाई तिरस्कार गरेर भारतीय मूलका आर्य-जातिले आफ्नो समाजलाई नै अपाङ्ग तुल्याउँदै आइरहेको पाइन्छ । उनीहरूको सामाजिक विधानअनुसार वृद्ध विधुरले पनि कुमारीहरूसँग पुनर्विवाह गर्नु वैध हुन्छ, तर वाल-विधवा वा युवती-विधवाहरूले भने कुमार वा विधुरसँग पुनर्विवाह गर्नुलाई अवैध मानिन्छ । यसरी आर्य-जातिमा नारी-जातिमाथि पक्षपातपूर्ण व्यवहार हुँदै आइरहेको स्पष्ट देखिन्छ । वाल-विधवा वा युवती-विधवाहरूले गृहस्थ-जीवनबाट वञ्चित भएर जीवनभर नै व्रह्मचर्य-व्रतमा रहनुपर्दछ" – भनी भन्नु आर्य-वर्गका नागरिकहरूमा रहेको अप्राकृतिक नियम हुनुमा सन्देह छैन । यस नियम अन्तर्गत रहँदा युवती विधवाहरूबाट व्यभिचारहरूको वढी सम्भावना हुनु र फलतः समाजमा दुराचारहरू फैलनु अनिवार्य हुन्छ । यस स्थितिमा किराँत-समाजमा प्रचलित रहेको विधवा-विवाहको प्रचलनलाई नवागन्तुक लिच्छविहरूले पनि सहजरूपमा नै स्वीकार गर्नुलाई यिनीहरूको विवेकशीलता नै मान्नुपर्दछ ।

यस्तै विवाह-सम्वन्ध-विच्छेदलाई पनि भारतीय मूलका आर्यहरूले अवैध घोषित गर्ने गरेका थिए । उनीहरूको सोचाइमा पुरुषहरूले जतिवटै विवाहिता पत्नीहरूलाई परित्याग गरेर तिरस्कार गर्दै नयाँ-नयाँ पत्नीहरू थप्दै जानु पनि वैध नै मानिएको छ । साथै पति जतिसुकै व्यभिचारी भए पनि र उसले जतिसुकै विवाहहरू गर्दै गए पनि पत्नीहरूलाई विवाहको सम्बन्ध-विच्छेद गर्ने अधिकार प्राप्त रहेको थिएन । यसको परिणाम परित्यक्ता नारीहरूबाट समाजमा अनाचार तथा भ्रष्टाचार फैलनु अवश्यम्भावी थियो । साथै पति तथा पत्नीको बीचमा जीवनभर वैमनस्य पनि रहिरहन्थ्यो । अर्कातिर यसको विपरीत किरात-जातिमा विवाह-सम्वन्ध-विच्छेद वैध हुनाले कारणवश पति तथा पत्नीको बीचमा मन मिल्न नसकेमा विवाह-सम्वन्ध विच्छेद गर्न पाइने भएवाट पति तथा पत्नीको बीचमा पारस्परिक वैमनस्य समाप्त भएर दुवैले आ-आफ्नो खुशी-

राजीले पुनर्विवाह गर्ने अधिकार पाई आ-आफ्नो जीवनलाई सुखमय वनाउँदै आइरहेएका थिए।

किरात-जातिमा रहेको यसै सामाजिक सद्भाववाट प्रभावित भई नवागन्तुक लिच्छविहरूले विवाह-सम्वन्ध विच्छेदलाई पनि आफ्नो सांस्कृतिक प्रतीकको रूपमा स्वीकार गरेका थिए। यिनै दुई महत्त्वपूर्ण सामाजिक विधानले गर्दा नेपार-वर्गका किराँत वा नेवारहरूको गृहस्थ-जीवन सुखमय भएकोले नेपालमा आबाद रहेका अन्य जातिहरूमा भन्दा नेपार वा नेवार-वर्गका नागरिकहरूमा सामाजिक मेल-मिलापको भावना अझैसम्म पनि बढी मात्रामा रहेको पाइन्छ।

यस्तै 'डोलाजी-विवाह'-विधि पनि नेपालमा प्रचलित रहेको आफ्नै किसिमको एउटा विशिष्ट विवाह-विधि छ, जसलाई पछि नेवार-समाजले पनि स्वीकार गर्दै आइरहेको पाइन्छ। डोलाजी-विवाहको उत्पत्ति तथा विकासको दिग्दर्शन गराउनु नै यस प्रवन्ध-रचनाको प्रधान उद्देश्य रहेको छ।

'डोलाजी' शव्दको मूल रूप 'दुलाहाजी' शव्द हुनुमा कुनै पनि सन्देह छैन। आर्यावर्तीय आर्यहरूको विवाह-विधानअनुसार दुलाहाले दुलहीको पाणिग्रहण गरी उनलाई आफ्नो कुल तथा गोत्रमा ल्याउँछन्। यसैले विवाहिता नारीहरूले आफ्ना सासू तथा ससुराको पनि एक वर्षसम्म आशौच वार्नुपर्ने हुन्छ र कुल तथा गोत्रको सम्वन्ध विच्छेद हुने हुनाले आफूलाई जन्मदिने वावु तथा आमाको भने तीन-दिन मात्र आशौच वारे पुग्ने विधान भएको पाइन्छ। परन्तु नेवार-जातिमा यस किसिमको विवाह-विधानको साथसाथै यसको विपरीत दुलहीले दुलाहाको पाणिग्रहण गरी दुलाहालाई नै आफ्नो कुल तथा गोत्रमा ल्याउने चलन पनि प्रचलित रहेको देखिन्छ।

छोरा नभएका – छोरीहरूमात्र भएका – नागरिकहरूको निमित्त आफ्नो वंश-परम्पराको रक्षा गर्न 'धर्मपुत्र' लिने विधान भारतीय मूलका आर्य-जातिमा नभएको होइन। तर यसरी दुलाहालाई नै दुलहीको कुल तथा गोत्रमा ल्याउने 'डोलाजी'को विवाह-विधान भने उनीहरूमा प्रचलित रहेको देखिँदैन। यस्तो विधान यहाँका आदिम मूल-निवासी किरातहरूमा रहेको पनि कुनै लक्षण पाइँदैन। तर खश-वर्गका आर्यहरूमा भने सम्भवत: प्राचीन-कालदेखि नै यस्तो विवाह-विधान प्रचलित रहँदै आइरहेको थियो। अन्य पुरुषलाई 'धर्मपुत्र' लिंदा ऊ तथा उसकी श्रीमतीसँग जुन किसिमको स्नेह एवं आत्मीयता पनि रहन्छ त्यसभन्दा बढी आफूले स्वयं नै जन्माएकी छोरी तथा उसका श्रीमान्‌सँग हुनु स्वाभाविक नै छ। धर्मपुत्रसँगको नाता-सम्वन्ध बनावटी हुने र आफ्नै छोरीसँगको सम्वन्ध प्राकृतिक हुने हुनाले परिवारभन्दा वाहिरका अर्के व्यक्तिलाई 'धर्मपुत्र' राख्नुभन्दा आफ्नी छोरीलाई आफ्नै कुल तथा गोत्रमा राखेर उसका 'दुलाहाजी'लाई पनि आफ्नै कुल तथा गोत्रमा ल्याउनु बढी व्यावहारिक एवं उपयुक्त पनि देखिन्छ।

छोरीमात्र हुने छोरा नहुने नागरिकहरूको गृहस्थ-जीवन 'धर्मपुत्र' राखेमा भन्दा 'डोलाजी' राखेमा नै बढी सुखमय तथा स्नेहमय पनि भएको देखिएकोले खश-वर्गका आर्यहरूबाटै नेवार-वर्गका नागरिकहरूले पनि यस किसिमको विवाह-विधिलाई अपनाएको आभास पाइन्छ। उत्तम नियमहरू जहाँ भए पनि र जसको भए पनि ग्रहणगर्नुलाई उचित नै मान्नुपर्दछ। नेवार-वर्गका नागरिकहरूले सम्भवतः चौधौँ शताव्दीदेखि यस किसिमको विवाह-विधिलाई अपनाएका थिए।

डोलाजी-विवाहको विधि खश-वर्गका आर्यहरूमा प्राचीन-कालदेखि नै चल्दै आइरहेको अनुमान गरिन्छ तापनि यसको स्पष्ट प्रमाण सर्वप्रथम चौधौँ शताब्दीको जुम्लाको राजवंशमा मात्र पाइन्छ। यो कुरा स्पष्ट गर्नको निमित्त यस राजवंशको संक्षिप्त परिचय प्रस्तुत गर्नु यहाँ उपयुक्त हुनेछ :–

एघारौँ शताब्दीको मध्यतिर, जुम्लाको 'सिजा' नामक नदीको किनारमा 'सेञ्जा-पुरी' नामक शहरलाई राजधानी बनाई 'नागराज' नामक एक-जना महत्त्वाकाङ्क्षी व्यक्तिले एउटा नयाँ राज-वंशको जग बसालेका थिए। आफूलाई :– "खशहरूको अधिपति" मान्ने यो राजवंश पछि वहुतै वलवान् भई वाऱ्हौँ शताव्दीदेखि चौधौँ शताब्दीको बीचमा पूर्वमा तात्कालिक नेपालदेखि पश्चिममा गढवालसम्मका भूभागहरूलाई थर्काई त्यहाँ आफ्ना सभ्यता एवं संस्कृतिहरूको पनि प्रचार तथा प्रसार पनि गर्न समर्थ भएको थियो। सेञ्जा-राज्यका यिनै खश नागरिकहरूले प्रयोग गर्ने गरेको नागरी-लिपि पछि नेपालमा आएको देखिएको र सेञ्जा राज्यका खश राजा जितारी मल्ल*(प्रथम)* ले सर्वप्रथम 'मल्ल' पदवी धारण गर्नु र पछि नेपालका नयाँ राजवंशका पहिला राजा अरि मल्लले पनि 'मल्ल' पदवी धारण गर्नु पनि लगभग एउटै समयको घटना भएकोले तात्कालिक नेपाल राज्य तथा सेञ्जा-राज्यका बीचमा सांस्कृतिक आदान-प्रदानहरू चल्दै आइरहेको स्पष्ट देखिन्छ।

वद्रीनाथदेखि मुक्तिनाथसम्मका हिमाली क्षेत्रहरू, बझाङ्देखि सल्यानसम्मका पाहाडी क्षेत्रहरू तथा सुर्खेतदेखि वुटवलसम्मका तराई-प्रदेशहरूमा पनि सेञ्जा-राज्यका अवशेषहरू यत्रतत्र उपलब्ध रहेका छन्। यसवाट यस राज्यको विस्तार-क्षेत्रको परिचय सहजै प्राप्त गर्न सकिन्छ। तेऱ्हौँ शताब्दीको अन्त्यमा यसै राजवंशका राजा जितारी मल्लले तात्कालिक नेपाल राज्यको राजधानी काठमाडौँ उपत्यकासम्म आक्रमण गरी तात्कालिक नेपाललाई थर्काएको, यसको २० वर्ष जतिपछि अर्का खश राजा रिपु मल्ल नेपाल राज्यका राजा आनन्ददेव मल्लका अतिथि भई देवपाटनमा वसेका र यसको पनि १५ वर्ष जतिपछि अर्का राजा आदित्य मल्लले बडो जोड-तोडसँग तात्कालिक नेपाल राज्यमाथि आक्रमण गरी पाटन पुल्चोकमा २२ दिनसम्म घेरा दिएर लुटपाट गरी फर्केका विवरणहरू, भक्तपुरमा राजा जयस्थिति मल्लको राज्यकालमा लेखिएको सबैभन्दा पुरानो एउटा वंशावली – 'गोपाल-राजवंशावली'मा उललेख भएका पाइन्छन्।

राजा आदित्य मल्लको अवसानपछि सेञ्जा-राज्यको प्रतापसूर्य अस्ताचलतिर ओऱ्हालो लाग्न थालेकोले यिनका नाति राजा प्रताप मल्लसँग नवस्थापित डोटी राज्यका राजा 'जाव पाल'को शक्ति-सङ्घर्ष चल्न थाल्यो। बालिका छोरी शकुनमालाभन्दा वाहेक राजा प्रताप मल्लका अन्य कुनै सन्तान थिएनन्। यसैले यिनलाई एकातिर आफ्नो वंश-रक्षाको चिन्ताले सताइरहेको थियो भने अर्कातिर राजा जाव पालसँगको निरन्तरको शक्ति-सङ्घर्षको चिन्ताले। यस स्थितिमा हुन त उनी आफ्ना नजीकका कुनै एक-जना बन्धुलाई 'धर्मपुत्र'को रूपमा ग्रहण गरेर पनि आफ्नो वंश-रक्षा गर्न सक्तथे, तर धर्मपुत्र लिनुभन्दा सुयोग्य 'दुलाहाजी'सँग आफ्नी छोरी शकुनमालाको विवाह-सम्वन्ध स्थापित गराउनुमा नै आफ्नो वंश-रक्षाको निमित्त उनी उचित सम्झन्थे। यसै स्थितिमा राजा जाव पालले आफ्ना छोरा राजकुमार पुण्य पाललाई राजकुमारी शकुनमालाको 'दुलाहाजी'को रूपमा राजा प्रताप मल्ललाई सुम्पने प्रस्ताव गर्दा राजा प्रताप मल्लले यस प्रस्तावलाई सहर्ष स्वीकार गरेका थिए। यसैअनुसार युद्धरत दुईवटा राजवंशको बीचमा शान्ति-सम्झौता सम्पन्न हुँदा आपसी शक्ति-सङ्घर्ष टुङ्गियो र दुईपक्षको परस्परको विरोध सहसा मैत्रीको रूपमा परिणत हुन आयो। सम्झौताअनुसार पाल-राजवंशका राजकुमार पुण्य पाल र मल्ल-राजवंशकी राजकुमारी शकुनमालाका बीचमा विवाह-सम्वन्ध स्थापित भयो र 'डोलाजी-विवाह'को विधि-विधान अनुसार राजकुमार पुण्य पालले आफ्नो जन्म-कुलको थर तथा गोत्रलाई पनि परित्याग गरी राजकुमारी शकुनमालाको थर तथा गोत्रलाई ग्रहण गरेर 'पुण्य मल्ल' कहलाएको पाइन्छ।

यस विवाहको लगत्तैपछि राजा प्रताप मल्लको स्वर्गवास हुँदा सेञ्जा-राज्यको राज्याधिकार यिनै राजकुमार पुण्य मल्ल तथा यिनकी पत्नी राजकुमारी शकुनमालाको संयुक्त जिम्मामा आइपऱ्यो। तर राजमुकुट दुलाहाजी पुण्य मल्लले पहिरिए कि दुलही शकुनमालाले पहिरिन्? भन्ने कुराको कुनै स्पष्ट सङ्केत पाइँदैन तापनि पुण्य मल्लका दानपत्रहरूमा जुन किसिमका लम्बा-चौडा प्रशस्तिहरू पाइएका छन्, तिनमा राजकुमारी शकुनमालाको नामसम्म पनि उल्लेख नभएको र पुण्य मल्लकै नामबाट दानपत्रहरू प्रसारित गरिएका देखिनाले राजकुमार पुण्य मल्लले नै राजमुकुट पहिरिएका थिए भन्ने कुरामा कुनै पनि सन्देह रहेको छैन। यसवाट 'डोलाजी' लिने प्रचलन रहे तापनि राजमुकुट पहिरिने अधिकार भने सेञ्जा-राज्यका खश-राजवंशका राजाहरूमा पनि नारी जातिमा नरहेको स्पष्ट देखिन्छ।

'डोलाजी-विवाह'पछि थोरै वर्षमात्र जीवित रहेर राजा पुण्य मल्लको स्वर्गवास हुँदा महारानी शकुनमालाको तर्फवाट युवराज पृथ्वी मल्ल पैदा भैसकेका थिए। यसैले पुण्य मल्लको देहान्तपछि बालक युवराज पृथ्वी मल्ल नै सेञ्जा-राज्यको राजसिंहासनमा विधिपूर्वक राखिए। यसरी राजा प्रताप मल्लको मृत्युपछि पनि सेञ्जा-राज्यको मल्ल-

राजवंश जीवितै रहिरह्यो । यिनै राजा पृथ्वी मल्लले आफ्नो युवावस्थामा दुल्लूमा स्थापना गरेको एउटा कीर्तिस्तम्भमा उपर्युक्त विवाहको वृतान्तलाई सङ्क्षेपमा ओजस्वी भाषामा वर्णन गरेको पाइन्छ ।

यता नेपालमा राजा आनन्ददेवको राज्यकालमा राज्यका हर्ताकर्ता उपराज रुद्र मल्ल थिए । राजा आनन्ददेव मल्लको देहान्तपछि उपराज रुद्र मल्लले अरि मल्ल *(द्वितीय)* लाई नेपाल-अधिराज्यको राजगद्दीमा विराजमान गराएका थिए । यिनताक नेपाल-अधिराज्यमा राज्यशक्तिको प्रमुख केन्द्र भक्तपुर शहर वनिरहेको थियो। वास्तविक राजा अरि मल्ल तथा उपराज रुद्र मल्ल पनि दुवै सम्भवतः भक्तपुर शहरमा नै रहन्थे। शाह-कालमा राजा सुरेन्द्रविक्रम शाह तथा राणा प्रधानमन्त्री जङ्गवहादुर कुँवर राणाको बीचमा जुन किसिमको राजनीतिक सम्वन्ध थियो, त्यस्तै किसिमको सम्वन्ध वास्तविक राजा अरि मल्ल तथा उपराज रुद्र मल्लको बीचमा पनि रहेको देखिन्छ ।

तात्कालिक नेपालमा सेञ्जा-राज्यका राजा आदित्य मल्लको आक्रमण हुनुभन्दा दुई-वर्ष जति पहिले उपराज रुद्रे मल्लको ३१ वर्षको जल्दो-वल्दो उमेरमा नै अप्रत्याशित रूपमा देहान्त हुँदा उपराज्यको शासनाधिकार त यिनकी आमा पदुमलदेवीले सह्मालेकी थिइन्, तर उपराज रुद्र मल्लकी एकमात्र सन्तान वालिका छोरी नायकदेवी हुनाले यिनलाई वंश-रक्षाको चिन्ताले सताउन थालेको थियो । यसैले विवाहयोग्य उमेर भएपछि राजमाता पदुमलदेवीले आफ्नी एकमात्र नातिनी नायकदेवीको विवाह 'हरिश्चन्द्र' नामक एक-जना युवकसँग गराई उनलाई आफ्नो 'घर-जुवाइँ' गराइन् । तर यसरी घर-जुवाइँ बनाउँदा नायकदेवी तथा हरिश्चन्द्र दुवै आ-आफ्ना पिताहरूकै थर तथा गोत्रहरूमा रहिरहेकाले यो 'डोलाजी-विवाह' अपूर्ण तथा अधसरो पनि भएको थियो । फलतः दुलाहा तथा दुलहीको बीचमा मेल हुन नसकी नवयुवक हरिश्चन्द्रले विष-पान गरेर यस संसारलाई सदाको निमित्त छोड्न बाध्य हुनुपर्‍यो ।

यसपछि नवयुवती नायकदेवीले हरिश्चन्द्रका भाइ गोपालचन्दसँग विवाह-सम्वन्ध स्थापित गरिन् । तर यिनी पनि एउटा षड्यन्त्रमा परेर मारिए । पछि कर्णाट-राजवंशका – सम्भवतः सिमरौन-गढ राज्यका अन्तिम राजा हरसिंहदेवका छोरा – राजकुमार जगत्सिंहसँग नवयुवती नायकदेवीको तेस्रो विवाह सम्पन्न भयो । तर पछि पारस्परमा वैमनस्य उत्पन्न हुँदा राजकुमार जगत्सिंह पनि नजरवन्दमा राखिए । यसै स्थितिमा वालिका राजल्लदेवीलाई जन्मदिएको १० दिनपछि २० वर्षको जल्दो-वल्दो जवानी उमेरमा नै राजकुमारी नायकदेवीको देहान्त भयो ।

राजमाता पदुमलदेवीको देहान्त भई उपराज रुद्र मल्लले सञ्चालन गर्दै आइरहेको शासनाधिकार यतिञ्जेलसम्ममा तिरहुत राज्यको पतनपछि भक्तपुर उपराज्यमा आश्रय लिन आइपुगेकी तिरहुत राज्यकी सत्ताच्युत रानी – उपराज रुद्र मल्लकी दिदी – देवलदेवीले सञ्चालन गर्दै आएकी थिइन् । युवराज्ञी नायकदेवीको अप्रत्याशितरूपमा देहान्त हुँदा अब वालिका राजल्लदेवी नै भक्तपुर उपराज्यको

राजगद्दीकी उत्तराधिकारिणी बन्न आइन्। यस स्थितिमा बालिका राजल्लदेवी वा यिनका भावी पति नै भक्तपुर उपराज्यको साथै तात्कालिक नेपाल-अधिराज्यका पनि हर्ताकर्ता हुने निश्चित भएको थियो। यसैले धेरै कुमारका अभिभावकहरूको दृष्टि यिनीमाथि पर्नु स्वाभाविक नै हुन आएको थियो। उता तिरहुत राज्यकी सत्ताच्युत रानी देवलदेवी पनि आफ्नी छोरातर्फकी नातिनी राजल्लदेवीको विवाहयोग्य उमेर हुने र सुयोग्य वरका साथ यिनको विवाह-सम्वन्ध स्थापित गराइदिने प्रतीक्षामा बसिरहेकी थिइन्। युवराज्ञी नायकदेवीको विवाह-सम्वन्ध असफल भएको दृष्टान्त पनि यिनको सामु प्रत्यक्ष नै थियो।

उता बलिका राजल्लदेवीको लगभग आठ-वर्षको उमेर हुँदा राजकुमारी बालिका शकुनमाला तथा राजकुमार पुण्य पालको 'डोलाजी-विवाह' सम्पन्न भएको पुगनपुग २० वर्षजति भएको र दुलाहा नै दुलहीको थर तथा गोत्रमा जाने यस किसिमको विवाह-विधिवाट सेञ्जा-राज्यको मल्ल-राजवंशको रक्षा भएको दृष्टान्त पनि रानी देवलदेवीले आफ्नै जीवनकालमा देखेकी तथा सुनेकी पनि थिइन्। साथै यसबाट दुलाहा तथा दुलहीको बीचमा रहेको प्रेम-सम्वन्ध भङ्ग नभएको तथ्य पनि यिनले प्रत्यक्ष थाहा पाएकी थिइन्। यसैले रानी देवलदेवीले पनि एक-जना क्षत्रिय-कुमारलाई वाहिर कतैवाट झिकाई राजल्लदेवीका 'दुलाहाजी' बनाएर यिनीसँग विधिपूर्वक 'डोलाजी-विवाह' सम्पन्न गराइदिइन्।

विवाह-सम्वन्ध स्थापित हुँदा वालिका राजल्लदेवीको उमेर ८ वर्ष हुनाले यतिवेला दुलाहाजीको उमेर सम्भवतः १२ वर्षभन्दा वढी थिएन होला। यी दुवै दुलाहा तथा दुलही सत्ताच्युत रानी देवलदेवीकै संरक्षणमा हुर्के तथा वढे पनि। यतिमात्र होइन, वालक दुलाहाजी आफ्नो कुल तथा गोत्रलाई पनि परित्याग गरेर राजल्लदेवीका आमातर्फका वाजे रुद्र मल्लकै 'मानव-गोत्र'लाई स्वीकार गरी 'स्थिति मल्ल' कहलाए। यिनै दुलाहाजी पछि नेपालका प्रसिद्ध राजा भएकाले 'राजा जयस्थिति मल्ल'को नामले आजसम्म पनि श्रद्धाका साथ सम्झना गरिँदैरहेका छन्। आजकाल 'गोपाल-राजवंशावली'को नामले प्रसिद्ध रहेको – यिनैको राज्यकालमा लेखिएको – माथि उल्लेख गरिएको वंशावलीमा यस विवाहको वृत्तान्त रोचकरूपमा लेखिएको पाइन्छ।

देवपाटन जयवागेश्वरी मन्दिर नजिकै सुन्धारामा रहेको – राजा स्थिति मल्लले स्थापना गराएको – शिलालेखमा यिनका छोराको नाम पनि आएको छ। तर यसमा राजा स्थिति मल्लले आफ्ना पिताको नाम उल्लेख नगरेर आफूलाई गर्वका साथ :– "राजल्लदेवीका पति" भनेर उल्लेख गराएका छन्। राजा स्थिति मल्लका तीन छोराहरूमध्ये माहिला ज्योतिर्मल्ल पनि भक्तपुर राज्यका नामी राजा भए। यिनले पनि आफ्नो शिलालेखमा आफ्ना पिता राजा स्थिति मल्लको मात्र नाम उल्लेख गरी बाजेको नाम नदिएर आफ्ना पिता स्थिति मल्ललाई गर्वपूर्वक :– 'राजल्लदेवीका पति' भन्ने विशेषण नै जोडिदिएका छन्। राजा स्थिति मल्ल आफ्नो पिता-पुर्खाको कुल तथा

गोत्रलाई पनि परित्याग गरी मल्लवंशी राजाहरूको 'मानव-गोत्र'मा आएकाले नै पिता तथा पुत्रको सम्बन्ध विच्छेद भएको र 'राजल्लदेवीका पति'को हैसियतले नै यिनी महत्त्वपूर्ण पदमा पुगेकाले शिलालेखहरूमा राजा स्थिति मल्लका पिता-पुर्खाहरूको नाम दिनु आवश्यक नसम्भिएको कुरा यी दुवै दृष्टान्तवाट स्पष्ट देखिन्छ।

राजा ज्योतिर्मल्लका छोरा राजा यक्ष मल्लको राज्यकालमा यिनका तीन छोराहरू – राय मल्ल, रत्न मल्ल तथा राम मल्ल – क्रमश: भक्तपुर, कान्तिपुर तथा ललितपुर क्षेत्रका प्रशासकहरू भैरहेका थिए । पिताको देहान्तपछि यिनीहरूले आफू-आफू कार्यरत रहेका शहरहरूलाई नै आ-आफ्ना राज्यहरूको राजधानी वनाई वचे-खुचेको नेपाल-अधिराज्यलाई पनि तीन-टुक्रामा टुक्र्याइदिए । ललितपुर उपराज्यमा युवराज राम मल्लपछि 'जयसिंह' नामक वैश्य-कुलका एक-जना व्यक्ति हर्ता-कर्ता भएका पाइन्छन् । 'जयसिंह' मल्ल-राजवंशका दुलाहाजी अवश्य पनि थिएनन् । यदि थिनी 'दुलाहा'जी वा घर-जुवाइँ भएका भए यिनले अवश्य पनि 'मल्ल' पदवीलाई धारण गर्ने थिए । तर जयसिंहको प्रशासन-कालसम्ममा दिल्लीमा मुगल-साम्राज्य स्थापना भैसकेको र मुगल-राजवंशका शाहजादीहरूले आफ्नो राजवंशको गौरवलाई दृष्टिगत गरी अन्य कुल वा गोत्रहरूमा नगई आजन्म कुमारी नै रहने परम्परा बसिसकेकोले यसैको प्रभावमा परी नेपालका मल्ल-राजवंशका राजकुमारीहरूले पनि मल्ल-राजवंशको गौरवको रक्षाको निमित्त 'दुलाहाजी'हरूसँग मात्र विवाह-सम्वन्ध स्थापित गर्ने, अरुसँग नगर्ने प्रचलन चलाएको अनुमान गर्न सकिन्छ । अठारौं शताब्दीको आरम्भका ललितपुर राज्यका राजा योगनरेन्द्र मल्लका उत्तराधिकारीका चाँदीका टकहरूबाट पनि यस अनुमानलाई पुष्टि मिल्दछ।

तमाखुमा मिसाइएको विषद्वारा राजा योगनरेन्द्र मल्लको देहान्त हुंदा यिनका रानी तथा उपपत्नीहरू समेत गरी २१ वटी सहधर्मिणीहरू सती पोलिएका थिए । यसरी यिनका अनेकौं रानी तथा उपरानीहरू भए पनि यिनका विवाहिता रानीहरूतर्फबाट भने कुनै पुरुष सन्तानको जन्म नभई एउटी छोरीमात्र पैदा भएकी देखिन्छिन्। जुन वर्ष राजा योगनरेन्द्र मल्लको देहान्त भएको थियो, त्यसै वर्षको एकातर्फ 'लोकप्रकाश मल्ल' तथा अर्कातर्फ 'योगमती देवी' लेखिएका एक-थरी र एकातर्फ 'जयइन्द्र मल्ल' तथा अर्कातर्फ 'भाग्यवती देवी' लेखिएका अर्का-थरी सिक्काहरू उपलव्ध रहेका छन् । यसको तीन वर्षजति पछिका एकातर्फ 'वीरनरसिंह मल्लदेव' तथा अर्कातर्फ 'योगलक्ष्मी देवी' लेखिएका मोहरका सिक्काहरू पनि उपलव्ध रहेका छन् । पाटन शङ्खमूलमा रहेको एउटा शिलालेखमा योगनरेन्द्र मल्लकी दिदी 'मणिमती' र मणिमतीका छोरा 'इन्द्र मल्ल' भएको उल्लेख आएको छ । मल्लका भानिज मल्ल नै देखिएवाट मणिमतीको विवाह पनि 'डोलाजी-विवाह'-विधिअनुसार भएको प्रमाणित हुन्छ। पाटनकै च्यासिङ्-देवलमा रहेको अर्को एउटा शिलालेखमा योगमतीले आफ्ना पिताको नाम 'योगनरेन्द्र मल्ल' र छोराको नाम 'लोकप्रकाश मल्ल'को रूपमा उल्लेख गराएकी छिन् । यसबाट राजा योगनरेन्द्र मल्लकी छोरी राजकुमारी योगमतीको पनि

वीरनसिंहसँग 'डोलाजी'-विवाहविधि अनुसार विवाह भएको स्पष्ट देखिन्छ। राजा योगनरेन्द्र मल्लको देहान्तपछि यिनका छोराहरू नहुँदा सर्वप्रथम योगमतीका वालक छोरा लोकप्रकाश मल्ल राजगद्दीमा राखिए। चाँडै नै यिनको पनि देहान्त हुँदा दिवङ्गत राजा योगनरेन्द्र मल्लका वालक भानिज इन्द्र मल्ल आफ्नी आमा भाग्यवतीका साथ राजगद्दीमा राखिएका थिए। तर यिनको पनि चाँडै नै स्वर्गवास भयो। यपछि आफ्ना 'दुलाहाजी' वीरनरसिंह मल्लका साथ राजकुमारी योगमती ललितपुर राज्यको राजगद्दीमा बसेकी देखिन्छिन्। राजकुमारी योगमतीले आफ्नो शिलालेखमा आफ्ना पिताको तथा पुत्रको नाम समेत दिई पतिको नाम नदिनुवाट 'दुलाहाजी' भनेर यिनलाई उपेक्षा गरेको स्पष्ट नै देखिन्छ।

पाटन शङ्खमूलमा रहेको राजा विष्णु मल्लको उपर्युक्त शिलालेखमा राजा इन्द्र मल्लकी छोरी पुण्यमतीको विवाह 'दरसिंह' नामक व्यक्तिसँग भई पछि – 'दरसिंह मल्ल' कहलाइएका र यिनीहरूका छोरा विष्णु मल्ल राजा भएपछि यो शिलालेख प्रसारित गरिएको तथ्य यसैमा उल्लेख गरिएको छ। यसबाट राजकुमारी पुण्यमतीको पनि 'डोलाजी'-विवाह-विधि अनुसार 'दुलाहाजी'सँग विवाह-सम्वन्ध स्थापित भएको र यस्तो विवाह-सम्वन्धवाट पैदा भएका सन्तान मावलीतर्फको राजगद्दीका उत्तराधिकारी भएका देखिनाले यस समयका दाजुभाइ नभएका मल्ल-राजवंशका प्राय: सवैजसा राजकुमारीहरूले 'दुलाहाजी'हरूसँग विवाह-सम्वन्ध स्थापित गर्ने प्रथा चलाई मल्ल-राजवंशको वंश-परम्परा चालू राख्ने प्रयास गर्दैरहेको झलक पाइन्छ।

यसबाट छोरी मात्र भएर छोरा नभएका माता तथा पिताले आफ्नो वंशरक्षाको निमित्त आफ्ना छोरीहरूको विवाह 'दुलाहाजी'हरूसँग गराउने चलन राजकुलहरूमा मात्र प्रचलित नभएर राजकुल बाहेकका नेवार-वर्गका अन्य नागरिकहरूमा पनि चल्दै आइरहेको अनुमान हुन्छ। पछि राजा त्रिभुवनवीरविक्रम शाहको जन्म-वर्षमा भक्तपुर शहरमा एउटी वालिकाको विवाह वालक 'दुलाहाजी'सँग भएको मैले आफैंले प्रत्यक्ष नै देखेको थिएँ तापनि यसपछि यस किसिमको विवाह-सम्बन्ध स्थापित भएको देखिएको वा सुनिएको पनि छैन। तर यस किसिमको विवाह-प्रथाको मूल अवस्थल कर्णाली क्षेत्रको जुम्ला हुनाले त्यहाँका खश-वर्गका नागरिकहरूमध्ये ब्राह्मण वा ठकुरीहरू बाहेकका चोखा खशहरूमा यो प्रथा आजसम्म पनि चल्दै आइरको देखिन्छ। नयाँ 'मुलुकी-ऐन' लागू हुनुभन्दा पहिलेको 'मुलुकी-ऐन'मा पनि 'डोलाजी-विवाह'-विधिलाई जायज नै भनिएको थियो। भारतीय हिन्दू-संस्कृतिमा नरहेको तर नेपाली संस्कृतिको एउटा अभिन्न अङ्गका रूपमा रहेको यो विवाह-विधि पनि नेपाली संस्कृतिको एउटा ध्यान दिन योग्य वैशिष्टचको रूपमा रहेको छ।

* * *

– पूर्व प्रकाशित लेख-रचना।

साभार :– "इतिहास शिरोमणि वावुराम आचार्य स्मृतिग्रन्थ", वि.सं. २०४६।

(घ) इन्द्र-यात्रा

प्रत्येक देशमा चाडपर्व एवं यात्रा-उत्सवहरूले आ-आफ्ना देशका सांस्कृतिक वैशिष्ट्यहरूको प्रतिनिधित्व गरिरहेका हुन्छन्। नेपाल-अधिराज्यमा प्रचलित यात्रा तथा उत्सवहरूमा सबैभन्दा प्राचीनतम यात्रा छ :– 'इन्द्र-यात्रा' वा 'इन्द्र-जात्रा'। भाद्र महिनाको शुक्लपक्षको उत्तरार्द्धमा मनाइने यो यात्रा प्राचीनकालदेखि आजसम्म पनि अविच्छिन्नरूपमा चल्दै आइरहेको पाइन्छ।

इङ्ल्याण्ड तथा युरोपका अन्य भागहरूमा समेत मनाइने 'मे-पोल' ('May-Pole') पर्वको उत्सव र यहाँ हामीकहाँ मनाइने इन्द्र-यात्राको उत्सवमा आश्चर्यजनक रूपमा केही समानता पाइन्छ। दुवै उत्सवमा सकेसम्म अग्लो लिङ्गो गाडेर लिङ्गोको वरिपरि नाचगान गरिन्छ। त्यहाँ लिङ्गोमाथि धराहरू ('Ribbons') टाँगिन्छन् भने यहाँ ध्वजाहरू बाँधिन्छन्। वास्तवमा ध्वजा तथा धराहरूमा खासै अन्तर पाइन्न। दुवै उत्सवमा यस्तो समानता भयो किन ? तथा कसरी त ? यस्तो समानता देख्दा अतिप्राचीन कालमा युपोपीय जाति तथा भारत एवं इरानमा आवाद भएर रहेका आर्य-जातिका मूल पुर्खाको रूपमा पशुपालक अवस्थामा रहेको इण्डो-युरोपीयन जातिहरूमा प्रचलितरहेको एउटै चाडबाट युरोपतिर जाँदा र भारततिर आउँदा भिन्न-भिन्न देश तथा भिन्न- भिन्न विचारहरूका प्रभावले गर्दा भिन्न-भिन्न समयमा भिन्न-भिन्न तरिकाहरूसँग यो उत्सव मनाइने गरेको झलक पाइन्छ।

पशुपालक अवस्थामा रहँदा पनि मानिसहरू उत्सवहरू मनाउने गर्दथे र नाच-गान तथा विभिन्न किसिमका वाद्य-यन्त्रहरूको प्रयोग-द्वारा आनन्द मनाउने गर्दथे। रातमा – जूनको उज्यालोमा – प्राकृतिक उल्लासमय वातावरणमा आनन्द पैदा हुने भएकोले प्रायःजसा प्राचीन उत्सवहरू जुनेली-रात भएका शुक्लपक्षका रातहरूमा नै मनाइँदै आइएका पाइन्छन्। भारत-भूमि तथा नेपाल-अधिराज्यमा पनि प्रायः चन्द्र-महिनाको आधारमा मात्र चाड-पर्वहरू मनाइने प्रचलन हुनाले इन्द्र-यात्राको उत्सव पनि भाद्र-महिना शुक्लपक्षको द्वादशी तिथिदेखि आरम्भ गरेर पूर्णिमाको दिन मध्य गराइन्छ। युरोपबाट भने चन्द्र-महिनाको प्रचलन हराइसकेको र त्यहाँका उत्सवहरू आर्तव-महिना वा तारिखहरू अनुसार चल्ने हुँदा त्यहाँ चाड-पर्वहरूको निमित्त जुनेली रातको अपेक्षा राखिने गरिएको देखिँदैन। प्राचीनतम चाड हुनाले 'मे-पोल'-पर्वको निमित्त भने मे महिनाको पहिलो तारिख नै निर्धारित गरिएको पाइन्छ।

इन्द्र-यात्राको उत्पत्तिको सम्बन्धमा खोज गर्न सर्वप्रथम आर्य-जातिका सवैभन्दा प्राचीन वाङ्मयको अध्ययन गर्नु आवश्यक छ। आर्य-जातिका प्रमुख दुईवटा शाखाहरूमध्ये

सिन्धु तथा गङ्गाका समतल मैदानहरूमा आवाद रहेका आर्यावर्तीय आर्यहरूको सवैभन्दा पुरानो साहित्य ऋग्वेद तथा वर्तमान इरानमा आवाद रहेका इरानी-वर्गका आर्यहरूको सवैभन्दा पुरानो साहित्य 'जेन्दा' तथा 'आवेस्ता'हरूतर्फ ध्यान दिनु आवश्यक छ। एउटै आर्य-जातिका दुईवटा उपशाखा हुनाले वरुण, मित्र, अग्नि आदि केही वैदिक देवताहरू दुवै साहित्यमा समान रूपमा आदरणीय रहेका छन्, तर आपसी मतभेदले गर्दा 'आवेस्ता'मा दुष्ट व्यक्तिका रूपमा चित्रित गरिएका इन्द्र-देव ऋग्वेद-संहितामा सवै देवताहरूभन्दा माथिल्लो तहमा राखिएका र ऋग्वेद-संहिताको करीव एक-चौथाई भाग यिनै इन्द्र-देवको स्तुति-गानमा खर्चिएको पाइन्छ । यस्तै इरानी-आर्यहरूको दृष्टिमा मनुष्य-जातिको निमित्त कल्याणकारी मानिएका 'असुर' लाई भारतीय-जर्गका आर्यहरूले अनिष्टकारी दुष्ट दानवका रूपमा र भारतीय-आर्यहरूले मनुष्य-जातिको निमित्त हितकारी मानेका इन्द्र-देवलाई इरानी-वर्गका आर्यहरूले अनिष्टकारी दुष्ट व्यक्तिका रूपमा उपस्थापित गराइने गरेको पाइन्छ। यसै भावना अनुसार ऋग्वेद-संहिताका सथै आवेस्तामा पनि देव तथा असुरहरूको बीचमा निरन्तर युद्धहरू चलिरहेको वर्णन यत्रतत्र पाइन्छ । आर्य-जातिका उपर्युक्त दुई शाखाका नगरिकहरूको सामाजिक विरोधको परिणाम नै :– 'देवासुर-सङ्ग्राम' भएकोमा कुनै पनि सन्देह रहेको छैन ।

सिन्धु, सतलज तथा गङ्गा नदीका समतल मैदानहरूमा आएर आर्यावर्तीय आर्यहरू भर्खरै मात्र कृष्किो पेसा अपनाई कृषक बनेका थिए। कृषि-पेसाको निमित्त वर्षाको आवश्यकता हुनु स्वाभाविक नै थियो। तर समय-समयमा कम वृष्टि भएर वा अनावृष्टि भएर अनाजहरूको पैदावारमा बाधा पनि पर्नेगर्दथ्यो । अनावृष्टि गराउने 'वृत्र' नामक दुष्ट दैत्यको कल्पना पहिले नै भैसकेको थियो। अब वृत्रको दमन गर्ने एउटा शक्तिशाली देवताको आवश्यकता अनुभव भएकोले आर्यावर्तमा नै वर्षादका देवता एवं वृत्रका सशक्त विरोधीका रूपमा वज्रधारी 'इन्द्र-देव' को कल्पना भएको झलक पाइन्छ।

मूर्ति-कलाको आविष्कार भैनसकेकोले साहित्य-कला अर्थात् वैदिक ऋचाहरूको माध्यमबाट मात्र ऋग्वेद-संहितामा इन्द्र-देवको वर्णन तथा गुणगानहरू पनि गाइएका पाइन्छन् । तिनताक आर्यावर्तीय आर्यहरू 'सोम' नामक एउटा विशिष्ट किसिमको लता-विशेषको मादक रसलाई पान गर्ने गर्दथे। यसैले ऋग्वेद-संहितामा पनि इन्द्रदेवलाई सोमरसलाई प्रिय मान्ने र 'बज्र' नामक अस्त्रलाई धारण गर्ने 'देवराज'का रूपमा वर्णन गरिएको पाइन्छ । तिनताक स्वर्ग, मर्त्य तथा पाताललोकहरूको कल्पना भैसकेको थिएन। ऋग्वेद-संहितामा 'पृथ्वी', 'अन्तरिक्ष' तथा 'दिव्' नामक तीन लोकहरू मानिएका देखिन्छन् । यसैअनुसार 'दिव्'मा देवताहरूको वासस्थान मानिएको थियो र :– "इन्द्रदेव पनि दिव्मा नै बसी वृत्रलाई दमन गरेर आर्य-जातिका नागरिकहरूको उपकार गर्दछन्" भन्ने विचार प्रचलित रहँदै आइरहेको थियो । "कुनै देवतालाई

स्मरण गरेर यज्ञ-वेदीमा चढाइएका आहुति वा खाद्य-पदार्थहरू अग्निदेवमार्फत् उनै देवतामा अर्पित हुन्छ र यसबाट देवताहरू प्रसन्न हुन्छन्" – भन्ने विश्वास दृढ भएको हुनाले इन्द्र-देवलाई प्रसन्न पार्नको निमित्त तिनताक अग्निमा पनि अत्यधिकमात्रामा सोम-रसहरूको आहुति दिने गरिन्थ्यो।

"हातमा वज्रलाई लिएर मरुत्(*वायु*)-देवतालाई साथमा लिई इन्द्रदेव फूर्तिका साथ रणसङ्ग्राममा उत्रेर वृत्रमाथि आक्रमण गर्दछन् र असुरहरूसँगका युद्धमा देवताहरूको नेतृत्व गर्दछन्"– भन्ने वर्णनहरू ऋग्वेद-संहितामा यत्रतत्र पाइन्छन्। यसप्रकार इन्द्रदेव वर्षाका देवताका साथै युद्धका देवताका रूपमा पनि स्थापित हुन आएका थिए। आर्यावर्तीय आर्यहरूमध्ये अधिकांश नागरिकहरू कृषि एवं पशुपालन गर्ने वैश्य वर्गका थिए र लडाका-वर्गका क्षत्रियहरूको पनि यस जातिमा कमी थिएन। यी दुवै वर्गका नागरिकहरूलाई इन्द्र-देवको सहयोग अत्यावश्यक रहेको थियो। वर्षादको प्रारम्भमा अनाजहरू रोपी वर्षादको अन्त्य हुँदा वा नहुँदा फलहरू फल्न थालेपछि कृषकहरूके माझमा हर्ष पैदा हुनु स्वाभाविक नै भएको थियो। यस अवस्थामा आफ्नो उपकार गर्ने भगवान् इन्द्र-देवप्रति कृतज्ञता प्रकट नगरी आर्य-वर्गका कृषकहरू कसरी पो बस्न सक्दथे ? यसको निमित्त उत्सव मनाउनु अनिवार्य थियो। यज्ञ-याग तथा अध्ययन-अध्यापनहरूतिर लागेका थोरै सङ्ख्यामा रहेका ब्राह्मणहरूले यस उत्सवप्रति खासै चाख नराखे पनि युद्धका सहायक देवता पनि इन्द्र-देव नै भएकाले क्षत्रिय-वर्गका आर्यहरू पनि यस उत्सवमा सक्रिय रहँदै आइरहेका थिए।

हुन त वेद तथा ब्राह्मण-ग्रन्थहरूमा पनि इन्द्र-यात्राको कुनै वर्णन पाइँदैन, तर पौराणिक-कालका संस्कृत-वाङ्मयहरूबाट भने इन्द्र-यात्राको उत्सव त्यस समयमा प्रौढावस्थामा पुगिरहेको देखिन्छ। यसले गर्दा वेदकालदेखि नै यस उत्सवको आरम्भ भएकोमा कुनै पनि सन्देह रहेको छैन।

वैदिक-युगपछि पुराणको युग आयो र स्वर्ग, मर्त्य तथा पाताल-लोकहरूको कल्पना गरिए। 'ब्रह्मा', 'विष्णु' तथा 'महेश्वर' यी तीन देवताहरूलाई प्रधानता दिइयो र विष्णु एवं महेश्वरका मूर्तिहरू बनाइएर धमाधम पूजिन थाले। यस युगमा वैदिक-कालमा भएको इन्द्रदेवको मर्यादा-क्रम होच्याइयो र 'ब्रह्मा', 'विष्णु' तथा 'महेश्वर' हरूका आज्ञाकारी देवताका रूपमा यिनले रहनुपर्‍यो। तैपनि यिनलाई 'देव-राज'को सम्मानित पदबाट हटाउने साहस भने पुराणकारहरूले पनि गर्न सकेनन्। पुराणकालका प्रसिद्ध लोककवि महाकवि कालिदासले देवताहरूमध्ये इन्द्र-देवको ठूलो महत्त्व देखाएर :– "यज्ञद्वारा देव-समाजलाई उछिन्न लागेको समयमा पनि राजा दशरथ जल-वर्षा गराउने इन्द्र-देवप्रति नतमस्तक रहन्थे" भनी उल्लेख गरेका छन्।

पुराणहरूमा 'इन्द्र-ध्वज'लाई इन्द्रको प्रतीक मानिएको पाइन्छ। इन्द्रदेव अन्तरिक्षभन्दा पनि माथि दिव् वा स्वर्गमा रहने देवता हुनाले इन्द्रध्वजलाई पनि सम्भव

भएसम्म माथि पुऱ्याउनुपर्ने सोचाई उत्पन्न भएर इन्द्रध्वजा टाँगिने लिङ्गो भरसक अग्लो बनाइन्थ्यो । पुराण-कालसम्ममा मूर्तिकलाको राम्रो विकास भैसकेकोले इन्द्र तथा यिनकी पत्नी इन्द्राणी*(शची)* का सुवर्ण-मूर्तिहरू बनाई लिङ्गोको फेदमा राखेर पूजा आराधना तथा नाच-गान आदिले उनको गुणगानहरू पनि गरिन थालिएको थियो ।

विष्णुधर्मोत्तर पुराण – जहाँ इन्द्रध्वजोत्थापन गर्ने विधान विस्तृत रूपमा वर्णित छ – त्यहीँ इन्द्र-यात्रासम्वन्धी यस्तो मनोरञ्जक कथा पाइन्छ :– "असुरहरूद्वारा युद्धमा पराजित भएका देवताहरूले इन्द्र-देवको नेतृत्वमा क्षीरसागरमा शयन गरिरहेका भगवान् विष्णुकहाँ गई सहयोगको निमित्त आग्रह गरे । त्यस समयमा एउटा पवित्र ध्वजा अर्पण गर्दै भगवान् विष्णुले इन्द्रदेवलाई आग्रह गरे :– "यस ध्वजालाई लिएर तपाइँहरू युद्धक्षेत्रमा जानुहोस्, यसको प्रभावबाट असुरहरू तपाइँहरूबाट अवश्य पनि पराजित हुनेछन् ।" हुन पनि भगवान् विष्णुकै आदेशानुसार त्यस पवित्र ध्वजालाई लिई इन्द्र-देवको नेतृत्वमा देवताहरू युद्ध गर्नको निमित्त जाँदा असुरहरूको हार भयो। यसैले युद्ध समाप्त भएपछि इन्द्र-देवले प्रसन्न भएर यस ध्वजाको धूमधामसँग पूजा तथा अर्चना पनि गरी चेदी-देशका राजा बसुलाई यो ध्वजा अर्पण गरे । ध्वजालाई अर्पण गर्दै इन्द्र-देवले पनि राजा बसुसँग अनुरोध गरे :– "जो राजाहरू इन्द्रध्वजोत्सव मनाउँछन्, तिनीहरूको राज्यमा दुर्भिक्ष तथा शत्रुहरूको भय रहने छैन र सबै किसिमबाट राज्यको वडिवडाउ पनि हुनेछ ।" इन्द्र-देवकै परामर्शअनुसार राजा बसुले पनि यस ध्वजाको पूजा तथा आर्चना गरेका थिए र यसबाट धन-धान्यहरूले परिपूर्ण भई शत्रुहरूमाथि विजय प्राप्त गरेर लामो समयसम्म राज्य गर्न उनी समर्थ भएका थिए । यसैले यो परम्परा अझैसम्म पनि चल्दै आइरहेको हो ।"

उपर्युक्त पुराणकथा अनुसार पनि प्राचीन-कालमा भारतमा इन्द्रध्वजोत्सव धूमधामसँग मनाइन्थ्यो भन्ने तथ्यको पुष्टि मिल्दछ । तर इस्लामको प्रवेश भएपछि भारतका वैदिक सनातन-धर्मावलम्वी राजाहरूमा सांस्कृतिक चेतनाको साथै आत्म-गौरव पनि हराउँदै आइरहेकोले भारत-भूमिमा यो महोत्सव मनाउने परम्परा शिथिल हुँदै आएर आजसम्ममा त्यहाँबाट प्रायः लोप नै भैसकेको छ। नेपालमा भने इस्लामको आतङ्क त्यति धेरै मच्चिन नपाए तापनि मध्ययुगको नेपाल-अधिराज्य टुक्रिएर स-साना धेरै पाहाडी राज्यहरू खडा भएकाले प्रत्येक राज्यहरूमा सामान्य रूपले यो उत्सव मनाउने परम्परा चल्दै आइरहेको झलक पाइन्छ ।

लिच्छवि-कालको प्रारम्भमा वर्तमान काठमाडौं शहरको दक्षिणी भाग 'दक्षिण-कोलिग्राम'को नमले प्रसिद्ध रहेको थियो । त्यतिवेला यहाँ 'इन्द्र-गृह' नामक एउटा भव्य राजभवन रहेको र यसै राजभवनको नजीकमा 'इन्द्रध्वजोत्सव' मनाइने गरेको हुनाले यस राजभवनको नाम 'इन्द्रगृह' रहन गएको झलक पाइन्छ। 'इन्द्रगृह' शब्दको अपभ्रंश रूप 'यङ्गल' भएको थियो । 'यङ्गल' शब्दको विकसित रूप 'यङ्गल' वा 'यङ्गाल'

शब्दले त्यस क्षेत्रको टोल-विशेषलाई र यसको पनि संक्षिप्त रूप 'यँ' शब्दले नेवारी-भाषामा अझै पनि भगवान् इन्द्र-देवद्वारा रक्षा गरिएको वर्तमान काठमाडौँ शहरलाई बुझाउँदै आइरहेको पाइन्छ। यसै टोलमा रहेको 'यङ्गाल-हिटी' नामक धाराले पनि 'इन्द्र-गृह'लाई अझैसम्म पनि सम्झना गराउँदै रहेको छ।

कान्तिपुर राज्यका राजा प्रताप मल्लको राज्यकालमा(वि.सं. १६४२-१६७४) इन्द्र-यात्राको उत्सव उन्नत अवस्थामा पुगिरहेको थियो। यिनले इन्द्रध्वजोत्सवलाई 'इन्द्र-यात्रा' भनने नाम दिएर भव्य रूपमा धूमधामसँग मनाउन थालेको यिनको राज्यकालमा प्रसारित भएका शिलालेखहरूवाट स्पष्टसँग नै देखिन्छ। इन्द्र-यात्राको निमित्त काठमाडौं शहरका वाटा-घाटाहरू सफा गराइने गरेको र राजभवनको नजिकै इन्द्रध्वजोत्थापन गरिने गरिएकोले राजभवनको आसपासमा सात-आठ दिनसम्म रातभर उज्यालो तुल्याइराख्नको निमित्त वत्तीहरूको विशेष प्रवन्ध मिलाइने गरेको पनि यिनका शिलालेखहरूबाटै थाहा हुन आएको छ।

इन्द्र-यात्राको यो उत्सव भारत-भूमिमा प्रचलित प्राचीन नियमअनुसार भाद्र-महिनाको शुल्क-पक्षको अष्टमी तिथिमा लिङ्गो काटेर द्वादशी तिथिमा ध्वजा सहितको लिङ्गो ठडयाउने र सात वा आठ दिनसम्म पूजा-प्रार्थना, नृत्य एवं गायन आदिद्वारा उत्सवहरू मनाएर पछिल्ला दिन आधारात ढल्केपछि राजभवनमा नै रहेका राजालाई पनि थाहा नहुने गरी लिङ्गोलाई ढलाई यस उत्सवको विसर्जन गर्ने परम्परा चल्दै आइरहेको थियो। राजाले लिङ्गो ढलेको देखेमा समग्र राज्यको निमित्त अपशकुन हुन्छ भन्ने मान्यताअनुसार राजा निद्रामा मस्त रहेको समयमा लिङ्गोलाई ढाल्नुपर्ने प्रचलन चलेको पाइन्छ।

कान्तिपुर राज्यका पछिल्ला मल्ल-राजा जयप्रकाश मल्लले इ.सं. १६५२ तिर कुमारी-यात्राको उत्सवलाई पनि इन्द्र-यात्राको उत्सवमा नै मिसाइदिएका थिए। राजा प्रताप मल्लको राज्यकालमा नै कुनै बौद्ध-उपासककी वालिकालाई 'कुमारी' नामिका देवीको प्रतीक बनाएर पूजा तथा आराधना गर्ने नियम चलिसकेको थियो। राजा जयप्रकाश मल्लले 'कुमारी'का साथ अन्य दुई बौद्ध कुमारहरूलाई पनि सम्मिलित गराएर 'गणेश' तथा 'भैरव'का प्रतीक बनाई 'कुमारी'का साथै यिनीहरूको पनि पूजा-आराधना गर्ने र इन्द्र-यात्राको समयमा पनि यिनीहरूलाई छुट्टाछुट्टै रथहरूमा सवार गराएर कुमारीका साथै काठमाडौं शहरका दक्षिणतर्फका पुराना टोलहरूमा चतुर्दशीको दिनमा नै परिक्रमा गराउने प्रचलन सुरु गराइदिएकाले इन्द्र-यात्राको पर्व वा उत्सव अझै भव्य तथा रमाइलो पनि बन्न थालेको थियो।

राजा जयप्रकास मल्लको राज्यकालभन्दा पहिले 'कुमारी-यात्रा' चैत्रकृष्ण-अमावस्याको दिनमा अर्थात् चान्द्र-महिनाको हिसावले हुने वर्षको अन्तिम दिनमा हुने गरेको र कुमारी-यात्राकै वर्तमान रूप 'घोडे-जात्रा' भएको झलक पाइन्छ। कुमारीहरूलाई घोडामा सबार गराएर यात्रा गराइने र यसरी यात्रा गराइँदा कुमारीका

भएसम्म माथि पुऱ्याउनुपर्ने सोचाई उत्पन्न भएर इन्द्रध्वजा टाँगिने लिङ्गो भरसक अग्लो बनाइन्थ्यो । पुराण-कालसम्ममा मूर्तिकलाको राम्रो विकास भैसकेकोले इन्द्र तथा यिनकी पत्नी इन्द्राणी*(शची)* का सुवर्ण-मूर्तिहरू बनाई लिङ्गोको फेदमा राखेर पूजा आराधना तथा नाच-गान आदिले उनको गुणगानहरू पनि गरिन थालिएको थियो ।

विष्णुधर्मोत्तर पुराण – जहाँ इन्द्रध्वजोत्थापन गर्ने विधान विस्तृत रूपमा वर्णित छ – त्यहीं इन्द्र-यात्रासम्वन्धी यस्तो मनोरञ्जक कथा पाइन्छ :– "असुरहरूद्वारा युद्धमा पराजित भएका देवताहरूले इन्द्र-देवको नेतृत्वमा क्षीरसागरमा शयन गरिरहेका भगवान् विष्णुकहाँ गई सहयोगको निमित्त आग्रह गरे । त्यस समयमा एउटा पवित्र ध्वजा अर्पण गर्दै भगवान् विष्णुले इन्द्रदेवलाई आग्रह गरे :– "यस ध्वजालाई लिएर तपाइँहरू युद्धक्षेत्रमा जानुहोस्, यसको प्रभावबाट असुरहरू तपाइँहरूबाट अवश्य पनि पराजित हुनेछन् ।" हुन पनि भगवान् विष्णुकै आदेशानुसार त्यस पवित्र ध्वजालाई लिई इन्द्र-देवको नेतृत्वमा देवताहरू युद्ध गर्नको निमित्त जाँदा असुरहरूको हार भयो । यसैले युद्ध समाप्त भएपछि इन्द्र-देवले प्रसन्न भएर यस ध्वजाको धूमधामसँग पूजा तथा अर्चना पनि गरी चेदी-देशका राजा बसुलाई यो ध्वजा अर्पण गरे । ध्वजालाई अर्पण गर्दै इन्द्र-देवले पनि राजा बसुसँग अनुरोध गरे :– "जो राजाहरू इन्द्रध्वजोत्सव मनाउँछन्, तिनीहरूको राज्यमा दुर्भिक्ष तथा शत्रुहरूको भय रहने छैन र सबै किसिमबाट राज्यको बढिबढाउ पनि हुनेछ ।" इन्द्र-देवकै परामर्शअनुसार राजा बसुले पनि यस ध्वजाको पूजा तथा आर्चना गरेका थिए र यसबाट धन-धान्यहरूले परिपूर्ण भई शत्रुहरूमाथि विजय प्राप्त गरेर लामो समयसम्म राज्य गर्न उनी समर्थ भएका थिए । यसैले यो परम्परा अझैसम्म पनि चल्दै आइरहेको हो ।"

उपर्युक्त पुराणकथा अनुसार पनि प्राचीन-कालमा भारतमा इन्द्रध्वजोत्सव धूमधामसँग मनाइन्थ्यो भन्ने तथ्यको पुष्टि मिल्दछ । तर इस्लामको प्रवेश भएपछि भारतका वैदिक सनातन-धर्मावलम्वी राजाहरूमा सांस्कृतिक चेतनाको साथै आत्म-गौरव पनि हराउँदै आइरहेकोले भारत-भूमिमा यो महोत्सव मनाउने परम्परा शिथिल हुँदै आएर आजसम्ममा त्यहाँबाट प्रायः लोप नै भैसकेको छ । नेपालमा भने इस्लामको आतङ्क त्यति धेरै मच्चिन नपाए तापनि मध्ययुगको नेपाल-अधिराज्य टुक्रिएर स-साना धेरै पाहाडी राज्यहरू खडा भएकाले प्रत्येक राज्यहरूमा सामान्य रूपले यो उत्सव मनाउने परम्परा चल्दै आइरहेको झलक पाइन्छ ।

लिच्छवि-कालको प्रारम्भमा वर्तमान काठमाडौं शहरको दक्षिणी भाग 'दक्षिण-कोलिग्राम'को नमले प्रसिद्ध रहेको थियो । त्यतिवेला यहाँ 'इन्द्र-गृह' नामक एउटा भव्य राजभवन रहेको र यसै राजभवनको नजीकमा 'इन्द्रध्वजोत्सव' मनाइने गरेको हुनाले यस राजभवनको नाम 'इन्द्रगृह' रहन गएको झलक पाइन्छ । 'इन्द्रगृह' शब्दको अपभ्रंश रूप 'यङ्गल' भएको थियो । 'यङ्गल' शब्दको विकसित रूप 'यङ्गल' वा 'यङ्गाल'

शब्दले त्यस क्षेत्रको टोल-विशेषलाई र यसको पनि संक्षिप्त रूप 'यँ' शब्दले नेवारी-भाषामा अझै पनि भगवान् इन्द्र-देवद्वारा रक्षा गरिएको वर्तमान काठमाडौं शहरलाई बुझाउँदै आइरहेको पाइन्छ। यसै टोलमा रहेको 'यङ्गाल-हिटी' नामक धाराले पनि 'इन्द्र-गृह'लाई अझैसम्म पनि सम्झना गराउँदै रहेको छ।

कान्तिपुर राज्यका राजा प्रताप मल्लको राज्यकालमा*(वि.सं. १६४२-१६७४)* इन्द्र-यात्राको उत्सव उन्नत अवस्थामा पुगिरहेको थियो। यिनले इन्द्रध्वजोत्सवलाई 'इन्द्र-यात्रा' भनने नाम दिएर भव्य रूपमा धूमधामसँग मनाउन थालेको यिनको राज्यकालमा प्रसारित भएका शिलालेखहरूवाट स्पष्टसँग नै देखिन्छ। इन्द्र-यात्राको निमित्त काठमाडौं शहरका बाटा-घाटाहरू सफा गराइने गरेको र राजभवनको नजिकै इन्द्रध्वजोत्थापन गरिने गरिएकोले राजभवनको आसपासमा सात-आठ दिनसम्म रातभर उज्यालो तुल्याइराख्नको निमित्त वत्तीहरूको विशेष प्रवन्ध मिलाइने गरेको पनि यिनका शिलालेखहरूबाटै थाहा हुन आएको छ।

इन्द्र-यात्राको यो उत्सव भारत-भूमिमा प्रचलित प्राचीन नियमअनुसार भाद्र-महिनाको शुल्क-पक्षको अष्टमी तिथिमा लिङ्गो काटेर द्वादशी तिथिमा ध्वजा सहितको लिङ्गो ठडयाउने र सात वा आठ दिनसम्म पूजा-प्रार्थना, नृत्य एवं गायन आदिद्वारा उत्सवहरू मनाएर पछिल्ला दिन आधारात ढल्केपछि राजभवनमा नै रहेका राजालाई पनि थाहा नहुने गरी लिङ्गोलाई ढलाई यस उत्सवको विसर्जन गर्ने परम्परा चल्दै आइरहेको थियो। राजाले लिङ्गो ढलेको देखेमा समग्र राज्यको निमित्त अपशकुन हुन्छ भन्ने मान्यताअनुसार राजा निद्रामा मस्त रहेको समयमा लिङ्गोलाई ढाल्नुपर्ने प्रचलन चलेको पाइन्छ।

कान्तिपुर राज्यका पछिल्ला मल्ल-राजा जयप्रकाश मल्लले इ.सं. १६५२ तिर कुमारी-यात्राको उत्सवलाई पनि इन्द्र-यात्राको उत्सवमा नै मिसाइदिएका थिए। राजा प्रताप मल्लको राज्यकालमा नै कुनै बौद्ध-उपासककी वालिकालाई 'कुमारी' नामिका देवीको प्रतीक बनाएर पूजा तथा आराधना गर्ने नियम चलिसकेको थियो। राजा जयप्रकाश मल्लले 'कुमारी'का साथ अन्य दुई बौद्ध कुमारहरूलाई पनि सम्मिलित गराएर 'गणेश' तथा 'भैरव'का प्रतीक बनाई 'कुमारी'का साथै यिनीहरूको पनि पूजा-आराधना गर्ने र इन्द्र-यात्राको समयमा पनि यिनीहरूलाई छुट्टाछुट्टै रथहरूमा सवार गराएर कुमारीका साथै काठमाडौं शहरका दक्षिणतर्फका पुराना टोलहरूमा चतुर्दशीको दिनमा नै परिक्रमा गराउने प्रचलन सुरु गराइदिएकाले इन्द्र-यात्राको पर्व वा उत्सव अझै भव्य तथा रमाइलो पनि बन्न थालेको थियो।

राजा जयप्रकास मल्लको राज्यकालभन्दा पहिले 'कुमारी-यात्रा' चैत्रकृष्ण-अमावस्याको दिनमा अर्थात् चान्द्र-महिनाको हिसावले हुने वर्षको अन्तिम दिनमा हुने गरेको र कुमारी-यात्राकै वर्तमान रूप 'घोडे-जात्रा' भएको झलक पाइन्छ। कुमारीहरूलाई घोडामा सवार गराएर यात्रा गराइने र यसरी यात्रा गराइँदा कुमारीका

बाटाघाटाहरू सफा बनाइएका, रथका आकार-प्रकार पनि साना तथा छरिता पनि पारिएका र हात्तीको बदलामा बग्गी तथा मोटरहरू चल्न थालेकाले तीन-चार घण्टाभित्रमा नै पनि कुमारीको यात्रा समाप्त हुन थाल्यो ।

वि.सं. २००७ मा प्रजातन्त्रको स्थापना भएपछि कुमारीको रथका पछि-पछि राजा, प्रधानमन्त्री, मन्त्री, भारदार एवं सैनिक तथा कर्मचारीहरू समेत यात्रा गर्ने र सोही दिन राजा डबलीमा राखिएको राजसिंहासनमा विराजमान हुने चलन पनि प्रायः बन्द भएकोले कुमारीको यात्रा अब केवल धार्मिक रूपमा मात्र चल्न थालेको छ । यस्तै राजैनीतिक रौनक पनि अब यस यात्राबाट प्रायः उत्रिइसकेको छ । तैपनि यस यात्राको सम्बन्ध, परम्परादेखि नै राज्य-व्यवस्थासँग रहँदै आइरहेकोले अझै पनि यस उत्सवमा भारदार तथा कर्मचारीहरू भने सम्मिलित हुँदै रहेका पाइन्छन् ।

नेपाल-अधिराज्यको एकीकरण हुनुभन्दा अघि भक्तपुर तथा पाटन शहरमा पनि काठमाडौं शहरकै ढाँचामा – केही छोटकरी रूपले – इन्द्रध्वजोत्सव मनाइने चलन प्रचलित रहेको देखिन्छ । इन्द्र-यात्रा नमनाइए पनि काठमाडौं उपत्यकाभित्रका प्राचीन बस्तीहरूमा इन्द्रयात्राको अवसरमा अझै पनि इन्द्रदेव तथा भैरवका काष्ठ-मूर्तिहरू प्रदर्शन गरिँदै रहेका पाइन्छन् । शहरको केन्द्रस्थल इन्द्रचोकमा भैरवको विशेष पूजा आराधना पनि यसै अवसरमा गरिन्छ । यस्तै गोरखा, लमजुङ् आदि पाहाडी राज्यहरूमा पनि केही भिन्न किसिमसँग इन्द्रध्वजोत्सव मनाइने चलन प्रचलित रहँदै आइरहेको थियो । राजा पृथ्वीनारायण शाह जीवित रहेसम्म काठमाडौं, भक्तपुर तथा ललितपुरमा पनि प्रचलित परम्पराअनुसार नै इन्द्रध्वजोत्सवहरू चल्दै रहे । इ.सं. १७७५ मा युवराज प्रतापसिंह शाह राजा भएपछि यिनले काठमाडौं शहरमा इन्द्रध्वजोत्थापन गर्नको निमित्त भक्तपुर क्षेत्रभित्र परेको नालाबाट खोटे-सल्लाको रुखको लिङ्गो ल्याउने र गोरखा राज्यमा प्रचलित विधि-विधानहरू अनुसार राजभवनको बगलमा काठमाडौं शहरमा मात्र इन्द्रध्वजोत्सव मनाउने, अन्यत्र नमनाउने नियम बसालिदिएकाले पछि नेपाल-अधिराज्यभित्र गाभिएका अन्य राज्यका राजधानीहरूबाट पनि यो उत्सव मनाइने प्रचलन हट्न गएको देखिन्छ ।

आजभन्दा पुगनपुग चार-हजार वर्ष पहिलेदेखि आर्यावर्तीय आर्यहरूले प्रतिवर्ष मनाउँदै आइरहेको इन्द्रदेवको पूजा तथा आराधना गर्ने यो उत्सव आजसम्ममा भारत-भूमिबाट प्रायः लुप्त भैसकेको छ तापनि हाम्रो सानो हिन्दूराष्ट्र नेपालमा भने आजसम्म पनि राष्ट्रिय उत्सवको रूपमा चलिरहेको छ । यो हाम्रो निमित्त निकै नै गौरवको कुरा हुन आएको छ । यसलाई पनि नेपालीहरूको सांस्कृतिक चेतना तथा स्वतन्त्र प्रवृत्तिको नै द्योतक मान्न सकिन्छ ।

* * *

पूर्व प्रकाशित लेख-रचना ।
साभार :– 'हिमवत्संस्कृति' *(त्रैमासिक पत्रिका)*,
वर्ष १, अङ्क २, वि.सं. २०१६ *(मूल पाण्डुलिपिको आधारमा परिवर्द्धित)* ।

(ज) राजा पृथ्वीनारायण शाहको संस्कृति-प्रेम

युरोपीय जातिहरू वाहेक अरूले पहिचान गर्न नसकेका 'सिभिलाइजेशन' ('Civilization') तथा 'कल्चर'('Culture') नामक मनुष्य-जातिमा रहने दुई-थरी महत्त्वपूर्ण सामाजिक तत्त्वहरूको पहिचान गरी युरोपीय जातिहरू संसारभरमा आफ्नो आधिपत्य जमाउन सफल भएका थिए। भारत-भूमिमा आफ्नो उपनिवेश स्थापित भैसकेपछि यस देशलाई कसरी र कतिसम्म शोषण गर्न सकिन्छ ? भन्ने अध्ययन गर्न अङ्ग्रेज नागरिकहरूले भारतीय जातिहरूमा रहेका यी दुई तत्त्वहरूको सम्बन्धमा अन्वेषण गर्न प्रारम्भ गरेका थिए। अङ्ग्रेज नागरिकहरूकै सहवासवाट भारतीय नागरिकहरूले पनि यी तत्त्वहरूको पहिचान गरी यिनलाई क्रमशः 'सभ्यता' तथा 'संस्कृति' भन्ने नाम दिएर अङ्ग्रेज नागरिकहरूका साथ-साथै आफूहरू पनि भारतीय जातिमा रहेका यी दुई तत्त्वहरूको अध्ययन एवं अन्वेषण गर्न अग्रसर भएका पाइन्छन्।

अङ्ग्रेज-वर्गका नागरिकहरूको अध्ययन प्रायः भारतीय जातिहरूमा रहेका यी दुई तत्त्वहरूको यथार्थ रूप पहिचान गरी पछि यसलाई पथभ्रष्ट गराई भारतीय नागरिकहरूमा रहेको राष्ट्रिय स्वाभिमानलाई गिराउनमा केन्द्रित रहेको थियो भने यसको प्रतिक्रियास्वरूप भारतीय विद्वान्हरूको ध्यान भने सभ्यता तथा संस्कृतिहरूको यथार्थ स्वरूपको पहिचान गर्ने र पछि यसलाई उज्ज्वल सिद्ध गरी आफ्नो राष्ट्रिय स्वाभिमानलाई उच्च गराउनमा केन्द्रित रहन थालेको थियो। यस सङ्घर्षमा अन्त्यमा भारतीय विद्वान्हरूको अध्यवसाय नै सफल भयो र आफ्नो गौरवमय अतीत, शक्ति तथा सामर्थ्यको पनि पहिचान गरी परतन्त्रतावाट मुक्त भएर उनीहरू स्वतन्त्रता प्राप्त गर्न समर्थ भए। यसैले आफ्ना सभ्यता तथा संस्कृतिहरूलाई स्वच्छ एवं पवित्र देखाउने धुनमा उनीहरू अझै पनि लागि नै रहेका छन्।

सभ्यता तथा संस्कृतिहरूको एक-आपसमा नित्य सम्बन्ध रहने हुनाले विज्ञ विद्वान्हरू पनि यी दुई शब्दको प्रयोग प्रायः समान अर्थमा नै गर्ने गर्दछन्। यथार्थमा भन्ने हो भने सभ्यताको आधार भौतिक समृद्धि हुन्छ। कृषि, पशुपालन तथा खनिज-सम्पदाहरूको विकासको साथै सभ्यताहरूको उत्थान भएको तथ्यको विश्व-इतिहास साक्षी भएर रहेको छ। जीवन-रक्षाको निमित्त आवश्यक पर्ने र आत्मरक्षा एवं सोख-सयलको निमित्त चाहिने भौतिक सामग्रीहरू आवश्यक मात्रामा तैयार हुनुलाई सभ्यताको मुख्य देन मान्न सकिन्छ। सभ्यता पनि देश, काल तथा परिस्थितिहरू अनुसार अलग-अलग हुन्छन्। स्थानीय परिवेशअनुसार सभ्यताहरूमा पनि अन्तर पाइनु स्वाभाविक नै रहेको छ।

यसैगरी मानवजातिको समुदाय-विशेष वा क्षेत्र-विशेषका विचार तथा व्यवहारहरूको वैशिष्टच देखाउने तत्त्वलाई नै सङ्क्षेपमा 'संस्कृति' वा 'Culture'

भन्न सकिन्छ । प्रत्येक जनसमुदायले आ-आफ्नो देशको जलवायु तथा आ-आफ्नो आवश्यकताअनुसार भवनको निर्माण गर्दछ, आ-आफ्नो समाजको रङ्ग तथा रूपअनुसार मूर्तिहरू कुँद्छ र आ-आफ्ना समाजमा रहेका वैशिष्टचहरू अनुसार चित्रहरू कोर्दछ, यी सवै सभ्यताका आधार हुन् । तर यी वस्तुहरूलाई सुन्दर एवं आकर्षक बनाउने प्रेरणा मेधा अर्थात् विशिष्ट-वुद्धि वा प्रतिभावाट मात्र प्राप्त हुने हुनाले मेधा वा विशिष्ट प्रतिभालाई नै संस्कृतिको मूल-आधार मान्न सकिन्छ। यसैले संसारमा समय-समयमा अनेक किसिमका संस्कृतिहरू बन्दै तथा विग्रँदै गरे तापनि जुन संस्कृतिका मूल-आधार भएर रहेका मेधा वा विचारहरू स्वच्छ तथा पवित्र रहेका हुन्छन्, त्यस्ता संस्कृतिहरू वाह्य प्रभाववाट केही समयको निमित्त दवे पनि संस्कृतिका मूल तत्त्वहरू भने वँचिरहन्छन् र उचित अवसर प्राप्त हुनेवित्तिकै पुनः आफ्ना रौनकहरू देखाउन थाल्दछन्।

आन्तरिक हलचल वा वाह्य प्रभावहरूद्वारा सभ्यता वा 'ऋष्खष्शिवतष्यल' हरूमा चाँडो-चाँडो परिवर्तन आउन सक्तछ, तर सभ्यताको चूरोको रूपमा रहने संस्कृतिमा भने त्यति चाँडो परिवर्तन आउने सम्भावना हुँदैन । सभ्यतामा व्यापक परिवर्तन आएपछि मात्र संस्कृतिमा धेर-थोर परिवर्तन आउन सक्तछ। यसैले नै आज-भोलि सभ्यताको भन्दा संस्कृतिको नै बढी महिमा गाइन्छ र सांस्कृतिक वैशिष्टचको चर्चा पनि निकै नै गर्ने गरिन्छ । सांस्कृतिक वैशिष्टचहरूवाट नै कुनै पनि देशको सभ्यताको परिचय प्राप्त गर्न सकिन्छ ।

वर्तमान नेपाल-अधिराज्य, विभिन्न जात-जातिको साथै विभिन्न संस्कृतिहरूको पनि सङ्ग्रहालयको रूपमा रहेको छ तापनि राष्ट्रिय एकताको प्रभावले गर्दा विभिन्न संस्कृतिहरूका बीचमा पनि एकात्मकताको भावना अमर तथा अजर पनि भएर रहेको पाइन्छ। आजको संसद्मा विभिन्न संस्कृति तथा विभिन्न जातिमा हुर्के-वढेका सदस्यहरू सहभागी रहेका छन् तापनि सवैले लगभग एउटै धार्मिक-शपथ लिएका छन्, सवै लगभग एउटै भाषा बोल्दछन् र सवै एउटै भेष-भूषा तथा एकै किसिमका विचारहरू लिएर सम्मलित भएका छन् । यो सांस्कृतिक एकता राजा पृथ्वीनारायण शाहको नेतृत्वमा राष्ट्रवादी गोरखाली नागरिकहरूले स्थापना गरेको राष्ट्रिय-एकताको प्रतीक भएकोमा कुनै सन्देह रहेको छैन ।

राजा पृथ्वीनारायण शाहको समयको नेपाल-अधिराज्यको राजनीतिक अवस्था अर्कै नै थियो। त्यस समयको नेपाल, राजनीतिक रूपमा वर्तमान नेपाल-अधिराज्यको लगभग सोन्हौं भागको एक-भागजति मात्र थियो र यो सङ्कुचित नेपाल पनि स-साना तीनवटा मल्ल-राज्यहरूमा विभक्त रहेर गृहकलहमा व्यस्त रही यसले आफ्नो समृद्ध नेवारी सभ्यता तथा स्रस्कृतिहरूलाई नष्ट-भ्रष्ट पारिरहेको थियो । तर पहिले – इतिहास-कालको आरम्भदेखि – क्रमशः विकसित हुँदै आइरहेको नेवारी-संस्कृति गठिलो तथा दह्रिलो पनि हुनाले सभ्यता खलवलिए पनि यहाँको गौरवशाली सांस्कृतिक-परम्परामा भने आघात पर्न पाएको थिएन । यस्तै मध्यकालको आरम्भदेखि कर्णाली

नदीका प्रस्रवण-क्षेत्रहरूमा उत्थान भएको खश-संस्कृति पनि मगराँतदेखि किराँतसम्मको मध्य-युगको नेपालमा व्यापकमात्रामा फैलिएर यतिवेला यसले नेवारी-संस्कृतिको समानान्तरमा आफ्नो विस्तृत प्रभावक्षेत्र विस्तार गरिरहेको थियो। यसै खश-संस्कृतिले मगराँत तथा किराँतलाई पनि तात्कालिक नेपाल राज्यवाट छुटचाई प्राचीनकालको नेपाललाई पुग-नपुग तीसवटाजति स-साना राज्यहरूमा वाँडिदिएको थियो।

यसरी एकातिर किराँत-प्रदेशमा रहेका संस्कृतिहरू खश-संस्कृतिको प्रभावमा परेर दविइरहेका थिए भने, यता नेवारी-संस्कृतिका प्रभावक्षेत्रहरूमा प्रवेश गरेर खश-संस्कृतिले आफ्नो भाषा तथा सैनिक-सेवाहरूद्वारा यस क्षेत्रमा पनि आफ्नो गहिरो प्रभाव जमाउँदै आइरहेको थियो। यसै प्रभावको आधारमा राजा पृथ्वीनारायण शाह काठमाडौं उपत्यका तथा यसका आसपासका क्षेत्रहरूमा स्थापित भएका तीनवटै मल्ल-राज्यहरूमाथि नियन्त्रण स्थापित गरी २६ वर्षको बीचमा वर्तमान नेपाल-अधिराज्यको जग बसाल्न समर्थ भएका थिए। यति भएर पनि काठमाडौं उपत्यका तथा यसका आसपासका क्षेत्रहरूमा रहेको परम्परागत समृद्ध नेवारी-संस्कृतिलाई खश-संस्कृतिले पराजित गर्न सकेन। फलस्वरूप नेवारी-संस्कृतिको केन्द्रस्थलको रूपमा विकसित भएर रहेको काठमाडौं शहरलाई नै आफ्नो एकीकृत नेपाल-अधिराज्यको राजधानी बनाउन यिनी विवश भए। दहचोकको सुरम्य डाँडोलाई आफ्नो नव-एकीकृत नेपाल-अधिराज्यको राजधानी बनाउने प्रवल इच्छा हुँदाहुँदै पनि यिनले आफ्नो आकाङ्क्षालाई पूरा गर्न सकेनन्। तर किराँत-प्रदेशको संस्कृति तथा तराई-प्रदेशका बाजीहरूका संस्कृतिहरूमा भने खासै ओज नरहेकोले उक्त क्षेत्रहरूलाई आफ्नो नव-एकीकृत नेपाल-अधिराज्यमा मिलाउन उनलाई ५ वर्षभन्दा वढी समय लागेको देखिँदैन।

राजा पृथ्वीनारायण शाहको देहान्तपछि १२ वर्षसम्म राजवंशमा गृहकलह चल्दा नेपाल-अधिराज्यको राष्ट्रिय एकीकरणको वेग मात्र रोकिएन, पश्चिमतर्फ रहेका 'चौवीसे' खश-राज्यहरूबाट गोरखा राज्यमाथि जवर्जस्त आक्रमण पनि भयो। यो आक्रमण पनि एउटै संस्कृति भएका खश-वर्गका नागरिकहरूकै आपसी गृहयुद्ध थियो। यस्तो गृहयुद्ध पश्चिमतर्फ रहेका अन्य 'बाइसे' खश-राज्यहरूमा पनि निरन्तर चल्दै आइरहेको थियो। तर भौगोलिक परिवेशको प्रभावले गर्दा राजा पृथ्वीनारायण शाहको राज्यकालको आरम्भसम्ममा गोरखा-राज्यका नागरिकहरूले विकास गराएको खश-संस्कृतिमा विलक्षण वैशिष्टच पैदा भई एउटा विशिष्ट लडाका-संस्कृतिको निर्माण भैसकेको थियो। गोरखा-राज्यमा आवाद रहेका खश, मगर तथा गुरुङ् वर्गका नागरिकहरूका आ-आफ्नै अलग-अलग संस्कृतिहरू थिए। एउटै गाउँमा साथ-साथै वस्न थालेपछि मगर-वर्गका नागरिकहरूको किराँत-संस्कृतिमा खश-वर्गका आर्यहरूको प्रभाव पर्नु स्वाभाविक नै थियो।

गुरुङ्-वर्गका नागरिहरूको किरात-संस्कृतिमा तिब्बती-संस्कृतिको प्रभाव पहिले नै परिसकेको थियो। अब यसमा खश-संस्कृतिको पनि प्रभाव परी गुरुङ् नागरिक-

हरूको एउटा विचित्र किसिमको संस्कृतिको निर्माण भैरहेको थियो । खश, मगर तथा गुरुङ् यी तीनथरी जातिका संस्कृतिहरूको मेलबाट बनेको नयाँ संस्कृति खश-संस्कृतिभन्दा बलवान् सिद्ध भयो र यसै संस्कृतिको आधारमा राजा पृथ्वीनारायण शाह नेपाल-अधिराज्यको एकीकरण-कार्यको जग बसाउन समर्थ भए । राजा पृथ्वीनारायण शाहको जीवनकालपछिको गृहकलहको समयमा पनि यसै विशिष्ट संस्कृतिको प्रभावले गर्दा तनहुँ, लमजुङ् तथा कास्की आदि अन्य राज्यका खश-संस्कृतिहरूलाई उछिनेर कालीगण्डकी नदीको किनारसम्म नेपाल-अधिराज्यको विस्तार हुन सम्भव भयो । यस विशिष्ट संस्कृतिको निर्माणमा कास्की तथा लमजुङ् राज्यहरूमा आबाद रहेका नागरिकहरूको पनि कम योगदान रहेको थिएन । यसै संस्कृतिलाई पछि आएका अङ्ग्रेज अन्वेषकहरूले 'गोरखा-संस्कृति'को रूपमा अभिव्यक्त गरेका छन् ।

राजा पृथ्वीनारायण शाहका सुयोग्य पुत्र राजकुमार बहादुर शाहका हातमा नेपाल-अधिराज्यको प्रमुख प्रशासनसूत्र पर्न आएपछि नेपाल-अधिराज्यको राजभवनभित्रको गृहकलह केही वर्षको निमित्त शान्त भयो र काली-नदीपारका खश-संस्कृतिहरूलाई पराजित गर्दै केही राज्यहरूलाई आश्रित बनाएर बाँकी राज्यलाई नामेट गराई कुमाउँसम्मका पाहाडी-प्रदेशहरूमा राष्ट्रिय-एकता स्थापित गर्न गोरखा-संस्कृति सफल भयो । राजा पृथ्वीनारायण शाहकै समयमा इस्टइण्डिया-कम्पनीका अङ्ग्रेज पदाधिकारीहरूले भारत-भूमिमा आफ्नो उपनिवेश स्थापना गर्न आरम्भ गरेका थिए । राजा पृथ्वीनारायण शाहले नेपाल-अधिराज्यको एकीकरण गर्न प्रारम्भ गर्दा यिनको यस अभियानमा भाँजो हाल्न भनी उनीहरूले चुरे-पर्वतमालको डाँडाबाट नेपालभित्र नचिहाएका पनि होइनन् । तर उनीहरू सफल हुन सकेनन् । राजा पृथ्वीनारायण शाह तथा राजकुमार बहादुर शाहजस्ता सशक्त नेताहरूको नेतृत्वमा यदि राष्ट्रवादी गोरखाली नागरिकहरूले समयमा नै नयाँ नेपाल-अधिराज्यको एकीकरण गर्न नसकेका भए आज संसारको मानचित्रमा 'नेपाल' नामक राज्यको नाम रहने थियो वा थिएन, यसै भन्न सकिँदैन ।

सभ्यता तथा संस्कृतिहरूको ठीक-ठीक पहिचान राजा पृथ्वीनारायण शाहलाई थिएन । तर प्रत्येक समाज वा जातिमा, त्यस समाज वा जातिलाई टिकाउने एक विशिष्ट-तत्त्व रहेको हुन्छ भन्ने ज्ञान भने यिनमा रहेको झलक पाइन्छ । यिनले पहिचान गरेको यस तत्त्वमा सभ्यता तथा संस्कृति दुवैको सम्मिश्रण रहेको हुन्थ्यो । काठमाडौं शहरमा रहेका सुन्दर मूर्तिहरूलाई देखेर यिनी यी मूर्तिहरूमा रहेका कलात्मक सौन्दर्यको अनुभूति गर्दथे, पाटन शहरमा प्रचलित रहेका समृद्ध शिल्प-कलाहरूको प्रशंसा गर्दथे र भक्तपुर शहरमा प्रचलित रहेका नृत्य-कलाहरूको पनि मुग्धकण्ठले आदर गर्ने गर्दथे । जोसुकै व्यक्तिलाई पनि आफ्नो संस्कृतिप्रति अनुराग हुनुलाई स्वाभाविक नै मान्न सकिन्छ । यसैअनुसार यिनी आफ्नो खश-संस्कृति वा गोरखा-संस्कृतिप्रति प्रेमभाव अवश्य पनि देखाउँथे, तर राष्ट्रनिर्माणको एकग्र धूनमा लागेकाले

आपसमा सांस्कृतिक एकता स्थापना गर्न नितान्त आवश्यक अनुभव हुँदा नेवारी-संस्कृतिलाई स्वीकार गर्नमा वा अन्य जुनसुकै स्वदेशी संस्कृतिहरूको वैशिष्टचलाई ग्रहण गर्नमा पनि यिनले कहिल्यै सङ्कोच मानेनन् ।

काठमाडौं उपत्यमामाथि आफ्नो नियन्त्रण स्थापित गरेपछि पनि पलाञ्चोक-भगवतीमा यिनले आफ्नो स्मारक-स्वरूप जुन शिलालेख राखेका छन् त्यसमा नेवारी-भाषा, नेवारी-लिपि तथा नेवारी-संवत्को पनि प्रयोग भएबाट यिनको सांस्कृतिक उदारताको परिचय सहजै प्राप्त गर्न सकिन्छ । यस्तै कीर्तिपुर शहरमाथि आफ्नो नियन्त्रण स्थापित हुनेबित्तिकै यिनले त्यहाँको प्रमुख बौद्ध-चैत्यलाई भूमिदान गरेका थिए । यसबाट पनि यिनको सांस्कृतिक समन्वय गर्ने भावना स्पष्टरूपमा झल्कन्छ। कान्तिपुर राज्यका मल्ल-राजाहरूले बौद्ध-कन्याहरूलाई 'कुमारी' वा देवीको रूपमा आदर गर्दै उनको पाउमा शिर झुकाउँदै आइरहेका थिए । नेवारी-संस्कृति अनुसार यसो गर्नु पुण्य-कार्य मानिन्थ्यो । खश-संस्कृतिअनुसार भने तल्लो जातकी कन्याको खुट्टामा शिरलाई निहुराउनु हेय-कार्य मानिन्थ्यो । तर राजा पृथ्वीनारायण शाहले भने यसलाई हेय-कार्य कार्य मानेनन् । राजधर्म मानेर यस परम्परालाई यथावत्रूपमा स्वीकार गर्नुबाट पनि यिनमा रहेको सांस्कृतिक-समन्वय गर्ने भावना स्पष्टरूपमा झल्कन्छ ।

सभ्यताले नै भौतिक-पदार्थहरूको निर्माण गर्दछ भन्ने ज्ञान राजा पृथ्वीनारायण शाहमा थियो वा थिएन ? यसै भन्न सकिँदैन, तर जाति-विशेष वा समाज-विशेषमा रहने विशिष्ट गुणहरूले नै त्यस जाति वा समाजमा समृद्धि ल्याउन सक्तछ भन्ने ज्ञान भने यिनमा रहेको देखिन्छ। आफ्नो राज्यका सबै नागरिकहरूलाई समान अधिकार दिएमा धार्मिक मान्यताहरूले सामाजिक तथा राजनीतिक एकतालाई व्यवधान गर्दैन भनी यिनले आफ्नो सम्पूर्ण जीवन देशको राजनीतिक एवं सामाजिक एकीकरण तथा आर्थिक विकासमा नै एकटक लगाइरहेका थिए। आर्थिक आधारमा नै आफ्नो राष्ट्र शक्तिशाली बन्न सक्तछ भन्ने जुन अवधारणा यिनमा रहेको पाइन्छ, त्यो पनि सांस्कृतिक-समन्वयको नै दीर्घयोजना प्रतीत हुन्छ ।

राजा पृथ्वीनारायण शाहका जति पनि विशिष्ठ कार्यहरू देखिन्छन्, ती सबैमा सांस्कृतिक समन्वयको भावना केही न केही मात्रामा अवश्य पनि पाइन्छ। कान्तिपुर राज्यका मल्ल-राजवंशका राजाहरू, अन्य चौबीसे राज्यका राजाहरू र स्वयं यिनका नै पूर्वजहरू पनि राज्यका हर्ताकर्ता आफू एक-जना व्यक्तिलाई मात्र सम्झने गर्दथे र आफ्ना आज्ञापत्र तथा पत्र आदिमा आफ्ना नाम तथा प्रशस्तिहरूका साथ आफ्नो नामाङ्कित 'मोहर' वा छापहरू पनि लगाइदिन्थे । तर राजा पृथ्वीनारायण शाहले राज्याधिकार ग्रहण गरेदखि नै आफ्ना आज्ञापत्र आदिमा आफ्नो नामको 'मोहर' छाप लगाउने प्रचलनलाई बन्द गरी 'भवानी' नामाङ्कित रातो रङ्गको 'लालमोहर' लगाउने प्रचलन चलाएको पाइन्छ। हो, आज्ञापत्र आदिमा नाम तथा प्रशस्तिहरू भने यिनको

आफ्नो नै लेखिन्थे । यिनको यस व्यवहारबाट यिनमा, राज्यकी स्वामिनी यथार्थमा दुर्गा-भवानी हुन्, म त राज्यको सञ्चालक तथा संरक्षक मात्र हुँ भन्ने भावना रहेको स्पष्ट देखिन्छ । यिनको यो भावना व्यवहारमा त्यति साकार हुन सकिरहेको थिएन तापनि राज्यलाई राजा तथा प्रजा सबैको साझा देवी दुर्गा-भवानीको सम्पत्ति मानिँदा यिनको यस व्यवहारबाट राज्यमा राजा तथा प्रजा सबैको सझा अधिकार रहेको भावना व्यक्त हुन्छ । "यो मेरो सानो दुःखले आर्जेको मुलुक होइन, चार-वर्ण छत्तीस-छात सबैको साझा फूलबारी हो" – भन्ने यिनको 'दिव्योपदेश'को उक्तिले पनि यही भावनालाई पुष्टि गर्दछ । यस भावनाको गर्भमा पनि सांस्कृतिक-समन्वयको भावना नै स्पष्टरूपमा पाइन्छ ।

गोरखा राज्यका राजाहरू आफूलाई चन्द्रवंशी मान्दथे र उपत्यकाभित्रका मल्ल-राजवंशका राजाहरू आफूलाई सूर्यवंशीका रूपमा गर्व गर्ने गर्दथे । यो वैचारिक स्वाभिमान हुनाले यसलाई पनि संस्कृतिको नै एक रूप मान्न सकिन्छ । राजा पृथ्वीनारायण शाहले यी दुवै विचारलाई समन्वय गरेका थिए । यिनका पछिल्ला समयका चाँदीका टकहरूमा चन्द्र तथा सूर्य दुवैका चिन्हहरू अङ्कित भएका पाइन्छन् । मल्ल-राजवंशका राजाहरूले आफ्ना सिक्काहरूमा अङ्कित गराउने गरेको बिजुलीको चिन्ह पनि यिनले आफ्ना पछिल्ला कालका सिक्काहरूमा अङ्कित गराएका छन् । यतिमात्र होइन, काठमाडौँ उपत्यकामाथि आफ्नो नियन्त्रण स्थापित गरेपछि यिनले जुन किसिमको राष्ट्रिय-झण्डाको सृजना गराएका थिए, त्यसमा पनि चन्द्र तथा सूर्य दुवैका चित्रहरू अङ्कित गराएर सांस्कृतिक समन्वयको भावना देखाएको पाइन्छ ।

राजा पृथ्वीनारायण शाह भौतिक समृद्धिका आकाङ्क्षी रहेका थिए । भौतिक समृद्धि सभ्यताको मूल-आधार भएर रहने हुनाले यो संस्कृतिको आवरण भएर रहेको हुन्छ र संस्कृतिको रक्षाको काम पनि यसले सशक्तरूपमा गर्ने गर्दछ । त्यतिवेला भौतिक समृद्धिका प्रमुख स्रोतहरू खानि तथा खेतीहरू रहेका थिए । यसैले राजा पृथ्वीनारायण शाहले आफ्नो 'दिव्योपदेश' मा :– "खानी भएको ठाउँमा कुनै गाउँ बसेको छ भने त्यस गाउँलाई अन्यत्र सारेर भए पनि खानि चलाउनू र खेत बन्ने ठाउँमा घर बनेको भए त्यस घरलाई अर्कै ठाउँमा सारेर भएपनि कुलो काटी खेत बनाएर खेती गर्नू" भनी जुन निर्देशन दिएका छन् त्यो पनि भौतिक समृद्धिको मुख्य उपाय थियो । यिनको राज्यकालमा जुनसुकै संस्कृति भएको जुनसुकै वर्गको नागरिक भएपनि कृषक वा 'आग्री' *(खानीको काम गर्ने कामदार)* बन्न सक्दथ्यो, भेदभावको भावना राखिँदैनथ्यो । यस किसिमको राष्ट्रिय भौतिक समृद्धिबाट सभ्यताको विकास हुने र यसबाट सांस्कृतिक समन्वयमा पनि बल पुग्ने हुनाले यस्तो प्रवृत्तिमा जोड दिनु यिनको अपूर्व बुद्धिमत्ताको परिचायक भएर रहेको छ ।

भौतिक समृद्धिको मूर्त-रूप सुन, चाँदी तथा तामा आदिमा पनि यिनको सूक्ष्म दृष्टि रहँदै आइरहेको थियो । यस विषयमा :– "आफ्ना देशका जिनिस तथा जडि-

बुटीहरू विदेशमा निकासी गर्नू र नगद ल्याउने प्रयास गर्नू, प्रजा वलियो*(समृद्ध)* भयो भने दरवार पनि वलियो हुन्छ, राजाको भण्डार भनेकै जनता हो" भन्ने जुन सिद्धान्त यिनले प्रतिपादन गरेका थिए त्यो पनि सभ्यता तथा संस्कृतिको समन्वयको पोषक-त□वको रूपमा रहेको छ। यसरी सम्पत्ति आर्जन गर्नमा यिनको राज्यकालमा जुनसुकै वर्ग, जाति वा संस्कृतिका नागरिकहरू पनि स्वतन्त्र रहेका थिए।

भौतिक सम्पत्ति वा धनको उपार्जन गरे तापनि त्यसको रक्षा गर्न नसकेमा एकातिर उपार्जनमा लागेको परिश्रम व्यर्थ हुन जाने र अर्कातिर सभ्यताको आधार भएर रहने भौतिक समृद्धि नष्ट भएपछि अव्यवस्थाहरूको उदय भई भ्रष्टाचारको राष्ट्र-रोग पैदा हुने हुनाले भौतिक सम्पत्तिहरूको रक्षाको निमित्त पनि राजा पृथ्वीनारायण शाहले उत्तिकै ध्यान दिएका थिए। आफ्ना नागरिकहरू विलासितातर्फ नझुकून् भन्ने यिनको हार्दिक चाहना रहेको थियो। यिनले आफ्नो जीवनकालको अन्तिम समयमा दिएको व्याख्यान 'दिव्योपदेश'मा भनेका छन् :– "मलाई एउटा कुराको सन्देह लागिरहेको छ, त्यो के भने मुगलान् यहाँबाट नजिकै रहेछ, त्यहाँ छोकडा तथा पत्रियाहरू धेरै रहन्छन्, (यसैको देखासिकी गरी यहाँका नागरिकहरू पनि) चित्रकारी भरिएका कोठाहरूमा बसी ढोलक, सितार र राग-तानहरूमा भुल्ने हुन् कि ? राग तथा तानमा ठूलो मोह हुन्छ र यसको निमित्त दौलत पनि निकै नै खोलिन्छ। देशको भेद पनि तिनले लैजान्छन्, हरिप*(शत्रु)* ले दगा गर्छ, यसैले रागको अभ्यास कसैले नगर्नू।....."

विलासिताका विरोधी रहे पनि राजा पृथ्वीनारायण शाह स्वदेशी कला तथा सङ्गीतका भने यिनी वरोधी थिएनन्। यसै प्रसङ्गमा उनले अगाडि भनेका छन् :– "आफ्नो सोख-सयलको निमित्त त शास्त्रबमोजिमका तीनै शहर नेपालका नेवारका नाचहरू झिकाई हेरे पनि हुन्छ, यिनीहरूलाई दिएको त आफ्नै देशमा रहन्छ।"

"विदेशी महाजनहरूलाई नेपालभित्र प्रवेश गर्न नदिनू, विदेशी महाजनहरू आए भने यहाँका नागरिकहरूलाई कङ्गाल पारिछोड्नेछन्" – भन्ने यिनको दूरदर्शी विचार थियो। उपर्युक्त सबै निर्देशनहरूले राजा पृथ्वीनारायण शाहलाई सभ्यता तथा संस्कृतिहरूका संरक्षकका रूपमा उपस्थापित गराएका छन्।

आफूले दुःखका साथ आर्जन गरेको राष्ट्रप्रति पनि यिनलाई ठूलो गर्व थियो। यसैले आफ्नो अन्तिम उपदेशमा यिनले :– "यो असल हिन्दुस्ताना हो, आफ्नो कुलले मानिआएको धर्मलाई कसैले नछोड्नू" भनी स्पष्टसँग निर्देशन दिएका छन्। यस्तै यिनले आफ्नो 'दिव्योपदेश'मा अर्को एक ठाउँमा वोलेका छन् :– "जनतालाई देश *(विदेश)* का कपडाहरू लगाउन मनाही गरिदिनू र आफ्नो देशको कपडा वुन्न जान्ने व्यक्तिहरूलाई नमूना देखाई सिकाउनू र बुन्न लगाउनू। यसो भएमा (देशको) नगद बाहिर जान पाउँदैन।" यसभन्दा बढी राष्ट्रवादी चिन्तन अरू के पो हुन सक्तछ र ?

नेपालको सांस्कृतिक परम्परा

युरोपीय पादरीहरू एउटा हातमा धर्म-पुस्तक र अर्को हातमा औषधीहरू लिई एशियाभर फैलिएर यहाँका नागरिकहरूलाई सदाचार एवं सद्विचारहरूको शिक्षा दिएको ढोङ् गर्दै र रोगीहरूको सेवा तथा सुश्रुषाहरू गर्दै आफ्नो इसाई-धर्म एवं संस्कृतिको प्रचार तथा प्रसार पनि गरेर सम्पूर्ण एशियाका सभ्यता तथा संस्कृतिहरूलाई कमजोर पारी यहाँ युरोपीय राष्ट्रहरूको राजनीतिक प्रभुत्व जमाउनको निमित्त पञ्चमाङ्गीहरूका रूपमा काम गर्दै आइरहेका थिए। भारत-भूमिमा कार्यरत रहेका यस्ता इसाई पादरीहरू एक-सय वर्षभन्दा पहिलेदेखि नै काठमाडौं उपत्यकामा आवत-जावत गर्दै आइरहेका थिए र कोही-कोही त यही नै बसेर इसाई-धर्मको गुणगानहरू पनि गाउँदै आइरहेका थिए । यिनीहरूले प्लेग-रोग लागेका केही नेपाली नागरिकहरूलाई निको तुल्याएर इसाई-धर्ममा दीक्षित पनि तुल्याइसकेका थिए। राजा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकामाथि आफ्नो नियन्त्रण स्थापित गर्ने प्रयत्न गर्दै रहँदा यिनलाई उछिनेर यहाँ इस्टइण्डिया-कम्पनीका अङ्ग्रेज पदाधिकारीहरूको नियन्त्रण स्थापित गराइसक्ने असफल प्रयासमा पनि यिनीहरू लागिनपरेका होइनन् । यिनीहरूको यस किसिमको भयङ्कर प्रवृत्तिबाट नेपाली सभ्यता एवं संस्कृतिहरूको साथै राष्ट्रियतामाथि पनि खतरा आइपर्ने देखेर राजा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकामाथि आफ्नो नियन्त्रण स्थापित भएपछि यिनीहरूका साथै इसाई-धर्मलाई स्वीकार गरिसकेका ६२ जना नेपाली नागरिकहरूलाई पनि देशवाट निकाला गरिदिएका थिए। देशलाई विधर्मीहरूको सांस्कृतिक पराभववाट यसरी वचाउनुलाई पनि यिनको महत्त्वपूर्ण योगदान मान्न सकिन्छ।

राजा पृथ्वीनारायण शाहले निर्धारण गरेको नीति यिनको देहान्तपछि यिनका छोरा राजकुमार वहादुर शाहको प्रशासनकाल समाप्त नभएसम्म १८ वर्ष जति त कायमै रहिरह्यो, तर यिनको पदच्युतिपछि राजभवन तथा विशिष्ट भारदारका महलहरू विलासिता तथा षड्यन्त्रका अखाडाहरूका रूपमा परिणत हुन आएकाले नेपाल-अधिराज्यमा सभ्यताको पतन भई सांस्कृतिक-क्षेत्रमा पनि अस्तव्यस्तता आएकोले नेपाली संस्कृति स्वतः टाक्सिएर गत डेड-सय वर्षको नेपाल-अधिराज्यको सांस्कृतिक इतिहास लज्जाजनक अवस्थामा आइपुगेको पाइन्छ।

दविइरहेका नेपाली सभ्यता तथा संस्कृतिहरूले आफ्नो रौनक प्रकट गर्ने समय अव आइसकेको छ । यसलाई गुमाउनु वा वचाउनु हामी सचेत नेपाली नागरिकहरूको नै हातमा रहेको छ।

* * *

– पूर्व प्रकाशित लेख-रचना।

साभार :– 'झङ्कार'– वर्ष, १, अङ्क १, २०१६ माघ
(मूल पाण्डुलिपि अनुसार परिवर्द्धित)।

(झ) सम्राट् अशोक तथा त्यतिवेलाको नेपाल

(१) सम्राट् अशोकको समयमा नेपालको सामाजिक, राजनीतिक तथा भौगोलिक परिस्थिति

पवित्र वाग्मती नदीको शिरानमा रहेको वर्तमान काठमाडौं उपत्यका प्राचीनकालदेखि नै नेपालको राजनीतिक, सामाजिक तथा साँस्कृतिक केन्द्रस्थलको रूपमा विकसित भएर रहँदै आइरहेको छ। यहीं नै यस देशको प्राचीन राजधानी 'दक्षिण-कोलिग्राम' अर्थात् वर्तमान काठमाडौं शहरको दक्षिणी भाग तथा 'यूपग्राम' अर्थात् वर्तमान पाटन शहर पनि रहेका थिए। वैश-कालको अन्त्य तथा मध्य-कालको आरम्भमा केही वर्ष भक्तपुर शहरले पनि नेपाल-अधिराज्यको राजधानी भएर रहने सौभाग्य प्राप्त गरेको थियो। किरात-कालको अन्त्य तथा लिच्छवि-कालको आरम्भमा वर्तमान काठमाडौं शहर नै नेपाल-अधिराज्यको राजधानी भएर रहेको झलक पाइन्छ।

भारतका सुप्रसिद्ध गुप्त-सम्राट् समुद्रगुप्त*(इ. सं. ३३५-७५)* ले प्रयागमा रहेको आफ्नो प्रसिद्ध स्तम्भलेखमा 'कामरूप'*(वर्तमान आसाम)* तथा 'कर्तृपुर'*('कत्युर' वा वर्तमान कुमाउँ)* को बीचमा नेपाल राज्यको अवस्थिति रहेको उल्लेख गराएका छन्[1]। यसैगरी सातौं शताब्दीमा बौद्ध-तीर्थस्थलहरूको अध्ययन-भ्रमण गर्ने उद्देश्यअनुसार भारत-भूमिका विभिन्न तीर्थस्थलहरूको अध्ययन-भ्रमण गर्दै नेपालको तात्कालिक राजधानी काठमाडौं शहरमा आइपुगेका प्रसिद्ध चिनियाँ तीर्थयात्री 'हुएन्-त्साङ्'ले पनि आफ्नो यात्रा-विवरणमा त्यतिवेलाको नेपाल ४००० 'ली' अर्थात् २००० किलोमिटर जतिको घेरामा फैलिएर रहेको उल्लेख गरेका छन्[2]। यसबाट त्यतिवेलाको नेपाल पूर्वतर्फ टिस्टा नदी तथा पश्चिमतर्फ काली नदीसम्म फैलिएर रहेको सङ्केत पाइन्छ।

तर महात्मा गौतम-बुद्ध*(इ. सं. पूर्व ५६३-४८३)* तथा मौर्य-सम्राट् चन्द्रगुप्त*(इ. सं. ३२१-२९७)* को समयको नेपाल भने त्यति विशाल क्षेत्रमा फैलिएर रहेको सङ्केत पाइँदैन। त्यतिवेलको नेपाल वर्तमान काठमाडौं उपत्यका तथा यसका आसपासका क्षेत्रहरूमा मात्र सीमित भएर रहेको झलक पाइन्छ। त्यस समयमा भारतमा आवाद रहेका आर्यावर्तीय आर्य-वर्गका व्यापारीहरू व्यापारको निमित्त यहाँ आउने तथा फर्कने पनि गर्दथे। तिनीहरूले यहाँ स्थायी रूपमा बसोवास गर्न भने थालिसकेका थिएनन्।

यस्तै पश्चिमतर्फ वर्तमान काश्मीरतिरबाट वसाइँ सर्दै आइरहेका खश-वर्गका आर्यहरू पनि वर्तमान सल्ल्यान तथा प्यूठानक्षेत्रको बीचमा पर्ने 'सखिको-लेक'को प्राकृतिक बाँधलाई पार गर्न नसकी त्यहाँबाट पूर्वतर्फ अघि बढ्न सकिरहेका देखिँदैनन्। यसैले त्यतिवेलाको नेपाल 'आर्यावर्त' वा आर्यावतीर्य आर्यहरूको दृष्टिअनुसार पुण्य-भूमिभित्र पर्न सकेको कुनै पनि सङ्केत पाउन सकिएको छैन। किरात वा आग्नेयदेशी

भाषा-परिवारको बोली बोल्ने 'नेपार' वा 'नेवार' नामक जुन आदिम मूल-निवासी जातिको नामबाट यस देशको नाम 'नेपाल' रहन गएको थियो, त्यस जातिको अबादी वर्तमान काठमाडौँ उपत्यका तथा यसका आसपासका क्षेत्रहरूमा फैलिएर रहेको र यस जातिको राज्य-व्यवस्था पनि स्थापित भैसकेकोले किरात-कालको अन्त्यसम्म पनि आर्यावर्तीय आर्यहरूको दृष्टिमा यो देश 'प्रत्यन्त-देश', 'म्लेच्छ-देश' वा 'किरात-देश' को रूपमा नै परिचित भएर रहेको झलक पाइन्छ।

महात्मा गौतम-बुद्धको अन्तिम समयतिर*(इ.सं.पूर्व ४९० को आसपासमा)* 'कोसल' राज्यका महत्त्वाकाङ्क्षी राजा 'विदुडब'ले शाक्य-गणराज्यको संहार गरिदिँदा त्यस गणराज्यमा बसोबास गर्ने केही नागरिकहरू जीवन-रक्षाको निमित्त सुरक्षित शरणस्थलको खोजीमा वर्तमान काठमाडौँ उपत्यकासम्म पनि आइपुगेको सङ्केत पाइन्छ। यिनताक महात्मा गौतम-बुद्ध धर्म-प्रचारको क्रममा श्रावस्ति-नगरीमा बसिरहेका थिए। यिनका प्रमुख-शिष्य 'भदन्त' आनन्द यिनबाट अनुमति प्राप्त गरी आफ्ना नाता-सम्बन्धका शाक्य-वर्गका शरणार्थीहरूको खोजीमा वर्तमान काठमाडौँ उपत्यकातर्फ आउँदा यहाँ आउने बाटोको विकटतालाई दृष्टिगत गर्दै ऊन तथा बिल्लोर आदि हिमाली कच्चा-पदार्थहरू खरीद गर्नको निमित्त यहाँ बराबर आउने गरेका अनुभवी भारतीय व्यापारीहरूका साथमा आएका र यहाँबाट फर्कदा पनि यस्तै व्यापारीहरूका साथ फर्केका थिए[३]।

यस्तै यो घटना घटेको लगभग दुई-शयवर्ष जति पछि मौर्य-सम्राट् चन्द्रगुप्तको राज्यकालमा*(इ.सं.पूर्व ३२१-२९७)* एकपटक मागध-राज्यमा अनिकाल पर्दा त्यस समयका प्रसिद्ध जैन आचार्य भद्रबाहु पनि एक-पटक नेपालमा आइपुगेको सङ्केत पाइन्छ[४]। यिनको यात्राविवरणमा भने तात्कालिक नेपालको भौगोलिक विकटताको बारेमा कुनै उल्लेख पाइँदैन। यस्तै मौर्य-सम्राट् चन्द्रगुप्तका मन्त्री आचार्य कौटल्य वा विष्णुगुप्त चाणक्यद्वारा रचित 'अर्थशास्त्र' नामक सुप्रसिद्ध संस्कृत-ग्रन्थमा पनि तिनताक नेपालबाट मगध-साम्राज्यको राजधानी पाटलिपुत्र शहरमा बिक्री हुन जाने अनेकौँ थरी ऊनी कपडाहरूको उल्लेख पाइन्छ[५]। यस्ता ऊनी कपडाहरूमध्येकै एक-थरी आठ-पाटे कालो घुम-राडीको नाम थियो :– 'भिङ्गिसी'।

'भिङ्गिसी' शब्द किरात वा तात्कालिक नेवारी-भाषाको शब्द भएकोमा कुनै पनि सन्देह रहेको छैन। यसैले यी ऊनी कपडाहरू नेपालमा रहेको तात्कालिक किराँत राज्यतिरबाट नै त्यहाँ गएको स्पष्ट देखिन्छ। यस्ता ऊनी कपडाहरू तिनताक भारतीय समाजमा आवश्यकता अनुसार घरायसी तथा विभिन्न सामाजिक कामहरूमा प्रयोग हुने गरेका देखिन्छन्।

कौटल्यको अर्थशास्त्रमा भएको यस उल्लेखबाट तिनताक नेपालमा प्रशस्त चौँरी-गाई तथा भेडाहरू पालिने र यहाँबाट ऊनी कपडाहरूको पर्याप्तमात्रामा

निकासी हुनेगरेको पनि स्पष्ट नै देखिन्छ। साथै यस वर्णनबाट महात्मा गौतम-बुद्धको जीवनकालमा कच्चा ऊनहरूको मात्र व्यापार गर्ने यहाँका स्थानीय 'नेपार' वा नेवार -वर्गका नागरिकहरू यतिञ्जेलसम्ममा ऊनलाई परिष्कार गरेर मिहीन तथा बुट्टेदार अनेकौं किसिमका ऊनी कपडाहरूको निर्माण गरी भारततर्फ निर्यात गर्नसक्ने अर्धसभ्य नागरिकहरू बनिसकेका पाइन्छन्। वन्य-जन्तुका छालाहरूलाई परिष्कार गर्नसक्ने क्षमता भने यिनीहरूमा अझैसम्म पनि विकसित भैसकेको देखिँदैन। सम्भवतः यस्ता कच्चा छालाहरू 'नेपार' वा नेवार-वर्गका नागरिकका वस्तीहरूभन्दा बाहिर रहेका किरात-वर्गकै अन्य नागरिकहरूले त्यतातर्फ निर्यात गर्ने गरेका थिए।

त्यतिवेला मगध-साम्राज्यको राजधानी पाटलिपुत्र वा उत्तरी विहारबाट नेपालतर्फ आवत-जावत गर्ने अहिलेको बारा तथा पर्सा जिल्लातर्फको मूल-बाटो खुल्न सकिरहेको थिएन। यो क्षेत्र तिनताक घना जङ्गलै-जङ्गलहरूले ढाकिएर रहेको थियो। किरात-वर्गका थारु, दनुवार तथा कुह्माल आदि आदिम जन-जातिका पातला आवादीहरू मात्र यस्ता वन-जङ्गलहरूभित्र यत्रतत्र छरिएर रहेका हुँदाहुन्। एघारौं शताब्दीमा विहारबाट नेपालको बाटो भई धर्मप्रचारको निमित्त तिब्वतमा पुगेका आचार्य 'दिपङ्कर श्रीज्ञान' पनि सिन्धुली-भञ्ज्याङ्कै बाटो भई नेपालमा आएका पाइन्छन्[६]।

मध्यकालमा बौद्ध-वर्गका यी आचार्यहरूको आगमनभन्दा अगाडि वा पछाडि अनेकौं चिनियाँ तथा तिब्वती तीर्थयात्रीहरू पनि नेपाल-अधिराज्यकै बाटो भई भारतका बौद्ध-विद्यालय तथा तीर्थस्थलहरूमा जाँदै तथा फर्कंदै गरिरहेका पाइन्छन्। यी सबैले सिन्धुली-भञ्ज्याङ्कै बाटो भएर ओहोर-दोहोर गर्नेगरेको हुनुपर्दछ। चौधौं शताब्दीको मध्यमा बङ्गाल तथा विहारका 'सुल्तान' भएर रहेका समसुद्दीन इलियस शाहले पनि तात्कालिक नेपालमाथि आक्रमण गर्दा यही बाटोलाई नै पछ्याएको स्पष्ट रूपमा नै देखिन्छ[७]।

अहिलेको मकवानपुर क्षेत्रमा सेन-राजवंशका राजाहरूले आफ्नो राज्यक्षेत्रको विस्तार गर्न आरम्भ गरेपछि वर्तमान-कालमा मात्र बारा तथा पर्सातर्फका बाटा-घाटाहरू खुल्न थालेको झलक पाइन्छ। तर यी बाटा-घाटाहरू पछिसम्म पनि निकै नै विकट रहेका देखिन्छन्। आउने तथा फर्कने बाटा-घाटाहरूको विकटताले गर्दा नै भगवान् पशुपतिनाथको दर्शन गर्नको निमित्त नेपाल-अधिराज्यमा आउन चाहने, तर यहाँसम्म आइपुग्न नसक्ने भारतीय तीर्थ-यात्रीहरूको निमित्त सेन-राजवंशका मकवानी राजाहरूले वर्तमान पर्सा-जिल्लामा रहेको 'महुवन' नामक ठाउँमा भगवान् 'पारसनाथ'को मूर्ति स्थापना गराइदिएका र यसै मूर्ति तथा मन्दिरको नामबाट नै पछि यस क्षेत्रको नाम 'पर्सुवा' वा 'पर्सा' हुन आएको पाइन्छ।

यो बाटो निकै पछिसम्म पनि विकट नै रहिरहेको थियो। यसको विकटताले गर्दा नै अठारौं शताब्दीको मध्यमा वर्तमान काठमाडौं उपत्यकामा आफ्नो नियन्त्रण स्थापित

गर्न भनी अग्रसर भएका इस्टइण्डिया-कम्पनीका अङ्ग्रेज अफिसर 'मेजर' किन्लाक पनि आफ्नो नेतृत्वमा रहेका सैनिकहरूका साथ सिन्धुली-भञ्ज्याङ्कै बाटो गरी काठमाडौं उपत्यकातर्फ अघि वढेका र यस अभियानमा असफल भई यस अभियानको चिह्न स्वरूप त्यहाँ एउटा ठूलो तोप, पर्याप्त गोला-बारुद तथा सयौं वन्दूकहरूलाई पनि छोडेर भागेका थिए। यो तोप अझैसम्म त्यहीं नै रहिरहेको छ।

माथि उल्लेख भएका तथ्यहरूको आधारमा महात्मा गौतम-बुद्ध तथा मौर्य-सम्राट् चन्द्रगुप्तको जीवनकालमा नेपालमा आउने भदन्त आनन्द एवं आचार्य भद्रबाहु पनि सिन्धुली-भञ्ज्याङ्को बाटो भएर नै यहाँ आएका थिए भन्ने निर्क्योललाई सहजै निकाल्न सकिन्छ। तर कपिलवस्तु जनपदवाट भागेर आएका शाक्य-जनपदका शरणार्थीहरू भने पक्कै पनि यस बाटो भएर आएका थिएनन्। कारण, यी शरणार्थीहरूको निमित्त कपिलवस्तु जनपदवाट कोसल-राज्यको राज्यक्षेत्रलाई पार नगरी मिथिला जनपद वा राज्यमा उत्रनु सम्भव थिएन र मिथिलाको बाटो नभई सिन्धुली-भञ्ज्याङ्लाई पार गर्नु पनि सम्भव थिएन। कोसल-राज्यको राज्यक्षेत्रलाई पार गरेर मिथिला जनपद भई आउँदा शत्रुपक्षको भय हुने भएकोले यिनीहरू पक्कै पनि सिन्धुली-भञ्ज्याङ्को बाटो गरी यहाँ आएका थिएनन्। सम्भवतः यिनीहरू 'तिनाउ' नदीको किनारै-किनार उत्तरतर्फ लागी वर्तमान पाल्पाक्षेत्रमा आएर त्यहाँबाटै वर्तमान काठमाडौं उपत्यकातर्फ लागेका हुँदाहुन्।

काठमाडौं उपत्यकाभित्र आउने पाल्पातर्फको बाटो उकालो-ओह्रालो तथा पहाडी ढुङ्गै-ढुङ्गाहरूले ढाकिएको थियो। साथै यहाँको चीसो हावा-पानीले गर्दा नेपालवाट फर्किएर श्रावस्ति-नगरीमा पुग्दा भदन्त आनन्द तथा यिनका साथमा आएका अन्य बौद्ध-भिक्षुहरूका पनि हात-खुट्टाहरू फुटेर छिया-छिया भएका थिए। आफ्ना प्रिय भिक्षुहरूको यस्तो दयनीय अवस्थालाई देखेर महात्मा गौतम-बुद्धले भदन्त आनन्दसँग प्रश्न गरेका थिए :– "नेपालतर्फ जाँदा तिमीहरूले पदत्राणहरूको प्रयोग गरेका थिएनौ ? यसमा भदन्त आनन्दले प्रत्युत्तर दिएका थिए :– "हामी भिक्षुहरूको निमित्त पदत्राण पहिरने अनुमति प्राप्त रहेको छैन"। यसमा महात्मा गौतम-बुद्धले निर्देशन दिएका थिए :– "सोख-सयलको निमित्त होइन, शरीर-रक्षाको निमित्त अबउप्रान्त भिक्षुहरूका साथै भिक्षुणीहरूले पनि पदत्राण अर्थात् जुत्ताहरूलाई पहिरे पनि हुन्छ[१]।"

यसरी भिक्षुसङ्घमा रहने भिक्षु तथा भिक्षुणीहरूलाई यसै समयदेखि 'पदत्राण' अर्थात् जुत्ता पहिरने अनुमति प्राप्त भएको थियो[१]। पाल्पाबाट वर्तमान काठमाडौं उपत्यकामा आउने पैदल बाटो आज-भोलि त त्यति सजिलो छैन भने त्यतिवेला झन् कति विकट हुँदो हो ?, सहजै अनुमान गर्न सकिन्छ। यसैले शाक्य-वर्गका शरणार्थीहरूले भदन्त आनन्द तथा यिनका साथमा आएका अन्य भिक्षुहरूले भन्दा अझै वढी दुःख तथा कष्टहरू भोग्नुपरेकोमा कुनै पनि सन्देह रहेको छैन। जीवन-

रक्षाको निमित्त सुरक्षित आश्रयस्थलको खोजीमा हिंडेका शरणार्थीहरूले जहाँ पनि र जहिले पनि यस्तै विपत्तिहरूको नै सामना गर्नुपर्ने हुन्छ।

चन्दगुप्त-मौर्यका नाति सम्राट् अशोकको जीवनकाल *(इ.सं. पूर्व २६९-२३२)* को नेपाल-राज्यको भौगोलिक, राजनीतिक तथा सामाजिक परिस्थिति पनि लगभग यस्तै नै रहेको हुँदो हो। यस किसिमको भौगोलिक विकटतालाई 'प्रियदर्शी' मौर्य-सम्राट् अशोक तथा यिनका सेनानायकहरूले पनि राम्रैसँग जानेका तथा वुझेका पनि थिए। त्यसैले यिनीहरूले तात्कालिक नेपाल-राज्यमाथि सैनिक अभियान सञ्चालन गरेहोलान् र तत्कालिक नेपाल-राज्य मौर्य-साम्राज्यको अधीनमा पुगेको थियो होला भनी स्वीकार गर्नु त्यति सजिलो छैन।

(२) सम्राट् अशोकका शिलालेखमा पाइने 'विजित' तथा 'अन्त' राज्यहरू

भारत-वर्षको इतिहासमा मौर्य-सम्राट् प्रियदर्शी अशोक देदीप्यमान उज्ज्वल नक्षत्रजस्तै भएर प्रकाशित भई चम्किरहेका छन्। यसैले यिनको जीवन तथा चरित्रको बारेमा प्रकाश पार्ने सामग्रीहरू बौद्ध-वाङ्मयमा प्रशस्तमात्रामा पाइन्छन्।

स्वयं मौर्य-सम्राट् अशोकले नै स्थापना गराएका शिलालेखहरू पनि भारतमा उत्तरमा देहरादूनदेखि दक्षिणमा चित्तल-दुर्ग *(मैसूर)* सम्म र पूर्वमा उडिसाको भुवनेश्वर शहरदेखि पश्चिममा गुजराँतको जूनागढ शहरसम्मका विस्तृत भूभागहरूमा तीसभन्दा बढी ठाउँहरूमा यत्रतत्र छरिएर रहेका भेटिन्छन्। यिनका आदेश वा सन्देशहरू उत्कीर्ण भएका यस्ता शिलालेखहरूबाट यिनको हृदयमा रहेको सरलता एवं स्वच्छता, मानवीय भावना तथा प्रजावत्सलता पनि सहजरूपमा नै झल्कने हुनाले यी अभिलेखहरू अत्यन्त नै वन्दनीय रहेका छन्। यिनै अभिलेखहरूका साथै बौद्ध-वाङ्मयको आधारमा पनि तात्कालिक नेपाल-राज्यप्रति यिनको के-कस्तो धारणा रहेको थियो होला? हेर्ने प्रयास गरौं।

सम्राट् अशोकले सम्पूर्ण भारतवर्षमा मात्र होइन, इरानदेखि युनानसम्मका पश्चिमी सभ्य-जगत्हरूमा पनि आफ्ना धार्मिक सन्देशहरूका साथै धर्म-दूतहरूलाई पठाएका थिए। सर्वसाधारण नागरिकहरू तथा पशु-पक्षीहरूको निमित्त पनि औषधालयहरू खोली, वाटा-घटाहरूमा वृक्ष-वनस्पतिहरू लगाई र कुवा तथा इनारहरूलाई खनाएर प्राणीमात्रमा दयाको भावना जगाउने अथक प्रयासहरू यिनले गर्नेगरेको पाइन्छ। यस्ता कामहरूको निमित्त यिनले आफ्नो देशका नागरिकहरू तथा आफ्नो देशभन्दा वाहिरका नागरिकहरूमा पनि कुनै किसिमका भेद-भावहरू गर्ने गरेको पाइँदैन। आफ्ना शिलालेखहरूमा यिनले आफ्ना निकै छिमेकी देशहरूको नाम पनि उल्लेख गरेका छन्। पश्चिमी सभ्य-जगत्मा रहेका यस्ता छिमेकी देशहरूको चर्चा नगरेर त्यतिवेलाको नेपाल-राज्यसँग मौर्य-साम्राज्यको सम्वन्धको पहिचान गर्नको निमित्त सर्वप्रथम तात्कालिक

भारतवर्षकै मौर्येतर छिमेकी राज्यहरूको सम्वन्धमा संक्षिप्त चर्चा गर्नु यहाँ सान्दर्भिक हुन आएको छ ।

मौर्य-सम्राट् अशोकले आफ्ना शिलालेखहरूमा आफ्नो प्रत्यक्ष शासन रहेको क्षेत्रलाई 'विजित' तथा आफ्नो खास साम्राज्यभन्दा बाहिरका – छिमेकमा रहेका – अन्य स्वतन्त्र राज्यहरूलाई 'अन्त-राज्य' भन्ने नाम दिएका छन्। 'चोल', 'पाण्डच', 'सातियपुत्र', 'केरलपुत्र' तथा 'ताम्रपर्णी' आदि यिनका राज्यकालका दक्षिणी भारतमा रहेका 'अन्त-राज्य'हरू देखिन्छन्[१०]। यिनको राज्याभिषेक सम्पन्न हुंदा मगध-साम्राज्यको राजधानी पाटलिपुत्र शहरभन्दा धेरै टढा नरहेको – महानदी तथा गोदावरी नदीको बीचमा – हालको उडिसामा रहेको कलिङ्ग राज्य पनि अन्त-राज्यको रूपमा नै रहिरहेको थियो । आफ्नो राज्याभिषेक भएको आठौं वर्षमा यिनले यस राज्यमाथि विजय प्राप्त गरी यस राज्यलाई आफ्नो साम्राज्यमा नै मिलाइदिएका थिए[११] । यस राज्यमाथिको विजय-अभियानमा हजारौं नर-नारीहरूको जीवन नष्ट भएकोले यस हृदयविदारक घटनावाट उत्पन्न भएको दया तथा करुणाले गर्दा द्रवित भई यसपछि यिनले थप नयाँ राज्यहरूमाथि विजय गर्ने अभियानहरूलाई वन्द गरी 'धर्म-विजय'को नीतिलाई अवलम्बन गरेका थिए ।

यिनको यसै नीतिले गर्दा दक्षिणी भारतमा रहेका 'चोल', 'पाण्डच', 'सातियपुत्र', 'केरलपुत्र' आदि द्रविड-राज्यहरू अन्त-राज्य वा स्वतन्त्र राज्यहरूका रूपमा नै वचिरहन पाएका देखिन्छन् । यस्ता अन्त-राज्यहरूमा प्रियदर्शी सम्राट् अशोकका शिलालेखहरू आजसम्म भेटिएका छैनन् । यसैले आफ्नो शासनाधिकार रहेका विजित-राज्यहरूमा मात्र आफ्ना शिलालेखहरू स्थापना गर्ने अन्त-राज्यहरूमा भने स्थापना नगर्ने यिनको नीति रहेको स्पष्ट देखिन्छ ।

'ताम्रपर्णी' अर्थात् वर्तमान श्रीलङ्कामा लेखिएको 'महावंशो' नामक बौद्ध-पुराणमा पनि मौर्य-सम्राट् अशोकसम्बन्धी पर्याप्त विवरणहरू उपलब्ध रहेका छन् । यिनको स्वर्गवास भएको सात-आठशय वर्षजति पछि सुने तथा सुनाएका दन्त्य-कथाहरूका आधारमा अतिरञ्जित भाषामा लेखिएकोले अन्य पक्का साक्ष्यहरू उपलब्ध नभएसम्म वा अन्य स्रोतहरूबाट पुष्टि नभएसम्म यस्ता अनुश्रुतिहरूलाई सहसा विश्वास गरिहाल्न त सकिंदैन तापनि सर्वथा उपेक्षा गर्न पनि मिल्दैन ।

उपर्युक्त पुराण-ग्रन्थमा मौर्य-सम्राट् अशोकले आफ्ना छोरा 'महेन्द्र'का साथै छोरी 'सङ्घमित्रा'लाई पनि धर्मप्रचारको निमित्त ताम्रपर्णी अर्थात् वर्तमान श्रीलङ्कामा पठाएको, त्यहाँका तात्कालिक राजा 'तिष्य'ले यिनीहरूको आदरका साथ सत्कार गरेको र यिनीहरूले त्यहाँ बौद्धधर्मको व्यापकमात्रामा प्रचार तथा प्रसार पनि गराएको वर्णन विस्तारपूर्वक दिइएको पाइन्छ ।

त्यतिवेलाको 'ताम्रपर्णी' नै हालको 'श्रीलङ्का' भएकोमा कुनै पनि सन्देह रहेको छैन । सम्राट् अशोकका शिलालेखहरूमा 'चोल' आदि अन्त-राज्यहरूकै लहरमा ताम्रपर्णी

राज्यको नाम पनि उल्लेख भएको पाइन्छ । यसैले राजकुमार महेन्द्रका साथै राजकुमारी सङ्घमित्राले पनि वर्तमान श्रीलङ्कामा गई भिक्षु तथा भिक्षुणी भएर बौद्धधर्म तथा दर्शनहरूको प्रचार तथा प्रसार पनि गराएको अनुश्रुतिलाई अन्यथा भनिहाल्न सकिँदैन ।

त्यस समयमा 'ताम्रपर्णी' अर्थात् वर्तमान श्रीलङ्कामा जस्तै 'चोल' तथा 'पाण्डच' आदि अन्य द्रविड-राज्यहरूमा पनि मौर्य-सम्राट् अशोकले पठाएका धर्म-प्रचारकहरू अवश्य पनि गएका हुँदाहुन् । तर 'महावंशो'मा भने सम्राट् अशोकको राज्यकालका यस्ता अन्य अन्त-राज्यहरूको नामसम्म पनि उल्लेख भएको पाइएको छैन । उक्त क्षेत्रमा रहेका अन्त-राज्यहरूमा पनि यतिवेला बौद्धधर्मका प्रचारकहरू आएका थिए भन्ने कुरा महावंशोको रचनाकालसम्ममा तात्कालिक सिंहली विद्वान्हरूले बिर्सिसकेको अनुमान हुन्छ ।

३. सम्राट् अशोक तथा हिमालय-क्षेत्र

हिमालयक्षेत्रमा रहेका अन्त-राज्यहरूको सम्वन्धमा भने सम्राट् अशोकका शिलालेखहरू सर्वथा चूप रहेका पाइन्छन् । तर 'महावंशो'मा नै सम्राट् अशोककै निर्देशनअनुसार काश्मीरतर्फ आचार्य 'मज्झन्तिक' र हिमालयतर्फ आचार्य 'मज्झिम' नामक बौद्ध-विद्वान्लाई धर्मप्रचारको निमित्त पठाइएको उल्लेख पाइन्छ[१२] । हिमालयक्षेत्रकै पश्चिमी भाग 'काश्मीर' हुनाले यहाँ 'हिमालय' भनेर वर्तमान काँगडादेखि पूर्वतर्फ रहेका पहाडी क्षेत्रहरूलाई मात्र सङ्केत गरिएकोमा कुनै पनि सन्देह रहेको छैन ।

बौद्ध-धर्मग्रन्थ 'महावंशो'मा नै आचार्य मज्झिमका साथ यिनका अन्य चार-जना सहयोगीहरूको पनि चर्चा आएको छ । यसै बौद्धपुराणको टीकामा यी चार-जना सहयोगीहरूको नाम क्रमशः – 'कस्सपगोत्त', 'दुन्दुभिसर', 'सहदेव' तथा 'मूलकदेव' भएको उल्लेख पाइन्छ[१३] ।

बनारसको नजिक 'साँची'मा रहेको एक बौद्ध-चैत्यको उत्खननपछि त्यस चैत्यको गर्भबाट अस्थि-अवशेषहरू राखिएको एउटा धातु-मञ्जूषा उपलब्ध हुन आएको छ। यस धातु-मञ्जूषाको बिर्कोको साथै पीधमा पनि आचार्य 'मज्झिम' तथा आचार्य 'कास्सपगोत्त'को नाम पनि तात्कालिक पालि-भाषामा यसरी उल्लेख भएको पाइन्छ :–*"सपुरिस-मझिमस-सपुरिस-कासपगोतस-सवहेमवता-चरियस"*[१४]। अर्थात् :– "सम्पूर्ण हिमालय-क्षेत्रका आचार्य सारिपुत्र मध्यमको तथा सारिपुत्र काश्यप-गोत्रको" । यहाँ :– "सम्पूर्ण हिमालयक्षेत्रका आचार्यको" भन्ने विशेषण 'मज्झिम' तथा 'कास्सपगोत्त' नामक दुवै बौद्ध आचार्यहरूको नाममा प्रयोग भएको पाइन्छ। यसैगर ी साँचीकै नजिक 'सुनारी' नामक ठाउँमा रहेको अर्को एउटा बौद्ध-चैत्यबाट आचार्य 'दुन्दुभिसर'को नाम उल्लेख भएको तात्कालिक लेख पनि उपलब्ध भएको छ[१५]।

यसबाट 'महावंशो'मा नाम उल्लेख भएका आचार्य 'मज्झिम' आदि पाँच-जना बौद्ध-आचार्यहरू काँगडादेखि पूर्वतर्फका हिमाली क्षेत्रहरूमा बौद्धधर्म तथा दर्शनको प्रचार गर्नको निमित्त अवश्य पनि आएका थिए भन्ने प्रमाणित हुन्छ। आफ्ना शिलालेखहरू स्थापित हुनुभन्दा पहिले सम्राट् अशोकले आफ्नो साम्राज्यभन्दा उत्तरतर्फ रहेका हिमाली क्षेत्रहरूतर्फ खास ध्यान दिन नसकेको र पछि धर्मप्रचारको निमित्त आफ्नो साम्राज्यभित्र रहेका ख्यातिप्राप्त बौद्ध-विद्वान्हरूलाई यी क्षेत्रहरूतर्फ पठाएका हुनाले नै यिनका अभिलेखहरूमा हिमालय क्षेत्रहरूको कुनै चर्चा नआएको होला भनी अनुमान गर्न सकिन्छ।

सम्राट् अशोकको जीवनकालको अन्तिम समयतिर हिमाली क्षेत्रका विकट बाटा-घाटाहरूलाई पार गर्दै यिनले पठाएका धर्मदूत वा धर्मप्रचारकहरू यस क्षेत्रमा आएका र यसै समयदेखि यहाँ बौद्धधर्मको जोडदार प्रचार तथा प्रसार पनि आरम्भ भएको सङ्केत पाइन्छ।

धर्म-प्रचारको निमित्त धर्म-दूतहरूलाई पठाउँदैमा सम्राट् अशोकको विजित क्षेत्रभित्र सम्पूर्ण हिमालयक्षेत्रहरू रहेका थिए भनी कल्पना गर्न कदापि सकिँदैन। आफ्ना धर्मप्रचारकहरू पठाउँदा पनि यिनले विजित तथा अन्त-राज्यहरूमा खास भेदभाव गर्ने गरेको देखिँदैन। यसैले हिमालयक्षेत्र यिनको विजितभित्र नै पर्दथ्यो वा अन्त-राज्यभित्र भन्ने निर्णयको निमित्त थप प्रमाणहरू आवश्यक हुन आएका छन्। यसमा 'कल्हण'को 'राजतरङ्गिणी' नामक काव्यकृतिअनुसार काश्मीरक्षेत्र अशोकको सम्राज्यभित्रै अर्थात् विजित-क्षेत्रभित्रै रहेको थियो[१६]। तर काँगडादेखि पूर्वतर्फका हिमाली क्षेत्रहरूमा भने सम्राट् अशोकको राजनीतिक अधिकार स्थापित हुन सकेको कुनै पनि प्रमाण आजसम्म उपलब्ध हुन सकिरहेको छैन।

हिमालय-क्षेत्रहरूलाई सबैभन्दा होचो 'चुरे' वा 'सिवालक' तथा 'महाभारत' नामक दुईवटा पर्वत-शृङ्खलाहरूले 'तराई', 'भाँवर' तथा 'पाहाड' गरी तीनवटा भौगोलिक विभागहरूमा विभक्त गरेको पाइन्छ। यिनमा चुरे-पर्वतशृङ्खलाभन्दा दक्षिणतर्फको विभाग 'तराई', उत्तरतर्फको विभाग 'भाँवर' वा 'भित्री-मधेश' र त्यसभन्दा उत्तरतर्फका – मझ्यौला उच्चाइका – पहाडहरू रहेका क्षेत्रहरू आजभोलि 'पाहाड'को नामले प्रसिद्ध रहेका छन्। पश्चिममा काँगडादेखि सिरमोरसम्मका तराई, भाँवर तथा पाहाडहरूमा समेत सम्राट् अशोकका शिलालेखहरू आजसम्म उपलब्ध हुन सकिरहेका छैनन्। यसैले व्यासा तथा यमुना नदीका बीचका पहाडीक्षेत्रहरू अशोकको विजितभित्र रहेको लक्षण देखिँदैन।

वर्तमान गढवालको दक्षिण-पश्चिममा रहेको वर्तमान 'देहरादून' भने भाँवर-प्रदेशमा नै पर्दछ। यस प्रदेशमा यमुना तथा टोन्स नदीको सङ्गमस्थल नजिक 'काल्सी' नामक ठाउँमा सम्राट् अशोकको प्रधान-शिलालेख उपलब्ध रहेकोले यो क्षेत्र यिनको विजितभित्र रहेको थियो भन्नेमा कुनै पनि सन्देह रहेको छैन। गढवाल क्षेत्रकै

अन्य पहाडी प्रदेशहरू भने यिनको विजितभित्र पर्न सकेका कुनै पनि लक्षणहरू देखिँदैनन्। यस्तै गढवालदेखि पूर्वतर्फ रहेका वर्तमान कुमाउँ, डोटी तथा सेञ्जा क्षेत्रका पाहाड, भाँवर तथा तराईक्षेत्रहरूमा पनि सम्राट् अशोकका शिलालेखहरू उपलब्ध हुन सकिरहेका छैनन् । यसैले यी क्षेत्रहरू पनि यिनको विजित-क्षेत्रभित्र पर्न सकिरहेका देखिँदैनन्।

वर्तमान प्यूठान तथा पाल्पादेखि दक्षिणतर्फ रहेको समतल मैदान अचेल 'बुटवल' को नामले प्रसिद्ध रहेको छ । 'कुमारी'को जङ्गलले नै यस क्षेत्रलाई 'भाँवर' तथा 'तराई' गरी दुई विभागमा विभक्त गरेको पाइन्छ। यी दुई विभागहरूमध्ये भाँवरतर्फ अर्थात् अचेलको वुटवल-बजारतर्फ सम्राट् अशोकका कुनै पनि पुरातात्त्विक अवशेषहरू उपलब्ध रहेका छैनन्। तराईतर्फ भने 'रुम्मिदेई' तथा 'निग्लिहवा' नामक दुईवटा गाउँहरूमा यिनले स्थापना गराएका दुईवटा स्तम्भलेखहरू उपलब्ध रहेका छन् । यिनमा पहिलो अभिलेख महात्मा गौतम-बुद्धको जन्मस्थल 'रुम्मिदेई' अर्थात् वर्तमान लुम्विनीमा प्राप्त भएको र यस अभिलेखमा यिनले यस गाउँका निवासीहरूलाई स्नेहस्वरूप केही करहरू छुट दिएको सन्देश पनि उत्कीर्ण भएको पाइन्छ। यसवाट यहाँका तराईक्षेत्रहरू यिनको विजितभित्र नै रहेका थिए भन्ने पुष्टि हुनआएको छ। यसैअनुसार शाक्य-गणराज्यको प्राचीन राजधानी कपिलवस्तु पनि यिनताक यिनको विजितक्षेत्रभित्र नै हुँदो हो। तर यस क्षेत्रकै भाँवर तथा पहाडी-प्रदेशहरू भने यिनको विजितभित्र रहेका कुनै पनि सङ्केतहरू प्राप्त हुन सकिरहेका छैनन्।

अब सम्राट् अशोकको जीवनकालको खास नेपालतर्फ दृष्टिपात गरौं । सम्राट् अशोकको समयको नेपालमा वर्तमान मकवानपुर क्षेत्रका भाँवर वा भित्री-मधेश तथा अचेलका 'वारा' तथा 'पर्सा' जिल्लाका तराईक्षेत्रहरू कुनै हालतमा पनि सम्मिलित थिएनन्। यी क्षेत्रहरू हाल नेपाल-अधिराज्यभित्र सम्मिलित भएर रहेपनि तिनताक भने पक्कै पनि नेपालभन्दा बाहिर नै रहेकोमा कुनै पनि सन्देह रहेको छैन। वास्तवमा यी क्षेत्रहरू त्यतिवेला सम्राट् अशोकका विजित-क्षेत्रहरूभित्र तथा नेपालभित्र पनि नरहेर अनकण्टार जङ्गलहरूका रूपमा रहेका हुँदाहुन्। जङ्गलका हिंस्रक जीव-जन्तुहरूसँग मुकाबिला गर्नसक्ने सामर्थ्य भएका जङ्गली जातिका नागरिकहरूको मात्र यिनताक यस क्षेत्रमा पातलो आबादी फैलिएर रहेको झलक पाइन्छ।

बिहार-प्रदेशको वर्तमान चम्पारन जिल्ला वर्तमान नेपाल-अधिराज्यको वारा तथा पर्सा जिल्लादेखि दक्षिण-पश्चिममा पर्दछ। वर्तमान चम्पारन जिल्लाकै 'रधिया', 'मधिया' तथा 'रामपुरवा' नामक तीनवटा गाउँहरूमा मौर्य-सम्राट् अशोकले स्थापना गराएका तीनवटा स्तम्भलेखहरू आजसम्म पनि रहि नै रहेका पाइन्छन्। यसवाट यी गाउँहरू सम्राट् अशोकका विजित क्षेत्रभित्र नै थिए भन्ने स्पष्टरूपमा नै प्रमाणित हुन

आएको छ । उपर्युक्त तीनवटै स्तम्भलेखहरू वर्तमान नेपाल-अधिराज्यको सिमानादेखि ४०/५० किलोमिटर जतिको दूरीमा रहेका छन् ।

त्यतिवेलाको नेपाल-राज्यको सिमाना महाभारत-पर्वतमालाभन्दा बाहिर कदापि नभएकोले उपर्युक्त स्तम्भलेखहरू तात्कालिक नेपाल-राज्यको सिमानादेखि १५०/२०० किलोमिटरभन्दा बढी टाढा रहेका स्पष्टरूपमा नै देखिन्छन् । यसैले त्यस समयको नेपाल सम्राट् अशोकको 'विजित'भित्र रहेको थियो भनी कदापि स्वीकार गर्न सकिँदैन । यदि त्यतिवेलाको नेपाल, सम्राट् अशोकको विजित-क्षेत्रभित्र रहेको हुँदो हो त यिनको कमसेकम एउटा स्तम्भलेख वर्तमान काठमाडौँ उपत्यकाभित्र अवश्य पनि पाइनुपर्ने थियो । तर आजसम्म भेटिन सकिएको छैन ।

सम्राट् प्रियदर्शी अशोकका जतिपनि स्तम्भलेखहरू उपलब्ध भएका छन् ती सबै प्राय: विन्ध्याचल-पर्वतमालाकै कडा चट्टानहरूलाई काटेर स्थापना गराइएका पाइन्छन् । यस्ता स्तम्भहरूलाई भारतका समतल मैदानहरूमा त एक ठाउँबाट अर्को ठाउँसम्म ओसार-पसार गर्न खासै कठिनाइ थिएन होला, तर पाहाडका उकाला तथा ओह्लालाहरू पार गराउनु भने पक्कै पनि सजिलो काम थिएन । यसैले हिमालय-पर्वतमालाका 'चुरे' तथा 'महाभारत'का दुर्लङ्ध्य पर्वतमालाहरूलाई पार गराएर तात्कालिक नेपाल-राज्यमा ल्याउन नसकी वर्तमान 'रधिया', 'मधिया' तथा 'रामपुरवा' नामक गाउँहरूमा नै उक्त स्तम्भलेखहरू राखिएका त हेइनन् ? भन्ने प्रश्न पनि यहाँ उठ्न सक्दछ । तर यस्तै एउटा स्तम्भलेख विन्ध्याचल-पर्वतमालाका दुर्लङ्ध्य डाँडा-काँडाहरूका साथै दक्षिणी भारतमा रहेको दुस्तर गोदावरी नदीलाई पनि पार गराई वर्तमान हैदराबादको 'मस्कि' नामक ठाउँसम्म पनि पुऱ्याइएको पाइएकाले मौर्य-अभियन्ताहरूलाई यस्ता शिलास्तम्भहरू चुरे तथा महाभारतका पर्वतमालालाई पार गराउनु खास कठिनाइ नहुने गरेको प्रमाणित हुन आएको छ ।

चुरे तथा महाभारतका दुर्लङ्ध्य पर्वतमालाहरूलाई पार गराउन नसकी उपर्युक्त स्तम्भलेखहरू वर्तमान 'रधिया', 'मधिया' तथा 'रामपुरवा' गाउँहरूमा नै राखिएका पनि हुन सक्दछन् भन्ने तर्क पनि यहाँ उठ्न नसक्ने होइन । यसमा भाँवर-प्रदेशमा रहेको वर्तमान देहरादूनको नजिक 'काल्सी'मा जस्तै वर्तमान काठमाडौँ उपत्यकामा पनि अभिलेखहरू कुँदाउन उपयुक्त हुने ढुङ्गाका कडा चट्टानहरूको कुनै कमी थिएन । यहीँका चट्टानहरूलाई काटेर भए पनि स्तम्भलेखहरू लेखाउन सकिने थियो । तर यस्ता स्तम्भलेखहरू आजसम्म उपलब्ध हुन नसकेकाले तात्कालिक नेपाल सम्राट् अशोकको विजित-क्षेत्रभित्र पर्दथ्यो भनी स्वीकार गर्न कदापि सकिँदैन ।

वास्तवमा इ.सं. पूर्व २६१ मा कलिङ्ग-राज्यमाथि विजय प्राप्त गरेपछि सम्राट् अशोकले सैन्यपरिचालन गरी विजय-अभियानहरू सञ्चालन नगर्ने र अन्य अन्त-राज्यहरूमाथि राजनीतिक विजय प्राप्त नगर्ने भन्ने दृढसङ्कल्प नै गरिसकेका थिए ।

यसैले यिनले तात्कालिक नेपाललाई आफ्नो विजितभित्र सम्मिलित गराउने प्रयत्न नै नगरेको सङ्केत पाइन्छ । यिनका पितामह मौर्य-सम्राट् चन्द्रगुप्त तथा पिता विन्दुसारले पनि आफ्नो साम्राज्यको राजधानी पाटलिपुत्र शहरवाट सयौं किलोमिटर को दूरीमा रहेका उत्तरमा हिन्दूकुश-पर्वतमालासम्मका र दक्षिणमा मैसूरसम्मका भूभागहरूमाथि नियन्त्रण स्थापित गरेर उपर्युक्त भूभागहरूलाई आफ्नो साम्राज्यभित्र सम्मिलित गराइसकेका थिए ।

यस अवस्थामा आफ्नो विशाल मौर्य-साम्राज्यको राजधानी पाटलिपुत्र शहरवाट केवल पाँच-सात शय किलोमिटरको मात्र दूरीमा रहेको तात्कालिक नेपाललाई आफ्नो राज्यक्षेत्रभित्र किन सम्मिलित गराएनन् होला त ? भन्ने प्रश्न पनि यहाँ स्वाभाविक रूपमा उठ्न सकदछ । वास्तवमा तात्कालिक नेपाल विकट डाँडा-काँडा तथा घना वन-जङ्गलहरूले ढाकिएको दुर्गमक्षेत्रमा रहेको थियो । यस क्षेत्रमा सैनिक-अभियानहरू सञ्चालन गर्नको निमित्त एक त बाटा-घाटाहरूको नै घोर असुविधा थियो, अर्कातिर रसद-पानीहरूको आपूर्तिको निमित्त पनि उत्तिकै जटिलता रहेको थियो ।

चाहेका भए मौर्य-सम्राट्हरू तथा यिनका लडाका सैनिकहरू पनि यस्ता असुविधाहरूलाई सहजै पन्छाउन नसक्ने पनि थिएनन् । तर ठूलो शक्ति खर्च गरेर एउटा सानो नेपाल-राज्यमाथि नियन्त्रण स्थापित गर्नु उनीहरूको निमित्त ठूलो पहाडलाई खनेर सानो मूसोलाई पक्रनु बरावर नै रहेको थियो । आफ्नो साम्राज्यभित्र नपरे पनि यहाँका तात्कालिक किरात-वर्गका राजाहरू मगधका मौर्य-सम्राट्हरूका अनुकूल नै रहिरहेका थिए । यसैले नै उनीहरूले यस राज्यलाई आफ्नो साम्राज्यभित्र सम्मिलित गराउने चेष्टा नै नगरेको स्पष्ट नै देखिन्छ ।

पछि चौथो तथा पाँचौं शताब्दीका पराक्रमी गुप्त-राजवंशका राजाहरूले पनि तात्कालिक नेपाल-राज्यमाथि विजय प्राप्त गरी यस क्षेत्रलाई आफ्नो साम्राज्यभित्र मिलाउने चाहना नै राखेका थिएनन् । अझै पछि, तेर्हौं शताब्दीमा बिहार तथा बङ्गालका शक्तिशाली 'सुल्तान' भएर रहेका समसुद्दीन-इलियस शाहले यस राज्यमाथि जोडदार आक्रमण गरी यहाँका शहर तथा गाउँहरूलाई भस्मीभूत गराई यहाँका भएभरका सम्पूर्ण धन-मालहरूलाई लुट्न समर्थ हुँदा पनि यस क्षेत्रको विकटता तथा ठण्डा हावा-पानीहरूले गर्दा लामो समयसम्म यहाँ टिक्न नसकी यिनका लुटेरा सैनिकहरू यहाँबाट चाँडै नै भाग्न बाध्य भएका थिए । यसै वास्तविकताले गर्दा पछिका मुगल-बादशाहहरूले पनि हिमालय-क्षेत्रका पहाडी राज्यहरूमध्ये केवल काँगडा राज्यमा मात्र आफ्नो नियन्त्रण स्थापित गर्न सकेका थिए, वर्तमान नेपालतर्फ खास दृष्टि दिएका थिएनन् ।

निकै पछि – अठारौं शताब्दीमा – नयाँ-नयाँ साधन, स्रोत तथा सुविधाहरू समेत लिएर देखापरेका कम्पनी-सरकारका आक्रमणकारी अङ्ग्रेजी सैनिकहरूले पनि

तात्कालिक नेपालको केन्द्रस्थलतर्फ अघि बढ्दा वर्तमान नेपाल-अधिराज्यका पहाडी क्षेत्रहरूभित्र प्रवेश गर्न नसकी केही समयसम्म वर्तमान नेपाल-अधिराज्यका तराईक्षेत्रहरूमा मात्र आफ्नो नियन्त्रण स्थापित गर्न समर्थ भएका थिए । पछि उनीहरूले बाध्यतावश त्यस क्षेत्रलाई पनि सदाको निमित्त परित्याग गर्नुपरेको थियो ।

यस किसिमको भौगालिक तथा राजनीतिक परिस्थितिमा त्यतिवेलाको नेपाल-राज्य मौर्य-साम्राज्यको विजितभित्र रहनु कुनै हालतमा पनि सम्भव देखिँदैन । वास्तवमा मौर्य-कालसम्म सार्वभौमसत्ता-सम्पन्न स्वतन्त्र राष्ट्रको रूपमा नेपाल-राज्यको उत्थान भैसकेको थियो । त्यस समयदेखि आजसम्म पनि यस राज्यले आफ्नो विशिष्ट पहिचानलाई गर्वका साथ कायम राख्दै आइरहेको छ ।

तर इ.सं. १८४० को आसपासमा लेखिई तथा अङ्ग्रेज लेखक डानियल-राइट्द्वारा सम्पादित भई अङ्ग्रेजी भाषामा इ.सं. १८७७ मा प्रकाशित भएको 'History of Nepal' शीर्षक एउटा भ्रष्ट नेपाली वंशावलीमा भने एक ठाउँमा :– "सम्राट् अशोक नेपालमा आएका, यसरी आउँदा यिनले आफ्नी छारी चारुमतिलाई पनि साथैमा लिएर आएका, राजकुमारी चारुमतिको यहाँका राजकुमार देवपालसँग विवाह-सम्वन्ध स्थापित भएको, सम्राट् अशोक यहाँबाट फर्केर गएपछि पनि राजकुमारी चारुमति आफ्ना पतिका साथ यहाँ नै रहिरहेकी र आफ्नो अन्तिम समयमा राजकुमार देवपाल तथा राजकुमारी चारुमतिले पनि यहाँ एक-एकवटा बौद्ध-विहारको निर्माण गरी भिक्षु तथा भिक्षुणीका रूपमा रही आ-आफ्नो जीवनकाल बिताएका, राजकुमारी चारुमतिले बनाएको बौद्धविहार नै आज-भोलिको 'चारु-विहार' भएको र यसै विहारको नामवाट यो क्षेत्र अचेल 'चाबहिल'को नामले प्रसिद्ध भएको हो" भन्ने एउटा मनगढन्त कहानी लेखिएको पाइन्छ[१७] ।

यसै वंशावलीमा अर्को एक ठाउँमा :– "सम्राट् अशोकले स्वयं नै नेपालमा आएर ललितपुरमा चारवटा बौद्ध-विहारहरू बनाएका थिए" भन्ने कथा पनि पूर्वापर प्रसङ्ग नमिलाई यत्तिकै उल्लेख गरिएको पाइन्छ[१८] । मौर्य-कालसम्ममा वर्तमान नेपाल-अधिराज्यमा किरात-राज्य स्थापित भैसकेको थियो भन्ने विभिन्न श्रोतहरूबाट पुष्टि भैसकेको छ । यस अवस्थामा तात्कालिक किरात राजकुमारको 'देवपाल' भन्ने किरातेर भाषाको नाम हुनु कुनै हालतमा पनि सम्भव छैन ।

वास्तवमा तिब्बततर्फ जाने यात्रीहरू कान्तिपुर शहरबाट प्रस्थान गरी पहिलो वास यसै 'बहिल' अर्थात् सानो बहालमा आएर बस्ने भएकाले नै यस बहिलको नाम 'चा-बहिल' अर्थात् 'रात्रि-बिहार' भएको स्पष्ट छ। चीनमा जाने राजकीय दूतमण्डलहरूमा सहभागी भएका सदस्यहरू राजभवनबाट विधिपूर्वक बिदा भई पछिसम्म पहिलो वास यसै बहिलमा आएर बस्ने गर्दथे । यस 'बहिल' वा बहालको तथाकथित चारुमतिसँग कुनै पनि सम्वन्ध देखिँदैन ।

उपर्युक्त सत्य-तथ्यहरू हुँदाहुँदै पनि प्राध्यापक सिलभ्याँ-लेभी जस्ता अध्यनशील फ्रेञ्च विद्वान्ले पनि गम्भीरतापूर्वक सोच-विचार नै नगरी वंशावलीमा उल्लेख भएको उपर्युक्त अनुश्रुतिलाई सर्वात्मना समर्थन गरिदिएका छन्[१९]। "नेपाल-राज्य पहिलेदेखि नै स्वतन्त्र नरहेर परतन्त्र रहँदै आएको थियो" – भन्ने आफ्नो स्थापनालाइ पुष्टि गर्नको निमित्त यिनले आफ्नो आँखालाई चिम्लिएर वंशावलीमा उल्लेख भएको उपर्यक्त अनुश्रुतिलाई सहजै अनुमोदन गरिदिएको पाइन्छ।

अङ्ग्रेज लेखक विन्सेण्ट-स्मिथले त लेवी महोदयको स्थापनाको नै अनुसरण गरी अझै एक-पाइला अघि बढेर :– "नेपालको तात्कालिक राजधानी 'ललित-पत्तन' सम्राट् अशोकको साम्राज्यभित्र अर्थात् उनको विजितभित्र थियो र मगध-साम्राज्यको राजधानी पाटलिपुत्रबाट नजिकै रहेकोले यो राज्य पक्कै पनि त्यहाँको केन्दीय सरकारकै प्रत्यक्ष नियन्त्रणमा रहेको हुँदो हो" भनी लेखिदिएका छन्[२०]।

डा. एफ्. डब्ल्यु. टामस[२१] आदि अन्य केही युरोपीय विद्वान् तथा डा. हेमचन्द्र राय-चौधरी[२२] आदि केही भारतीय इतिहासकारहरू पनि लेवी तथा भी.ए.स्मीथ महोदयहरूकै पछि-पछि लागी उनीहरूले फैलाएका भ्रमजालहरूलाई झन्-झन् फैलाउँदै आइरहेका पाइन्छन्। परन्तु इतिहासजस्तो गम्भीर विषयमा राम्रोसँग सोच-विचार गरेर मात्र आफ्ना स्थापनाहरूलाई अघि सार्ने देवदत्त-रामकृष्ण भण्डारकर[२३] तथा राखालदास बनर्जी[२४] जस्ता अध्ययनशील केही भारतीय विद्वान्हरू भने नेपाललाई सम्राट् अशोकदेखि अलग्गै राखेर यस भ्रमजालबाट मुक्त हुने गरेका पाइन्छन्।

* * *

पूर्व प्रकाशित लेख-रचना।

साभार :– "नेपाल सांस्कृतिक परिषद्-पत्रिका",

वर्ष २, अङ्क २; वि.सं. २०१० मा पूर्व प्रकाशित।

पादटिप्पणी

(१).– *"समतट-डवाक-कामरूप-नेपाल-कर्तृपुरादि-प्रत्यन्तदेशनृपतिभि-र्मालवार्जुन-यौधेय-माद्रकाभीर-काक-खरपरिकरादिभिश्च सर्वकरदानाज्ञाकरण-प्रणामागमनपरितोषित-प्रचण्डशासनस्य ..." – प्रयागमा रहेको गुप्त-सम्राट् समुद्रगुप्तको शिलालेखबाट।*

(२).– हुएन्-त्साङ्ले तात्कालिक नेपाल राज्यको वरिपरिको घेरा ४००० ली भएको उल्लेख गरेका छन्। सरदर ३ ली बराबर १ माइल हुने हुनाले त्यतिवेलाको नेपाल १३३३ माइलपतिको घेराभित्र फैलिएर रहेको देखिन्छ। यसै तथ्यको आधारमा यो अनुमान गरिएको हो।

(३).– हेर्नुहोस् :– Levi :'Le Nepal' Vol III pp 183-85, *(Paris, 1908)*

(४).– पूर्ववत् :– Vol I, p. 235, Vol II, p. 65,

(५).– "शुद्धं शुद्धरक्तं पक्षरक्तं चाविकम्। खचितं वानचित्रं खण्डसघात्यं तन्तु-विच्छिन्नञ्च। कम्बलः कौचपकः कुलमितिका-सौमितिका-स्तुरगास्तरणं वर्णकं तलिच्छकं वारवाणः परिस्तोमः समन्तभद्रकं चाविकम्। पिच्छलमाद्रमिव च सूक्ष्मं मृदु च

श्रेष्ठम् । अष्टप्लाति-सङ्घात्या कृष्ण भिङ्गिसी, वर्षावरण-मपसारक इति नैपालकम् ।"
– 'अर्थशास्त्रम्', २/११/१०४-१०६ ।

(६).– Levi :: 'Le Nepal', Vol I, p 166

(७).– काठमाडौं उपत्यकावाट सिन्धुलि-भञ्ज्याङ्तर्फ जाने राजमार्गका वरपर रहेका गाउँहरूमा पुराना खण्डित मूर्तिहरू अझैसम्म पनि पर्याप्तमात्रामा पाइने हुनाले यी मूर्तिहरू यसैवेला खण्डित गराइएको हुनुपर्दछ भन्ने मेरो मान्यता रहेको छ ।

(८).– यो तोप सिन्धुली-गढीमा अझैसम्म पनि देख्न पाइन्छ ।

(९).– हेर्नुहोस् :– Levi : 'Le Nepal', Vol Ill, pp 183-85.

(१०).– हेर्नुहोस् :– सम्राट् अशोकको काल्सीमा रहेको दोस्रो प्रधान शिलालेख ।

(११).– *"अठवषाभिषितषा देवानां पियष पियदषिने लाजिने कलिग्या विजिता"*
– सम्राट् अशोको तेर्‍हौं प्रधान शिलालेखबाट ।

(१२).– हेर्नुहोस् :– 'महावंशो' – ११/७-४१

(१३).– पूर्ववत् :– १२/५-६

(१४).– संस्कृत रूप :– *"सारिपुत्रस्य मज्झिमस्य, सारिपुत्रस्य कश्यपगोत्रस्य सर्वहैमवता-चार्यस्य"* । हेर्नुहोस् ;– कनिङ्घम, भिलसाटोप्स, पृ. ११९ *(लन्दन, इ.सं. १८५४)* ।

(१५).– कनिङ्घम्, पूर्ववत् ।

(१६).– कल्हण : 'राजतरङ्गिणी', १/१०/१०१

(१७).– Wright, Daniel (Ed.by) : "History OF Nepal" *(London, 1877)* Pp 110-11

(१८).– पूर्ववत् – Pp 115-16

(१९).– Levi, Sylvain : 'Le Nepal', Vol I, Pp 67, 263; Vol II Pp 24,236 .

(२०).– I - 'Asokal' *(Third Edition)* Pp 77-78 *(Oxford, 1920)* .
II - "Early History of India" *(Third Edition)*, p. 162, *(Oxford, 1914)* .

(२१).– "Cambridge History of India", Vol I , Pp 501-502 .

(२२).– "Political history of Anciaent India", *(4 th Edition)*, p. 254, (Calcutta, 1938)

(२३).– 'Asokal' *(Calcutta, 1923)* .

(२४).– "Pre-Historic, Ancient and Hindu India", *(Bombay, 1934)*.



(त्र) भोट, मधेश तथा नेपाल

(१)

'भोट', 'मधेश' तथा 'नेपाल'हरूको बारेमा वर्णन गर्नु यस निवन्धको उदेश्य होइन, यी तीन शब्दहरूको अर्थ तथा आशयहरू अभिव्यक्त गर्नु मात्र यस निवन्ध-रचनाको विषयवस्तु रहेको छ।

उपर्युक्त तीन शब्दहरूमध्ये सर्वप्रथम 'भोट' शब्दको विषयमा चर्चा गरौं। हिमालय-पर्वतमालादेखि उत्तरतर्फ क्यूनलून-पर्वतमालाले घेरिएर समुद्रतलवाट १४/१५ हजार फीटजतिको उचाइमा रहेको पठार प्राकृतिक बनावटको हिसावले एउटा पृथक् भूभागको रूपमा रहिआएको छ। यस भूभागका निवासीहरूको भाषाको साथै भेष-भूषा तथा संस्कृति पनि अलग्गै किसिमको रहेको छ तापनि इसाको तेन्हौं शताब्दीमा मुगल-सरदार चङ्गेज-खाँको समयदेखि यो प्रदेश प्रत्यक्ष वा अप्रत्यक्षरूपमा चीनको नै राजनीतिक अङ्गको रूपमा रहँदै आइरहेको छ।

ज्ञात इतिहासअनुसार इसवीय-संवत्को छैटौं शताब्दीको आरम्भसम्म यस क्षेत्रमा आवाद रहेका स्थानीय जन-जातिहरू वर्वर अवस्थामा नै रहिरहेका थिए। यसै शताब्दीको मध्यमा त्यहाँ सभ्यता तथा संस्कृतिको पनि उत्थान भएर सर्वप्रथम व्यवस्थित राज्यव्यवस्था स्थापना भएको देखिन्छ। त्यस देशका संस्थापक राजा 'ठि-स्रो-ल्दे-चन्' मानिन्छन्। त्यस राज्यका दोस्रा राजा 'स्रङ्-चङ्-गम्पो'*(इ.सं. ५७०-६५०)* त्यस क्षेत्रमा निकै नै शक्तिशाली वनेका थिए। हिमालयका 'येनम्' *(जसलाई आज-भोलि 'कुति' भनिन्छ)* र 'किरोङ्'*(केरुङ्)* का हिमाच्छन्न, अज्ञात तथा दुर्लङ्घ्य भञ्ज्याङ्हरूलाई खुलाई सर्वप्रथम यिनले नै तात्कालिक नेपालको राजधानीसम्म आवत-जावत मात्र चलाएका थिएनन्, आफ्ना दूतमण्डलीहरूलाई नेपालमा पठाई तिनताक नेपालमा प्रचलनमा रहेको कुटिला-लिपिलाई लगेर आफ्नो देशको निमित्त अलग वर्णमाला बनाई नेपाली कला-कौशलहरूलाई ग्रहण गरेर यिनले 'ल्हासा' *(देवभूमि)* नामक नयाँ शहरको आधारशिला स्थापित गराएका थिए।

त्यस देशका निवासीहरू आफ्नो देशलाई 'बोद्' भन्दथे, तर लेख्ता भने 'पोत्' लेख्ने गर्दथे। यो नियम त्यहाँ अझैसम्म पनि प्रचलित रहिरहेको छ। उनीहरूको अस्पष्ट उच्चारणलाई त्यतिवेलाका नेपाली नागरिकहरूले 'भोट्ट' सुनेकाले नेपालमा शुरुदेखि नै यस देशको निमित्त 'भोट्ट' शब्द नै व्यवहार हुँदै आइरहेको पाइन्छ। उदाहरणको निमित्त :– लिच्छविकालको इ.सं. ६९५*(संवत् ११९)* को काठमाडौं लगनटोलमा उपलब्ध भएको लिच्छवि राजा शिवदेव*(प्रथम)* को एक शिलालेखमा 'भोट्ट-विष्टि' शब्दको प्रयोग भएको पाइएको छ[1]। यही 'भोट्ट' शब्द पछि 'भोट' बोलिन थालेर अचेल लौकिक व्यवहारमा पनि यसै नामले प्रचलित रहँदै आइरहेको छ।

यसै भोटदेखि उत्तरतर्फ रहेका मङ्गोलियाका निवासीहरू नजाने किन हो ? 'बोद्' वा 'पोत्' शब्दको अगाडि 'ति' उपसर्ग जोडेर त्यस देशलाई 'ति-बोत्' वा 'ति-बत्' भन्ने गर्दथे । यही 'ति-बत्' शब्द पछि यूरोपमा पुगेर टच्यूटनहरूको उच्चारण अनुसार 'टिबेट' ('Tibet') बोलिन थालेको थियो । अर्कातिर यही 'ति-बत्' शब्द नै इरानमा पुगेर त्यहाँको फारसी उच्चारण अनुसार 'तिब्बत' बोलिन थालेकोले यसको प्रभाव परी उर्दू भाषाको साथै अन्य भारतीय भाषाहरूमा पनि अचेल त्यस प्रदेशलाई 'तिब्बत' नै भन्ने प्रचलन चल्दै आइरहेको छ ।

यसरी 'तिब्बत' वा 'टिबेट' शब्दले अन्तराष्ट्रिय रूप ग्रहण गरिसकेकोले अचेल त्यस भूभागका निवासीहरू पनि वाध्य भएर आफ्नो प्रदेशलाई 'तिब्बत' वा 'टिबेट' नै भन्न वाध्य भैरहेका पाइन्छन् । यस पृष्टभूमिमा हामीले पनि अन्तराष्ट्रिय व्यवहारमा त्यस प्रदेशलाई 'तिब्बत' वा 'टिबेट' नै भन्नुपर्ने हो तापनि आफ्नो राष्ट्रिय व्यवहारमा भने परम्परादेखि चलिआएको 'भोट' शब्दलाई नै प्रयोग गर्नु उचित हुनेछ ।

पर्याप्त ज्ञान नभएका हाम्रो देशका स्रेस्तावाजहरूले भने 'भोट' शब्दलाई गलत अर्थमा प्रयोग गर्ने गरेका छन् । उदाहरणको रूपमा :– हाल नेपाल-अधिराज्यमा चलनचल्तिमा रहेका 'भोट-नाम्लाङ्' तथा 'छार्का-भोट' शब्दलाई प्रस्तुत गर्न सकिन्छ । तामाकोशी नदीको किनारामा रहेको 'लामा-बगर'को नामले प्रसिद्ध रहेको सुरक्षा-चौकीदेखि उत्तर – तिब्बतको ठीक सिमानामा – नेपालतर्फ स्यार्पाहरूको आवादी रहेको 'नाम्लाङ्' नामक एउटा गाउँ रहेको छ । स्यार्पाहरूको भाषा तथा संस्कृति तिब्बती नागरिकहरूको भाषा तथा संस्कृतिभन्दा एकदमै भिन्न रहेको छ । उदाहरणको रूपमा :– तिब्बती परम्पराअनुसार धेरै भाइहरू मिलेर एउटी महिलासँग विवाह गर्नु सामान्य प्रचलन हो । तर नेपाली स्यार्पा-वर्गका नागरिकहरूको समाजमा भने यस्तो प्रचलन रहेको पाइँदैन । यसैले स्यार्पाहरूलाई तिब्बती-वर्गको मान्न कुनै हालतमा पनि सकिँदैन । यस अवस्थामा स्यार्पाहरूको बस्ती भएको 'नाम्लाङ्'लाई माल-अड्डाका स्रेस्ताहरूका साथै जनगणनाका प्रतिवेदनहरूमा पनि 'भोट्-नामलाङ्' लेख्नु सर्वथा अनुचित रहेको छ ।

यस्तै जुम्ला जिल्लाको पूर्वी भेगको हिमाली क्षेत्रमा 'छार्का' तथा 'तरापू' नामक दुईवटा प्रसिद्ध बस्तीहरू रहेका छन् । उपर्युक्त दुवै बस्तीका निवासीहरू पनि स्यार्पाहरूजस्तै आग्नेयदेशी भाषा-परिवारको भाषा बोल्ने पृथक् जातिहरू देखिन्छन् । यिनीहरूको भाषा तथा संस्कृति पनि तिब्बती भाषा तथा संस्कृतिहरूसँग कत्ति पनि मिल्दैनन् । यहाँका निवासीहरूले स्यार्पाहरूले जस्तो तिब्बतवाट बौद्धधर्म तथा संस्कृतिलाई पनि ग्रहण गरेको पाइँदैन । यस स्थितिमा यिनीहरू विशुद्ध रूपमा नेपाली नागरिकहरू नै देखिन्छन् । तैपनि नेपालका माल-अड्डाका स्रेस्ताहरूमा, जनगणनाका प्रतिवेदनहरूमा र नेपाल-अधिराज्यको मानचित्रमा समेत 'छार्का-भोट' लेखेर त्यस क्षेत्रका निवासीहरूलाई नेपाली नागरिकहरूको मूल-प्रवाहबाट अलग गराएर यस क्षेत्रलाई तिब्बतको अङ्गको

रूपमा चित्रित गराउनु ठूलो हेलचेक्र्याइँको काम भैरहेको छ । यस्ता अविवेकपूर्ण कामहरू राष्ट्रघातक हुन सक्दछन् । यस विषयमा हामी सबैले गम्भीर भएर विचार गर्नु नितान्त आवश्यक भैसकेको छ ।

(२)

उत्तरी भारतको विशाल समतल मैदान प्राचीन समयमा 'उदीच्य'*(उत्तरी)* तथा 'प्राच्य'*(पूर्वी)* गरी दुई विभागमा विभक्त भएको थियो । उपर्युक्त दुई विभागका भाषाहरूमा पनि अन्तर रहेकोले इ.सं. पूर्व छैटौं शताव्दीका संस्कृत-भाषका सुप्रसिद्ध व्याकरणकार पाणिनिले पनि संस्कृत-भाषाका उपर्युक्त दुई विभागहरूको चर्चा गरेका छन् । संस्कृत-भाषाका सबै व्याकरणकारहरू 'शरवती' नदीलाई नै उपर्युक्त दुई विभागहरूलाई छुट्याउने सीमा-रेखाको रूपमा स्वीकार गर्ने गर्दथे । चौथो शताव्दीका संस्कृत-भाषाका प्रसिद्ध कोशकार अमरसिंहले पनि 'शरावती' नदीलाई नै 'प्राच्य' तथा 'उदीच्य'को सीमा-विभाजक रेखा बताएका छन्[२] । तर अचेल यस नदीको कहिँ-कतै अत्तोपत्तो छैन । वर्तमान समयमा उत्तरप्रदेश तथा पञ्जावको वीचमा रहेको 'सरस्वती' नामक नदी नै 'शरावती' नदी हो कि ? भन्ने भान हुन्छ, तर कोशकार अमरसिंहले भने 'सरस्वती' नदीको पृथक् रूपमा उल्लेख गरेका छन् ।

उल्लिखित विभागअनुसार सिन्धु तथा सतलज नदीका समतल मैदानहरू 'उदीच्य' मा र गङ्गा तथा यमुना नदीका समतल मैदानहरू 'प्राच्य'मा पर्दथे । अचेलका उत्तरप्रदेश, विहार, उडिसा, बङ्गाल तथा आसामका प्रदेशहरू त्यतिवेला 'प्राच्य-देश'मा गनिन्थे । इ.सं. पूर्व छैठौं शताव्दीमा महात्मा गौतम-बुद्धले अवध तथा विहारमा वौद्ध-धर्मको दुन्दुभिलाई बजाउन आरम्भ गरेका थिए । पछि शुङ्ग-कालमा गङ्गा तथा यमुना नदीका मैदानहरूमा आवाद रहेका कट्टर ब्राह्मणहरूले वौद्ध-धर्मलाई त्यहाँवाट धपाई अवध-प्रदेशलाई 'उदीच्य'वाट छुट्याएर 'प्राच्य'मा सम्मिलित गराई अम्वालादेखि प्रयागसम्मका समतल भूभागहरूलाई 'मध्य-देश' भन्ने नाम दिएका हुनाले हिन्दुहरूको मानक धर्मशास्त्र 'मनुस्मृति'मा त्यस प्रदेशलाई 'आर्यावर्त' तथा 'पवित्र-भूमि' पनि भनिएको पाइन्छ[३] । उनीहरूको विचारमा बौद्धधर्मको प्रचार तथा प्रसार पनि भएको क्षेत्र अपवित्र-भूमिमा पर्दथ्यो ।

'मध्यदेश' भन्ने नाम वैदिक सनातनधर्मावलम्वी नागरिकहरूले वौद्धधर्मका अनुयायी नागरिकहरूको अनुकरणमा राखेको झलक पाइन्छ । महात्मा गौतम-बुद्धले 'मझिझम-मारग'*(मध्यम-मार्ग)* को प्रचार तथा प्रसार पनि आरम्भ गराएका थिए । न अतिशय कठोर तपस्या, न त अतिशय भोग-विलास; दुवैको बीचमा रहेको सदाचारमूलक अहिंसावादी सम्प्रदाय नै यिनले प्रचार तथा प्रसार पनि गराएको 'मझिझम-मारग' वा मध्यम-मार्ग थियो । यसैले बौद्ध-धर्मको पूर्ण विस्तार भएका अवध तथा बिहारका भूभागहरू बौद्ध-वर्गका नागरिकहरूको मतअनुसार 'मझिझम-देश'

मानिन्थ्ये। 'मभिझम-देश'को संस्कृत रूप 'मध्यम-देश'मा वीचको एक अक्षरलाई लाघव गरेर 'मध्य-देश' भन्ने नामकरण भएको स्पष्ट देखिन्छ।

उपर्युक्त मध्य-देशको ठीक उत्तरतर्फ वर्तमान गढवाल तथा कुमाउँका प्रहाडी प्रदेशहरू रहेका र यी प्रदेशहरू त्यतिवेलाको 'मध्य-देश'भित्र नपरेकाले त्यहाँका निवासीहरूले आफूहरू बसेको ठाउँभन्दा दक्षिणतर्फका समतल मैदानहरूलाई 'मध्य-देश' भन्न थालेका थिए। यही 'मध्य-देश' शब्द नै पछि विकृत भएर 'मधेश' वा 'मदेस' शब्द बनेको स्पष्ट देखिन्छ।

इसवीय-संवत्‌को पन्ध्रौं शताब्दीदेखि पश्चिमबाट क्रमशः पूर्वतर्फ बसाइँ सर्दै आइरहेका कुमाउँका पाँडे, पन्थ आदि ब्राह्मण-वर्गका तथा कार्की, राउत, विष्ट आदि क्षत्रिय-वर्गका नागरिकहरू वर्तमान नेपाल-अधिराज्यका प्यूठानदेखि दोलखासम्मका पहाडी भूभागहरूमा आएर अवाद भएका थिए। यसै क्रममा पाल्पाली राजा मुकुन्द सेन*(प्रथम)* का एक-जना सेनानायक गणेश पाँडे नवस्थापित 'गोरखा' राज्यका संस्थापक राजा द्रव्य शाहका मन्त्री हुन आइपुगेकाले यिनका ब्राह्मण सन्ततिहरू गोरखा जिल्लाको 'खोप्लाङ्' नामक गाउँमा अझैसम्म पनि रहि नै रहेका छन्। यिनको वंशमा पछि क्षत्रिय-वर्गका सन्तान पनि पैदा भई यसै वंशका 'काजी' कालु पाँडे, 'काजी' वंशराज पाँडे तथा 'काजी' दामोदर पाँडेहरू नेपालको इतिहासमा विशेष प्रसिद्ध रहेका थिए। यिनै पाँडे, पन्थ, कार्की तथा बस्नेत आदि वर्गका नागरिकहरूमा आफ्नो देशभन्दा दक्षिणतर्फका – उत्तरी भारतका – समतल मैदानहरूलाई 'मधेश' वा 'मदेस' भन्ने बानि परिरहेकोले पूर्वतर्फ फैलँदै आएपछि यिनीहरूले पूर्वतर्फका अवध तथा विहारका समतल मैदानहरूलाई पनि 'मधेश' वा 'मदेस' नै भन्न थालेका थिए। तर यो वास्तविकतामा आधारित नाम थिएन। यो यिनीहरूको भ्रमपूर्ण कथन थियो।

अवध तथा विहारका समतल मैदानहरूभन्दा उत्तरतर्फ – चुरे-पर्वतमालाका दक्षिणी किनारमा – रहेका समतल भूभागहरूलाई 'तलहट्टी' र चुरे-पर्वतमाला तथा महाभारत-पर्वतशृङ्खलाका बीचका जङ्गल एवं होचा-होचा पहाडहरूले भरिएका भूभागहरूलाई 'भाँवर' भन्ने र उपर्युक्त दुवै प्रदेशहरूलाई मिलाएर 'तरियानी' वा 'तराई' भन्ने चलन यहाँ पहिलेदेखि नै प्रचलित रहँदै आइरहेको छ।

तर नेपालका स्रेस्तावालहरूले तलहट्टीका मैदानी भागहरूलाई मात्र होइन, भाँवरका पहाडी प्रदेशहरूलाई पनि 'मधेश' वा 'मदेस'मा नै गणना गरी अबैध नाम दिने गरेको पाइन्छ। यसैअनुसार भूमिव्यवस्था-सम्बन्धी 'मधेश-बन्दोवस्त' भन्ने छुट्टै कार्यालयको गठन भएर वर्षौंसम्म कायम रहिरहेको थियो। तर धन्य ! अचेल भने यो कार्यालय खारेज भएको छ। बही-वुझ्ने*(हिसाब-किताब जाँच गर्ने)* कामको निमित्त खडा भएको 'कुमारी-चोक' नामक कार्यालयमा अझैसम्म पनि 'मधेश-फाँट' भन्ने एउटा अलग शाखा रहि नै रहेको छ।

भोट, मधेश तथा नेपाल

गङ्गा तथा यमुना नदीका मैदानहरूमा रहेको 'मध्य-देश'को संक्षिप्त रूप 'मधेश' वा 'मदेस' शब्दले काठमाडौंमा आएर अझैसम्म पनि आफ्नै देशको एक भागको निमित्त जरा गाडिरहनु ज्यादै नै अनुचित हुन आएको छ। यसैले नेपालका भूमिव्यवस्थाका स्रेस्ताहरूबाट जतिसक्दो चाँडो 'मधेश' वा 'मदेस' शब्दलाई हटाउनु अत्यावश्यक भैसकेकोछ।

(३)

अव 'नेपाल' शब्दतर्फ लागौं। प्राचीनतम-कालको नेपाल तामाकोसी तथा त्रिशूली नदीहरूको बीचमा – 'नेपार' वा नेवार-वर्गका नागरिकहरूका आवादी रहेका क्षेत्रहरूमा – मात्र सीमित रहेको देखिन्छ। यहाँका आदिम मूलनिवासीहरूलाई बुझाउने 'नेपार' शब्द नै मगध देशको मागधी उच्चारण अनुसार 'नेपाल' भई देशको अर्थमा प्रयोग भएको र यही 'नेपार' शब्द स्थानीय उच्चारणअनुसार 'नेवार' भई जातिगत अर्थमा प्रयोग हुँदै आएको झलक पाइन्छ। जेहोस्, प्रचीनतमकालको नेपाल-राज्यको दक्षिणी सिमानाले महाभारत-पर्वतशृङ्खलालाई पार गरेको लक्षण देखिँदैन।

लिच्छवि-कालका प्रसिद्ध राजा मानदेव*(प्रथम) (इ.सं. ४६४-५०५)* ले विद्रोही वन्न आएका आफ्ना सामन्त राजाहरूको दमन गरेको जुन वर्णन चाँगुमा रहेको आफ्नो प्रसिद्ध स्तम्भलेखमा गराएका छन्, त्यसअनुसार पनि उनको विजय-अभियान पूर्वको तामाकोसी नदीभन्दा पूर्वतर्फ भएको लक्षण देखिँदैन। यसै अभिलेखमा यिनले पश्चिमतर्फ गण्डकी नदीलाई पार गरेर विद्रोही वनेका 'मल्लपुरी' नामक राज्यका आफ्ना सामन्त राजामाथि विजय प्राप्त गरी त्यहाँबाट प्रशस्त धन-दौलतहरू लिएर आएको र यसको खुशियालीमा आफ्नी आमा राज्यवतीका साथ चाँगुनारायणको पूजा-आराधना गरी विजयोत्सव मनाएको जुन वर्णन लेखाएका छन् त्यो पनि तराईक्षेत्रको गण्डकी नदी पार – हालको नवलपरासीतिर – रहेको 'मल्लपुरी' होला भन्ने मेरो अनुमान रहेको छ[४]।

मध्यकालको आरम्भमा हिमालय-पर्वतमालाका 'येनम्' तथा 'किरोङ्' का हिमाच्छन्न घाटाहरू खुलेपछि तिब्वत तथा चीनसँग समेत नेपालको राजनीतिक तथा सामाजिक सम्वन्ध स्थापित हुँदा उत्तरका हिमाली क्षेत्रहरूमा पनि नेपाल-अधिराज्यको विस्तार भयो र साथै पूर्वमा पनि झण्डै-झण्डै हालको सिमानासम्म र पश्चिमतर्फ 'सखिको-लेक'सम्म यस अधिराज्यको विस्तार भएको प्रमाण सुप्रसिद्ध चिनियाँ तीर्थयात्री 'युवान्-च्वाङ्'को भ्रमणवृत्तान्तबाट थाहा पाउन सकिन्छ*(इ.सं. ६३७)*। 'युवान्-च्वाङ्'ले आफ्नो यात्रा-विरणमा नेपाल-अधिराज्यको घेरा ४००० 'ली' अर्थात् २००० किलोमिटरजति छ भनी लेखेका छन्। यसैलाई आधार मानेर यो अनुमान गरिएको हो [५]।

मध्यकालको उत्तरार्धमा सखिको-लेकदेखि पश्चिमतर्फ 'सेञ्जा' नामक मल्ल-राज्यको स्थापना हुँदा यस राज्यमा वर्तमान बुटवल-क्षेत्र समेत सम्मिलित भएको तथ्य त्यहाँ रहेको इ.सं. १३१२ को सेञ्जा राज्यका राजा रिपु मल्लको लेखबाट देखिएको

छ[६]। यिनैताक गण्डकी नदीदेखि पूर्वतर्फको तराई-प्रदेश सिमरौनगढ राज्यमा सम्मिलित भएर रहेको तथ्य बारा जिल्लाको सिमरौन-गढमा पाइएको त्यहाँका राजा नान्यदेवको शिलालेखबाट देखिन्छ[७]। राजवंशको आपसी कलह तथा परचक्रीहरूको निरन्तरको आक्रमणले गर्दा चौधौं शताब्दीदेखि नेपाल-अधिराज्य छिन्न-भिन्न हुन आरम्भ हुनु र उता यिनैताकदेखि जुम्लामा रहेको सेञ्जा-राज्य पनि नष्ट भई डोटीमा पृथक् पाल-राज्य खडा हुनुलाई नेपाल-अधिराज्यको निमित्त ठूलो दुर्घटना नै मान्नुपर्दछ।

यसप्रकार नेपाल-अधिराज्य खण्डित हुन आरम्भ हुँदा सेञ्जा राज्यमा आवाद भएर रहेका खश-वर्गका आर्यहरू क्रमशः पूर्वतर्फ बढ्दै आएर मगराँतमा आवाद भई अनेकौं स-साना राज्यहरू स्थापना भएकाले वर्तमान काठमाडौं उपत्यका तथा यसका आसपासका क्षेत्रहरूमा मात्र सीमित रहेको नेपाल-अधिराज्य अझै पछि 'भक्तपुर', 'कान्तिपुर' तथा 'ललितपुर' गरी तीनवटा राज्यमा विभक्त हुँदा पूर्वमा रहेको 'दोलखा' तथा पश्चिममा रहेको गोरखा-राज्यसमेत नेपाल-अधिराज्यबाट वाहिर गनिन थालेका थिए। यसरी प्रचीनतम-कालमा जस्तै वर्तमानकालको आरम्भमा पनि पुगनपुग चार शाताब्दीसम्म सुनकोशी तथा त्रिशूली नदीको मध्यवर्ती क्षेत्रहरूमात्र नेपाल-राज्यको रूपमा रह्यो। नेवार जातिका वस्तीहरू प्रायः यसै क्षेत्रभित्रमात्र रहेकाले नेवार जातिको अर्थमा नै 'नेपाल' शब्द प्रयोग हुन थाल्दा अठारौं शताब्दीको अन्त्यसम्म मात्र होइन, वोलचालको भाषामा अझैसम्म पनि नेवारी भाषालाई नै 'नेपाल-भाषा' भन्ने प्रचलन चल्दै आइरहेको पाइन्छ[८]।

नेवारी भाषामा लेखिएका लिखतहरूमा मात्र प्रयोग हुने गरेकोले 'नेपाल-संवत्' लाई :- "यो नेवार-वर्गका नागरिकहरूको मात्र संवत् हो" भन्ने भ्रममा अचेल अन्तराष्ट्रिय लेखहरूमा यस संवत्लाई 'नेवार-संवत्' नै लेखिने गरेको पाइन्छ[९]। तर यो सत्य होइन।

गोरखा राज्यका महत्त्वाकाङ्क्षी राजा पृथ्वीनारायण शाह वर्तमान नेपाल-अधिराज्यको एकीकरण-कार्यका सूत्रधार भएर निस्किए। यिनी तथा यिनका यशस्वी कान्छा छोरा राजकुमार वहादुर शाहकै नेतृत्वमा वर्तमान नेपाल-अधिराज्यको अभूतपूर्व एकीकरण भयो र पूर्वमा किराँत-प्रदेशदेखि पश्चिममा कुमाउँसम्मका पहाडी भूभागहरू, हिमाली प्रदेशहरू र महाभारत-पर्वतशृङ्खलाभन्दा दक्षिणतर्फका समतल तराईक्षेत्रहरू समेत मिसिएर विशाल नेपाल-अधिराज्यको निर्माण सम्पन्न भयो। यतिमात्र होइन, सिक्किम तथा गढवालका स्वतन्त्र राज्यहरू पनि यस अधिराज्यको नै छत्रछायामा आए। पछि यमुना नदीदेखि सतलज नदीसम्मको वर्तमान सिमला प्रदेश पनि यसै अधिराज्यभित्र सम्मिलित हुँदा *(इ.सं.१८०४-५)* इ.सं. १८११ मा प्रकाशित भएको 'ब्रिटिश-विश्वकोश'('Encyclopedia of Britanica' को दोस्रो संस्करणमा पूर्वमा टिस्टा नदीदेखि पश्चिममा सतलज नदीसम्मका हिमाल, पाहाड र तराई क्षेत्रहरूलाई समेत नेपाल-अधिराज्यको मानचित्रभित्र अङ्कित गराइएको पाइन्छ।

पछि जनरल भीमसेन थापाको प्रशासनकालमा अङ्ग्रेजहरूसँगको युद्धमा हार भई सिक्किमको साथै कुमाउँ, गढवाल तथा सिमला प्रदेशहरू समेत नेपाल-अधिराज्यबाट टुक्रचाइए(इ.सं. १८१६)। यतिमात्र होइन, वघौरा-तालदेखि महाकाली नदीसम्मका तराईक्षेत्रहरूलाई पनि नेपाल-अधिराज्यबाट छुटचाएर वर्तमान नेपाल-अधिराज्यको दक्षिण-पश्चिमी भागलाई समेत खुँडे वनाइएको थियो। पछि इ.सं. १८५७ मा भारतमा भएको स्वतन्त्रता-सङ्ग्रामपछि कम्पनी-सरकारको अनुग्रहले गर्दा खुँडे पर ेको यो प्रदेश 'नयाँ-मुलुक'को नामले फेरि पनि नेपाल-अधिराज्यमा नै गाभिएपछि (इ.सं. १८६०) यस अधिराज्यको वर्तमान स्वरूप कायम भएको हो। आज राष्ट्रिय तथा अन्तराष्ट्रिय जगत्ले यसै क्षेत्रलाई नेपाल-अधिराज्यको रूपमा मान्दै आइरहेको छ।

तर राजवंशभित्रको आन्तरिक कलह तथा भाइ-भारदारहरूका समय-समयमा भएका षड्यन्त्रहरूले गर्दा इ.सं. १८०६ मा स्वामी-महाराज रणवहादुर शाहको हत्या भएपछि इ.सं. १९५० सम्मको झण्डै डेढ-शताब्दीको वीचमा पुगनपुग ७ वर्षजति (इ.सं. १८३६-४२) मात्र यो अधिराज्य शाह-राजवंशका राजाहरूको प्रत्यक्ष शासनमा रह्यो, वाँकी १३८ वर्ष जनरल भीमसेन थापा तथा प्राइमिनिस्टर जङ्गवहादुर कुँवर र ाणा आदि अधिनायकहरू आफ्ना सैनिक बलहरूको जोडले यस अधिराज्यभित्र 'हुकुम' गर्दै रहे। सैनिक-शक्तिको प्रयोग गरी सर्वसाधारण नेपाली नागरिकहरूमा रहेको र ाष्ट्रिय भावनालाई क्षीण गराउनु, राजकोषमा जम्मा हुनुपर्ने राजकीय धनलाई अवैधानिक रूपले बीचवाटै हडप गर्नु र सरकारी रैकर जमिनहरू आफ्नो, आफ्ना परिवारको तथा आफ्ना जी-हजूरेहरूको नाममा 'विर्ता' बनाएर राज्यको आम्दानीलाई क्षीण गराउनु नेपाली अधिनाकवादका तीनवटा प्रधान उद्देश्य रहेका थिए। यसै उद्देश्यलाई पूरा गर्न राजधानी रहेको पुगनपुग २५० वर्गमीलको काठमाडौं उपत्यकालाई मात्र 'खास-नेपाल' बनाएर बाँकी ५४००० वर्गमीलका हिमाल, पहाड, तथा तराईक्षेत्रलाई समेत 'खास-नेपाल'को उपनिवेशको रूप दिई घोर शोषणको नीतिलाई अपनाइएकोले त्यतिवेलाको खास-नेपालभन्दा बाहिरको उपनिवेश भाग आज पनि ज्यादै नै उपेक्षित अवस्थामा रहिरहेको पाइन्छ।

इ.सं. १८१५ सम्म नेपाल-अधिराज्यको 'गुनरी-वजार' तथा इलाम-बजारको भौतिक अवस्थामा खास अन्तर रहेको थिएन, दुवै लगभग एउटै अवस्थामा रहेका थिए। नेपाल-अङ्ग्रेज युद्धपछि त्यतिवेलाको 'गुनरी-वजार' घुम्दै-फिर्दै इस्टइण्डिया-कम्पनीका उपनिवेशवादी अङ्ग्रेज प्रशासकहरूको हातमा पुग्यो र इलाम-वजार नेपाल-अधिराज्यकै नियन्त्रणमा रहिरह्यो। तर आजसम्ममा गुनरी-वजारले दार्जिलिङ् शहरको रूप ग्रहण गरिसकेको छ भने इलाम-वजारको भौतिक अवस्थामा भने खासै प्रगति हुन सकिरहेको छैन। त्यतिवेला तथा अहिलेको अल्मोडा शहर तथा सिलगढी बजारको तुलना गर्दा पनि यही नै दुःखदायी स्थिति देख्न पाइन्छ। हुन त इस्टइण्डिया-कम्पनीका अङ्ग्रेज प्रशासकहरू पनि अधिनायकवादी नै थिए, तर नेपालमा रहेको

अधिनायकवाद उनीहरूको भन्दा अझै बढे-चढेको थियो। यस्तो उपनिवेशवाद नेपाल-अधिराज्यका राणा अधिनायकहरू तथा यिनका पूर्ववर्ती थापा अधिनायकहरूले पनि गुप्त रीतिले चलाएका थिए र यिनीहरूको यस्तो अधिनायकवादलाई अन्ताराष्ट्रिय जगत्ले पनि लगभग स्वीकार गरिरहेकोले नेपाल-अधिराज्यभित्र नै अर्को सानो 'खास-नेपाल' को सृष्टि हुन आएको थियो। तर यसको सिङ् तथा पुच्छरलाई भने नेपाल-अधिराज्यका अधिनायकहरूले लुकाउन सकिरहेका थिएनन्।

कुमारीचोक-अड्डामा 'मधेश-फाँट' भएको चर्चा माथि पनि भैसकेको छ। यस्तै त्यसै अड्डामा 'नेपाल-फाँट'को पनि सृजना गरिएको पाइन्छ। यस फाँटमा काठमाडौं उपत्यकाभित्रका कार्यालयहरूको मात्र बही-बुझ्ने*(हिसाब-कितापहरू बुझ्ने)* प्रचलन चल्दै आइरहेको छ [१०]। यस्तै 'खास-नेपाल'को निमित्त मात्र देवानी प्रकृतिका मुद्दाहरूमा लागु हुने गरी बनाइएको 'कोर्ट-फी'को ऐन पनि काठमाडौं उपत्यकाको निमित्त मात्र लागु गराई न्यायपालिकाको तर्फबाट पनि 'नेपाल' भनेर खास-नेपाललाई मात्र मान्यता दिने गरेको पाइन्छ।

काठमाडौं उपत्यकाबाट मुलुकभित्रकै अन्य क्षेत्रहरूमा जाँदा तथा अन्यत्रबाट यस उपत्यकाभित्र आउँदा पनि यात्रुका माल-सामानहरूहरूको भन्सार जाँच हुने चलन अझैसम्म पनि कायमै रहिरहेको छ। यस्तै काठमाडौं उपत्यकाबाट अधिराज्यका अन्य भागहरूमा जाँदा नारी-जातिको निमित्त अझैसम्म पनि 'राहदानी' खोजिँदै छ। यस स्थितिमा उपत्यकाभन्दा बाहिरका सर्वसाधरण नेपाली नागरिकहरूले आफूहरूलाई कसरी नेपाली नागरिक सम्झन सकून् ?

उपनिवेशवादी यस भेदभावलाई विदेशी नागरिकहरूले पनि पत्ता नलगाएका होइनन्। यसैले त हालैमात्र रोमन लिपिमा प्रकाशित भएको नेपाल-अधिराज्यको एउटा मानचित्रमा 'Nepal' भनेर वर्तमान काठमाडौं उपत्यकालाई मात्र सङ्केत गरी यस उपत्यकालाई मात्र 'खास-नेपाल'को रूपमा मान्यता दिएको पाइन्छ।

उपनिवेशवादको यसै चकचकीले गर्दा बाध्य भएर टाढाको के कुरा ? बनेपा, धुलिखेल, चित्लाङ्, नुवाकोट तथा सिन्धुपाल्चोक आदि काठमाडौं उपत्यकाका आसपासका क्षेत्रहरूमा बसोबास गर्ने नेपाली नागरिकहरू पनि आफू बसिआएको ठाउँबाट काठमाडौं उपत्यकातर्फ आउँदा अचेल पनि :– "नेपाल जाने" भनी भन्दै रहेका पाइन्छन्। यस अवस्थामा डँडेलधुरा, विराटनगर तथा इलाममा बसोवास गरेका सर्वसाधारण नेपाली नागरिकहरूले आफूलाई हामी नेपाली ह्वौं भनी गर्व गर्न सकून् पनि कसरी ?

यही उपनिवेशवादको मोहमा डुबेका र कूवाभित्रको व्याङ् भएर रहेका केही नेपाली नागरिकहरू यसै उपत्यकालाई लक्ष्य गरेर अझै पनि 'खास-नेपाल' यही नै हो भनी गर्व गर्ने गर्दछन्। यिनीहरूलाई भगवान्ले कहिले पो सद्बुद्धि देलान् ? नेपालमा जब सुशासन आउला तब मात्र नेपाल-अधिराज्यको वास्तविक अर्थमा एकीकरण भई उपनिवेशवादको अन्त्य भई सर्वसाधारण नेपाली नागरिकहरूको

निधारवाट :– "अविकसित राष्ट्रका निवासीहरू" भन्ने कलङ्क मेटिनेछ। यस्तो दिन चाँडै आओस्, अहिलेलाई यही नै कामना गर्न सकिन्छ।

* * *

रचनाकाल :– वि.सं. २०१४ *(अनुमानित)*
"वावुराम आचार्य स्मृतिग्रन्थ", वि.सं. २०४५
काठमाडौँमा पूर्व प्रकाशित।

पादटिप्पणी

१.–"*...इत्येवं सीमान्तभूतेस्मिनन्नग्रहारे भोट्टविष्टिहेतोः प्रतिवर्षं भारिकजनाः पञ्च ५ व्यवसायिभिर्ग्रहीतव्या ये त्वेतांमाज्ञा व्यतिक्रम्यान्यथा कुर्युः कारयेयुर्वा तेस्माभिर्भृशन्न क्षम्यन्ते ..*" – काठमाडौं लगनटोलमा उपलब्ध भएको राजा शिवदेव (प्रथम) को शिलालेखबाट।

२.– "*शरावती वेत्रवती चन्द्रभागा सरस्वती।*
कावेरी सरितोन्याश्च संभेदः सिन्धुसङ्गमः॥" – अमरकोश।

३. – "*हिमवद्विन्ध्ययोर्मध्यं यत्प्राग्विनशनादपि।*
प्रत्यगेव प्रयागाच्च मध्यदेशः प्रकीर्तितः॥" – 'मनुस्मृति' २/२१।

४. – 'संस्कृत-सन्देश' *(वर्ष १, अङ्क ६; पृ ४०-४५, वि.सं. २०१०)*।

५.– हेर्नुहोस् – 'शी-यु-की' पृ. ८४।

६.– लुम्बिनीमा रहेको सम्राट् अशोकको प्रसिद्ध शिलालेखमा नै :– "रिपु मल्ल चिरं जयतु संवत् १२३४" भनी उत्कीर्ण गरिएको पाइन्छ। 'पी.सी मुखर्जी' नामक एक-जना सज्जनले यस शिलालेखको उतार गरी पुरातत्त्व विषयक एक प्रतिवेदनमा प्रकाशित गराएको कुरा एच्.सी. रेले आफ्नो – "डाइनेस्टिक् हिस्ट्री अफ् नदर्न इण्डिया" नामक पुस्तकको पृ. २१२ मा उल्लेख गरेका छन्। परन्तु मुखर्जी महोदयले भूल गरी यसमा उल्लेख भएको शक-संवत्‌लाई विक्रम-संवत् मानेका छन् र 'रिपु मल्ल'लाई 'तपु मल्ल' पढेका छन्।

७. – यो शिलालेख अचेल सिमरौन-गढमा छैन। तर राजा नान्यदेवले शक-संवत् १०१९ *(इ.सं. ११९७)* मा यो गढ बनाएको चर्चा यसै शिलालेखको आधारमा अनेक विदेशी विद्वान्‌हरूले गरेका छन्। सवैभन्दा राम्रो विववेचन इटालियन् विद्वान् लुसियानो पेतेक्‌ले आफ्नो – 'मेडिएवल् नेपाल' नामक कृतिमा गरेका छन्।

८. – "प्रताप मल्लको अभिलेख" – 'संस्कृत-सन्देश' वर्ष १, अङ्क १०-१२, पृ. ३१ वि.सं. २०११, काठमाडौं।

९. – "Report 0f The Calendar Reform Committee", Governmend Of India; Pp. 258, New Delhi, 1955

१०. – नयाँ प्रशासनिक-सेवा लागु भएपछि अचेल यो प्रचलन हटेको छ।

इति

रचनाकारको सम्बन्धमा



यस कृतिका रचनाकार वाबुराम आचार्य नेपालका अग्रणी इतिहासकार हुनुहुन्छ। नेपालमा इतिहासको शोध तथा अध्ययन गर्ने परम्परा उहाँले नै वसादिनुभयो भने पनि हुन्छ। नेपालको इतिहासलाई वंशावलीको तहबाट उहाँले नै इतिहासको तहमा पुऱ्याउनु भएको हो।

नेपालमा इतिहास तथा भूगोलको अध्ययन तथा अध्यापनमा कडा प्रतिवन्ध रहेको र स्वतन्त्र रूपमा लेख्न तथा बोल्न पाउने कत्तिपनि सम्भवना नरहेको राणा-तन्त्रको अनुदार शासनव्यवस्था पनि उहाँले स्वान्त:सुखाय नै भए पनि नेपालको भाषा, साहित्य, संस्कृति,पुरातत्त्व, इतिहास तथा भूगोल आदि जनजीवनका विभिन्न पक्षहरूमा उहाँले गहन अध्यन तथा अनुसन्धानहरू गर्नुभएको थियो।

बाबुराम आचार्य राष्ट्रवादी इतिहासज्ञ मानिनुहुन्छ। विश्वको सर्वोच्च-शिखरको आफ्नै स्वदेशी नाम हुँदाहुँदै यस शिखरको नाम 'माउण्ट-एभरेस्ट' राखिएकोमा उहाँको राष्ट्रिय स्वभिमाले यसलाई सहन गर्न सकेन र उहाँले गहन खोजद्वारा यस सर्वोच्च-शिखरको वास्तविक नाम 'सगरमाथा' हो भनी विश्वलाई चिनाइदिनुभयो।

वि.सं. २००७ मा राणाहरूको पारिवारिक-शासनतन्त्र हटी नेपालमा लोकतन्त्रको स्थापना भएपछि नेपाली नागरिकहरूलाई निर्वाधरूपमा अध्ययन तथा अनुसन्धानहरू गर्न पाउने स्वतन्त्रता मिलेको थियो, तर यतिञ्जेलसम्ममा उहाँका दुईवटै चर्मचक्षु काम नलाग्ने भई बेकम्मा भैसकेका थिए। यस्तो सङ्कटपूर्ण अवस्थामा पनि उहाँले आफ्नो धैर्यलाई कायमै राखिराख्नुभयो र आफ्नो अध्ययन तथा अनुसन्धानको अध्यवसायलाई जारि नै राख्नुभयो। उहाँका जति पनि रचनाहरू प्रकाशित भएका छन् ती सवै प्राय: उहाँका चर्मचक्षुका ज्योतिहरू गइसकेपछि मात्र प्रकाशित भएका छन्। यस अर्थमा उहाँ नेपालीहरूको निमित्त नमनीय हुनुहुन्छ।

रचनाकारलाई परिचय गराउनको निमित्त त्रिभुवन विश्वविद्यालयका उपकुलपति स्व. सरदार रुद्रराज पाण्डेयज्यूको निम्नाङ्कित उद्‌गार नै पर्याप्त रहेको छ :–

"इतिहासप्रेमी बाबुराम आचार्य वि.सं. २००७ पछिमात्र राम्रोसँग प्रकाशमा आउनुभयो। रायाकालको त्यस्तो शङ्कामय परिस्थितिमा पनि उहँमा रहेको इतिहासप्रतिको अनुराग कत्ति पनि सेलाउन पाएन। उहाँ सोधी-खोजीहरूमा निरन्तर लागि नै रहनुभयो। इतिहासको बारेमा विशेष जानकारी राख्ने मानिसहरूसँग खोजी-खोजी सम्पर्क गर्नुभयो। उहाँ पुराना कागजपत्र तथा वंशावलीहरूजस्ता ऐतिहासिक सामग्रीहरूको सुँइको मात्र पाए पनि धुइँपत्ता लगाई त्यसलाई भेट्टाइछोड्नुहुन्थ्यो। शिक्षविभागमा धेरै दिन उहाँसँग सँगसँगैजसो बसेर काम गरियो। उहाँमा रहेको लगन तथा धूनलाई देखेर त्यतिवेला को पो प्रभावित हुँदैनथ्यो होला ?

इतिहासको खोजको क्रममा उहाँले पहाड तथा तराईहरूको पनि भ्रमण गर्नुभएको थियो। इतिहाससम्वन्धी खोजको प्रयासमा उहाँले दु:ख तथा हण्डरहरू पनि धेरै नै खानुभयो। राणाकालमा नेपालको इतिहास उहाँसँग नै रहेको थियो भनेपनि हुन्छ। नेपालको इतिहाससम्बन्धी खोजी गर्न चाहने देशी तथा विदेशी अध्येताहरू उहाँकहाँ नै धाउँथे। यसैमा उहाँले आफ्नो आँखाको ज्योति पनि गुमाउनुभयो। उहाँको योगदानको समुचित मूल्याङ्कन भएर नै उहाँलाई पछि राष्ट्रको तर्फबाट – 'इतिहासज्ञ-शिरोमणि' को उपाधि प्रदान भई जुन कदर भयो त्यो सबैमा विदित नै रहेको छ।

– **"नेपालको संक्षिप्त-वृत्तान्त' को 'परिचय' शीर्षकबाट।**


ISBN 993741731-7